काठमाडौं नगर क्षेत्रको


इन्भेन्ट्री

पाटी, शत्तल, ढुङ्गे धारा, पोखरी, तथा चउरको

विवरण संग्रह



काठमाडौं उपत्यका नगर विकास योजना टोली



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

"हाम्रो जीवन, हाम्रो संस्कृति र ललित एवं वास्तुकला सह-अस्तित्व र सामञ्जस्यको हाम्रो आधारभूत खोजीका अभिव्यक्ति हुन् ।"

—श्री ५ वीरेन्द्र



श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह

सूर्य बहादुर थापा
प्रधानमन्त्री



काठमाडौं, नेपाल

१२ पौष, २०३६

प्राचीनकालदेखि कला, वास्तुकला आदिको उद्गम स्थलको रूपमा विकसित हुँदै आएको काठमाडौं उपत्यकाको आफ्नै महत्व र गरिमा छ । यस ऐतिहासिक उपत्यकाको विभिन्न ठाउँमा रहेका पाटी, सत्तल, ढुङ्गे-धारा आदिले पनि यस कुराको धेरै हदसम्म पुष्टि गर्दछन् । सार्वजनिक सम्पत्तिको रूपमा रहेका यी गौरवपूर्ण निधिको संरक्षण र सम्वर्द्धन हुनु आज नितान्त आवश्यक भएको छ । यस परिप्रेक्ष्यमा काठमाडौं उपत्यका नगर विकास योजना टोलीले प्रस्तुत सम्पत्तिको वर्तमान भौतिक अवस्था सहितको इन्भेन्ट्री पुस्तिका प्रकाशन गर्न लागेर एक महत्वपूर्ण कार्यको थालनी गरेको सह्राहनीय छ ।

दुई शब्द

वर्तमान समयमा कुनै पनि शहरको योजनाबद्ध रूपले विकास गर्नु जति आवश्यक छ, त्यति नै सो शहरमा विद्यमान ऐतिहासिक, धार्मिक तथा पुरातात्विक दृष्टिकोणले महत्त्वपूर्ण ठहरिएका वस्तुहरूको उचित संरक्षण एवं सम्बर्द्धन गर्नु पनि आवश्यक छ। यसै क्रममा काठमाडौं उपत्यका नगर विकास योजना टोलीले काठमाडौं शहरको सुनियोजित विकासको साथसाथै नगर पञ्चायत क्षेत्रभित्र रहेका पाटी, सत्तल, ढुङ्गेधारा आदि जस्ता महत्त्वपूर्ण सम्पत्तिको समयमा नै सर्वेक्षण गरी तयार गरेको यस इन्भेण्ट्री पुस्तिकाले निश्चय नै एउटा ठूलो खाँचोको पूर्ति गरेको छ।

प्रस्तुत पुस्तिकाले भविष्यमा जिर्णोद्धार कार्य गर्नेहरूलाई एक ठोस आधार प्रदान गरी निकै सघाउ पुऱ्याउने छ भन्ने कुरामा म विश्वस्त छु। अन्तमा यस कार्यमा संलग्न काठमाडौं उपत्यका नगर विकास योजना टोलीका कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु।

कृष्णचरण श्रेष्ठ

(कृष्णचरण श्रेष्ठ)
निर्माण तथा यातायात राज्यमन्त्री

मितिः- २०३६।७।१

प्राक्कथन

योजनाबद्ध तवरमा शहरिकरणको बेगलाई सम्बद्ध सबै भेगका क्रमशः विस्तार गर्दै लैजाने उद्देश्य अनुरूप श्री ५ को सरकारले हाल अधिराज्यको विभिन्न भागमा नगर योजनाको तर्जुमा र कार्यान्वयन गरिरहेको छ । नगर विकास योजना लागू भएका क्षेत्रमा योजनाले केवल मानवीय वसोवासको लागि आवश्यक भौतिक विकासतर्फ मात्र ध्यान केन्द्रित नगरी त्यस इलाकामा छरिएर रहेका सांस्कृतिक, पुरातात्विक तथा ऐतिहासिक दृष्टिकोणले महत्त्वपूर्ण ठहरिएका स्थल तथा वस्तुहरूको उचित संरक्षण एवं सम्बर्द्धन गर्नेतर्फ पनि ध्यान दिदै आएको छ । यसै सन्दर्भमा काठमाडौं उपत्यका नगर विकास टोलीले काठमाडौं नगर क्षेत्रको विभिन्न स्थानमा छरिएर रहेका पाटी, सत्तल, ढुंगेधारा आदिको इन्भेण्ट्री सर्भे पुस्तिका प्रकाशन गर्न लागेर एक प्रशंसनीय काम गरेको छ ।

सार्वजनिक सम्पत्तिको भविष्यमा संरक्षण एवं सम्बर्द्धन गर्ने क्रममा यस किसिमको कुनै पनि पुस्तिकाले अति महत्व राख्दछ, त्यसमा पनि हालसम्म यस्तो पुस्तिका प्रकाशनमा नआएको हुनाले यसको प्रकाशनबाट एक ठूलो आवश्यकताको परिपूर्ति हुने भएको छ । प्रस्तुत पुस्तिकामा प्रत्येक पाटी, सत्तल, ढुङ्गेधारा आदिको बेग्ला बेग्लै विवरण, फोटो र अवस्थित नक्शा (लोकेशन म्याप) समेत भएकोले यस पुस्तिकाको महत्व अझ बढ्न गएको छ ।

अन्तमा म यस कार्यमा प्रत्यक्ष रूपमा सम्लग्न काठमाडौं उपत्यका नगर विकास योजना टोलीका कर्मचारीहरू सबैलाई धन्यवाद दिन चाहन्छु ।

(वीरेन्द्र नाथ खुंजेली)

सचिव

निर्माण तथा यातायात मन्त्रालय

मितिः- २०३६।७।१

भूमिका

काठमाडौं उपत्यका नगर विकास योजनाद्वारा संचालित विभिन्न आयोजनाहरू मध्ये पुरातात्त्विक तथा ऐतिहासिक महत्त्वका पाटी, सत्तल, ढुङ्गे धारा, पोखरी, चउर आदिको इन्भेण्ट्री सर्भे पनि एक हो । यस सर्भेले काठमाडौं उपत्यकामा छरिएर रहेका पाटी, सत्तल, ढुङ्गेधारा, पोखरी आदिको तथ्याङ्क संकलन गरी यिनीहरूको भौतिक अवस्था के कस्तो छ भन्ने सम्बन्धमा आवश्यक जानकारी उपलब्ध गराउने प्रयास गरेको छ । यो सर्भे काठमाडौं, पाटन तथा भक्तपुर उपत्यकाको तीनै नगर पञ्चायत क्षेत्रहरूमा संचालन भैसकेको छ । यस सर्भेबाट प्राप्त जानकारीको आधारमा चालू आर्थिक वर्षमा काठमाडौं नगर पञ्चायत क्षेत्रभित्रको पाटी, सत्तल, ढुङ्गे धारा, पोखरी आदिको मात्र विवरण तयार गरी प्रकाशित गरिएको छ ।

उपत्यकाको विभिन्न ठाउँमा रहेका धेरैजसो पाटी, सत्तल, ढुङ्गे धारा, पोखरी आदि संरक्षणको अभावमा दिन पर दिन विग्रँदै गैराखेका छन् । यस्ता धार्मिक, ऐतिहासिक एवं पुरातात्त्विक दृष्टिकोणले महत्त्वपूर्ण ठहरिएका सम्पत्तिको समयमा जीर्णोद्धार गरी संरक्षण गर्नु नितान्त आवश्यक छ । यी सम्पत्तिको जीर्णोद्धारबाट एकातिर यिनीहरू सुरक्षित वन्छन् भने अर्कोतिर बहुमूल्य ऐतिहासिक काष्ठकला आदिको पनि संरक्षण हुन जान्छ । यस स्थितिमा प्रस्तुत विवरण संग्रहले पनि भविष्यमा जीर्णोद्धार कार्य संचालन गर्ने सम्बन्धित सबैलाई निकै सघाउ पुऱ्याउने छ । साथै यसले सम्बन्धित विषयमा अनुसन्धान कार्य गर्नेहरूको खाँचो समेत पूर्ति गरिदिने आशा लिइएको छ । त्यति मात्र नभई भविष्यमा यी सम्पत्तिको लोप हुन र मानिसबाट बचाउन यस पुस्तकले ठूलो टेवा दिने छ । एक अर्थमा यसलाई एक अभिलेखको रूपमा पनि लिइएको छ ।

यी सम्पत्तिको निर्माण केही व्यक्ति विशेष, केही सस्था विशेषबाट भएको छ भने केही सार्वजनिक प्रयोगको लागि सामूहिक प्रयासको फलस्वरूप पनि भएको देखिन्छ । कुनै पनि पाटो, सत्तल, ढुङ्गे धारा आदि चाहे त्यो कुनै रूपमा निर्माण गरिएको भएता पनि त्यसको अन्तिम लक्ष्य सार्वजनिक प्रयोगको लागि नै भएको देखिन्छ । यसैको आधारमा पाटी, सत्तल, ढुङ्गे धारा आदिको प्रयोगको प्रकृति हेरी अर्थात् सार्वजनिक प्रयोगको आधारमा यस संग्रहमा सार्वजनिक शब्दको प्रयोग पनि भएको छ । सार्वजनिक शब्दको सम्बन्ध यस विवरण संग्रहमा सोझै प्रयोगसँग मात्र गाँसिएको छ । पाटी, सत्तल, ढुङ्गे धारा आदिको स्वामित्व निर्धारण गर्ने कार्य यस कार्यालयको कार्य क्षेत्र एवं अधिकारभन्दा बाहिरको भएको हुनाले यसतर्फ कुनै प्रयत्न गरिएको छैन ।

प्रस्तुत पाटी, सत्तल, ढुङ्गे धारा आदिको निर्माण मिति, बनाउने व्यक्ति, जीर्णोद्धार मिति आदि सम्बन्धी तथ्य जानकारी प्राप्त गर्ने क्रममा अभिलेख पत्र जस्तो शिलापत्र, लोहापत्र, ताम्रपत्र आदिले महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । अभिलेख पत्रको अध्ययनविना तत्सम्बन्धी सही जानकारी प्रायः असंभव छ । तर धेरैजसो पाटी, सत्तल ढुङ्गेधारामा शिलापत्र नै नहुनु, भएका शिलापत्रहरू पनि कहीं संरक्षणको अभावमा टूटफूट एवं खिइएर अस्पष्ट हुनु, केही पढ्न नसकिने लिपिमा राखिनु आदि जस्ता कारणहरूले गर्दा यस सर्भेक्षणमा धेरै समस्या देखा पर्न आयो । प्रस्तुत विवरण संग्रहमा समावेश भएका संपूर्ण पाटी, सत्तल, ढुङ्गे धारा आदिको शिलापत्र भएकोमा शिलापत्रको आधारमा, शिलापत्र नभएकोमा शैलीको आधारमा निर्माण मिति उल्लेख गर्ने कार्य श्री ५ को सरकार पुरातत्त्व विभागका लिपि विशेषज्ञ श्री हेमराज शाक्य-बाट गराइएको छ । सार्वजनिक चउर तथा पर्ति जग्गाको हकमा हालसम्म पनि नापी विभागसँग लगत नभएकोले यस संग्रहमा मोटामोटी तवरले सार्वजनिक चउर तथा पर्ति जग्गाको लगत लिने कोशिश गरिएको छ ।

संविधानको दोस्रो संशोधनपछि काठमाडौं नगर पञ्चायत क्षेत्रको पहिलाको वडा विभाजनमा केही हेरफेर भएको छ । तर संशोधनपछि वर्गिकरण गरिएका वडाहरू सहितको काठमाडौं नगर पञ्चायत क्षेत्रको नक्शा हालसम्म पनि सम्बन्धित निकायबाट प्रकाशनमा नआएको हुँदा र यस कार्यमा नक्शा प्रयोग गर्नु पर्ने भएकोले काठमाडौं नगर पञ्चायतले मोटामोटी वा प्रारम्भिक किसिमले तयार गरेको वडा विभाजनको नक्शालाई नै पूर्ण रूपले आधार मानी यस कार्यमा प्रयोग गरिएको छ । यस विवरण संग्रहमा प्रयोग गरिएका अवस्थित नक्शाहरू (लोकेसन म्याप) र वडा नक्शाहरू सबै एयर म्याप, फिरेन्जेबाट प्रकाशित नक्शामा आधारित छन् । संपूर्ण अवस्थित नक्शा स्केल १:२००० मा तयार गरिएको छ ।

इन्भेण्ट्री सर्भेभित्र परेका पाटी, सत्तल, ढुङ्गेधारा आदिको छुट्टाछुट्टै हरेकको अवस्थित नक्शा, तस्विर एवं भौतिक विवरण काठमाडौं नगर क्षेत्रभित्रका सबै वडाहरूको वडा विभाजनको आधारमा वर्गिकरण गरी प्रस्तुत गरिएको छ । साथै प्रत्येक वडामा भएका पाटी, सत्तल ढुङ्गेधारा आदिलाई सजिलैसँग पहिल्याउन सकियोस् भन्ने हेतुले प्रत्येक वडाको नक्शामा त्यस वडामा भएका पाटी, सत्तल, ढुङ्गेधारा आदि सबैलाई सँकेत नम्बर दिई सोही नम्बर सम्बन्धित वडाको वडा नक्शामा देखाइएको छ । यस संग्रहमा समावेश भएका काठमाडौं नगर पञ्चायत क्षेत्रमा विभिन्न वडाहरूमा भएका पाटी, सत्तल, ढुङ्गेधारा आदिको छुट्टाछुट्टै वर्णन गरिएता पनि तत्सम्बन्धी पूर्ण जानकारी होस् भन्ने हेतुले ती सबैको समष्टि रूपमा संक्षिप्त वर्णन गर्नु वाञ्छनीय देखिएको हुँदा प्रस्तुत गरिएको छ ।

यस संग्रहमा एक तला भौतिक स्वरूप भएकोलाई पाटी र सोभन्दा वढी तला भएकोलाई सत्तल भनी संज्ञा दिइएको छ । सम्पूर्ण पाटीहरूको बनोट ढुङ्गा, ईंट, वज्र, काठ आदिको संमिश्रणबाट भएको देखिन्छ । आधुनिक शैलीमा निर्माण वा जीर्णोद्धार गरिएका केही पाटी अपवादको रूपमा डण्डी, सिमेण्टको सहायताबाट ढलान गरी निर्माण गरिएको पनि देखिन्छ । केही नयाँ पाटीलाई छोडेर बाँकी प्राचीन पाटीहरूको छाना ठिगटी नै छ । पाटीको मोहडाको हकमा कुनै समानता पाइँदैन कारण कुनै तीनतिर पनि खुलेको छ । केही पाटीको भित्री भागमा स-साना देवी देवताको प्रतिमा पनि स्थापना भएको पाउन सकिन्छ । पाटीको वनोटमा धेरै हदसम्म समानता भए तापनि यसको स्थानीय महत्व ठाउँ अनुसार अलि फरक पर्दै गएको छ । उदाहरणार्थ मसानघाटमा निर्मित पाटी विशेष गरेर मलामी आउने व्यक्तिहरूको लागि उपयोगी छ भने शहरी इलाकाभित्र बनेको पाटी विशेष गरेर स्थानीय जनताको लागि र बटुवाहरूको विश्राम गर्नको लागि नै निर्माण भएको देखिन्छ । शुरुमा भिन्नाभिन्नै उद्देश्य राखी निर्माण गरिएता पनि हाल केही पाटीमा स्थानीय स्कूलहरूले कक्षा संचालन पनि गरेका छन् । त्यस्तै कुनै कुनै पाटीमा घरबार नभएका व्यक्तिहरूले बसोवास गरेको पनि देखिन्छ ।

सत्तल वनावटको दृष्टिकोणबाट पाटीसँग धेरै कुराहरूमा समान स्थितिको भएता पनि पाटी केवल एक तले हुन्छ भने सत्तल दुईदेखि चार पाँच तलासम्मको पनि हुन सक्छ । तलामा फरक हुनु नै वास्तवमा यी दुई बीचको भौतिक भिन्नता हो । साधारणतया: सत्तल कुनै न कुनै मन्दिरसँग जोडिएको हुन्छ । सत्तलको तल्लो भागमा भजन गरिन्छ भने माथिल्लो भाग भोज, भतेर गर्ने आउनेहरूले प्रयोग गर्ने गरेको देखिन्छ । पाटी धेरै जसो एक नाले हुन्छ । तर सत्तल दुई नाले वा तीन नाले पनि हुन सक्छ । वर्तमान समयमा जनसंख्या वृद्धिको फलस्वरूप शैक्षिक क्षेत्रमा पनि विस्तार भएको छ । शैक्षिक क्षेत्रमा भएको विस्तारको परिणामस्वरूप स्थानीय स्कूलहरूले कक्षा संचालन गर्नको लागि उपत्यकामा भएका केही सत्तलहरूलाई समेत आफ्नो कार्य क्षेत्रमा समावेश गरिसकेका छन् । अत: एकातिर यसरी सत्तलको सही प्रयोग नहुनु र अर्कोतिर जनसंख्याको वृद्धिको कारणवाट हाल भएका सीमित भूमिलाई पुन: पाटी, सत्तल आदि जस्ता पवित्र कार्यको लागि छुट्याउनु सम्भव नदेखिनु आदि कारणले गर्दा भएका सार्वजनिक सम्पत्तिको समयमै लेखाजोखा गरी संरक्षण र सम्वर्द्धन गर्नु नै वढी बुद्धिमानी र समयानूकुल देखिन आउँछ ।

सत्तल र पाटीहरूको जस्तै ढुङ्गेधाराको पनि सामाजिक, धार्मिक एवं सांस्कृतिक महत्त्व छ । काठमाडौं उपत्यकामा ढुङ्गेधाराको जन्म आधुनिक कलधाराको विकास हुनुभन्दा धेरै पहिले भएको देखिन्छ । तर आज पनि ढुङ्गेधाराको मौलिक अस्तित्व छँदैछ । उपत्यकाभित्र ढुङ्गेधाराको उद्भवलाई मनन गर्ने हो भने निम्न कुराहरू देखापर्दछ । काठमाडौं उपत्यकामा पिउन, लुगा धुन एवं नुहाउन पानीको अभाव भएकोले सो अभाव पूर्तिको लागि तत्कालीन प्राविधिकद्वारा कुनै न कुनै मुहानवाट पानी ल्याई ढुङ्गेधाराको निर्माण गरिएको देखिन्छ । साथै पाटी, सत्तल आदिको निकट पनि ढुङ्गेधाराको निर्माण भएवाट यो कुरा सहजै किटान गर्न सकिन्छ कि पाटी, सत्तल आदिमा बास वस्नेहरूको लागि पनि पानीको सुविधा प्रदान गर्न ढुङ्गेधाराको निर्माण गरिएको हो । पानीमा आधारित पेशागत जातीहरूको सुविधाको लागि ढुङ्गेधाराहरू बनाइएको देखिन्छ । पानीको लेबल र धरातलको बनोटको आधारमा धाराहरूको उचाइ फरक भएको पाइन्छ । कुनै धाराहरू जमोनसँग समानान्तर छन् भने कुनै धाराहरू धेरै गहिराइमा छन् । सुनधाराको धारा उदाहरणको रूपमा लिन सकिन्छ । धाराको मोहडा सम्बन्धमा पनि कुनै एकरूपता छैन । धेरै जसो धाराको शैली मकरमुखाकृत (गोहीको मुख जस्तो) भएको पाइन्छ । धाराको माथिपट्टि बुद्ध, नारायण वा अन्य देवीदेवताको मूर्ति स्थापना गरेको पनि प्राय: जसो सबैमा देखिन सकिन्छ ।

काठमाडौं उपत्यकाको तीनै शहर काठमाडौं, ललितपुर र भक्तपुर नगर पञ्चायत क्षेत्रभित्रको विभिन्न स्थानहरूमा हाल भएको पोखरीहरूको वर्तमान भौतिक अवस्थाको जानकारी प्राप्त गरी तत्सम्बन्धी लगत तयार गरी भविष्यमा जीर्णोद्धार कार्य गर्नको लागि सघाउ पुऱ्याउनुको अतिरिक्त केही सार्वजनिक पोखरीमा हाल देखा परेको व्यक्तिगत दावीलाई नियन्त्रण गर्नु पनि आयोजनाको उद्देश्य रहेको छ । हाल उपत्यकामा भएका पोखरीहरूको स्थानीय महत्त्वको अलावा ऐतिहासिक महत्त्व पनि

सँगसँगै गाँसिएको छ । उदाहरणको लागि काठमाडौंको रानीपोखरी, भक्तपुरको सिद्धपोखरी आदिले यस कुरालाई पुष्टि गर्दछ । पोखरीको निर्माणको हकमा केही व्यक्ति विशेष वा जनसहभागिताको प्रतीकको रूपमा सामुदायिक प्रयासको फलस्वरूप भएको छ भने केही तत्कालीन सरकारवाट नै निर्माण गरिएको देखिन्छ । तर समयमा आवश्यक सम्भारको अभावमा धेरै पोखरीको वर्तमान अवस्था सन्तोषजनक छैन । वर्तमान समयमा प्रशोधित पानीको वितरण भएता पनि स्थानीय जनजीवनमा पोखरीका महत्त्व अझै पनि कायमै रहेको छ । पोखरीको निर्माण विशेष गरेर शहरी क्षेत्रभित्र जहाँ घनाबस्ती हुन्छ, त्यहीं नै भएको देखिन्छ शहरी इलाकाभित्र निर्माण गरिनुको तात्पर्य स्थानीय जनताको दैनिक प्रयोगको लागि नै हो भन्नुमा अत्युक्ति हुने छैन । तसर्थ उपत्यकाको बिभिन्न स्थानमा छरिएर रहेका पोखरीहरूको आवश्यक जीर्णोद्धार गर्नु नितान्त आवश्यक देखिन्छ ।

भविष्यमा विभिन्न उद्देश्यहरूमा प्रयोग गर्न सकिने सार्वजनिक सम्पत्तिको रूपमा विद्यमान चउरको पाटी, सत्तल, ढुङ्गेधारा आदिको तुलनामा आफ्नै महत्त्व र विशेषता छ । काठमाडौं उपत्यकामा विशेष गरेर शहरी क्षेत्रभित्र दिन पर दिन बृद्धि हुँदै गइराखेको जनसंख्यालाई बसोवास सुविधा प्रदान गर्न बढी मात्रामा आवास भवनको निर्माण गर्नु पर्ने आवश्यकता अनुरूप आवास भवनमा पनि बृद्धि हुनु स्वाभाविक नै छ । तसर्थ यसरी निर्माण कार्यको प्रक्रिया जारी नै रहेमा भविष्यमा शहरी क्षेत्रभित्र सार्बजनिक भूमि बाहेक अन्य किसिमको भूमिको अधिकतम प्रयोग हुने कुरा स्वतः सिद्ध छ । कुनै पनि वाक्लो वस्तीको बीच खुला चउर वा जमीन हुनु वातावरणको दृष्टिकोणबाट आवश्यक मात्र नभै अनिवार्य पनि छ । तर सम्बन्धित निकायवाट समयमा आवश्यक नियन्त्रण, संरक्षण गरिएन भने चउर जस्तो सार्वजनिक सम्पत्तिको दुरुपयोग वा विनाश पनि हुन जान सक्छ । भूमि अरू उत्पादनका साधनहरू जस्तो थपघट गर्न नसकिने सीमित साधन भएकोले यसतर्फ विशेष ध्यान दिनु अनिवार्य छ । यी नै कुरालाई मनन गरी इन्भेण्ट्रो आयोजनामा चउरलाई पनि समावेश गरिएको हो ।

यस पुस्तिकामा समावेश भएका विवरणहरूमा कुनै किसिमको छुटफुट र त्रुटिहरू भए सो सुधारको लागि सम्बन्धित क्षेत्रवाट प्राप्त हुने सुझावलाई स्वागत गरिने छ ।

अन्तमा यस विवरण संग्रह प्रकाशन गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने यस टोलीका तथ्याङ्कशास्त्री श्री मुकुन्ददास श्रेष्ठ, अर्थशास्त्री श्री दिव्येश्वरप्रसाद श्रेष्ठ, भूगोलशास्त्री सुश्री रोमा थापा लगायत अन्य सहयोगीहरू श्री जनक के.सी., श्री हेमराज शाक्य, श्री रवि रत्न तुलाधर, श्री राजेश मान अमात्य, श्री गौतम शाक्य र श्री प्रकाश वज्राचार्यलाई म धन्यवाद दिन चाहन्छु ।

(शंकरमान प्रधान)


प्रमुख प्लानर

काठमाडौं उपत्यका नगर विकास योजना टोली

मितिः- २०३६।४।१

यो पुस्तक तयार गर्ने कार्यमा संलग्न कर्मचारीहरू


संयोजक	– श्री शंकर मान प्रधान
सर्भेक्षण तथा फोटोग्राफी	– श्री मुकुन्द दास श्रेष्ठ
विवरण	– श्री दिव्येश्वर प्रसाद श्रेष्ठ
नक्शा	– सुश्री रोमा थापा
अभिलेख अध्ययन	– श्री हेमराज शाक्य
ट्रेसिङ्ग	श्री राजेश मान अमात्य श्री रवि रत्न तुलाधर



संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
गैकीधारा
नक्सालचारकुने
लाजिम्पात
राजदरबार
नक्साल
कमलपोखरी
कालिपथ
इखाचमार्ग
तिनधारा पाठशाला
रानीपोखरी
संकेत चिन्ह
धारा
चउर
पाटी
शत्तल
पोखरी
0 50 100 200 300 मी.
वडा नं. 9

ढुंगेधारा (१) / व. नं. १

भौतिक अवस्थाः—

पश्चिम दिशातर्फ फर्केको यस ढुङ्गे धाराको नजीकै ढुङ्गामा कुँदिएका मूर्तिहरु राखिएका छन् । धाराको भुइँ ढुङ्गाले छापेको हुँदा राम्रो देखिन्छ । यस ढुङ्गे धाराको हालसम्म मुहान एवं निकास दुवै राम्रो अवस्थामा रहेकोले निरन्तर गतिमा पानी आइरहने हुँदा स्थानीय वासिन्दा लगायत बटुवाहरूलाई पानी पिउन, लुगा धुन यसले सघाउ पुऱ्याउँदै आएको देखिन्छ । ढुङ्गे धाराको चार-किल्लाको हकमा पूर्वमा सडक, पश्चिममा खाली ठाउँ तथा पर्खाल, उत्तरमा सानो बाटो तथा घर र दक्षिणमा बाटो तथा पर्खाल पर्दछ । यस ढुङ्गे धाराको कम्पाउण्डभित्र एक ठूलो शिवलिंग पनि खडा गरेको छ ।






लम्बाइ - २४'.६"
चौडाइ - २३'
टोल - टंगाल, गैरीधारा
अभिलेखपत्र -


निर्माण मिति - छैठौं शताब्दी
बनाउने व्यक्ति - अंशुवर्मा
अन्तिम जीर्णोद्धार मिति -
वर्तमान भौतिक अवस्था- राम्रो

कमलपोखरी (२) / व. नं. १

भौतिक अवस्थाः—

साधारणतया सबैले देखेको वा नाउँ सुनेको यो प्रसिद्ध कमलपोखरी रानीपोखरीपछि काठमाडौं शहरको अर्को महत्वपूर्ण पोखरी हो । यस प्रसिद्ध पोखरीको नामबाटै स्थानीय इलाकाको नामाकरण भएबाट कमलपोखरी कति महत्वपूर्ण रहेछ भन्ने कुरा स्पष्ट छ । कमलको फूल सधैं फुलिरहने भएकोले नै पोखरीको नाम कमलपोखरी हुन गएको देखिन्छ । बाक्लो बस्तीको बीच भागमा अवस्थित यस पोखरीले स्थानीय क्षेत्रको शोभा निकै बढाएको छ । पोखरीले चर्चेको दक्षिण-तिरको समतल सार्वजनिक जग्गामा हाल डिल्लीबजार प्रहरी लाइनले भवन निर्माण गरी आफ्नो कार्यालय खडा गरेको छ । यस पोखरीको पूर्वमा सडक, पश्चिममा खाली ठाउँ, उत्तरमा खाली ठाउँ तथा गोरेटो बाटो र दक्षिणमा प्रहरी कार्यालय रहेको छ ।






लम्बाइ —३५०'
चौडाइ —१७५'
टोल —कमलपोखरी
अभिलेखपत्र —


निर्माण मिति —१९ सौं शताब्दी
बनाउने व्यक्ति—
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था—ठीकै

ढुंगेधारा (३) / व. नं. १

भौतिक विवरण:—

स्थानीय व्यक्तिहरूको भनाइ अनुसार मुहान शक्तिशाली वा राम्रो भए पनि स्याहार सम्भार नभएको हुँदा चारैतिर रहेको पर्खाल एकातिर भत्किसकेको छ भने निकास बन्द भएर जमेको पानीले धारालाई पुरिसक्यो। मर्मत जति सक्यो उति चाँडो गर्न सकिएको खण्डमा पुनः स्थानीय जनताको लागि उपयोगी हुने कुरा स्वतः सिद्ध छ। यस ढुङ्गे धाराको पूर्वमा घर, पश्चिममा खाली ठाउँ तथा सत्तल, उत्तरमा चउर र दक्षिणमा सडक पर्दछ।






लम्बाइ —३२'
चौडाइ —२८'
टोल —नन्दीकेशरी, नक्साल
अभिलेखपत्र —शिलापत्र


निर्माण मिति —१४ औं शताब्दी
बनाउने व्यक्ति—
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था—नराम्रो

सत्तल (४) / व. नं. १

भौतिक विवरण:—

यो सत्तल चारै दिशामा समान रूपले फैलिएको छ। सत्तलको बीच प्राङ्गणमा एक मन्दिर पनि रहेको छ। सत्तलको दक्षिणतर्फको भागमा नन्दी रात्री विद्यालयले कक्षा संचालन गर्ने प्रयोग गरेको छ भने सोही सत्तलको अर्को भागमा नक्साल युवा मण्डलले आफ्नो कार्यालय स्थापना गरेको देखिन्छ। यसको अतिरिक्त बाँकी भागहरूमा घरबारविहीन गरीब व्यक्तिहरूले बसोबासको निमित्त पनि सत्तलको उपयोग गरेको देखिन्छ। यो सत्तल काष्ठकला र प्रस्तरकलाको दृष्टिकोणले विचार गर्दा धनी नै देखिन्छ। तर आवश्यक संरक्षणको अभावमा ठाउँ ठाउँको काष्ठकला सहितको काठहरू मक्किएर खेर गैराखेकोले यथाशीघ्र यसतर्फ ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ। जस्ता र झिंगटीको मिश्रित छाना भएको यस सत्तलको जस्ता प्वाल परेर र झिंगटी फुटेर पानी चुहिने गरेकोले त्यसको प्रतिकूल असर गारोमा परेको छ। यस सत्तलको पूर्वमा चउर तथा ढुङ्गे धारा, पश्चिममा खाली ठाउँ तथा बाटो, उत्तर र दक्षिण दुवैतर्फ सडक गएको छ।





लम्बाइ —१३५'
चौडाइ —१०'.७"
टोल —नन्दीकेशरी, नक्साल
अभिलेखपत्र—शिलापत्र


निर्माण मिति —साके सम्बत् १७३०
बनाउने व्यक्ति —श्री ५ सुवर्ण प्रभा महारानी
अन्तिम जीर्णोद्धार मिति—वि.सं. १९९०, २०२८
वर्तमान भौतिक अवस्था—ठीकै

नागपोखरी (५) / व. नं. १

भौतिक विवरणः—

ऐतिहासिक दृष्टिकोणबाट हेर्दा रानीपोखरीपछि काठमाडौं शहरको अर्को प्रमुख पोखरी नागपोखरी नै हो भन्नुमा अत्युक्ति हुने छैन । पोखरीको बीचमा नागको आकृति सहितको खम्बा गाडेकोले नै पोखरीको नाम नागपोखरी रहन गएको देखिन्छ । काठमाडौं उपत्यका नगर विकास समितिको विभिन्न उद्देश्यहरू मध्ये सार्वजनिक सम्पत्ति, ऐतिहासिक स्थल आदिको संरक्षण तथा सम्वर्द्धन गर्नु पनि हो । यसै उद्देश्य अनुरूप नै वि. सं. २०३३ मा नागपोखरीको जीर्णोद्धार गरेर संरक्षण गरेको हो । समयमा जीर्णोद्धार नगर विकास समितिबाट भएकोले एकातिर नाग-पोखरीको संरक्षण भएको छ भने अर्कोतर्फ स्थानीय इलाकाको शोभा बढ्न गएको छ । यस नाग-पोखरीको वरिपरिको वातावरणको हकमा पूर्वमा सडक, पश्चिम कच्ची बाटो, उत्तर घर र दक्षिण सडक पर्दछ ।





लम्बाइ —१२५'
चौडाइ —६५'
टोल —नाग पोखरी, नक्साल
अभिलेखपत्र —शिलापत्र


निर्माण मिति —साके सम्बत् १७३०
बनाउने व्यक्ति —श्री ५ सुवर्ण प्रभा महारानी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था—राम्रो

पाटी (६) / व. नं. १

भौतिक विवरणः—

नक्साल मूल सडकको दाहिनेपट्टि सडकको किनारैमा निर्माण गरेको यो पाटी पन्ध्र कवल उत्तर मोहडाको छ । पाटीको छाना झिगटीले छाइएको छ । यस पाटीको अन्य सबै भाग राम्रो भए तापनि झिगटी धेरै ठाउँमा फुटिसकेकोले छानाबाट पानी चुहिन्छ । सार्वजनिक प्रयोगको लागि बनाइएको यस पाटीमा हाल थरीथरीका पसल राखिएको देखिन्छ । पाटीको केही भागमा मात्र सार्वजनिक जनताको भलाइ हुने किसिमले जन-पुस्तकालय खडा गरेको छ । उत्तर मोहडाको यस पाटीको पूर्वमा सानो बाटो तथा घर, पश्चिममा खाली ठाउँ तथा बाटो उत्तरमा सडक र दक्षिणमा घर पर्दछ ।





लम्बाइ —७८'
चौडाइ —१०'
टोल —नक्साल
अभिलेखपत्र —

निर्माण मिति —साके सम्वत् १७३०
बनाउने व्यक्ति—श्री ५ सुवर्ण प्रभा महारानी
जीर्णोद्धार मिति—वि. सं. २०२८
भौतिक अवस्था—ठीकै


सत्तल (७) / व. नं. १

भौतिक विवरण:—

यस पाटीको निर्माण वि.सं. १८८४ मा लक्ष्मीनारायण र कालीदासको संयुक्त सहयोगबाट भएको देखिन्छ। निर्माता कालीदासबाट नै पुनः वि. सं. २०१६ मा जीर्णोद्धार भएकोले पाटीको वर्तमान भौतिक अवस्था राम्रो छ। जीर्णोद्धारपछि गिंगटी छाना झिकी जस्ताको छाना हालिएको छ। पाँच कवल पूर्व मोहडाको यस पाटीको पूर्वमा चोक, पश्चिममा घर, उत्तरमा पर्खाल र दक्षिणमा सडक पर्दछ। हाल यो सत्तल गरीब परिवारले बसोबासको लागि प्रयोग गरेको छ।



लम्बाइ —२९.५"
चौडाइ —२०'
टोल —तीनधारा पाठशाला
अभिलेखपत्र —शिलापत्र



निर्माण मिति —वि. सं. १८८४, भाद्र
बनाउने व्यक्ति —लक्ष्मीनारायण र कालीदास
जीर्णोद्धार मिति— वि.सं. २०३३
वर्तमान भौतिक अवस्था—राम्रो


ढुंगेधारा (८) / व. नं. १

भौतिक विवरण:—

तीनधारा नामले प्रख्यात यी ढुङ्गे धाराहरू हाल सुषुप्त अवस्थामा रहेको छ। शुरू शुरूमा कलधाराको विकास नभएको वेलामा यी धाराहरूको निकै महत्व रहेको देखिन्छ। मर्मत सम्भारको अभावमा हाल धाराबाट पानी आउन बन्द भैसकेको र फोहर पानी जमी धाराहरू पुरिने स्थिति सृजना भएकोले हाल जीर्णोद्धार कार्य भैरहेको छ। जीर्णोद्धार कार्य पूर्ण रूपले समाप्त भएपछि ढुङ्गे धाराबाट पानी पुनः आउने विश्वास स्थानीय मानिसहरूले लिएका छन्। पूर्व दिशातर्फ फर्केका यी तीनै धाराको मुखमा मकरको आकृति कुँदिएको देखिन्छ। यी ढुङ्गे धाराहरूको पूर्वमा बारी, पश्चिममा पर्खाल तथा खाली ठाउँ, उत्तरमा पर्खाल र दक्षिणमा चोक तथा वानेश्वर महादेवको मन्दिर रहेको छ।



लम्बाइ —३०'
चौडाइ —११'
टोल —तीनधारा पाठशाला
अभिलेखपत्र —शिलापत्र





निर्माण मिति —१४ धौं शताब्दी
बनाउने व्यक्ति —लक्ष्मीनारायण
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था—नराम्रो

ढुंगेधारा (९) / व. नं. १

भौतिक विवरण:—

नारायणहिटी राजदरबारको ठीक अगाडिपट्टि सडकको किनारैमा निर्माण गरिएका यी ढुङ्गे धाराहरू कलाको दृष्टिकोणले महत्वपूर्ण देखिन्छ । यस ठाउँमा भएका तीनवटा धाराहरू मध्ये दायाँ र बायाँको दुइवटा ढुङ्गे धाराहरू कलाको दृष्टिकोणले बीचको धाराभन्दा साधारण देखिन्छ । बीचको धारामा सुनको जलेप लगाइएको पित्तलको खोलले ढाकेको छ । बीचको धारा ने. सं. ९०७ मा स्थापना गरिएको हो । मास्तिर नारायणको सुन्दर मूर्ति पनि प्रतिष्ठापन गरेको छ । यसका अतिरिक्त ढुङ्गाका स-साना देवी देवताका अन्य मूर्तिहरू पनि दायाँ बायाँ भित्तामा राखिएको छ । यहाँ भएका तीनै वटा धाराहरू पूर्व दिशातर्फ फर्केको र ढुङ्गे धाराको संगै चारैतिर सिमेन्टले राम्ररी प्लास्टर गरी निर्माण गरिएको पोखरी पनि रहेको छ । यी धारा एवं पोखरी सडक सतहभन्दा अलि तल भएकोले खुड्किलोको सहायता लिनुपर्छ । यसको चार किल्लाको हकमा पूर्वमा सानो बाटो, पश्चिममा निजी घर पुग्ने बाटो, उत्तरमा मूल सडक र दक्षिणमा पुरानो दरबार पर्दछ ।






लम्बाइ - १२०'
चौडाइ - ५०'.६"
टोल - नारायणहिटी दरबार अगाडि (नक्साल)
अभिलेखपत्र - शिलापत्र


निर्माण मिति -१५ रौं शताब्दी
बनाउने व्यक्ति -
अन्तिम जीर्णोद्धार मिति -वि.सं. २०१५ वैशाख
वर्तमान भौतिक अवस्था-ठीकै

पाटी (१०) / व. नं. १

भौतिक विवरण:—

जस्ताको छाना हाली साधारण शैलीमा निर्माण गरिएको यो पाटी तीन कवल पूर्व मोहडाको छ । पाटीको भुइँ ईंटाले छापेको हुनाले समतल छ । पाटीको पूर्वमा सडक, पश्चिममा घर, उत्तरमा गल्ली र दक्षिणमा पनि घर पर्दछ । थकित बटुवाहरू विश्राम गर्ने दृष्टिकोणबाट यस पाटीको महत्व रहेको छ ।





लम्बाइ —१५'.७"
चौडाइ —५'
टोल —चारढुंगे, नक्साल
अभिलेखपत्र —शिलापत्र


निर्माण मिति —ने. सं. १००१
बनाउने व्यक्ति —मोहनवोर थकाली
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था—ठीकै

चउर (११) / व. नं. १

भौतिक विवरण:—

स्थानीय मानिसहरूले गाई चराउन र आफ्ना बालबच्चालाई खेलाउन प्रयोग गर्दै आएको यस सार्वजनिक चउरभित्र नारायण, महादेव, कुमारी आदिका मूर्तिहरूको अलावा एक खरीको रूख पनि रहेको छ। यस चउरको उत्तरपट्टिको भागमा फोहर मैला थुपार्ने गरेकोले त्यसतर्फ अलि फोहर देखिन्छ। यस चउरको पूर्वमा श्यामराज शम्शेरको दरबार, पश्चिममा बाटो र उत्तर तथा दक्षिण दुबैतर्फ स्थानीय जनताको घर पर्दछ।






लम्बाइ —२५०'
चौडाइ —१५०'
टोल —नक्साल,नारायणचउर
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति—
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था—ठीकै

चउर (१२) / व. नं. १

भौतिक विवरण:—


स्थानीय इलाकाको केटाकेटीहरूले खेल्नको लागि प्रयोग गर्दै आएको यस सार्वजनिक चउरको पश्चिमतर्फको केही जमीन स्थानीय स्कूलले आफ्नो भवन निर्माणको लागि प्रयोग गरिसकेको देखिन्छ। घना बस्ती हुने क्षेत्रहरूमा वातावरणलाई स्वच्छ तुल्याउनमा सार्वजनिक चउरको महत्वपूर्ण भूमिका हुन्छ। यस चउरको पूर्वमा घर, पश्चिममा सडक तथा स्कूल, उत्तरमा घर र दक्षिणमा दुइटै धारा पर्दछ।





लम्बाइ —३००'
चौडाइ —५०'
टोल —नन्दीकेशरी, नक्साल
अभिलेखपत्र —

निर्माण मिति —
बनाउने व्यक्ति —
अन्तिम जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था— राम्रो



सरस्वती स्थान
भातभतेनी
लाजीम्पाट
तँगाल
क्रान्तिपथ
संकेत
गैरीधारा
नक्साल भगवती
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
0 40 100 200 300 मी.
चित्र नं. 2

सत्तल (१) / व. नं. २

भौतिक विवरणः—

साधारण शैलीमा टायल छाना हाली निर्माण गरिएको यो सत्तल दुई कवल दुई तले उत्तर मोहडाको छ। सत्तलको भुइँमा सिमेन्ट प्लास्टर गरिएको छ। छानामा हालिएको टायल हाल कहीं कहीं फुटिसकेकोले फेर्नु पर्ने देखिन्छ। यस सत्तलको पूर्वमा घर, पश्चिममा बाटो, उत्तरमा देवालय र दक्षिणमा बारी पर्दछ। विभिन्न चाडपर्वमा भोज मनाउन आउनेहरूका लागि एवं कहिले काहीं क्रिया बस्न आउने क्रियापुत्रीहरूका लागि यस सत्तलले सघाउ पुऱ्याउँदै आएको छ।





लम्बाइ — २५'.३"
चौडाइ — १३'.३"
टोल — गैरीधारा, सरस्वतीस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने.सं. ८२७ चैत्र
बनाउने व्यक्ति — मानदेव, रेशमदेव
जीर्णोद्धार मिति— वि. सं. २०१७
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (२) / व. नं. २

भौतिक विवरणः—

पूर्व मोहडाको यस ढुङ्गे धाराबाट हाल थोपा थोपा मात्र पानी आइरहने भएकोले स्थानीय जनतामा यसको महत्व घट्दै गएको छ। ढुङ्गे धाराको निकास पनि बिग्रिसकेकोले फोहर पानी धाराको तल जम्ने गर्दछ। भुइँमा छापेको ईंटा पूर्णतया फुटेको र पर्खाल भत्किएकोले यथाशीघ्र जीर्णोद्धार गर्नु पर्ने स्थितिमा रहेको छ। पूर्व दिशातर्फ फर्केको मकर मुखाकृत यस ढुङ्गे धाराको पूर्वमा खेत, पश्चिममा गोरेटो बाटो, उत्तरमा पाटी र दक्षिणमा खेत पर्दछ।






लम्बाइ —२४'
चौडाइ —२१'
टोल — लाजिम्पाट
अभिलेखपत्र —

निर्माण मिति — १५ रौं शताब्दी
बनाउने व्यक्ति — चेत शम्शेर
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था— ठीकै


पाटी (३) / व. नं. २

भौतिक विवरण:—

मर्मत सम्भारको अभावमा हाल यस पाटीको पूर्वपट्टिको भाग भत्किन लागेको अवस्थामा रहेको छ। यस पाटीको छाना सुर्की चूनले ढलान गरी बनाइएको छ। तीन कवल दक्षिण मोहडाको यस पाटीको पूर्वमा खेत, पश्चिममा गोरेटो बाटो, उत्तरमा पनि गोरेटो र दक्षिणमा धारा पर्दछ। पाटीको वरिपरि घाँस झारपात आदि उम्रिएकाले वातावरण फोहर देखिन्छ।



लम्बाइ — १५'.९"
चौडाइ — ७'
टोल — लाजिम्पाट
अभिलेखपत्र —




निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था—नराम्रो


ढुंगेधारा (४) / व. नं. २

भौतिक विवरण:—

लुगा धुन, नुहाउन आदिमा प्रयोग हुने यस ढुंगेधाराबाट हाल अलि अलि मात्र पानी आउने हुनाले स्थानीय जनताका लागि यसको खास महत्व देखिदैन। धाराको तल र माथि दुवैतिर ढुंगामा कुँदिएका मूर्ति र कलापूर्ण ढुंगा राखिएको छ। दक्षिणतर्फ फर्केको यस ढुंगेधाराको पूर्वमा खेत, पश्चिममा चउर, उत्तरमा चउर र दक्षिणमा बारी पर्दछ।



लम्बाइ —२०'
चौडाइ —१७'.१०"
टोल — लाजिम्पाट
अभिलेखपत्र —





निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति — जुजु बाजे
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था—नराम्रो

पाटी (५) / व. नं. २

भौतिक विवरणः—

चारैतिर सिमेन्ट प्लास्टर गरी जस्ताको छाना हाली बनाइएको यस पाटीमा विभिन्न चाडपर्वमा विभिन्न ठाउँका मानिसहरू आई भोज खाने चलन छ । तीन कवल दक्षिण मोहडा भएको यस पाटीको पूर्वमा पाटी, पश्चिममा बाटो, उत्तरमा बारी र दक्षिणमा देवताको मन्दिर पर्दछ ।






लम्बाइ — १८'
चौडाइ — १०'.६"
टोल — लाजिम्पाट
अभिलेखपत्र —शिलापत्र


निर्माण मिति — ने. सं. ९५६ वैशाख
बनाउने व्यक्ति — लक्ष्मीनरसिंह भारो
जीर्णोद्धार मिति— ने. सं. १०९२
वर्तमान भौतिक अवस्था— राम्रो

पाटी (६) / व. नं. २

भौतिक विवरणः—

जस्ताको छाना भएको यस तीन कवल दक्षिण मोहडा पाटीको वर्तमान भौतिक अवस्था राम्रो छ । सार्वजनिक प्रयोगको रूपमा मानिसहरूले भोज भतेर गर्नका लागि यस पाटीको उपयोग गरेको देखिन्छ । यस पाटीको पूर्वमा घर, पश्चिममा पाटी, उत्तरमा बारी र दक्षिणमा चउर पर्दछ ।





लम्बाइ - ३२'.१"
चौडाइ - ११'
टोल - लाजिम्पाट
अभिलेखपत्र - शिलापत्र


निर्माण मिति - १७ रौं शताब्दी
बनाउने व्यक्ति -
जीर्णोद्धार मिति - वि. सं. २०२६
वर्तमान भौतिक अवस्था- राम्रो

चउर (७) / व. नं. २

भौतिक विवरण:—

स्थानीय धोबीहरूको लागि लुगा सुकाउन र पूजा गर्न आउनेहरूलाई भोज खान अत्यन्त उपयोगी ठहरिएको यो चउर धरातलको दृष्टिकोणले समथर नै छ। यस सार्वजनिक चउरको पूर्वमा घर तथा बारी, पश्चिममा घर तथा बाटो, उत्तरमा पनि घर तथा पाटी र दक्षिणमा बाटो तथा घर पर्दछ।





लम्बाइ — १००'
चौडाइ — १००'
टोल — लाजिम्पाट
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था— राम्रो

पाटी (८) / व. नं. २

भौतिक विवरण:—


काठको खम्बाहरूमा साधारण बुट्टाहरू भएको यो पाटी पाँच कवल पूर्व मोहडाको छ। पाटीको चारैतिर गारोमा सिमेन्ट प्लास्टर गरेको र छाना जस्ता र टायलले छाइएको छ। वर्तमान भौतिक अवस्था सन्तोषजनक देखिने यस पाटीको चार किल्ला यस प्रकारको छ— पूर्वमा मन्दिर, पश्चिममा बाटो, उत्तरमा खरीको रूख र दक्षिणमा घर पर्दछ।





लम्बाइ — ४४'.१"
चौडाइ — ११'.२"
टोल — लाजिम्पाट
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — ने. सं. ९४१
बनाउने व्यक्ति — भाजु नरसिंह
अन्तिम जीर्णोद्धार मिति— वि.सं. २०२६
वर्तमान भौतिक अवस्था— ठीकै



संकेत
पाटी
सत्तल
दुअे धारा
पोखरी
चउर
बाँसबारी
महाराजगंज
काली पथ
पानीपोखरी
लालिमाटा
2
1
3
0 50 100 200 300 मी.

बड़ा नं. 3


पोखरी (१) / व. नं. ३

भौतिक विवरण:—

स्थानीय व्यक्तिहरूले महादेवको मन्दिरमा पुजा गर्ने आउनेहरूको लागि पानीको सुविधा होस भन्ने पवित्र उद्देश्य राखी यस पोखरीको निर्माण गरिएको देखिन्छ। इटा र सिमेण्टको सम्मिश्रणबाट यस पोखरीको बनावट भएको छ। पोखरीको पूर्वमा घर, पश्चिममा पाटी, उत्तरमा महादेवको मन्दिर र दक्षिणमा निजी घरको क्याम्प पर्दछ। भौतिक स्वरूप सानो भए पनि धार्मिक दृष्टिकोणले यसको महत्व छ।



लम्बाइ — ७'
चौडाइ — ४'
टोल — लाजिम्पात
अभिलेखपत्र —




निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो


पाटी (२) / व. नं. ३

भौतिक विवरण:—

आधुनिक शैलीमा छाना आर. बी. सी. ढलान गरी बनाइएको यस पाटी पूर्व मोहडाको छ। पाटीको भित्री भागमा र बाहिर सिमेण्टले प्लाष्टर गरेको र भुईंमा इटाले राम्रोरी छापेको देखिन्छ। यस पाटीको पूर्वमा सानो पोखरी, पश्चिममा गोरेटो बाटो, उत्तरमा झाडी र दक्षिणमा खाली ठाउँ पर्दछ। स्थानीय भक्तजनहरू भगवानको अर्चना स्वरूप यस पाटीमा भजन गाउने गर्छन्।




लम्बाइ — १५'
चौडाइ — ८'
टोल — लाजिम्पात
अभिलेखपत्र — शिलापत्र



निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो


वडा नं. ४



३.
0 ५० १०० २०० ३०० मी.
महाराजगंज
पानी पोखरी
कालिपथ
बालुवाटार
भातभटेनी
१
२
३
४
संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर

सत्तल (१) / व. नं. ४

भौतिक विवरण:—

भाटभटेनी मन्दिरको प्रांगणमा निर्माण गरिएको यस सत्तलको छाना जस्ताले छाइएको छ। यस सत्तलको पूर्वमा भाटभटेनी मन्दिर, पश्चिममा बारी, उत्तरमा सत्तलको प्रांगण र दक्षिणमा मन्दिर तथा बाटो पर्दछ। मन्दिरमा पूजा गर्न आउने भक्तालुहरूले यस सत्तलको प्रयोग गर्दछन्।





लम्बाइ — ५५'
चौडाइ — १६.'९"
टोल — भाटभटेनो
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जोर्णोद्धार मिति— वि. सं. २०१५
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२) / व. नं. ४

भौतिक विवरण:—

मुख्य मोहडामा तीन कवल भएको यो पाटी कौशी समेत राखी आधुनिक ढाँचामा बनाएको देखिन्छ। धार्मिक कार्यमा प्रयोग हुँदै आएको यस पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा बाटो, उत्तरमा भाटभटेनी मन्दिर र दक्षिणमा बाटो पर्दछ।






लम्बाइ — २०'.८"
चौडाइ — ९'.२"
टोल — भाटभटेनो
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २०१७
बनाउने व्यक्ति —
जोर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (३) / व. नं. ४

भौतिक विवरण:—

तीनैतिर खुला गरी बनाएको यस पाटीको भिंगटी छानामा गजूर भएकोले देवालय जस्तो देखिन्छ। काठको खम्बामा बुट्टा समेत भएको यस प्राचीन पाटीको पूर्वमा पिच सडक, पश्चिममा भाटभटेनी मन्दिर, उत्तरमा खाली ठाउँ र दक्षिणमा पनि खाली ठाउँ नै पर्दछ।






लम्बाइ — १४'
चौडाइ — १४'
टोल — भाटभटेनी
अभिलेखपत्र —


निर्माण मिति — ने. सं. ९१० वैशाख
बनाउने व्यक्ति — जयसिंह महर्जन
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था— ठीकै

ढुंगेधारा (४) / व. नं. ४

भौतिक विवरण:—


यस ढुंगेधाराबाट निरन्तर गतिमा पानी आइरहने हुनाले स्थानीय बासिन्दाहरू लुगा धुन, नुहाउन यो धारा निकै उपयोगी ठहरिएको छ। यस ढुंगेधाराको पूर्वमा भाटभटेनीबाट बालुवाटार जाने पिच सडक, पश्चिम, उत्तर र दक्षिण तीनैतिर खाली ठाउँ पर्दछ।





लम्बाइ - ३८'
चौडाइ - २०'
टोल - भाटभटेनी
अभिलेखपत्र -


निर्माण मिति - १८ रौं शताब्दी
बनाउने व्यक्ति -
जीर्णोद्धार मिति - ने. सं. ९९९
वर्तमान भौतिक अवस्था- ठीकै



धुम्वाराही
४१
४०
३६
३५
३४
३३
३८
धोबी खोला
मातमटेनी
३७
३९
३१
३०
२९
२८
२७
२६
२५
२४
२३
२२
२१
२०
१९
१८
१७
१६
१५
१४
१३
१२
११
१०
९
८
७
६
५
४
३
२
१
हाडी गाउ
टंगाल
सानो गौचरण
नक्खाल भगवती
संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
0 ५० १०० २०० ४०० मी
उ.
वडा नं. ५

पाटी (१) / व. नं. ५

तिक विवरण:—

धुम्बाराहीको विशेष पूजाको समयमा भोज भतेरको लागि प्रयोग हुने र अरू वेला स्थानीय
ाराही स्कूलले कक्षा संचालन गर्न यस पाटीको प्रयोग गर्दछ। कवल खुल्ला गरी निर्माण गरिएको
पाटीमा हाल कवल बन्द गरी माथि डण्डीको ऊयाल राखिएको छ। यस पाटीको छाना
टीले छाइएको छ र हाल सो भिंगटी धेरै ठाउँमा फुटिसकेकोले चाँडै फेर्नु पर्ने देखिन्छ । पाँच
ल उत्तर मोहडाको यस पाटीको पूर्वमा चउर, पश्चिममा पनि चउर तथा पाटी, उत्तरमा चउर र
ुणमा बाटो तथा स्थानीय मानिसको घरको ढोका पर्दछ ।






लम्बाइ — २०'
चौडाइ — ९'.५"
टोल — धुम्बाराही
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९३०
बनाउने व्यक्ति — जयधर्म सिंह
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था— नराम्रो

पाटी (२) / व. नं. ५

तिक विवरण:—

यस पाटीमा प्रयोग गरेको काठ, ईंटा सबै ठीकै भए तापनि भिंगटी छाना बिग्रेकोले
र्णोद्धार गर्नु पर्ने देखिन्छ । हाल यस पाटीमा स्थानीय धुम्बाराही स्कूलले स्थानीय बालबच्चालाई
ाउन प्रयोग गरेको छ। पूर्व मोहडाको तीन कवल पाटीको पूर्वमा चउर तथा पाटी, पश्चिममा
डक, उत्तरमा चउर तथा रूख र दक्षिणमा चउर तथा घर पर्दछ ।






लम्बाइ — १६'
चौडाइ — ११'.८"
टोल — धुम्बाराही
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि .सं. २०१४ वैशाख
वर्तमान भौतिक अवस्था— ठीकै

पाटी (३) / व. नं. ५

भौतिक विवरण:—

आधुनिक शैलीमा जस्ताको छाना हाली बनाइएको यो पाटी दक्षिण दिशामा बाहेक अन्य तीनैतिर खुल्ला छ । धुम्बाराही मन्दिरको आसपासमा बनाइएको हुनाले मन्दिरमा पूजा-आजा गर्न आउने धर्मावलम्बीहरूले यो पाटीको प्रयोग गरेको देखिन्छ । पश्चिम मोहडाको यस पाटीको पूर्वमा चउर, पचिश्ममा चउर तथा सडक, उत्तरमा घर तथा चउर र दक्षिणमा चउर तथा धुम्बाराहीको मन्दिर पर्दछ ।





लम्बाइ — ११'.३"
चौडाइ — ७'.६"
टोल — धुम्बाराही
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २०२६
बनाउने व्यक्ति — काठमाडौं नगर पंचायत
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (४) / व. नं. ५

भौतिक विवरण:—

परापूर्व कालमा निर्माण गरिएको यस ढुङ्गे धाराबाट हाल पानी नआउने भएकोले स्थानीय व्यक्तिहरूको सक्रिय सहयोगको फलस्वरूप ढुङ्गे धारामा खाने पानीको पाइप जडान गरी पानी ल्याउने कार्य भएको छ । चारैतिर पर्खालले घेरिएको र पर्खालको डिलमा सिमेण्टले प्लाष्टर गरेकाले धारा शोभायमान देखिन्छ । धाराको ठीक तल ढुङ्गामा कुँदिएको मूर्ति रहेको छ र भुइँ समथर नभएकाले त्यति राम्रो देखिन्न । पूर्व दक्षिण मोहडाको यस ढुंगेधाराको पूर्वमा धुम्बाराही जाने बाटो, पश्चिममा खाली ठाउँ तथा ऊयाङ्ग, उत्तरमा ढिस्को र दक्षिणमा खाली ठाउँ तथा ऊयाङ्ग पर्दछ ।






लम्बाइ — ८'
चौडाइ — ६'
टोल — धुम्बाराही
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

गहनापोखरी (५) / व. नं. ५

भौतिक विवरण:—

अण्डाकार भौतिक स्वरूप भएको यो पोखरी स्थानीय जनतामा गहना पोखरीको नामले चिरपरिचित छ । हाल यस पोखरीको भौतिक अवस्था सन्तोषजनक देखिए तापनि किनारा किनारामा उम्रिएको झार, भ्याउ आदिले पोखरीको सौन्दर्यतामा प्रतिकूल प्रभाव पारेकोले समय समयमा सर-सफाई अभियान चलाउनु आवश्यक देखिन्छ । स्थानीय गाई वस्तुलाई पानी खुवाउन, बाल बच्चाहरूको लागि पौडी खेल्न महत्व रहिआएको यस पोखरीको पूर्वमा हाडिगाउँ जाने गोरेटो बाटो, पश्चिममा स्थानीय जनताको घर, उत्तरमा पर्खाल र दक्षिणमा टंगाल जाने गोरेटो बाटो तथा कलधारा रहेको छ ।





लम्बाइ — ७५'
चौडाइ — ४०'
टोल — हाडिगाउँ
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था— ठीकै

पाटी (६) / व. नं. ५

भौतिक विवरण:—

समयमा मर्मत सम्भार कार्य गर्न नसकेकोले हाल यस पाटीको अस्तित्वको रूपमा केवल भुइँ बाँकी रहेको छ । भक्तिनु अघि स्थानीय भक्तजनहरूको लागि भजन कीर्तन गर्न यस पाटीले सघाउ पुऱ्याएको थियो । पूर्ण रूपले भत्किसकेकोले मोहडा नखुलेको यस पाटीको पूर्वमा भगवतीको मन्दिर, पश्चिममा खाली ठाउँ, उत्तरमा हाडिगाउँ जाने बाटो र दक्षिणमा स्थानीय जनताको खेत पर्दछ ।






लम्बाइ — १७'
चौडाइ — ७'.८"
टोल — हाडिगाउँ, कोटालटोल
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १९६४
बनाउने व्यक्ति — हरिनारायण
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (७) / व. नं. ५

भौतिक विवरण:—

झिंगटी छाना हाली साधारण शैलीमा निर्माण गरिएको यस पाटीको थामहरूमा साधारण बुट्टाहरू कुँदिएका छन्। यस पाटीको दक्षिणतर्फ दुई कवल र पूर्वतर्फ एक कवल रहेको छ। दक्षिण मोहडाको यस पाटीको पूर्वमा गोरेटो बाटो, पश्चिममा खाली ठाउँ तथा खेत, उत्तरमा बाटो तथा बारी र दक्षिणमा टंगाल जाने बाटो तथा भगवतीको मन्दिर रहेको छ। धार्मिक कार्यमा यस पाटीको प्रयोग भएको छ।






लम्बाइ — ११'.७"
चौडाइ — ७'.७"
टोल — हाडिगाउँ, कोटालटोल
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति — बुद्धिलाल श्रेष्ठ, हाडिगाउँ, कोटालटोल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था— ठीकै

सत्तल (८) / व. नं. ५

भौतिक विवरण:—

हरेक वर्ष वैशाख महीनामा मनमानेश्वरीको पूजा गरी भोज खानुपर्ने परम्परा अनुसार भोज खानेहरूको लागि स्थानको सुविधा होस् भनेर यस सत्तलको निर्माण भएको देखिन्छ। यस सत्तलको छाना झिंगटीले छाइएको तर झिंगटी हाल धेरै ठाउँमा फुटिरहेकोले वर्षा याममा छानाबाट प्रशस्त मात्रामा पानी चुहिनाले गारो समेत बिग्रिइसकेको अवस्थामा रहेको छ। तीन कवल उत्तर मोहडाको यस सत्तलको पूर्वमा बारी तथा पाटी, पश्चिममा स्थानीय जनताको बारी, उत्तरमा पनि बारी तथा मनमानेश्वरीको मन्दिर र दक्षिणमा गोरेटो बाटो गएको छ।






लम्बाइ — २५'.९"
चौडाइ — १०'.१०"
टोल — टंगाल, मनमानेश्वरी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (९) / व. नं. ५

भौतिक विवरण:—

हालसालै मात्र ढलान गरी आधुनिक शैलीमा निर्माण गरिएको यस पाटीको भौतिक अवस्था मजबूत छ। पाटीको भित्री गारो र बाहिर सिमेण्टले प्लाष्टर गरेको हुनाले पाटी शोभायमान देखिन्छ। पश्चिम मोहडाको यस पाटीको पूर्वमा गोरेटो बाटो, पश्चिममा खाली ठाउँ, उत्तरमा पनि खाली ठाउँ तथा मनमानेश्वरीको मन्दिर र दक्षिणमा गोरेटो बाटो गएको छ। बटुवाहरू विश्राम गर्न यस पाटीको प्रयोग गर्छन्।






लम्बाइ — २८'.५"
चौडाइ — १३'.२"
टोल — टंगाल, मनमानेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २०३५
बनाउने व्यक्ति — श्यामलाल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — रा्रो

पाटी (१०) / व. नं. ५

भौतिक विवरण:—

यो पाटी संरक्षणको अभावमा हाल पूर्वतर्फको गारो मात्र बाँकी रहेको र अन्य भाग छाना समेत पूर्ण रूपले भत्किसकेको अवस्थामा छ। कुनै किसिमको शैली नभएको यो पाटी दक्षिण मोहडाको छ। यस पाटीको पूर्वमा घर, पश्चिममा स्थानीय जनताको घरको चोक, उत्तरमा बारी र दक्षिणमा हाडिगाउँ जाने बाटो गएको छ। हाल यो पाटी गोबरको गुइँठा सुकाउन मात्र प्रयोग भएको देखिन्छ।






लम्बाइ - ११'.६"
चौडाइ - ५'
टोल - हाडिगाउँ, कोटालटोल
अभिलेखपत्र -

निर्माण मिति - ने. सं. ८७२
बनाउने व्यक्ति - रूद्र सिं
जीर्णोद्धार मिति -
वर्तमान भौतिक अवस्था- नरा्रो


पाटी (११) / व. नं. ५

भौतिक विवरण:—

शैलीरहित यस पाटीको भौतिक अवस्था ज्यादै नराम्रो छ। छाना पूरै भस्किसकेको र गारोहरू पनि बिग्रिसकेकोले यथाशीघ्र मर्मत कार्य शुरू गर्नुपर्ने देखिन्छ। दक्षिण मोहडाको यस पाटीको पूर्वमा स्थानीय जनताको घर, पश्चिममा पाटी, उत्तरमा बारी र दक्षिणमा हाडिगाउँ जाने बाटो गएको छ। स्थानीय जनताको लागि यस पाटीको हाल कुनै उपयोगिता छैन।



लम्बाइ — १३'
चौडाइ — ६'.६"
टोल — हाडिगाउँ, कोटालटोल
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति — वि. सं. १९९२
बनाउने व्यक्ति — विष्णुराज श्रेष्ठ, हाडिगाउँ
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो


पाटी (१२) / व. नं. ५

भौतिक विवरण:—

हरेक वर्ष जेष्ठ महीनामा होम गरी स्थानीय जनताले भोज भतेरको आयोजना गर्ने प्रयोग गरिने यस पाटीको झिंगटी छाना धेरै फुटिसकेको हुनाले चाँडै मर्मत नगरिएमा पानी चुहिएर गारो समेत बिग्रने सम्भावना देखिएको छ। पाटीका थामहरूमा विभिन्न वुट्टाहरू कुँदिएकोले पाटीको सौन्दर्य बढेको छ। तीन कवल दक्षिण मोहडाको यस पाटीको पूर्वमा स्थानीय जनताको घर, पश्चिममा खाली ठाउँ तथा घरको चोक, उत्तरमा पनि स्थानीय जनताको घर र दक्षिणमा हाडिगाउँ जाने बाटो पर्दछ।



लम्बाइ — १५'
चौडाइ — ६'.६"
टोल — हाडिगाउँ, कोटालटोल
अभिलेखपत्र — शिलापत्र





निर्माण मिति — वि. सं. १९५९ जेष्ठ
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१३) / व. नं. ५

भौतिक विवरण:—

परापूर्व कालमा बनाइएको यो पाटी हाल पूर्ण रूपले भत्किसकेकोले स्थानीय जनतालाई यसको कुनै पनि उपादेयता छैन। झण्डै भुइँसम्म भत्किसकेको यस पाटीलाई अविलम्ब जीर्णोद्धार गरी सार्वजनिक प्रयोगमा ल्याउनुपर्ने देखिन्छ। तीन कवल दक्षिण मोहडाको यस पाटीको पूर्वमा पाटी, पश्चिममा घर, उत्तरमा बारी र दक्षिणमा हाडिगाउँ जाने बाटो पर्दछ।






लम्बाइ — १२'.६"
चौडाइ — ६'
टोल — हाडिगाउँ, कोटालटोल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१४) / व. नं. ५

भौतिक विवरण:—

सार्वजनिक प्रयोग हुने वर संरक्षण चाहिं नहुने भएकोले पाटी जस्तो सार्वजनिक सम्पत्तिको क्रमशः विनाश हुँदै गइराखेको तथ्य यस पाटीले देखाउँछ। समयमा मर्मत कार्य नभएको हुनाले यो पाटी पूर्ण रूपले भत्किएको छ। पाटीलाई पूर्ववत् अवस्थामा परिणत गर्न जगदेखि बनाउनुपर्ने देखिन्छ। दक्षिण मोहडाको यस पाटीको पूर्वमा गणेश स्थानको मन्दिर, पश्चिममा पाटी, उत्तरमा स्थानीय जनताको घर र दक्षिणमा हाडिगाउँ जाने बाटो पर्दछ।





लम्बाइ — १२'.६"
चौडाइ — ६'
टोल — हाडिगाउँ, कोटालटोल
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१५) / व. नं. ५

भौतिक विवरण:—

स्थानीय इलाकाको जात्रामा देवता राखी पूजा गर्न प्रयोग हुने यस पाटीको वर्तमान अवस्थाले यथाशीघ्र जीर्णोद्धार गर्नु पर्ने स्थिति दर्शाएको छ। झिंगटी छाना हाली प्राचीन शैलीमा निर्माण गरिएको यस पाटीको छाना भत्किसकेको, गारो ठाउँ ठाउँमा चर्केको र काठ पनि कुहिएर बिग्रिएको अवस्थामा रहेको छ। तीन कवल पूर्व मोहडा भएको यस पाटीको पश्चिममा सडक र बाँकी तीनै दिशामा खाली ठाउँ तथा स्थानीय जनताको घर पर्दछ।





लम्बाइ — १४'.८"
चौडाइ — ६''.५'
टोल — हाडिगाउँ, कोटालटोल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१६) / व. नं. ५

भौतिक विवरण:—

बटुवाहरूको लागि विश्राम गर्न उपयोगी ठहरिएको यस पाटीको जीर्णोद्धार गुठी संस्थानबाट वि. सं. २०३३ मा मात्र गरेको हुनाले हाल यसको भौतिक अवस्था राम्रो देखिन्छ। पूर्व मोहडा भएको यस पाटीको पूर्वमा गोरेटो बाटो, पश्चिममा भैरव स्थान, उत्तरमा स्थानीय जनताको घर र दक्षिणमा टंगाल जाने बाटो पर्दछ। यस पाटीको छाना टायलले छाइएको छ।






लम्बाइ — २०'.५"
चौडाइ — १३'.७"
टोल — हाडिगाउँ, कोटालटोल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३३
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१७) / व. नं. ५

भौतिक विवरण:—

पश्चिम मोहडाको यस पाटीको भौतिक स्वरूप अंग्रेजी अक्षर "एल" आकारको छ। दक्षिणमा दुई कवल र पश्चिममा पाँच कवल भएको यस पाटीको सम्पूर्ण कवल गोलाकार किसिमको छ र बाहिर भागमा चूनले टिपकार गरिएको हुनाले शोभायमान देखिन्छ। हाडिगाउँको जात्राको अवसरमा यस पाटीको विशेष धार्मिक प्रयोग हुने भएकोले समय समयमा आवश्यक मर्मत कार्य गरिनु पर्ने देखिन्छ। यस पाटीको चार किल्ला यस प्रकार रहेको छ — पूर्वमा स्थानीय जनताको घर, पश्चिममा टंगाल जाने बाटो, उत्तरमा घर तथा बाटो र दक्षिणमा पनि बाटो पर्दछ।





लम्बाइ — ४०'.६"
चौडाइ — ६'.३"
टोल — हाडिगाउँ, डटुटोल
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०१२
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१८) / व. नं. ५

भौतिक विवरण:—

तीनैतिर खुल्ला गरी निर्माण गरिएको यस पाटीको पूर्व मोहडामा तीन कवल र उत्तर तथा दक्षिणमा एक-एक कवल रहेको छ। भुइँ ईंटाले छापेको र छाना झिंगटीले छाएकोमा झिंगटी छाना धेरै ठाउँमा बिग्रिसकेकोले मर्मत गर्नुपर्ने देखिन्छ। यस पाटीको थामहरूमा कलश र फूलहरूको बुट्टा कुंदिएको छ। हाडिगाउँको जात्रामा प्रयोग हुने यस पाटीको पूर्वमा भुतेश्वर जाने बाटो, पश्चिममा स्थानीय जनताको घर, उत्तरमा खाली ठाउँ र घर दक्षिणमा स्थानीय जनताको बारी पर्दछ।






लम्बाइ - १४'.२"
चौडाइ - ७'.११"
टोल - हाडिगाउँ, डटुटोल
अभिलेखपत्र - शिलापत्र


निर्माण मिति - १९ सौं शताब्दी
बनाउने व्यक्ति - चिरीमें
जीर्णोद्धार मिति -
वर्तमान भौतिक अवस्था - नराम्रो

पाटी (१९) / व. नं. ५

भौतिक विवरण:—

यस पाटीमा हरेक साल श्रावण महीनामा भजन कीर्तन गर्ने र भगवान्को पूजा गरी भोज खाने चलन रहेको देखिन्छ । यस पाटीमा प्रयोग गरेको ढुँगा र काठ ठीकै अवस्थामा छ र झिंगटी फेर्नुपर्ने अवस्थामा रहेको छ । यस पाटीको मुख्य मोहडा पश्चिमतर्फ तीन कवल र दक्षिणतर्फ एक कवल रहेको छ । यस पाटीको पूर्वमा स्थानीय जनताको घर, पश्चिममा भुतेश्वर जाने कच्ची बाटो, उत्तरमा खाली ठाउँ र दक्षिणमा स्थानीय जनताको घर पर्दछ ।





लम्बाइ — १३'.७"
चौडाइ — ५'.९"
टोल — हाडिगाउँ, डटुटोल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२०) / व. नं. ५

भौतिक विवरण:—

माघ महीनाको द्वादशीका दिन होम पूजा आदि जस्तो धार्मिक कार्य गर्नमा यस पाटीको उपयोग हुँदै आएको देखिन्छ । हाल पाटीको आधा भागभन्दा बढी छानादेखि भत्किएको हुनाले बाँकी भागमा गोबरको गुइँठा सुकाउन स्थानीय जनताले यस पाटीको प्रयोग गरेको देखिन्छ । यस पाटीको पश्चिम र दक्षिणको गारो बाहेक अरू सबै भत्किसकेको अवस्थामा छ । पूर्व मोहडा जस्तो भएको यस पाटीको पूर्वमा बुद्धको देवालय तथा कच्ची बाटो, पश्चिममा स्थानीय जनताको चोक, उत्तरमा घर र दक्षिणमा गोरेटो बाटो तथा घर पर्दछ ।






लम्बाइ — १७'.७"
चौडाइ — ७'.९"
टोल — हाडिगाउँ, डटुटोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९९८
बनाउने व्यक्ति — नेकुसिंह प्रजापति लगायत अन्य ७ जना
जीर्णोद्धार मिति –
वर्तमान भौतिक अवस्था – नराम्रो

पाटी (२१) / व. नं. ५

भौतिक विवरण:—

मुख्य मोहडा पूर्वतर्फ पाँच कवल र उत्तर दक्षिण मोहडामा एक एक कवल भएको यस पाटीको थामहरूमा कलशका बुट्टाहरू कुँदिएको छ। इन्द्रजात्राको समयमा इन्द्रको मूर्ति यस पाटीमा राखी प्रदर्शन गर्ने परम्परा छ। झिगटीको छाना भएको यस पाटीको झिगटी धेरै ठाउँमा बिग्रिसकेकोले अविलम्ब मर्मत गर्नुपर्ने देखिन्छ। पूर्व मोहडाको यस पाटीको पूर्व, उत्तर र दक्षिणमा टंगाल जाने ईंटाले छापेको कच्ची बाटो र पश्चिममा स्थानीय जनताको घर पर्दछ।






लम्बाइ — २५'
चौडाइ — ५'.३"
टोल — हाडिगाउँ
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — सकना सिंह प्रजापति
लगायत अन्य २ जना
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२२) / व. नं. ५

भौतिक विवरण:—

हाल यो पाटी भत्किएकोले बटुवाहरु विश्राम गर्नुको सट्टा स्थानीय जनताको लागि गोबर गुइँठा सुकाउन उपयोगी सिद्ध भएको देखिन्छ। धार्मिक कार्यमा परम्परादेखि प्रयोग हुने यस पाटीको अविलम्ब जीर्णोद्धार गरी पुनः सार्वजनिक प्रयोगमा ल्याउनुपर्ने देखिन्छ। पश्चिम मोहडाको यस पाटीको पूर्वमा स्थानीय जनताको घर, पश्चिममा भुतेश्वर जाने कच्ची बाटो, उत्तरमा बुद्धको चैत्य र दक्षिणमा धारा रहेको छ।






लम्बाइ - ११'.९"
चौडाइ - ७'.६"
टोल - हाडिगाउँ
अभिलेखपत्र -


निर्माण मिति - ने. सं. ९९८ माघ
बनाउने व्यक्ति - नेकुसिंह प्रजापति लगायत
अन्य ३ जना
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२३) / व. नं. ५

भौतिक विवरणः—

धार्मिक कार्य जस्तो पुराण हाल्ने, भगवान्को आराधना स्वरूप भजन गर्ने आदि कार्यहरुमा यस पाटीको प्रयोग भएको देखिन्छ । सबै भाग बाहिरबाट अवलोकन गर्दा ठीकै देखिए तापनि मर्मत कार्य गर्नुपर्ने देखिन्छ, कारण ढिंगटी छानाबाट पानी चुहिनाले गारो समेत बिस्तार बिस्तारै बिग्रिंदै गएको छ । उत्तर—दक्षिण एक-एक कवल र पश्चिमपट्टि तीन कवल रहेको छ । पश्चिम मोहडाको यस पाटीको पूर्वमा स्थानीय जनताको घर, पश्चिममा भुतेश्वर जाने कच्ची बाटो, उत्तरमा घर र दक्षिणमा बुद्धको मन्दिर पर्दछ ।






लम्बाइ — ९'.११"
चौडाइ — ५'
टोल — हाडिगाउँ, डटुटोल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — विष्मासिंह प्रजापति
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२४) / व. नं. ५

भौतिक विवरणः—

साधारण शैलीमा ढिंगटी छाना हाली निर्माण गरिएको यो पाटी हाल भत्किएको अवस्थामा रहेकोले स्थानीय जनताको लागि यसको कुनै उपादेयता छैन । यस पाटीको मुख्य मोहडा दक्षिणतर्फ तीन कवल र पूर्व र पश्चिम एक-एक कवल रहेको छ । यस पाटीको पूर्वमा हाडिगाउँ निस्कने गोरेटो बाटो, पश्चिममा घर र उत्तर तथा दक्षिण दुवैतर्फ खाली ठाउँ पर्दछ ।






लम्बाइ — १४'
चौडाइ — ६'.५"
टोल — हाडिगाउँ, डटुटोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ८९६
बनाउने व्यक्ति — धनदेव महर्जन
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२५) / व. नं. ५

भौतिक विवरण:—

शताब्दियौं अघि निर्माण गरिएको र समय समयमा मर्मत सम्भार कार्य नभएकोले सार्वजनिक प्रयोगको लागि बनाइएको यस पाटीले स्थानीय बासिन्दा एवं बाटो हिंड्ने बटुवाहरूलाई हाल कुनै किसिमको फाइदा प्रदान गर्न सकेको देखिंदैन। कलशको बुट्टा कुँदिएको काठका खम्बाहरु पाटीमा प्रयोग गरेको छ। यस पाटीको पश्चिमतर्फ तीन कवल र उत्तर-दक्षिणतर्फ एक एक कवल रहेको छ। पश्चिम मोहडाको यस पाटीको पूर्वमा स्थानीय जनताको घर, र बांकी तीनै दिशामा भाटभटेनी जाने बाटो पर्दछ।






लम्बाइ — १३'.८"
चौडाइ — ६'
टोल — हाडिगाउँ
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ८१९ वैशाख
बनाउने व्यक्ति — कृष्ण सिं भारो
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (२६) / व. नं. ५

भौतिक विवरण:—

स्थानीय बासिन्दा एवं बाटो हिंड्ने बटुवाहरूको तिर्खा मेट्नको लागि आवश्यक पानी यस ढुंगेधाराबाट उपलब्ध गर्दै आएको देखिन्छ। धाराबाट पानी ठीकै मात्रामा आए तापनि निकास बिग्रिसकेकोले धाराको तल फोहर पानी जमी हिलाम्य भएको छ। धाराको चारैतिर बनाइएको पर्खाल हाल भत्किसकेको र घाँस, झारपात उम्रिएकोले वातावरण फोहर देखिन्छ। यस ढुंगेधाराको मुखमा सर्प र गोहीको आकृति कुँदिएको छ र धाराको मुनि शिलामा कुँदिएको देवताको मूर्ति पनि स्थापना गरेको छ। दक्षिण मोहडाको यस ढुंगेधाराको पूर्वमा पोखरी, पश्चिममा धुम्बाराही जाने बाटो, उत्तरमा चाबहिल जाने बाटो र दक्षिणमा हाडिगाउँ जाने बाटो पर्दछ।





लम्बाइ — २५'.३"
चौडाइ — २२'
टोल — हाडिगाउँ, उकालो
अभिलेखपत्र —


निर्माण मिति — १६ औं शताब्दी
बनाउने व्यक्ति — पालसिङ्ग प्रजापति
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पोखरी (२७) / व. नं. ५

भौतिक विवरण:—

यस पोखरीको चारैतिर घाँस, झारपात आदि उम्रिएको र माटो, फोहर आदि पर्याँकिने प्रक्रिया शुरू हुँदै गैराखेकोले हाल भएको पोखरीको एकातिर सौन्दर्यमा ठूलो धक्का पुग्न गएको छ भने अर्कोतिर पोखरीको भौतिक क्षेत्रफल क्रमशः घट्दै गएको छ। यस पोखरीको जीर्णोद्धार कार्य अविलम्ब नगरिएमा पोखरीलाई चाँडै फोहर माटो आदिले पुरिदिने ठूलो सम्भावना देखिएको छ। यस पोखरीको पूर्वमा चावहिल जाने बाटो, पश्चिम ढुंगेधारा तथा बाटो, उत्तरमा चावहिल जाने बाटो र दक्षिणमा चावहिल जाने बाटो नै गएको छ।






लम्बाइ — ५०'
चौडाइ — ४०'
टोल — हाडिगाउँ
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (२८) / व. नं. ५

भौतिक विवरण:—

पंचधारा नामक यी ढुंगेधाराहरू मध्ये हाल केवल एउटाबाट मात्र नगण्य रूपमा पानी आउने र अरू सबै धाराहरू सुकिसकेको अवस्थामा रहेका छन्। यी पाँचै धाराहरू समान आकार प्रकारको नभै ती मध्ये तीनवटा ठूला र दुइवटा साना छन्। यी धाराहरूको निकटतम रूपमा विष्णु, महादेव, ब्रह्मा आदिको मूर्तिहरू पनि स्थापना गरेको देखिन्छ। ढुंगेधाराको चारैतिर निर्माण गरिएको पर्खाल हाल भत्किएको र निकास पनि बन्द हुनाको कारणले गर्दा फोहर पानी धाराको तल जमिरहेको छ। दक्षिण मोहडाको यी पंचधाराको समूहको वरिपरिको वातावरण यस प्रकार रहेको छ – पूर्वमा खेत तथा धुम्बाराही जाने कच्ची बाटो, पश्चिममा स्थानीय जनताको घर, उत्तर खेत र दक्षिणमा बाटो तथा खेत पर्दछ।






लम्बाइ — ६२'.६"
चौडाइ — ३९'.६"
टोल — हाडिगाउँ, पंचधारा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १४ औं शताब्दी
बनाउने व्यक्ति — धीर शम्शेर र वीर शम्शेर
जीर्णोद्धार मिति — वि. सं. १९७० वैशाख
वर्तमान भौतिक अवस्था – नराम्रो

सत्तल (२९) / व. नं. ५

भौतिक विवरण:—

दक्षिण मोहडाको यस दुई तले सत्तललाई यथाशीघ्र मर्मत कार्य गरी पुनः सार्वजनिक प्रयोगमा ल्याउनुपर्ने देखिन्छ। झिंगटी र टायलको मिश्रित छाना भएको यस साधारण शैलीमा निर्मित सत्तलको पूर्वमा बारी तथा धुम्बाराही जाने कच्ची बाटो, पश्चिममा बारी तथा खेत, उत्तरमा महादेवको शिवलिंग तथा बारी र दक्षिणमा पनि बारी पर्दछ।






लम्बाइ — २०'
चौडाइ — १२'
टोल — हाडिगाउँ, पंचधारा
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — विसानाथ जोगी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३०) / व. नं. ५

भौतिक विवरण:—

धार्मिक कार्यमा स्थानीय जनताको लागि उपयोगी सिद्ध भएको यो झिंगटी छाना हाली निर्माण गरिएको पाटी हाल भौतिक अवस्था नराम्रो हुनाको कारणले गर्दा सार्वजनिक उपयोगबाट हटेको छ। चार कवल दक्षिण मोहडाको यस पाटीको पूर्वमा भत्केको पाटी, पश्चिममा पनि पाटी, उत्तरमा बगैंचा र दक्षिणमा कच्ची बाटो पर्दछ।






लम्बाइ - २५'
चौडाइ - ७'.३"
टोल - हाडिगाउँ
अभिलेखपत्र -


निर्माण मिति - १९ सौं शताब्दी
बनाउने व्यक्ति -
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३१) / व. नं. ५

भौतिक विवरण:—

समय समयमा आवश्यक मर्मत सम्भार कार्य नभएको हुनाले झिंगटी छानाबाट पानी चुहि भित्र गारो पनि बिग्रेको र काठपात समेत कुहिएको अवस्था रहेकोले यथाशीघ्र यस पाटीको जीर्णोद्धार गर्नु पर्ने देखिन्छ । यस पाटीको पूर्वमा पाटी, पश्चिममा स्थानीय जनताको बारी, उत्तरमा बगैंचा र दक्षिणमा कच्ची बाटो पर्दछ । यस पाटी चार कवल दक्षिण मोहडाको छ ।






लम्बाइ — २५'.११"
चौडाइ — ७'.३"
टोल — हाडिगाउँ
अभिलेखपत्र —


निर्माण मिति* — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (३२) / व. नं. ५

भौतिक विवरण:—

तीनवटा ढुंगेधाराहरू मध्ये एक दक्षिणतर्फ फर्केको र बाँकी दुई पूर्व दिशामा फर्केको छ । मुहान राम्रो हुनाको कारणले धाराहरूबाट नियमित रूपमा पानी आइरहनाले स्थानीय व्यक्तिहरूको पानीको समस्या धेरै हदसम्म समाधान भएको छ । मुहान राम्रो तर निकास बिग्रिसकेकोले साधारण मर्मत कार्य मात्र गर्न सकेको खण्डमा ढुंगेधाराको शोभा बढ्ने देखिन्छ । यी ढुंगेधाराहरूको पूर्वमा घर तथा बाटो, पश्चिममा बारी, उत्तरमा पनि बारी र दक्षिणमा धोबी खोला जाने बाटो गएको छ ।






लम्बाइ — ३४'.९"
चौडाइ — ३१'.६"
टोल — हाडिगाउँ
अभिलेखपत्र —


निर्माण मिति — १० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (३३) / व. नं. ५

भौतिक विवरण:—

यस सत्तलको निर्माणमा प्रयोग गरिएका सामग्रीहरू जस्तै ईंटा, काठ, ढुङ्गा आदि हालसम्म ठीकै अवस्था भए तापनि छानामा प्रयोग गरेको झिंगटीहरू मध्ये धेरै फुटिसकेकोले छानाबाट पानी चुहिने गर्दछ । यस सत्तल तीनकवल पूर्व मोहडाको छ । धार्मिक कार्यमा प्रयोग हुने यस सत्तलको पूर्वमा नारायणस्थान, पश्चिममा बारी, उत्तरमा धोबीखोला र दक्षिणमा खाली ठाउँ तथा बारी पर्दछ ।





लम्बाइ — २७'.३"
चौडाइ — १६'
टोल — हाडिगाउँ, नारायणस्थान
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — ऊंकुमारी तथा दोपकुमारी
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (३४) / व. नं. ५

भौतिक विवरण:—

यस पाटीको मुख्य मोहडा पूर्वतर्फ तीन कवल र उत्तर—दक्षिण दुवैतर्फ क्रमशः एक एक कवल हाली साधारण शैलीमा निर्माण गरेको देखिन्छ । यस पाटीको काठको थाम एवं निदालहरूमा कलश र अन्य बुट्टाहरू कुँदिएको छ । यस पाटीमा अक्षय तृतीयाको दिन होम, पूजापाठ आदि गरी प्रसाद ग्रहण गर्ने परम्परा रहेको छ । पाटीको पूर्वमा डटुटोल जाने बाटो, पश्चिममा स्थानीय जनताको घर, उत्तरमा विशालनगर जाने बाटो र दक्षिणमा खाली ठाउँ तथा बगैंचा पर्दछ ।






लम्बाइ — १४'.६"
चौडाइ — ७'.६"
टोल — हाडिगाउँ
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १०१७
बनाउने व्यक्ति — धन्त सिं
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पोखरी (३५) / व. नं. ५

भौतिक विवरणः—

स्थानीय इलाकाको शोभा बढाउने यस पोखरी हाल संरक्षण एवं नियन्त्रणको अभावमा फोहर कसिंगर आदिले पुरिंदै गएको छ। पोखरीको चारैतिर झारपात आदि उम्रिएकोले वातावरण झन् फोहर प्रतीत हुन्छ। यस पोखरीको पूर्वमा बाटो, र भीमसेन तथा गणेशको मन्दिर, पश्चिममा गोरेटो बाटो, उत्तरमा बारी तथा घर र दक्षिणमा कच्ची सडक पर्दछ।






लम्बाइ — १२५'
चौडाइ — ५०'
टोल — हाडिगाउँ
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

चउर (३६) / व. नं. ५

भौतिक विवरणः—

यस चउरको बीच भागमा एक मन्दिर र अन्य चारैतिर हरियो चउरले मन्दिरलाई घेरिएको छ। देवताको जात्राको समयमा यस चउरको विशेष महत्व रहेको देखिन्छ। यस चउर सबै ठाउँमा समान नभएको र कहीं कहीं स-साना खाल्डा पनि रहेको देखिन्छ। यस चउरको पूर्वमा बारी, पश्चिममा सडक तथा पोखरी, उत्तरमा पिपलको बोट तथा गल्ली र दक्षिणमा बाटो पर्दछ।





लम्बाइ — ७५'
चौडाइ — ४०'
टोल — हाडिगाउँ
अभिलेखपत्र —


!
निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था – ठीकै

चउर (३७) / व. नं. ५

भौतिक विवरण:—

धेरै वर्ष अघिदेखि गाई वस्तु चराउन, केटाकेटीहरूको लागि खेल्न यस चउरले सघाउ पुऱ्याउँदै आएको देखिन्छ। यस चउरको बीचमा धन गणेशको मन्दिर पनि छ। यस चउरको ठाउँ ठाउँमा फोहर मैला थुपारेकोले र कही कहीं खाल्डाहरू भएकोले चउरको वातावरण त्यति मनमोहक देखिदैन। यस उचरको पूर्वमा स्थानीय जनताको खेत, पश्चिममा बारी, उत्तरमा गोरेटो बाटो तथा घर र दक्षिणमा गोरेटो बाटो तथा बारी पर्दछ।






लम्बाइ — २००'
चौडाइ — १००'
टोल — हाडिगाउँ
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (३८) / व. नं. ५

भौतिक विवरण:—

नक्साल भगवतीको पछाडिपट्टि रहेको यस पाटी सात कवल दक्षिण मोहडाको छ। पाटीको छाना टायलले छाइएकोमा हाल केही टायल फुटिसकेकोले छानाबाट चुहिएको पानीले गर्दा पाटीमा प्रयोग गरेका दलिन तथा अन्य काठ कुहिएर भाँचिएको अवस्थामा छ। यस पाटीको पूर्वमा महादेवको मन्दिर, पश्चिममा टंगाल जाने पिच सडक, उत्तरमा पाटीले चर्चेको जग्गा र दक्षिणमा नक्साल भगवतीको मन्दिर पर्दछ।






लम्बाइ - ४१'.४"
चौडाइ - ११'.११"
टोल - नक्साल, भगवतीस्थान
अभिलेखपत्र -


निर्माण मिति - २० सौं शताब्दी
बनाउने व्यक्ति -
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (३९) / व. नं. ५

भौतिक विवरण:—

मकर मुखाकृत यस ढुंगेधाराबाट मुहान सुक्नाको कारणले हाल पानी आउने प्रक्रिया बन्द भैसकेको छ । भौतिक स्वरूप शोभायमान भए पनि पानी नआउने हुनाले स्थानीय वासिन्दाहरूले यस धाराको केही प्रयोजन गरेको देखिदैन । दक्षिणतर्क फर्केको यस धाराको पूर्वमा खाली ठाउँ तथा घर, पश्चिममा नक्साल भगवतीको मन्दिरको प्रांगण, उत्तरमा खाली ठाउँ र दक्षिणमा पिच सडक पर्दछ।





लम्बाइ — २८'.४"
चौडाइ — २८'.४"
टोल — नक्साल, भगवतीस्थान
अभिलेखपत्र —


निर्माण मिति — १७ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (४०) / व. नं. ५

भौतिक विवरण:—

मकर मुखाकृत यस ढुंगेधाराको हाल निकास बिग्रिसकेकोले धारामुनि पानी जम्ने गर्दछ । बटुवाहरूको लागि पानी पिउन यस ढुंगेधाराले सेवा पुऱ्याउदै आएको देखिन्छ । पूर्व मोहडाको यस ढुंगेधाराको पूर्वमा सिफल जाने पक्की सडक, पश्चिममा खाली ठाउँ, उत्तरमा खाली ठाउँ तथा स्थानीय व्यक्तिको घर र दक्षिणमा खाली ठाउँ तथा घर पर्दछ ।






लम्बाइ — ४'
चौडाइ — ३'
टोल — सिफल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

चउर (४१) / व. नं. ५

भौतिक विवरण:—

स्थानीय वासिन्दाहरूको गाई चराउन यस चउरको परम्परादेखि महत्व रहिआएको देखिन्छ। पानी नजम्ने हुनाले यस चउरको महत्व झन् बढेको छ। यस चउरको पूर्वमा खेत तथा बाटो, पश्चिममा बाटो तथा बारी, उत्तरमा घर तथा बारी र दक्षिणमा बाटो तथा घर पर्दछ।






लम्बाइ — २००'
चौडाइ — २००'
टोल — धुम्बाराही
अभिलेखपत्र —

निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — राम्रो


वड़ा नं. ६



उ.
0 40 100 200 300 मी.
महांकाल
बौद्धनाथ
४
५
३
२
१
६
७
८
तारागांउ
चावहिल्ल
वागमती
संकेत
पाटी
सत्तल
कुंडे धारा
पोखरी
चउर

पोखरी (१) / व. नं. ६

भौतिक विवरण:—

भौतिक अवस्थाको दृष्टिकोणले राम्रो देखिने यस पोखरीको ठीक माथिबाट टूल-टूला दुइटा पाइपहरू गैराखेको छ। स्थानीय इलाकाको शोभा बढाउने यस पोखरीको पूर्वमा घर तथा बारी, पश्चिममा खेत, उत्तरमा बारी तथा धारा र दक्षिणमा खेत पर्दछ।






लम्बाइ — २००'
चौडाइ — ५०'
टोल — बौद्ध
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (२) / व. नं. ६

भौतिक विवरण:—

यस क्षेत्रमा भएको दुइवटा ढुंगेधाराहरू मध्ये एउटामा मात्र हाल पानी आउँछ। यी ढुंगेधाराको भुइँ एवं चारैतिर सिमेन्टले प्लास्टर गरेको हुनाले धाराको शोभा बढेको छ। यी दुइ धाराहरू मध्ये एकमा कलधारा जोडिएको हुनाले केवल जीउ नुहाउन, लुगा धुनमा मात्र यसको समान उपयोग भएको देखिन्छ। पश्चिम मोहडाको यस द्वय ढुंगेधाराहरूको पूर्व बाटो, पश्चिममा बारी, उत्तरमा बाटो र दक्षिणमा पोखरी पर्दछ।





लम्बाइ — २०'.२"
चौडाइ — १९'.४"
टोल — बौद्ध
अभिलेखपत्र —


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था – ठीकै

ढुंगेधारा (३) / व. नं. ६

भौतिक विवरण:—

स्थानीय मानिस एवं परदेशीलाई पानी पिउन, लुगा धुन वा जीउ नुहाउन सुविधा प्रदान गर्दै आएको यस ढुंगेधाराको हाल निकास बिग्रिसकेको हुनाले मर्मत गर्नुपर्ने देखिन्छ । धाराबाट पानी निरन्तर आइरहने तर निकास बिग्रिएकोले धाराबाट आएको पानी धारामा नै जमी पोखरी जस्तो बनिसकेको छ । ढुंगेधाराको ठीक माथि भित्तामा भगवान बुद्धको र मुन्तिर गरुडको मूर्ति प्रतिष्ठापना गरेको छ । भुइँ सिमेन्टले प्लास्टर गरेको हुनाले समतल देखिन्छ । पूर्वतर्फ फर्केको यस ढुंगेधाराको पूर्वमा बाटो, पश्चिममा खाली ठाउँ, उत्तरमा पनि खाली ठाउँ र दक्षिणमा बाटो पर्दछ ।






लम्बाइ — २१'
चौडाइ — १६.'१०"
टोल — बौद्ध
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. १९७०
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (४) / व. नं. ६

भौतिक विवरण:—

हाल नगण्य रूपमा यस ढुंगेधाराबाट पानी आउने हुँदा स्थानीय जनता आफ्नो घरायसी कामको लागि पहिलेको भन्दा कम मात्र यस धारामा भर परेको देखिन्छ । यस ढुंगेधाराको दायाँ विष्णु भगवानको मूर्ति र बायाँ त्यसैको वाहन गरुडको मूर्ति स्थापना गरेको छ । ढुंगेधारालाई घेरिएको पर्खाल हाल भत्किएको र निकास पनि बन्द भएको हुँदा जीर्णोद्धार कार्य थालनी गर्नुपर्ने स्थिति देखिएको छ । दक्षिण मोहडाको यस ढुंगेधाराको उत्तरमा डिस्को र बाँकी तीनैतिर खेत रहेको छ ।






लम्बाइ - ११'
चौडाइ - १०'
टोल - बौद्ध महाङ्काल, तीनचुले
अभिलेखपत्र -


निर्माण मिति - १९ सौं शताब्दी
बनाउने व्यक्ति -
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (५) / व. नं. ६

भौतिक विवरण:—

स्थानीय जनताको लागि लुगा धुन, नुहाउन आदि कार्य गर्नको लागि यो धारा उपयोगी सिद्ध भएको छ। धाराको भुइँ ईंटाले राम्ररी छापेको छ। धाराको माथि एवं दायाँ, बायाँ विष्णु भगवान् र विष्णु भगवान्को वाहन गरुडको शिलामा कुँदिएको मूर्तिहरू स्थापना गरेको छ। हालसम्म निकास एवं सुहान दुवै राम्रो अवस्थामा रहेकोले एकातिर अटुट रूपले धारामा पानी आउनु र अर्कोतर्फ निकासको सुप्रबन्ध भएकोले पानी अलिकति नजम्नाले वातावरण राम्रो देखिन्छ। पश्चिम मोहडाको यस ढुंगेधाराको पश्चिममा बाटो र अन्य तीनै दिशामा खेतले घेरिएको छ।





लम्बाइ — २०'
चौडाइ — १८'
टोल — बौद्ध महाङ्काल, तीनचुले
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (६) / व. नं. ६

भौतिक विवरण:—

समयमा आवश्यक मर्मत तथा सम्भार कार्य गरी संरक्षण नगरिएको हुनाले हाल ढुंगेधाराको पश्चिमपट्टिको पर्खाल बाहेक अन्य भागको पर्खाल सबै भत्किसकेको छ। धाराको तल जमेको पानीले ढुंगेधारालाई नै पुरिदिने स्थिति देखिएको छ। यस धाराको पूर्वमा बाटो, पश्चिममा खेत, उत्तरमा बाटो र दक्षिणमा पनि बाटो नै पर्दछ। धाराको ठीक मास्तिर देवताको एक सानो मूर्ति रहेनि छ। यस ढुंगेधाराको आवश्यक जीर्णोद्धार गरी पुनः प्रयोगमा ल्याउन पर्ने देखिन्छ।





लम्बाइ — ११'
चौडाइ — ९'
टोल — बौद्ध
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति — दाढी बुढा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (७) / व. नं. ६

भौतिक विवरण:—

झिगटी छाना हाली निर्माण गरिएको यस सत्तलको झिगटी कहीं कहीं टूटफूट भएकोले त्यसको प्रतिकूल असर गारोमा समेत पर्न गएको देखिन्छ। झिगटी छाना यथाशीघ्र मर्मत गरिएमा गारोको अवस्था बढी बिग्रन नपाउने देखिन्छ। गरीब मानिसको लागि वास बस्न र भक्तजनहरूको लागि भजन कीर्तन गाउन यस सत्तलको महत्व रहेको छ। दक्षिण मोहडाको यस तीन कवले सत्तलको पूर्वमा बाटो, पश्चिममा पिपलको बोट तथा खाली ठाउँ, उत्तरमा बारी र दक्षिणमा चउर रहेको छ।





लम्बाइ — १८'
चौडाइ — १०'
टोल — बौद्ध, महाङ्काल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — शाके सम्वत् १७६६
बनाउने व्यक्ति — विद्याधर शर्मा
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (८) / व. नं. ६

भौतिक विवरण:—

यस सत्तलमा प्रयोग गरेका सामग्रीहरू जस्तो ईंट, काठ आदि हालसम्म राम्रै अवस्थामा रहे तापनि झिगटी छाना विशेष गरी उत्तरपट्टिको भाग निकै भत्किएको हुनाले मर्मत गर्नु पर्ने देखिन्छ। सत्तलको भुइँ तलामा पाँच कवल छ र माथिल्लो तलामा बुट्टा सहितको तीनवटा झ्यालहरू राखिएको छ। साधारण बुट्टाहरू कुँदिएको काठका थामहरू सत्तलमा प्रयोग गरेको देखिन्छ। पश्चिम मोहडाको यस सत्तलको हाल सम्पूर्ण रूपले आवासीय प्रयोग भएको छ। यस सत्तलको पूर्वमा चउर, पश्चिममा बारी, उत्तरमा घर र दक्षिणमा पनि घर पर्दछ।





लम्बाइ — २६'
चौडाइ — १८'
टोल — बौद्ध, टुसाल
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — ने. सं. १०५२ फाल्गुण
बनाउने व्यक्ति — ईन्द्रमान लामा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

संकेत

- △ पाटी
- ⬠ सत्तल
- □ डुङ्रे धारा
- ⬭ पोखरी
- ⬭ चउर

महांकाल

बौध

तारागाउँ

चाबहील

देउपाटन

गौशाला

ज्ञानेश्वर

चोबी खोला


0 40 100 200 300 मी.


वडा नं. ७

सत्तल (१) / व. नं. ७

ौतिक विवरण:—

स्थानीय मानिसहरूको भनाई अनुसार शुरूमा तीनैतिर सत्तल भएकोमा संरक्षणको अभावमा ल पश्चिमतर्फको केही भाग मात्र सत्तलको रूपमा रहेको छ । सत्तलको बीचमा दिवालीको देवताको र्ति पनि स्थापना गरिएको छ । यस सत्तलको पूर्वमा चोक, पश्चिममा बगैंचा, उत्तरमा घर र क्षिणमा गल्ली पर्दछ । हाल पाटीको अवस्थामा रहेको यो सत्तल एक सुकुम्बासी परिवारले ोबास गरेको छ ।






लम्बाइ — १२'
चौडाइ — ८'
टोल — कुटुबहील (चावहिल)
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (२) / व. नं. ७

तिक विवरण:—

पश्चिमाभिमुख यस ढुङ्गे धाराको मुहान सुकिसकेको हुनाले हाल धाराबाट पानी आउँदैन । ाको वरिपरि घाँस, झारपात आदि उम्रिएकोले वातावरण फोहर देखिन्छ । यस ढुङ्गे धाराको मा, बगैंचा, पश्चिममा घर, उत्तरमा सडक र दक्षिणमा बारी पर्दछ ।






लम्बाइ — ४५'
चौडाइ — ३५'
टोल — चाबहिल
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति — सिद्धिमान कर्णेल, जैसी देवल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (३) / व. नं. ७

भौतिक विवरण:—

धार्मिक एवं आवासीय कार्यमा प्रयोग हुँदै आइरहेको यो सत्तल दुई तले पूर्व मोहडाको छ। सत्तलको पूर्वतर्फ सात कवल र उत्तरतर्फ एक कवल रहेको छ। झिंगटी छाना भएको यस सत्तलको छाना हरेक साल जस्तो मर्मत गर्दै आए तापनि छानाबाट अझै पानी चुहिने गर्दछ। कलात्मक दृष्टिकोणले यस सत्तल शोभायमान देखिन्छ। यो सत्तलको पूर्वमा सडक, पश्चिममा घर, उत्तरमा गणेशको मन्दिरको प्राङ्गण र दक्षिणमा सडक पर्दछ।





लम्बाइ — ४२'.२"
चौडाइ — १६'
टोल — चाबहिल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९११ आषाढ
बनाउने व्यक्ति — वैद्य अच्यूतानन्द भारो
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (४) / व. नं. ७

भौतिक विवरण:—

टायल छाना हाली निर्माण गरिएको यस सत्तलको छाना विशेष गरेर दक्षिणतर्फको भाग पूर्णरूपले भत्किएर केवल गारो मात्र बांकी रहेको छ। सत्तलको भयाल, ढोका, थाम आदिमा कुँदिएका बुट्टाहरू विशेष आकर्षक छ। सत्तलको मुख्य मोहडा पूर्वमा सात कवल रहेको छ। दुई तले यस सत्तलको पूर्वमा मन्दिरको चोक, पश्चिममा बारी, उत्तरमा पाटी र दक्षिणमा बारी पर्दछ। सत्तलको माथिल्लो तलामा "मित्र शिक्षालय" र वडा नं ७ को कार्यालय बस्नेको छ।






लम्बाइ — ५८'.८"
चौडाइ — १७'
टोल — चाबहिल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ८४३ आश्विन
बनाउने व्यक्ति — बिष्णुलाल गोर्खाली
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (५) / व. नं. ७

भौतिक विवरण:—

विभिन्न धार्मिक चाडपर्वहरूमा भजन कीर्तन गर्न प्रयोग गर्दै आएको यस पाटीको पाँच कवल पूर्व मोहडाको छ। साधारण ढांचामा निर्मित यस पाटीको पूर्वमा मन्दिर, पश्चिममा बारी, उत्तरमा घर र दक्षिणमा सत्तल पर्दछ।






लम्बाइ — २७'.८"
चौडाइ — ८'.५"
टोल — चाबहिल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९७३
बनाउने व्यक्ति — वैद्य नित्यानन्द
जीर्णोद्धार मिति— वि. सं. २०२९
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (६) / व. नं. ७

भौतिक विवरण:—

यस ढुंगेधाराको जीर्णोद्धारपछि भौतिक स्वरूपमा केही परिवर्तन गरी आधुनिक शैलीमा जीर्णोद्धार गरेको देखिन्छ। धाराको चारैतिर सिमेन्ट प्लास्टर गरेकोले धाराको सौन्दर्य बढेको छ। यस ढुंगेधाराको मुहान राम्रो भए तापनि निकास हाल बन्द हुने अवस्थामा रहेको छ। पश्चिमाभिमुख यस ढुंगेधाराको पूर्वमा बारी, पश्चिममा गल्ली, उत्तर र दक्षिण दुवैतर्फ बारी पर्दछ। स्थानीय जनतालाई लुगा धुन र नुहाउन यस ढुंगेधाराले सघाउ पुऱ्याउँदै आएको छ।





लम्बाइ — २५'
चौडाइ — २३'
टोल — चाबहिल
अभिलेखपत्र —

निर्माण मिति — १५ रौं शताब्दी
बनाउने व्यक्ति — सार्वजनिक सहयोग
जीर्णोद्धार मिति— वि. सं. २०१५
वर्तमान भौतिक अवस्था — ठीकै


ढुंगेधारा (७) / व. नं. ७

भौतिक विवरण:—

पश्चिम मोहडाको यस ढुंगेधारावाट हाल पानी नगण्य रूपमा मात्र आउने हुनाले स्थानीय जनताल्लाई यसको कुनै उपादेयता भएको देखिदैन। धाराको वरिपरि झारपात उम्रिएको र निकास बन्द भएर फोहर पानीले धारा पुरिने स्थिति देखिएको छ। पश्चिमाभिमुख यस ढुंगेधाराको पूर्वमा बारी, पश्चिममा गल्ली र उत्तर तथा दक्षिणमा बारी पर्दछ।



लम्बाइ — २५'.३"
चौडाइ — १५'
टोल — चाबहिल
अभिलेखपत्र —




निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. १९४०
वर्तमान भौतिक अवस्था — नराम्रो


ढुंगेधारा (८) / व. नं. ७

भौतिक विवरण:—

आधुनिक शैलीमा चाबैतिर सिमेन्ट प्लास्टर गरी निर्माण गरिएको यस ढुंगेधारा कलाको दृष्टिकोणले आकर्षक नभए तापनि स्थानीय जनताको घरायसी कामकाजमा सघाउ पुऱ्याउने दृष्टिकोणले महत्वपूर्ण छ। दक्षिण मोहडाको यस ढुंगेधाराको पूर्वमा खाली ठाउँ, पश्चिममा चक्रपथ, उत्तरमा गोरेटो बाटो र दक्षिणमा चक्रपथ पर्दछ।



लम्बाइ — १२'
चौडाइ — १०'
टोल — चाबहिल, चक्रपथ
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति — बिष्णुमणी आचार्य
जीर्णोद्धार मिति— वि. सं. २०१५
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (९) / व. नं. ७

भौतिक विवरण:—

जीर्णोद्धार पछि ढुंगेधाराको भुइँ, पर्खाल आदिमा सिमेन्ट प्लास्टर गरी यस ढुंगेधारालाई आधुनिक स्वरूप दिइएको छ। यस ढुँगेधाराको पूर्वमा खाली ठाउँ, पश्चिममा चक्रपथ तथा खाली ठाउँ, उत्तरमा पनि खाली ठाउँ र दक्षिणमा खाली ठाउँ तथा चक्रपथ पर्दछ। लुगा धुन, नुहाउन आदिकोलागि यस ढुँगेधाराको महत्व छ।






लम्बाइ — १२'
चौडाइ — ८'
टोल — चाबहिल, चक्रपथ
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (१०) / व. नं. ७

भौतिक विवरण:—

मकर मुखाकृत यस ढुँगेधारा संरक्षणको अभावमा हाल फोहर पानीले पुरिने अवस्थामा रहेको छ। एकातिर धाराको निकास बिग्रिसकेकोले धाराबाट आएको पानी धारामुनी पोखरी जस्तो जम्ने गर्दछ भने अर्कोतिर फोहर कसिंगर समेत फ्याक्ने गरेकोले धाराको शोभामा प्रतिकूल असर पर्न गएको छ। दक्षिण मोहडाको यस ढुंगेधाराको पूर्व, पश्चिम तथा उत्तरमा घर र दक्षिणमा सडक पर्दछ।






लम्बाइ — ३५'
चौडाइ — २५'
टोल — चाबहिल, गणेशस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १७ औं शताब्दी
बनाउने व्यक्ति — सिद्धिमान कर्णेल,
जैसी देवल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (११) / व. नं. ७

भौतिक विवरण:—

बटुवाहरूलाई विश्राम गर्ने स्थानको सुविधा होस् भन्ने उद्देश्यले बनाइएको यस पाटीको केही वर्ष अघि जीर्णोद्धार गरिएको हुनाले भौतिक अवस्था रास्रो छ । यस पाटीको छाना टायलले छाइएको छ । उत्तर मोहडाको यस दुई कवले पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा इनार, उत्तरमा खानो बाटो तथा घरहरू र दक्षिणमा बारी पर्दछ ।





लम्बाइ — १४'
चौडाइ — ८'
टोल — चाबहिल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९७९।११।७ गते
बनाउने व्यक्ति — कुलरत्न, कुलहर्ष तथा सहयोगीहरू चाबहिल
जीर्णोद्धार मिति— वि. सं. २०३१
वर्तमान भौतिक अवस्था - रास्रो

पोखरी (१२) / व. नं. ७

भौतिक विवरण:—

परापूर्व कालमा बनाइएको यस पोखरीको आपनै मुहान नभएकोले वा मुहान सुकिसकेकोले पूर्णरूपले वर्षादको पानीमा निर्भर रहेको देखिन्छ । स्थानीय मानिसको भनाई अनुसार शुरूमा यहाँ मेलापनि लाग्ने कुरा बुझिएको छ । हाल पोखरीको पानी सुक्ने अवस्थामा रहेकोले पोखरीको कुनै शोभा छैन । यस पोखरीको पूर्वमा मन्दिर, पश्चिममा घर, उत्तरमा गल्ली र दक्षिणमा घर तथा मन्दिर पर्दछ ।






लम्बाइ — ८०'
चौडाइ — ५०'
टोल — चाबहिल
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति — चारूमती
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था —

पाटी (१३) / व. नं. ७

भौतिक विवरण:–

हाल संरक्षणको अभावमा भत्किसकेको यो पाटी झिंगटी छाना हाली प्राचीन शैलीमा निर्माण गरिएको देखिन्छ। यस पाटीको छाना संपूर्ण रूपमा भत्किसकेको र गारोको पनि धेरै अंश बिग्रिसकेको अवस्थामा रहेको छ । पूर्व मोहडाको यस तीन कवले पाटीको पूर्वमा बुद्धको चैत्य, पश्चिममा घर, उत्तरमा पोखरी र दक्षिणमा घर, पर्दछ ।






लम्बाइ — २०'
चौडाइ — ७'
टोल — चाबहिल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१४) / व. नं. ७

भौतिक विवरण:—

आवासीय प्रयोग भैराखेको यो सत्तल झिंगटी छाना राखी निर्माण गरिएको छ । सत्तलको ऊयाल, ढोका आदिमा कुँदिएका काष्ठकलाले सत्तलको सौन्दर्य बढाएको देखिन्छ। झिंगटी हाल ठाउँ ठाउँमा फुटिसकेको हुनाले यथाशीघ्र नफेरिएमा छानाबाट पानी चुहिएर गारो समेत बिग्रने सम्भावना देखिएको छ । तीन कवल भएको यस सत्तल पूर्व मोहडाको छ । यस सत्तलको पूर्वमा बुद्ध भगवानको चैत्य, पश्चिममा घर तथा बारी, उत्तरमा सत्तल र दक्षिणमा घर पर्दछ ।






लम्बाइ — २६'.४"
चौडाइ — १०'
टोल — चाबहिल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९१४
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१५) / व. नं. ७

भौतिक विवरण:—

स्थानीय मानिसहरूको भनाई अनुसार चारूमतीको समयमा निर्माण गरिएको यस पाटीको शुरूमा झिंगटी छाना भए तापनि हाल जीर्णोद्धारपछि जस्ताको छाना हालिएको देखिन्छ । दक्षिण दिशा उन्मुख यस सत्तलको दक्षिणतर्फ तीन कवल रहेको छ । विभिन्न धार्मिक कार्यहरूमा भजन कीर्तन गर्न प्रयोग गर्ने यस पाटीको पूर्वमा घर, पश्चिममा बाटो उत्तरमा बारी र दक्षिणमा चोक पर्दछ ।






लम्बाइ — १६'.६"
चौडाइ — ७'.६"
टोल — चाबहिल विहार
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३२
वर्तमान भौतिक अवस्था – राम्रो

पाटी (१६) / व. नं. ७

भौतिक विवरण:—

समय समयमा धार्मिक कार्यकोलागि प्रयोग गरिने यस पाटीको छाना जीर्णोद्धारपछि जस्ताले छाइएको देखिन्छ । उत्तर मोहडाको यस पाटीको पूर्वमा चक्रपथ, पश्चिममा घर, उत्तरमा बुद्धको चैत्य र दक्षिणमा घर पर्दछ ।






लम्बाइ — १०'
चौडाइ — ६'
टोल — चाबहिल, बुद्धको मन्दिर
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान गौतिक अवस्था — ठीकै

चउर (१७) / व. नं. ७

भौतिक विवरण:—

स्थानीय बाल बच्चाहरूको खेलकूदकोलागि तथा वातावरणको स्वच्छताकोलागि उपयोगी ठहरिएको यस चउरको पूर्वमा गौशालाबाट चाबहिल जाने पिच सडक, पश्चिममा स्थानीय मानिसको घर तथा बारी, उत्तरमा कच्ची बाटो र दक्षिणमा मित्र पार्कको कम्पाउण्ड तथा स्कूल पर्दछ ।






लम्बाइ — १२५'
चौडाइ — ३०'
टोल — चाबहिल, मित्रपार्क
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१८) / व. नं. ७

भौतिक विवरण:—

यो पाटीको जीर्णोद्धारपछि भौतिक स्वरूपमा केही परिवर्तन भएको तथ्य सत्तलको वर्तमान अवस्थाले देखाएको छ । भौतिक स्वरूपमा पूर्ण गोलाकार यो पाटीमा जम्मा सात कवल रहेको छ । छाना बढी टिकाउनकोलागि जस्ताले छाइएको छ । यस पाटीको चार किल्लाको हकमा पूर्वमा सडक, पश्चिममा गणेशस्थान तथा चोक, उत्तरमा घर र दक्षिणमा सडक पर्दछ । मन्दिरमा पूजा आजा गर्न आउने धर्मावलम्बीहरू यस पाटीबाट लाभान्वित भएका छन् ।






लम्बाइ — ४०'
चौडाइ — ८'
टोल — चाबहिल, गणेशस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि.सं. २०१५ आश्विन
बनाउने व्यक्ति — श्री ५ महेन्द्र वीर विक्रम शाहदेव
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

चउर (१९) / व. नं. ७

भौतिक विवरण:—

स्थानीय व्यक्तिहरूको भनाई अनुसार परापूर्व कालदेखि रहिआएको यस चउरले स्थानीय केटाकेटी एवं युवकहरूलाई खेलकूद खेल्ने स्थानको सुविधा प्रदान गर्दै आएको छ । चउरको मध्य भागमा आधुनिक ढांचामा निर्माण गरिएको एउटा सानो पोखरी पनि छ । यस चउरको पूर्वमा सडक, पश्चिममा दाउरा डिपो, उत्तरमा बारी तथा घर र दक्षिणमा सडक पर्दछ ।





लम्बाइ — १००'
चौडाइ — ८०'
टोल — मित्रपार्क
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – राम्रो

सत्तल (२०) / व. नं. ७

भौतिक विवरण:—

स्थानीय "जनकल्याण प्राथमिक विद्यालय" ले त्यस क्षेत्रका केटाकेटीहरूलाई पढाउन प्रयोग गर्दै आएको यो सत्तल वि० सं० २०३३ मा जीर्णोद्धार गरेकोले वर्तमान भौतिक अवस्था राम्रो छ । सत्तलको चारैतिर सिमेन्ट प्लास्टर गरेको र छानापनि सिमेन्ट प्लास्टर गरेर नै बनाइएको छ । पूर्व मोहडाको यस सत्तलमा दक्षिणतर्फ पाँचवटा डण्डीका ऊयालहरू राखिएका छन् । यस सत्तलको पूर्वमा सत्तल तथा बाटो, पश्चिममा इनार तथा चउर, उत्तरमा बारी र दक्षिणमा पिपलको रूख तथा महाङ्कालको मन्दिर पर्दछ ।





लम्बाइ — ८०'.६"
चौडाइ — १६'
टोल — महाङ्काल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९८१ चैत्र
बनाउने व्यक्ति — बिष्णुदत्त शर्मा, महाँकाल
जीर्णोद्धार मिति— वि. सं. २०१४
गोविन्दप्रसाद, रुद्रप्रसाद
वर्तमान भौतिक अवस्था – राम्रो

चउर (२१) / व. नं. ७

भौतिक विवरण:–

भौतिक स्वरूपमा चारकुने आकार भएको यो चउर स्थानीय जनताका लागि गाईवस्तु चराउन, केटाकेटी खेलाउन, लुगा सुकाउन आदिकोलागि विशेष महत्वको छ । यस चउरको पूर्वमा सडक, बाँकी तीनैतर्फ स्थानीय मानिसहरूको निजी घरहरू पर्दछन् ।






लम्बाइ — ८०'
चौडाइ — ८०'
टोल — महाङ्काल
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

चउर (२२) / व. नं. ७

भौतिक विवरण:—

चारैतिर समथर यस हरियो चउरले स्थानीय इलाकाको शोभा बढाउनमा निकै सघाउ पुऱ्याएको छ । यस चउरमा विभिन्न देवी देवताका करीब तेह्रवटा स–साना मूर्तिहरू छरिएर रहेका छन् । स्थानीय मानिसहरूको भनाई अनुसार प्रत्येक वर्ष चैत्र महीनामा यस चउरमा देवताको जात्रा हुनुको अलावा श्रीपंचमीको दिन भोज भतेर र वैशाखमा दिवाली पनि यस चउरमा हुने गरेको देखिन्छ । यी धार्मिक कार्यको अतिरिक्त स्थानीय मानिसको लागि क्रीडास्थलको रूपमा पनि यस चउरले योगदान गर्दैआएको देखिन्छ । यस चउरको पूर्वमाभण्डार खाल, पश्चिममा ारी, उत्तरमा सडक तथा घर र दक्षिणमा बालमन्दिर पर्दछ+






लम्बाइ — ३६०'
चौडाइ — २१०'
टोल — सिफल, तापाख्य
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ४९
बनाउने व्यक्ति — इन्द्र मल्ल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

चउर (२३) / व. नं. ७

भौतिक विवरण:—

यो सार्वजनिक चउर चारैतिर समथर हुनुको अलावा चउरमा करीब आठवटा रूखहरु समेत भएकोले चउरको वातावरण मनमोहक देखिन्छ। चउरभित्र महाङ्कालको मूर्ति प्रतिष्ठापना गरिएको हुनाले स्थानीय मानिसहरु समय समयमा महाङ्कालको पूजा आजा गरी सो चउरमा बसी भोज खाने गर्दछन्। चउरको चार किल्लाको हकमा पूर्वमा मूल सडक, पश्चिममा घर तथा बारी, उत्तरमा कप्न जाने गोरेटो बाटो तथा खेत र दक्षिणमा घरहरु पर्दछन्।






लम्बाइ — ४००'
चौडाइ — १५०'
टोल — महाङ्काल
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२४) / व. नं. ७

भौतिक विवरण:—

जस्ताको छाना हाली बनाइएको यो सत्तल पाँच कवल र पूर्व मोहडाको छ। सत्तलमा प्रयोग गरिएका ऊयाल, टुंडाल, थाम आदिमा विभिन्न किसिमका काष्ठकला कुँदिएको छ। हाल आवासीय प्रयोग भैराखेको यस सत्तलको पूर्वमा बाटो, पश्चिममा पाटी, उत्तरमा बारी र दक्षिणमा महादेवको मन्दिर तथा पाटी पर्दछ। यस सत्तलको ऊयाल, गारोमा कहीं कहीं साधारण मर्मत गर्नु पर्ने देखिन्छ।





लम्बाइ — २५'.३"
चौडाइ — १३'.२"
टोल — महाँकाल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९८१ चैत्र
बनाउने व्यक्ति — लक्ष्मीदेवी, बौद्ध महाङ्काल
जीर्णोद्धार मिति— वि. सं. २०१४
वर्तमान भौतिक अवस्था — ठीकै

पोखरी (२५) / व. नं. ७

भौतिक विवरण:—


परापूर्वकालदेखि रहिआएको यो पोखरी संरक्षण तथा सर-सफाईको अभावमा हाल कुनैपनि कार्यमा प्रयोग भएको देखिदैन। पोखरीको निकास बन्द भैसकेको हुनाले फोहर पानी पोखरीमा जमेको छ। पोखरीको चार किल्लाको हकमा पूर्वमा घर, पश्चिममा बाटो, उत्तरमा बारी र दक्षिणमा बाटो तथा बारी पर्दछ।





लम्बाइ — २५०'
चौडाइ — ४०'
टोल — कुटुबहील
अभिलेखपत्र —

निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो



संकेत
पाटी
सत्तल
डुङ्गे धारा
पोखरी
चउर
आर्यघाट
गुप्तेश्वरी
चाबहिल
देवपतन
पशुपती-नाथ
आर्यघाट
बनकाली
गौशाला
आर्यघाट
0 २० १०० २०० ३०० मी
3.


नक्शा नं. ८

पाटी (१) / व. नं. ८

तिक विवरण:—

आधुनिक शैलीमा जस्ताको छाना हाली निर्माण गरिएको यस पाटीले बटुवाहरुकोलागि ाम गर्नेवा घरबारविहिन जनताकोलागि अस्थायी बसोबास गर्न सघाउ पुऱ्याउँदै आएको वन्छ । छः कवल दक्षिण मोहडा भएको यस पाटीको पूर्वमा खाली ठाउँ तथा रुख, पश्चिममा । खाली ठाउँ तथा रूख, उत्तरमा पनि खाली ठाउँ तथा रूख र दक्षिणमा खाली ठाउँ पर्दछ ।






लम्बाइ — ७१'
चौडाइ — २१'.३"
टोल — गौशाला
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २०१३
बनाउने व्यक्ति — श्री ५ महेन्द्र वीर विक्रम शाहदेव
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (२) / व. नं. ८

तिक विवरण:—

हालसम्म भौतिक अवस्था सन्तोषजनक रहेको यस पाटीको पूर्वमा रूख तथा बाटो, चममा खाली ठाउँ र उत्तर तथा दक्षिण दुवैतर्फ खाली ठाउँ तथा रूख पर्दछ । यस पाटीको ना जस्ताले छाइएको छ ।






लम्बाइ — २६'.४"
चौडाइ — २६'.२"
टोल — गोशाला
अभिलेखपत्र —

निर्माण मिति — वि. सं. २०१३
बनाउने व्यक्ति — श्री ५ महेन्द्र वीर विक्रम शाहदेव
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो


सत्तल (३) / व. नं. ८

भौतिक विवरण:—

सत्तलको काठको थाम, ऊयाल, ढोका आदिमा विभिन्न थरीका बुट्टाले सिंगारिएको यो सत्तल प्राचीन शैलीमा निर्माण गरिएको छ। जीर्णोद्धारपछि जस्ताको छाना हालिएको देखिन्छ। यस सत्तलको पूर्वमा भत्केको घर, पश्चिममा चक्रपथ, उत्तरमा बाटो र दक्षिणमा बगैंचा पर्दछ। उत्तर मोहडाको यो सत्तल तीन कवल र तीन तलाको छ।



लम्बाइ — ३२'.१०"
चौडाइ — २३'.१०"
टोल — जयबागेश्वरी, देवपत्तन
अभिलेखपत्र —




निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति — श्री ५ गिर्वाण युद्ध विक्रम
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (४) / व. नं. ८

भौतिक विवरण:—

दुई तले, तीन कवल उत्तर मोहडाको यस सत्तलको थाम, ऊयाल, आदिमा कमलको बुट्टाले सिंगारिएकोछ। बस सत्तलको पूर्वमा बारी, पश्चिममा सत्तलसंग जोडिएको, उत्तरमा चोक र दक्षिणमा बारी पर्दछ। यस सत्तलमा हाल जयबागेश्वरीको कार्यालय रहेको छ।



लम्बाइ — ४२'.८"
चौडाइ — १०'.६"
टोल — जयबागेश्वरी
अभिलेखपत्र —





निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (५) / व. नं. ८

भौतिक विवरण:–

ढुंगेधाराको मुहान ठीकै देखिए तापनि निकासको प्रबन्ध हाल बिग्रिसकेको हुनाले फोहर पानी धारामुनि जमिने गर्दछ। धाराको वरिपरि विभिन्न देवी देवताको मूर्तिहरू प्रतिस्थापना गरी धारालाई पवित्र तुल्याएको देखिन्छ। दक्षिणतर्फ फर्केको यस ढुंगेधाराको पूर्वमा घर, पश्चिममापनि घर तथा खाली ठाउँ, उत्तरमा देवताको मन्दिर र दक्षिणमा सडक पर्दछ। हाल यस धारामा पानीको ट्यांकी जडान गरी पानी निकालिएको छ।






लम्बाइ — २५'.३"
चौडाइ — २२'
टोल — जयबागेश्वरी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ५०८
बनाउने व्यक्ति — जयस्थिति मल्ल
जीर्णोद्धार मिति— वि. सं. १९६९ कार्तिक
वि. सं. २०२९ श्रावण
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (६) / व. नं. ८

भौतिक विवरण:—

चार कवल, दुई तले जस्ताको छाना हाली निर्माण गरिएको यो सत्तल उत्तर मोहडाको छ। ऊयाल तथा थामहरूमा कमलको बुट्टाहरू कुँदिएको हुनाले सत्तलको शोभा बढेको छ। यस सत्तलको पूर्वमा खाली ठाउँ तथा सत्ताल, पश्चिममा घर, उत्तरमा बाटो र दक्षिणमा शिवालय पर्दछ। यस सत्तलको आवासीय प्रयोग भएको छ।






लम्बाइ — २३'.१०"
चौडाइ — ८'
टोल — जयबागेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२३ पौष
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (७) / व. नं. ८

भौतिक विवरण:—

पश्चिम-दक्षिण दुवैतिर मोहडा खुलेको यो सत्तल दुई नाले, दुई तलाको छ। सत्तलको पश्चिमतर्फ तीन कवल र दक्षिणतर्फ सात कवल रहेको छ। यस सत्तलको पूर्वमा घर, पश्चिममा खाली ठाउँ तथा घर, उत्तरमा बारी र दक्षिणमा बाटो पर्दछ। जयबागेश्वरीको पूजा हुँदा स्थानीय धर्मावलम्बीहरू यस सत्तलमा भजन गाउने गर्छन्।






लम्बाइ — ३७'.३"
चौडाइ — १६'.२"
टोल — जयबागेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (८) / व. नं. ८

भौतिक विवरण:—

हाल यस सार्वजनिक पाटी बिग्रिएको हुनाले स्थानीय जनताकालागि यसको कुनै उपादेयता छैन। तीन कवल दक्षिण मोहडाको यस पाटीको पूर्वमा बाटो तथा घर, पश्चिममा घर उत्तरमापनि घर र दक्षिणमा बाटो पर्दछ।






लम्बाइ — १६'.३"
चौडाइ — ४'.८"
टोल — जयबागेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — देवबहादुर, भक्तबहादुर आदि
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (९) / व. नं. ८

भौतिक विवरण:—

तीनैतिर यस पाटी खुला रहे तापनि दक्षिणतर्फ पाँच कवल र पूर्व तथा पश्चिमतर्फ केवल एक एक कवल मात्र रहेको छ। विभिन्न धार्मिक पर्वहरूमा भजन गाउन वा बटुवाहरूकालागि विश्राम गर्न निर्मित यस पाटीको यथाशीघ्र जीर्णोद्धार कार्य थालिनु आवश्यक देखिन्छ। दक्षिण मोहडाको यस पाटीको पूर्वमा घर तथा सानो बाटो, पश्चिममा खाली ठाउँ तथा पाटी, उत्तरमा घर र दक्षिण-मा सडक पर्दछ।






लम्बाइ — २२'
चौडाइ — ७'
टोल — जयबागेश्वरी, देवपत्तन
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९०१ वैशाख
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१०) / व. नं. ८

भौतिक विवरण:—

घरबारविहीन परिवारहरूले बसोबासकोलागि प्रयोग गर्दैआएको यस सत्तलमा प्रत्येक वर्ष वैशाख पूर्णिमाको दिन विभिन्न मठका महन्तहरू भेला भई पूजा गरी भोज खाने चलन रहेको छ। सत्तलको थाम तथा ऊयाल विभिन्न बुट्टाले सिंगारिएको छ। यस सत्तलको पूर्वमा बारी, पश्चिममा बारी तथा घर, उत्तरमा बाटो र दक्षिणमा चोक तथा बारी पर्दछ।






लम्बाइ — ३८'
चौडाइ — २०'
टोल — जयबागेश्वरी, देवपत्तन
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (११) / व. नं. ८

भौतिक विवरण:—

"लङ्का पाटी" नामक यस सत्तालको दक्षिणतर्फ तीन कवल र पूर्व र पश्चिमतर्फ एक एक कवल रहेको छ। जस्ताको छाना भएको यस सत्तालमा थकित बटुवाहरू विश्राम गर्ने गर्छन्। यस सत्तालको पूर्वमा खाली ठाउँ तथा भत्केको पाटी, पश्चिममा घर, उत्तरमा बारी र दक्षिणमा बाटो पर्दछ। शत्तालको माथिल्लो तलामा बार्दली निकालिएको र थामहरूमा मनुष्य, बाघ तथा अन्य बुट्टाहरू कुँदिएको छ।





लम्बाइ — १६'.६"
चौडाइ — ६'.५"
टोल — डठुटोल, जयबागेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१२) / व. नं. ८

भौतिक विवरण:—

स्थानीय बासिन्दाको भनाइ अनुसार वि. सं. १९९० सालको महा-भूकम्पमा भत्केको यस पाटीको हालसम्मपनि जीर्णोद्धार कार्य नगरिएको हुनाले उत्तारपट्टि केवल गारोको भाग मात्र बाँकी छ। दक्षिण मोहडाको यस पाटीको पूर्वमा कच्ची बाटो तथा गणेशको सानो मन्दिर, पश्चिममा घर, उत्तारमा पनि घर र दक्षिणमा कच्ची बाटो तथा पाटी पर्दछ।





लम्बाइ — १४'
चौडाइ — ६'.६"
टोल — देवपत्तन
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ८६३
बनाउने व्यक्ति — बेखा महर्जन
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१३) /व. नं. ८

भौतिक विवरण:—

समयमा जीर्णोद्धार कार्य गर्न नसकेको हुनाले हाल यस सत्तलको पूर्व तथा पश्चिमतर्फको गारो मात्र बाँकी रहेको छ। उत्तर मोहडाको यस सत्तलको पूर्वमा गल्ली तथा घर, पश्चिममा कच्ची बाटो तथा घर, उत्तरमा पनि बाटो तथा घर र दक्षिणमा घर पर्दछ।






लम्बाइ — २५'
चौडाइ — ९'
टोल — देवपत्तन
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१४) /व. नं. ८

भौतिक विवरण:—

हाल यो पाटी पूर्णतया भत्किएको अवस्थामा रहेकोले स्थानीय जनतालाई यसको कुनै महत्व छैन। उत्तर मोहडाको यस पाटीको पूर्वमा सानो गोरेटो बाटो तथा खाली ठाउँ, पश्चिममा घरसंग जोडेको, उत्तरमा बाटो र दक्षिणमा पनि घरसंग जोडिएको छ।






लम्बाइ — १७'
चौडाइ — ७'.२"
टोल — नवाली
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— ने. सं. ९९५ चैत्र
वर्तमान भौतिक अवस्था – नराम्रो

पाटी (१५) / व. नं. ८

भौतिक विवरण:–

समयमा मर्मत सम्भार कार्य हुन नसक्दा हाल यस पाटीको गारोको बाँकी अंशले मात्र पाटीको परिचय दिइराखेको देखिन्छ। भत्किसकेको हुनाले कवल नखुलेको यस पाटीको पूर्वमा घर, पश्चिममा खाली ठाउँ, उत्तरमा कच्ची बाटो र दक्षिणमा घरसंग जोडिएको छ।





लम्बाइ — ८'
चौडाइ — ६'
टोल — नवाली
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति —
बनाउने व्यक्ति — हाकु सिंह समेत ५ जना
जीर्णोद्धार मिति— ने. सं. ९६४ वैशाख
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१६) / व. नं. ८

भौतिक विवरण:—

साधारण शैलीमा बढी टिकाउको लागि जस्ताको छाना हाली निर्माण गरिएको यस पाटी उत्तर मोहडाको छ। हाल आवासीय प्रयोग भैरहेको यस पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा बारी, उत्तरमा बाटो र दक्षिणमा बारी पर्दछ।






लम्बाइ — २५'
चौडाइ — १६'
टोल — नवाली
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — कमान नरसिंह कर्णेल, ठमेल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१७) / व. नं. ८

भौतिक विवरण:—

यस पाटीमा प्रयोग गरिएका सामग्रीहरूमध्ये केवल ढुङ्गा बाहेक अन्य सबै निर्माण सामग्री-को भौतिक अवस्था नराम्रो छ । झिंगटी छाना सम्पूर्णरूपले बिग्रिसकेको छ । उत्तर मोहडाको यस पाटीको पर्वमा घर, पश्चिममापनि घर, उत्तरमा गणेशको मन्दिर र दक्षिणमा बारी पर्दछ ।






लम्बाइ — १२'
चौडाइ — १०'
टोल — देवपत्तन
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१८) / व. नं. ८

भौतिक विवरण:—

प्राचीन शैलीमा निर्मित यस पाटी हाल भत्किसकेको हुनाले स्थानीय जनता यस पाटीबाट लाभान्वित हुन पाएका छैनन् । पश्चिम मोहडाको यस पाटीको पूर्वमा खाली ठाउँ तथा मूल सडक, पश्चिममा खाली ठाउँ तथा शिवजीको मूर्ति, उत्तरमा खाली ठाउँ तथा पर्खाल र दक्षिणमा पर्खाल पर्दछ ।






लम्बाइ — १०'.६"
चौडाइ — ७'
टोल — देवपत्तन
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ८७४
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१९) / व. नं. ८

भौतिक विवरण:—

झिंगटी छाना हाली प्राचीन शैली प्रदर्शन गर्ने किसिमले निर्मित यस पाटीको झिंगटी छाना ठाउँ ठाउँमा टुटफुट भएकोले यथाशीघ्र मर्मत गर्नु पर्ने देखिन्छ। धार्मिक कार्यमा प्रयोग गर्दैआएको यस पाटीको पूर्वमा खाली ठाउँ तथा घरको ढोका, पश्चिममा पाटी, उत्तरमा बारी तथा घर र दक्षिणमा बाटो पर्दछ।






लम्बाइ — १३'
चौडाइ — ६'
टोल — जयबागेश्वरी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९११
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२०) / व. नं. ८

भौतिक विवरण:—

संरक्षणको अभावमा हाल यस पाटी सम्पूर्ण रूपले भत्किसकेको र केवल अवशेषको रूपमा पाटीको जग बाँकी रहेको छ। यस पाटीको पूर्वमा खाली ठाउँ तथा बाटो, पश्चिममा निजी घर जाने बाटो तथा बगैंचा, उत्तरमा पर्खाल तथा बारी र दक्षिणमा बाटो पर्दछ।






लम्बाइ — १५'
चौडाइ — ६'
टोल — जयबागेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२१) / व. नं. ८

भौतिक विवरण:—

पाटीको अवस्था बिग्रनु अघि भजन गाउने जस्तो धार्मिक कार्यमा प्रयोग गर्दैआएको यस पाटीको समय समयमा मर्मत सम्भार नभएको हुनाले हाल पाटीको झिंगटी छाना बिग्रिएको र गारो पनि ठाउँ ठाउँमा चर्किएको छ। तीन कवल उत्तर मोहडाको यस पाटीको पूर्वमा घर, पश्चिममा बाटो तथा घर, उत्तरमा पशुपति जाने बाटो र दक्षिणमा घर पर्दछ।






लम्बाइ — १२'
चौडाइ — ८'
टोल — जयबागेश्वरी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — सर्तासिंह, जयबागेश्वरी
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (२२) / व. नं. ८

भौतिक विवरण:—

चौतर्फी मोहडा भएको यस सत्तलको निर्माण भएदेखि पशुपति दर्शनार्थ आउने भक्तजनहरूलाई यस सत्तलले बास बस्ने सुविधा प्रदान गर्दैआएको छ। सत्तलको समय समयमा आवश्यकता अनुसार मर्मत कार्य भैराखेकोले वर्तमान भौतिक अवस्था राम्रो छ। चारै दिशामा फैलिएको यस सत्तलको बीचमा चोक तथा कृष्णको मन्दिर स्थापना गरिएको छ। यस सत्तलको पूर्वमा चक्रपथ, पश्चिममा भण्डारखाल उत्तरमापनि भण्डारखाल र दक्षिणमा सडक पर्दछ।






लम्बाइ — ४००'.१०"
चौडाइ — २३'.३"
टोल — गौशाला
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — वि. सं. १९९८
बनाउने व्यक्ति — जुद्धशम्शेर
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो


सत्तल (२३) / व. नं. ८

भौतिक विवरण:—

पूर्व मोहडाको यो सत्तल जस्ताको छाना हाली बनाइएको छ। यस सत्तलको मुख्य मोहडा पूर्वतर्फ चार कवल र दक्षिणतर्फ एक कवल रहेको छ। दुई तले यस सत्तलको ऊयाल, ढोका आदिमा साधारण काष्ठ बुट्टाहरू कुँदिएको छ। आवासीय प्रयोग भैरहेको यस सत्तलको पूर्वमा बाटो, पश्चिममा घर, उत्तरमा पाटी र दक्षिणमा जयबागेश्वरी जाने बाटो पर्दछ।



लम्बाइ — २७'
चौडाइ — १२'
टोल — भुवनेश्वरी
अभिलेखपत्र —




निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — वेतबहादुर सहित ८ जना जोरपाटी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


पाटी (२४) / व. नं. ८

भौतिक विवरण:—

हाल आवासीय प्रयोग भैरहेको यो पाटी केही वर्ष अघि मात्र निर्माण गरिएको भए तापनि छानाबाट पानी चुहिने गर्दछ। दुई कवल पूर्व मोहडाको यस पाटीको पूर्वमा बाटो, पश्चिममा भुवनेश्वरी देवल, उत्तरमा सत्तल र दक्षिणमा मन्दिर पर्ने बाटो पर्दछ।



लम्बाइ — १६'
चौडाइ — १०'
टोल — भुवनेश्वरी
अभिलेखपत्र —





निर्माण मिति — वि. सं. २०२५
बनाउने व्यक्ति — पञ्चनारायण मानन्धर, भुवनेश्वरी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२५) / व. नं. ८

भौतिक विवरण:—

भुवनेश्वरी मन्दिरको पुजारीले बसोवासकोलागि प्रयोग गर्दैआएको यस सत्तलको यथाशीघ्र जीर्णोद्धार कार्य नगरिएमा सत्तल पूर्णरूपले सार्वजनिक प्रयोगबाट हट्ने देखिन्छ । सत्तलको थाम, ऊयाल, ढोका आदिमा थरीथरीका बुट्टाले सिंगारिएको छ । पश्चिम मोहडाको यस दुई कवले सत्तलको पूर्वमा डबली, पश्चिममा भुवनेश्वरीको मन्दिर, उत्तरमा घर र दक्षिणमा पाटी जोडिएको छ ।






लम्बाइ — २७'.८"
चौडाइ — ९'
टोल — भुवनेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - नराम्रो

पाटी (२६) / व. नं. ८

भौतिक विवरण:—

भुवनेश्वरीको मन्दिर निकट बनाइएको यस पाटीको छाना झिंगटी वा टायल नभै बज्र-द्वारा ढलान गरिएको छ । यस पाटीको पूर्वमा घर, पश्चिममापनि घर, उत्तरमा कच्ची गोरेटो बाटो र दक्षिणमा भुवनेश्वरीको मन्दिर पर्दछ । तीन कवल दक्षिण मोहडाको यो पाटी सोही मन्दिरका पुजारीले प्रयोग गरेको देखिन्छ ।






लम्बाइ — २१'.२"
चौडाइ — १३'.९"
टोल — भुवनेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — सीता महारानी, नक्साल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (२७) / व. नं. ८

भौतिक विवरण:–

संरक्षणको अभावमा स्थानीय वासिन्दालाई लुगा धुन, नुहाउन आदि कार्यमा सधाउ पुऱ्याउदै आइरहेको यस ढुंगेधाराको वरिपरि झारपात उम्रेको र चारैतिर बनाइएको पर्खालपनि हाल भत्किसकेको छ । ढुंगेधाराको मुहान सुकिसकेकोले धाराबाट पानी बग्ने प्रक्रिया बन्द भएको छ । यस पूर्व मोहडाको ढुंगेधाराको पूर्वमा शिवजीको मूर्ति, पश्चिममा पर्खाल, उत्तरमा घर र दक्षिणमा भुवनेश्वरीको मन्दिर पर्दछ ।






लम्बाइ — १३'.५"
चौडाइ — १३'
टोल — भुवनेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १५ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२८) / व. नं. ८

भौतिक विवरण:—

झिंगटी छाना हाली प्राचीन शैलीमा निर्माण गरिएको यस पाटीको वर्तमान भौतिक अवस्थाले यथाशीघ्र जीर्णोद्धार कार्य थालनी गर्नुपर्ने संकेत गरेको छ । पश्चिम मोहडाको यस पाटीको पूर्वमा घर, पश्चिममा पशुपति जाने बाटो, उत्तरमा घर र दक्षिणमा गोरेटो बाटो पर्दछ । हाल यस सत्तलमा घरबारविहीन एक परिवारले बसोबास गरेको छ ।






लम्बाइ — १२'.३"
चौडाइ — ६'
टोल — देवपत्तन
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १९९३
बनाउने व्यक्ति — जुजुमान महर्जन,देवपत्तन
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (२९) / व. नं. ८

भौतिक विवरण:—

यस ढुंगेधाराको मुहान सुकिसकेको र निकासपनि हाल बिग्रिसकेको हुनाले स्थानीय जनता-लाई यसको कुनै फाइदा छैन। ढुंगेधारालाई घेरिएको पर्खाल भत्किएको अवस्थामा छ। पूर्व मोहडाको यस ढुंगेधाराको पूर्वमा पाटी, पश्चिममा घर, उत्तरमा बागमती नदी जाने बाटो र दक्षिणमा चोक पर्दछ।





लम्बाइ — २५'.३"
चौडाइ — २२'
टोल — देवपत्तन, भुवनेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. १९७१
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (३०) / व. नं. ८

भौतिक विवरण:—

स्थानीय वासिन्दाहरूले समय समयमा भगवान्को प्रार्थना स्वरूप भजन कीर्तनकोलागि प्रयोग गर्दैआएको यस पाटीको हाल छाना एवं गारो यथाशीघ्र मर्मत गर्नुपर्ने देखिन्छ। झिंगटीले छाइएको छाना भएको यस पाटीको पश्चिममा तीन कवल तथा दक्षिण-दक्षिण एक एक कवल रहेको छ। पाटीको पूर्वी खोपामा स-साना मूर्ति राखिएको छ। यस पाटीको पूर्वमा महादेवको मन्दिर, पश्चिममा ढुंगेधारा तथा बुद्धको मूर्ति, उत्तरमा बागमती नदी जाने बाटो र दक्षिणमा घर पर्दछ।






लम्बाइ — १३'.७"
चौडाइ — ७'
टोल — देवपत्तन, भुवनेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति — सिद्धिनर्सिंह डंगोल
भुवनेश्वरी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३१) / व. नं. ८

भौतिक विवरण:—

टायलको छाना हाली निर्माण गरिएको यस पाटीमा बटुवाहरू विश्राम गर्नुको अतिरिक्त भजन गाउनेपनि गर्छन्। दक्षिण मोहडाको यस तीन कवल पाटीको पूर्वमा पर्खाल, पश्चिममा सडक, उत्तरमा बगैंचा र दक्षिणमा बागमती नदी जाने बाटो पर्दछ। पाटीको थामहरूमा साधारण बुट्टा कुँदिएको छ।






लम्बाइ — १२'
चौडाइ — ८'
टोल — जम्केश्वरी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२८
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (३२) / व. नं. ८

भौतिक विवरण:—

घोडेजात्राको पर्वमा देवताहरू राख्न बनाइएको यस पाटीमा अरू बेला बटुवाहरू विश्राम गर्ने गरेको देखिन्छ। पाटीको छाना जस्ता तथा परालको छ। दुई तले दक्षिण मोहडाको यस पाटीको पूर्वमा सत्तलको चोक, पश्चिममा चउर, उत्तरमा बागमती नदी जाने बाटो र दक्षिणमा खाली ठाउँ पर्दछ।






लम्बाइ — १५'
चौडाइ — १०'
टोल — जम्केश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३३) / व. नं. ८

भौतिक विवरण:—

बढी टिकाउकोलागि यस पाटीमा काठको सट्टा फलामको सत्तारी प्रयोग गरेको र छानापनि जस्ताले छाइएको छ । दश कथल भएको यस उत्तर मोहडाको पाटीको पूर्वमा गोरेटो बाटो, पश्चिममा खाली ठाउँ, उत्तरमा चउर र दक्षिणमा खाली ठाउँ पर्दछ । बटुवाहरूकालागि विश्राम गर्न वा स्थानीय जनताहरूकालागि भजन कीर्तन गर्न यस पाटीको विशेष महत्व छ ।






लम्बाइ — १००'
चौडाइ — २४'
टोल — जम्केश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — जुद्धशम्शेर
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (३४) / व. नं. ८

भौतिक विवरण:—

स्थानीय वासिन्दा लगायत बटुवाहरूकालागि लुगा धुन र नुहाउनकोलागि महत्व रहिआएको यो ढुंगेधारा पूर्व मोहडाको छ । धाराको चारैतिर रहेको पर्खालको साधारण मर्मत कार्य गर्नुपर्ने देखिन्छ । यस ढुंगेधाराको पूर्वमा गणेशको मन्दिर, पश्चिममा खाली ठाउँ तथा रूख, उत्तरमा खाली ठाउँ र दक्षिणमा खाली ठाउँ तथा रूखहरू पर्दछ । हाल निकास बन्द भैसकेको हुनाले धारामुनि पानी जम्ने गर्दछ ।






लम्बाइ — ३०'
चौडाइ — २६'
टोल — वनकाली
अभिलेखपत्र —

निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (३५) / व. नं. ८

भौतिक विवरण:—

जस्ताको छाना भएको यस सत्तलको समय समयमा मर्मत कार्य भैरहने हुनाले वर्तमान भौतिक अवस्था राम्रो छ । शुरूदेखि धार्मिक कार्यमा प्रयोग गर्दै आएको यो सत्तल तीन तला पूर्व मोहडाको छ । यस सत्तलको पूर्वमा चार शिवालय, तथा पाटी, पश्चिममा कच्ची बाटो तथा धर्मशाला, उत्तरमा पाटी र दक्षिणमा चउर तथा कच्ची बाटो पर्दछ ।



लम्बाइ — ४१'.७"
चौडाइ — २२'.१०"
टोल — चार शिवालय
अभिलेखपत्र —




निर्माण मिति — वि. सं. २०१९
बनाउने व्यक्ति — श्री ५ महेन्द्र वीर विक्रम शाहदेव, नारायणहिटी ,राजदरबार
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो


पाटी (३६) / व. नं. ८

भौतिक विवरण:—

पूर्व र पश्चिम दुवैतर्फ मोहडा खुलेको यस पाटीको पूर्व र पश्चिममा ,पाँच पाँच कवल रहेको छ । यस पाटीको पूर्वमा बागमती नदी, पश्चिममा चार शिवालय उत्तरमा बगैंचा र दक्षिणमा पाटी पर्दछ । घाटमा ल्याउने बिरामी राख्न यस पाटीले निकै सघाउ पुऱ्याएको देखिन्छ ।



लम्बाइ — २८'
चौडाइ — १७'.६"
टोल — चार शिवालय
अभिलेखपत्र —





निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (३७) / व. नं. ८

भौतिक विवरण:—

साधारण शैलीमा जस्ताको छाना हाली निर्माण गरिएको यस पाटीको पूर्व र पश्चिम दुवैतर्फ समान कवल रहेको छ। यस सत्तालको पूर्वमा बागमती नदी, पश्चिममा चार शिवालय, उत्तरमा पाटी र दक्षिणमा कच्ची बाटो पर्दछ। हाल यस पाटीलाई गोठको रूपमा प्रयोग गरेको छ। यस पाटी-मा जम्मा पाँच कवल छ।






लम्बाइ — २८'
चौडाइ — १७'.६"
टोल — चार शिवालय
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - ठीकै

पोखरी (३८) / व. नं. ८

भौतिक विवरण:-

समय समयमा सरसफाई कार्य सञ्चालन नगरेको हुनाले पोखरीको वर्तमान भौतिक अवस्था नराम्रो छ। पोखरीको चारैतिर रहेको पर्खालमा लगाइएको बत्र ठाउँ ठाउँमा उप्किसकेको हुनाले साधारण मर्मत कार्य गर्नुपर्ने देखिन्छ। यस पोखरीको पूर्वमा पाटी, पश्चिममा खाली ठाउँ, उत्तर-मा सत्तल र दक्षिणमा महादेवको मूर्ति पर्दछ।






लम्बाइ — ५०'
चौडाइ — २०'
टोल — राजराजेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३९) / व. नं. ८

भौतिक विवरण:—

घरबारविहीन गरीब परिवारकोलागि बसोवास गर्न उपयुक्त ठहरिएको यो पाटी जस्ताको छाना हाली निर्माण गरिएको छ। उत्तर मोहडाको यस पाटीको पूर्वमा बागमती नदी, पश्चिममा मन्दिर, उत्तरमा खाली ठाउँ तथा पर्खाल र दक्षिणमा बगैंचा पर्दछ।





लम्बाइ — ३०'
चौडाइ — ९'.१०"
टोल — राजराजेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (४०) / व. नं. ८

भौतिक विवरण:—

हाल पूर्णरुपले आवासीय प्रयोग भैरहेको यस सत्तलको पूर्वमा महादेवको मन्दिर, पश्चिममा पर्खाल तथा बगैंचा, उत्तरमा पोखरी र दक्षिणमा खाली ठाउँ पर्दछ। पूर्व मोहडाको यस सत्तलमा जस्ताको छाना राखिएको छ।






लम्बाइ — २४'
चौडाइ — १८'
टोल — राजराजेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (४१) / व. नं. ८

भौतिक विवरण:—

जस्ताको छाना राखी निर्माण गरिएको यस सत्तलको समयमा जीर्णोद्धार हुन नसकेकोले हाल सत्तलको भग्याल, ढोका आदि केहीपनि नभएको देखिन्छ। पूर्व मोहडाको यस दुईतले सत्तलको पूर्वमा पोखरी, पश्चिममा बगैंचा, उत्तरमा खाली ठाउँ तथा सत्तल र दक्षिणमा सत्तल पर्दछ। यस सत्तलको समयमा संरक्षण नगरिएमा छानादेखि भुइँसम्म भत्किने स्थिति देखिएको छ।






लम्बाइ — १२'
चौडाइ — ७'.२"
टोल — राजराजेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (४२) / व. नं. ८

भौतिक विवरण:—

पूर्व मोहडाको सात कवल भएको यस पाटीको आंशिक भागमा सिंचाई तथा जलवायु विज्ञान विभागको कार्यालय बसेको र बाँकी भागमा घरबारविहीन एक परिवारले बसोबास गरेको छ। समय समयमा मर्मत सम्भार कार्य भैरहने हुनाले पाटीको वर्तमान भौतिक अवस्था राम्रो छ। यस पाटीको पूर्वमा बागमती नदी, पश्चिममा पाटी तथा पोखरी, उत्तरमा पर्खाल र दक्षिणमापनि पर्खाल नै रहेको छ।






लम्बाइ — ७१'
चौडाइ — ११'.६"
टोल — राजराजेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०१९
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (४३) / व. नं. ८

भौतिक विवरण:—

पूर्व-उत्तर दुई दिशामा फैलिएको यस सत्तलको पूर्वतर्फ सात कवल र उत्तरतर्फ तेह्र कवल गरी जम्मा बीस कवल छ। काष्ठकलाको दृष्टिकोणले यो शत्तल महत्वपूर्ण देखिन्छ। सत्तलको कौशी ज्यादै बिग्रिसकेको र केही दलिनहरु फेर्नु पर्ने अवस्थामा रहेको छ। यस सत्तलको चार किल्लाको हकमा पूर्वमा जीत जङ्ग प्रकाशेश्वर, पश्चिममा निर्मला आख्यान, उत्तरमा सत्तल र दक्षिणमा चोक तथा पोखरी पर्दछ। बडा दशैंको पर्वमा श्री भवानी दुर्गाको आराधना स्वरुप कालरात्रीको विशेष पूजा पाठ गुठी संस्थान मार्फत यस सत्तलमा अनिवार्यरूपमा गर्नु पर्ने परम्परा रहेको छ।






लम्बाइ — १५९'.९"
चौडाइ — १९'.४"
टोल — राजराजेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (४४) / व. नं. ८

भौतिक विवरण:—

यस सत्तलको बञ्रले प्लास्टर गरिएको छाना बाहेक अन्य सबै भागको अवस्था ठीकै देखिन्छ। सात कवल पूर्व-दक्षिण मोहडाको यस सत्तलको थामहरुमा देवी देवता, फूल आदि बुट्टा कुँदिएको देखिन्छ। यस सत्तलको पूर्वमा पाटी, पश्चिममा निर्मला आख्यान, उत्तरमा महेश्वर र दक्षिणमा सत्तल पर्दछ।






लम्बाइ — २६'
चौडाइ — ४'
टोल — राजराजेश्वरी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९३७
बनाउने व्यक्ति — माहिला रानी रुद्रकुमारी र जीतजङ्ग
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४५) / व. नं. ८

भौतिक विवरण:—

गरीबगुरुवाकोलागि बास बस्न उपयुक्त ठहरिएको यस पाटीको छाना बञ्जले ढलान गरी निर्माण गरिएको छ। यस पाटीको पूर्वमा सत्तल, पश्चिममापनि सत्तल, उत्तरमा खाली ठाउँ र दक्षिणमा जीतजङ्ग प्रकाशेश्वर पर्दछ । सात कवलको यो पाटी दक्षिण मोहडाको छ।





लम्बाइ — ३५'.२"
चौडाइ — ९'.५"
टोल — राजराजेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (४६) / व. नं. ८

भौतिक विवरण:—

हालसम्म भौतिक अवस्था सन्तोषजनक रहेको यो सत्तल तीन कवल पूर्व मोहडाको छ। धार्मिक चाडपर्वमा आउने भक्तजनहरुको बसोवासकालागि निर्मित यो सत्तलमा हाल एक परिवारले बसोवास गरेको देखिन्छ। यस सत्तलको पूर्वमा बागमती नदी, पश्चिममा पाटी, उत्तरमा खाली ठाउँ र दक्षिणमा जीतजङ्ग प्रकाशेश्वर पर्दछ।






लम्बाइ — १३'
चौडाइ — १२'
टोल — राजराजेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४७) / व. नं. ८

भौतिक विवरणः—

पाटीको थामहरूमा सिंह, कमल आदि आकर्षक बुट्टाले सिंगारिएको यो पाटी जस्ताको छाना हाली बनाएको छ । यस पाटीको पूर्वमा बागमती नदी, पश्चिममा सत्तल, उत्तरमा चोक र दक्षिणमा पाटी पर्दछ । बटुवाहरूकालागि विश्राम गर्न निर्मित यस पाटी तीन कवल पश्चिम मोहडाको छ ।






लम्बाइ — ३३'
चौडाइ — ९'.४"
टोल — राजराजेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४८) / व.. नं. ८

भौतिक विवरणः—

ईंट, काठ, ढुङ्गा, माटोको समिश्रणबाट तयार गरिएको यस पाटीको छाना जस्ताले छाईएको छ । ६ कवल पूर्व मोहडाको यस पाटीको पूर्वमा बगैंचा तथा सत्तल, पश्चिममा कच्ची बाटो, उत्तरमा पर्खाल र दक्षिणमा कच्ची बाटो पर्दछ । हाल घरबारविहीन एक परिवारले बसोवास गरेको छ ।






लम्बाइ — ७४'.२"
चौडाइ — ११'
टोल — निर्मला अखडा
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – ठीकै

सत्तल (४९) / व. नं. ८

भौतिक विवरण:—

शैलीको दृष्टिकोणले साधारण देखिने यो सत्तल तीन कवल दक्षिण मोहडाको छ । जस्ताको छाना भएको यस सत्तलमा हाल एक महन्तले बसोवास गरेको छ । दक्षिण मोहडाको यस सत्तलको पूर्वमा पर्खाल तथा सत्तल, पश्चिममा कच्ची बाटो, उत्तरमा कच्ची बाटो र दक्षिणमा मन्दिर पर्दछ ।






लम्बाइ — २७'.१"
चौडाइ — १०'
टोल — निर्मला अखडा
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (५०) / व. नं. ८

भौतिक विवरण:—

चारैदिशामा फैलिने गरी निर्माण गरिएको यस सत्तलको बीच प्रांगणमा भगवान् शङ्करको प्रतीकस्वरुप पाँच शिवालय प्रतिस्थापना गरेको छ । शत्तलको पूर्वतर्फ आठ कवल र उत्तारतर्फ तीन कवल रहेको छ । जस्ताको छाना भएको यस सत्तलमा बडा दशैंको पर्वमा विशेष पूजा हुने गरेको देखिन्छ । यस सत्तलको पूर्वमा बागमती नदी, पश्चिममा खाली ठाउँ तथा पर्खाल, उत्तारमा सत्तल र दक्षिणमा सानो गरेटो बाटो पर्दछ ।






लम्बाइ — १५०'
चौडाइ — २६'
टोल — शिवाल, पशुपति
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — साके सम्वत् १७७७ आषाढ
बनाउने व्यक्ति — उपेन्द्रानन्द नाथ शाहा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (५१) / व. नं. ८

भौतिक विवरण:—

हाल आवासीय प्रयोग भैरहेको यो सत्तल चारै दिशामा समानरूपले फैलिएको देखिन्छ। सत्तलको थाम, ऊयाल, ढोका आदिमा कुँदिएको आकर्षक बुट्टाहरूले सत्तलको सौन्दर्य बढाएको छ। जस्ताको छाना भएको यस सत्तलको जस्तामा कहीं कहीं प्वाल भएकोले पानी चुहिने गर्दछ। चौतर्फी मोहडा भएको यस सत्तलको पूर्वमा बागमती नदी, पश्चिममा कच्ची बाटो, उत्तरमा अमर कान्तेश्वरको सत्तल र दक्षिणमा शिवालय पर्दछ।






लम्बाइ — ९२'
चौडाइ — १२'
टोल — तलेजु, पशुपति
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — साके सम्वत् १७७७ वैशाख
बनाउने व्यक्ति — उपेन्द्रानन्द नाथ शाहा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (५२) / व. नं. ८

भौतिक विवरण:—

पूर्व मोहडाको यो तीन कवले सत्तल साधारण शैलीमा जस्ताको छानाहाली निर्माण गरिएको छ। यस सत्तलको पूर्वमा मन्दिर, पश्चिममा बगैंचा, उत्तरमा सत्तल र दक्षिणमा गोरेटो बाटो पर्दछ। घरबारविहीन परिवारले हाल बसोबास गरिराखेको यस सत्तलमा समय समयमा भजन कीर्तनपनि हुने गर्छ।





लम्बाइ — २६'
चौडाइ — १५'
टोल — राजराजेश्वरी, पशुपति
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — साके सम्वत् १८०१
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (५३) / व. नं. ८

भौतिक विवरण:—

चारै दिशामा मोहडा खुलाई निर्माण गरिएको यस सत्तलको बीच चोकमा विभिन्न देवताका सानो तथा ठूलो गरी पाँच मन्दिरहरु स्थापना गरेको छ । हाल पूर्णरुपले आवासीय प्रयोग भैरहेको यस सत्तलको पूर्वमा बागमती नदी, पश्चिममा कच्ची बाटो, उत्तरमा प्राणेश्वर महादेव र दक्षिणमा तलेजुको मन्दिर पर्दछ । सत्तलको छानामा साधारण मर्मत कार्य गरिएमा पानी चुहिने प्रक्रिया बन्दहुने देखिन्छ ।



लम्बाइ — १५३'.४"
चौडाइ — २५'.३"
टोल — अमर, कान्तेश्वर
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति — साके सम्वत् १७७४
बनाउने व्यक्ति — सुरेश कान्तादेवी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (५४) / व. नं. ८

भौतिक विवरण:—

स्थानीय बासिन्दाहरुको विवाह, व्रतबन्ध आदि कर्मकाण्ड हुँदा यो सत्तलको प्रयोग गर्ने गरेको देखिन्छ । सत्तलको ऊयालमा स-साना बुट्टा कुँदिएको छ । जस्ताको छाना भएको यस सत्तलमा वर्षायाममा पानी चुहिने गरेकोले साधारण मर्मत कार्य गर्नुपर्ने देखिन्छ । यस सत्तलको पूर्वमा बागमती नदी, पश्चिममा गोरेटो बाटो, उत्तरमा भस्मेश्वर महादेव र दक्षिणमा सत्तल पर्दछ । यस सत्तल महादेवको मन्दिरको चारैतिर निर्माण गरिएको छ ।



लम्बाइ — १२५'
चौडाइ — १२'
टोल — प्राणेश्वर
अभिलेखपत्र — शिलापत्र





निर्माण मिति — वि. सं. १९६६
बनाउने व्यक्ति — दीपकुमारी तथा कृष्ण बहादुर मार्फततयार भएको
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (५५) / व. नं. ८

भौतिक विवरण:—

उत्तर मोहडाको यस तीन कवल भएको सत्तालको ऊयाल ढोका आदि बिग्रिएको अवस्थामा रहेकोले फेर्नुपर्ने देखिन्छ। सत्तालको पूर्वमा बागमती नदी, पश्चिममा गल्ली, उत्तरमा भस्मेश्वर महादेव र दक्षिणमा सत्ताल तथा पाटी पर्दछ। हाल गरीब परिवारले बसोबास गरेको छ।






लम्बाइ — ३६'
चौडाइ — १२'
टोल — भस्मेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — भैरेकाजी, बत्तीसपुतली
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (५६) / व. नं. ८

भौतिक विवरण:—

सात कवल जस्ताको छाना भएको यस पाटीको दक्षिणपट्टि दुई कवलमा गोठ बनाई पाटीको प्रयोग गरेको र अन्य भागको कुनैपनि प्रयोग नभएको देखिन्छ। पूर्व मोहडाको यस पाटीको पूर्वमा भस्मेश्वर महादेव, पश्चिममा गोरेटो बाटो, उत्तरमा सत्ताल र दक्षिणमा खाली ठाउँ तथा सत्ताल पर्दछ।






लम्बाइ — ३६'
चौडाइ — १५'
टोल — भस्मेश्वर
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — भैरेकाजी, बत्तीसपुतली
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (५७) / व. नं. ८

भौतिक विवरण :–

साधारण शैलीमा जस्ताको छाना हाली निर्माण गरिएको यो सत्तल दुई तले पूर्व मोहडाको छ । सत्तलको पूर्वमा भस्मेश्वर महादेव, पश्चिममा देवल, उत्तरमा सत्तल र दक्षिणमा पाटी पर्दछ। हाल यस सत्तलमा एक परिवारले बसोवास गरेको छ ।






लम्बाइ — २५'
चौडाइ — १७'
टोल — भस्मेश्वर, पशुपति
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — भैरेकाजी, बत्तीसपुतली
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (५८) / व. नं. ८

भौतिक विवरण:–

घरबारविहीन एक परिवारले हाल उपयोग गरिरहेको यस पाटीको वर्तमान भौतिक अवस्था सन्तोषजनक देखिन्छ । यस पाटीको (अखडा) पूर्वमा पाटी, पश्चिममा बाटो, उत्तरमा सत्तल र दक्षिणमा भस्मेश्वर महादेवको प्रांगण पर्दछ । पाटीको छाना जस्ताले छाइएको छ।






लम्बाइ — १५'
चौडाइ — १२'
टोल — भस्मेश्वर
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — पाण्डे कर्णेल, नरदेवी
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (५९) / व. नं. ८

भौतिक विवरण:—

पशुपतिको दर्शनार्थ आउन धर्मावलम्बीहरूको वसोवासकोलागि निर्मित यस सत्तल तीन कवल उत्तर मोहडाको छ। यस सत्तलको पूर्वमा बागमती नदी जाने बाटो, पश्चिममा बाटो, उत्तरमा मन्दिरको प्रांगण र दक्षिणमा पाटी पर्दछ। सत्तलको छाना जस्ताले छाइएको छ।





लम्बाइ — २५'.३"
चौडाइ — १५'
टोल — भस्मेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १८००
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - ठीकै

सत्तल (६०) / व. नं. ८

भौतिक विवरण:—

चौतर्फी मोहडा हुने गरी निर्माण गरिएको यस सत्तलको समय समयमा मर्मत सम्भार कार्य नभएकोले सत्तलको अवस्थामा सुधार ल्याउन यथशीघ्र मर्मत कार्य थालनी गर्नुपर्ने देखिन्छ। सत्तलको ऊयाल, ढोका, थाम आदि आकर्षक बुट्टाहरूले सुशोभित छ। यस सत्तलको पूर्वमा भस्मेश्वर, पश्चिममा कच्ची बाटो, उत्तरमा चोक तथा बाटो र दक्षिणमा रूख तथा झाडी पर्दछ।





लम्बाइ — १६२'
चौडाइ — १४०'
टोल — पञ्च देवल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (६१) / व. नं. ८

भौतिक विवरण:—

जस्ताको छाना हाली साधारण शैलीमा निर्माण गरिएको यस सत्तल सात कवल तीन तले उत्तर मोहडाको छ । यस सत्तलको पूर्वमा भस्मेश्वर महादेवको मन्दिर आउने बाटो, पश्चिममा खाली ठाउँ, उत्तरमा बागमती नदी जाने बाटो र दक्षिणमा भस्मेश्वर महादेव पर्दछ । सत्तलको अगाडि भागमा पसल खोलिएको र अन्य भागमा महन्त जोगी आदि बस्ने गर्दछन् ।






लम्बाइ — ३०'
चौडाइ — १५'
टोल — भस्मेश्वर, पशुपति
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीक

पाटी (६२) / व. नं. ८

भौतिक विवरण:—

मसान घाटको आसपास निर्मित यो पाटी बिरामी राख्न दाह संस्कारकोलागि आउने मलामीहरू विश्राम गर्न उपयोगी ठहरिएको छ । यस पाटीको पूर्वमा बागमती नदी, पश्चिममा भस्मेश्वर, उत्तरमा सत्तल र दक्षिणमापनि सत्तल पर्दछ । एघार कवलको यस पाटी पूर्व मोहडाको छ । पाटीको छाना बज्रले ढलान गरी बनाइएको छ ।






लम्बाइ — ५९'
चौडाइ — १०'.६"
टोल — भस्मेश्वर
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (६३) / व. नं. ८

भौतिक विवरण:—

बज्रको छाना भएको यस सत्तलमा हाल घरबारविहीन एक परिवारले बसोबास गरिरहेको देखिन्छ। साधारण शैलीमा निर्माण गरिएको यस सत्तलको पूर्वमा बागमती नदी, पश्चिममा पाटी, उत्तरमा सत्तल र दक्षिणमा पाटी पर्दछ। पूर्व मोहडाको यस पाटी तीन कबलको छ।






लम्बाइ — १८'
चौडाइ — १२'
टोल — भस्मेश्वर, पशुपति
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (६४) / व. नं. ८

भौतिक विवरण:—

जस्ताको छाना हाली निर्माण गरिएको यस दक्षिण मोहडाको सत्तलको मुख्य मोहडा दक्षिण-तर्फ एघार कबल र पश्चिमतर्फ तेह्र कबल रहेको। सत्तलमा प्रयोग गरिएका काठको थाम कहीं नभएको र कहीं भएपनि काम नलाग्ने अवस्थामा पुगिकेकेको, बज्र ठाउँ ठाउँमा उप्केको र छानाबाट पानीपनि चुहिने भएकोले जीर्णोद्धार कार्य यथाशीघ्र गर्नुपर्ने देखिन्छ। यस सत्तालको पूर्वमा पाटी, पश्चिममा बगैंचा, उत्तारमा यज्ञशाला र दक्षिणमा सडक पर्दछ।






लम्बाइ — १२२'
चौडाइ — ९९'.२"
टोल — वज्रघर, पशुपति
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — रणबहादुर शाह
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (६५) / व. नं. ८

भौतिक विवरण:—

अंग्रेजी अक्षर "एल" जस्तो भौतिकस्वरूप भएको यस पश्चिम-दक्षिण मोहडाको पाटीमा जम्मा अठार कवल रहेको छ । यस पाटीको पूर्वमा चौंसट्ठी महादेव ,पश्चिममा सत्तल, उत्तरमा यज्ञ-शाला र दक्षिणमा सत्तल पर्दछ । हिन्दूहरुको पवित्र पर्व शिवरात्रीमा पशुपतिको दर्शनार्थ आउने भक्तालुहरु बस्नकोलागि यो पाटीको विशेष महत्व रहेको छ ।






लम्बाइ — १०४'
चौडाइ — १०'
टोल — वज्रघर, पशुपति
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — रणबहादुर शाह
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (६६) / व. नं. ८

भौतिक विवरण:—

भौतिक स्वरूपमा गोलाकार भएको यस पाटीमा जम्मा नौ कवल रहेको छ । पाटीको गारोमा बज्रले प्लास्टर गरिएकोमा हाल बज्र ठाउँ ठाउँमा बिग्रिसकेकोले मर्मत गर्नु पर्ने देखिन्छ । बटुवाहरुको बिश्रामकालागि निर्मित यस पाटीको पूर्वमा पाटी, पश्चिममा सत्तल, उत्तरना यज्ञशाला र दक्षिणमा सत्तालको चोक पर्दछ । यो पाटीको छाना जस्ताले छाइएको छ ।





लम्बाइ — ५४'
चौडाइ — २५'
टोल — वज्रघर, पशुपति
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — रणबहादुर शाह
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (६७) / व. नं. ८

भौतिक विवरणः—

जस्ताको छाना राखी साधारण शैलीमा निर्माण गरिएको यो सत्तल नौ कवल दक्षिण मोहडाको छ। सत्तलको नौ कवलमध्ये तीन कवल पशुपति मन्दिरमा जाने बाटोको रूपमा प्रयोग गरेको छ। सत्तालको थाम, ऊयाल आदिमा कमलको फूल लगायत अन्य बुट्टा कुँदिएको छ। यस सत्तलको पूर्वमा मन्दिर, पश्चिममा सत्तल, उत्तरमा चौंसट्ठी महादेव र दक्षिणमा बागमती नदी जाने सडक पर्दछ। हाल यस सत्तलमा करीब पाँच परिवारले बसोबास गरिराखेका छन्।






लम्बाइ — ६५'.४"
चौडाइ — १८'
टोल — लगन लादी, पशुपति
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — कृष्णविक्रम राणा क्षेत्रपाटी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (६८) / व. नं. ८

भौतिक विवरणः—

हिन्दूहरुको पवित्र धार्मिक पर्व शिवरात्रीमा पशुपतिको दर्शनार्थ आउने धर्मावलम्बीहरुकालागि निर्मित यस पाटी आधुनिक शैलीमा निर्माण गरिएको छ। पाटीमा प्रयोग गरेको बज्र कहीं कहीं उत्केको हुनाले साधारण मर्मत कार्य गरिएमा पाटीको सौन्दर्य बढ्ने देखिन्छ। यस पाटीको पूर्वमा ढुंगाले छापेको चोक, पश्चिममा सत्तल, उत्तरमा सत्तल र दक्षिणमा बाटो पर्दछ। पूर्व मोहडाको यस पाटी एघार कवलको छ।






लम्बाइ — ५२'.८"
चौडाइ — ८'.३"
टोल — आर्यघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (६९) व. नं. ८

भौतिक विवरण:—

आर्यघाट नजीक निर्माण गरिएको यो सत्तल बिरामी राख्नकोलागि ज्यादै महत्वपूर्ण सिद्ध भएको छ। सत्तलको भयालमा कुँदिएको राधाकृष्ण, सरस्वती आदि देवी देवताका मूर्ति विशेष आकर्षकको छ। यस पूर्व मोहडाको सत्तलको पूर्वमा बागमती नदी, पश्चिममा पशुपतिनाथको भण्डार, उत्तरमा कालीको मूर्ति र दक्षिणमा पार्वती मन्दिर तथा चोक पर्दछ। जस्ताको छाना भएको यस सत्तलमा जम्मा सात कवल छ।






लम्बाइ — ४०'
चौडाइ — २०'
टोल — आर्यघाट
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था _ राम्रो

सत्तल (७०) / व. नं. ८

भौतिक विवरण:—

शैलीको दृष्टिकोणले साधारण प्रतीत भए तापनि घाटमा ल्याउने बिरामी राख्नेको दृष्टिकोणले यस सत्तलको विशेष महत्व रहिआएको देखिन्छ। यस सत्तलको जस्ताको छाना लगायत अन्य भागको भौतिक अवस्था मजबूत देखिन्छ। सत्तलको मुख्य मोहडा पूर्वतर्फ सात कवल रहेको छ। यस सत्तलको चारकिल्लाको हकमा पूर्वमा बागमती नदी, पश्चिममा पशुपतिनाथको मन्दिर, उत्तरमा वन र दक्षिणमा पशुपतिको मन्दिर उकिलने ढुङ्गाको सिँढी पर्दछ।






लम्बाइ — ४०'
चौडाइ — २०'
टोल — आर्यघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (७१) / व. नं. ८

भौतिक विवरण:–

ईंट, ढुङ्गा, बञ्र, काठ आदिको संमिश्रणबाट निर्मित यो सत्तल धार्मिक कार्यमा प्रयोग हुँदै आएको छ। यस पाटीको पूर्वमा पाटी, पश्चिममा चौंसठ्ठी महादेव, उत्तरमा सत्तल र दक्षिणमा बाटो पर्दछ। दक्षिण मोहडाको यो सत्तल तीन कवलको छ।






लम्बाइ — ३२'
चौडाइ — १५'
टोल — चौंसट्ठी, पशुपति
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – राम्रो

सत्तल (७२) / व. नं. ८

भौतिक विवरण:—

पूर्व मोहडाको यो पाँच कवल सत्तल जस्ताको छाना राखी निर्माण गरिएको छ। सत्तलको ऊयालमा देवता, गरुड, चरा आदि बुट्टाले सिंगारिएको छ। यस पूर्व मोहडाको सत्तलको पूर्वमा चौंसट्ठी महादेव, पश्चिममा बज्रघर, उत्तरमा सत्तल र दक्षिणमा पाटी पर्दछ। पशुपतिनाथको मूल पुजारी हाल यस सत्तलमा बसोबास गरेको छ।






लम्बाइ — ४५'
चौडाइ — २५'.३"
टोल — चौंसट्ठी महादेव
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (७३) / व. नं. ८

भौतिक बिबरण:—

जस्ताको छाना भएको यस सत्तलको जस्ता हाल कहीं कहीं प्वाल परिसकेको हुनाले छानाबाट पानी चुहिने गर्दछ । काष्ठकलाले सिंगारिएको भयालले गर्दा सत्तलको सौन्दर्य बढेको छ । यस सत्तलको पूर्वमा हनुमानको मूर्ति, पश्चिममा खाली ठाउँ तथा ढिस्को, उत्तरमापनि ढिस्को र दक्षिणमा घाट पर्दछ । बसोबासकोलागि हाल प्रयोग गरिएको यो सत्तल पाँच कवल पूर्व मोहडाको छ ।






लम्बाइ — २२'
चौडाइ — १५'
टोल — गौरीघाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९४६
बनाउने व्यक्ति — जयन्त कुमेदान
जीर्णोद्धार मिति— वि. सं. २०२४
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (७४) / व. नं. ८

भौतिक विवरण:—

स्थानीय वासिन्दाहरुको विवाह, व्रतबन्ध आदि कार्य हुँदा र गौरीघाटमा नुहाउन आउँदा यस सत्तलले स्थानको सुविधा उपलब्ध गराएर सहयोग पुऱ्याउँदै आएको देखिन्छ । जस्ताको छाना भएको यस सत्तलको पूर्वमा गौरीघाट आउने खुडकिला, पश्चिममा हनुमानको मूर्ति, उत्तरमा सडक र दक्षिणमा गौरीघाट पर्दछ ।






लम्बाइ — ६०'
चौडाइ — ३०'
टोल — गौरीघाट
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १८७१
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (७५) / व. नं. ८

भौतिक विवरण :–

शिवरात्रीको पर्वमा पशुपतिको दर्शनकोलागि विभिन्न स्थानहरूबाट मेला भर्न आउने तीर्थ-यात्रीहरुकालागि निर्मित यस सत्तलको पूर्वतर्फ साह्र-कवल र दक्षिणतर्फ पाँच कवल गरी जम्मा बाह्र कवल रहेको छ। सत्तलको ठाउँ ठाउँमा देवी देवताका मूर्ति काठमा कुँदिएको छ। यस सत्तलको पूर्वमा मन्दिर, पश्चिममा खाली ठाउँ तथा बाटो, उत्तरमा खेत र दक्षिणमा बाटो पर्दछ।






लम्बाइ — ६०'
चौडाइ — १२'
टोल — गौरीघाट
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (७६) / व. नं. ८

भौतिक विवरण:–

भगवान्को प्रार्थनास्वरूप भजन कीर्तन गर्न प्रयोग गरिआएको यस पाटी साधारण शैलीमा टायलको छाना राखी बनाइएको छ। यस पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा मन्दिरहरु, उत्तरमा बाटो र दक्षिणमा बागमती नदी पर्दछ। दक्षिण मोहडाको यो पाटी तीन कवलको छ।






लम्बाइ — २०'
चौडाइ — ७'
टोल — गौरीघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (७७) / व. नं. ८

भौतिक विवरण:—

शैलीको दृष्टिकोणले साधारण भए तापनि घाटमा ल्याउने बिरामी राख्न उपयुक्त ठहरिएको हुनाले यस पाटीको आफ्नै महत्व रहिआएको छ। यस पाटीको पूर्वमा खाली ठाउँ तथा पर्खाल, पश्चिममा पनि खाली ठाउँ तथा पर्खाल, उत्तरमा खेत र दक्षिणम बागमती नदी पर्दछ। दक्षिण मोहडाको यस पाटीको दक्षिणतर्फ पाँच कवल र पूर्व तथा पश्चिमतर्फ क्रमशः एक एक कवल रहेको छ।






लम्बाइ — २०'
चौडाइ — ७'
टोल — गौरीघाट
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था _ रास्रो

पाटी (७८) / व. नं. ८

भौतिक विवरण:—

जस्ताको छाना भएको र चारैतिर सिमेन्ट प्लास्टर गरिएको हुनाले पाटीको भौतिक अवस्था मजबूत छ। दक्षिण मोहडाको यस पाटीमा चारवटा भ्याल तथा एक ढोकापनि रहेको छ। यस पाटीको पूर्वमा खाली ठाउँ तथा पर्खाल, पश्चिममा खाली ठाउँ तथा पर्खाल, उत्तरमा खेत र दक्षिणमा बागमती नदी पर्दछ। घाटमा ल्याउने बिरामी यस पाटीमा राख्ने गर्दछन।






लम्बाइ — १२'
चौडाइ — ६'
टोल — गौरीघाट
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २०११
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – रास्रो

सत्तल (७९) / व. नं. ८

भौतिक विवरणः—

किराँतेश्वर महादेवस्थानमा निर्माण गरिएको यस सत्तलको भौतिक स्वरूप अंग्रेजी अक्षर "यू" जस्तो छ । यस सत्तलको पश्चिम तथा दक्षिण दिशातर्फ पाँचपाँच कवल र उत्तरतर्फ तीन कवल गरी जम्मा तेह्र कवल छ । जस्ताको छाना भएपनि पानी चुहिने हुनाले त्यसको प्रतिकूल असर गारोमा समेत पर्न गएकोले जीर्णोद्धार कार्य तत्काले गरिनुपर्ने देखिन्छ । यस सत्तलको चारकिल्लाको हकमा चारैतिर किराँतेश्वर बन पर्दछ । घरबारविहीन गरीब परिवारहरु यस शत्तलमा बसोबास गर्छन् ।






लम्बाइ — १२४'
चौडाइ — १२'
टोल — गौरीघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (८०) / व. नं. ८

भौतिक विवरणः—

स्थानीय क्षेत्रका र वरपरका मानिसहरुको विवाह, व्रतबन्ध आदि हुँदा भोज भतेरकोलागि प्रयोग गर्दैआएको यस सत्तल टायलको छाना हाली निर्माण गरिएको छ । यस सत्तलमा आवश्यकता अनुरूप तत्काले छाना, ऊयाल, ढोका आदिको मर्मत गर्नुपर्ने देखिन्छ । पूर्व-पश्चिम दुवैतर्फ मोहडा खुलेको यस सत्तालको दुवैतर्फ तीन तीन कवल छ । यस सत्तलको पूर्वमा बागमती नदी, पश्चिममा खाली ठाउँ, उत्तरमा बागमती नदी र दक्षिणमा बाटो तथा सत्तल पर्दछ ।





लम्बाइ — ३२'
चौडाइ — १८'
टोल — गुह्येश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (८१) / व. नं. ८

भौतिक विवरण:—

आवासीय एवं धार्मिक कार्यमा प्रयोग हुँदै आएको यो सत्तल जस्ताको छाना राखी निर्माण गरिएको छ। सत्तलमा प्रयोग गरेको बज्र ठाउँ ठाउँमा उप्केको र जस्ताको छानाबाट पानीपनि चुहिने हुनाले मर्मत गर्नुपर्ने देखिन्छ। दक्षिण मोहडाको यस सत्तलको पूर्वमा पर्खाल र खाली ठाउँ, पश्चिममा खाली ठाउँ, उत्तरमा सडक र दक्षिणमा देवलहरु रहेको छ।





लम्बाइ — १०५'
चौडाइ — २५'.३"
टोल — गुह्येश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सतल (८२) व. नं. ८

भौतिक विवरण:—

पश्चिम-दक्षिण मोहडा भएको यस सत्तलको पश्चिमतर्फ दश कवल र दक्षिणतर्फ तीन कवल गरी जम्मा तेह्र कवल रहेको छ। सत्तलको ऊयाल, थाम आदिमा फूल तथा अन्य बुट्टाले सिंगारिएको छ। यस सत्तलको पूर्वमा वन, पश्चिममा गुह्येश्वरीको मन्दिर, उत्तरमा सडक तथा बारी र दक्षिणमा सत्तल पर्दछ। यस सत्तलको तल्लो भागमा सत्तलको रेखदेख गर्ने प्रहरी बसेको र माथिल्लो भाग भोज भतेरको लागि प्रयोग गरेको देखिन्छ।






लम्बाइ — ८०'
चौडाइ — २५'.३"
टोल — गुह्येश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (८३) / व. नं. ८

भौतिक विवरण:—

पश्चिम मोहडाको यस सत्तलको छानाबाट पानी चुहिने, केही दलिनहरु भत्किएर पुनः प्रयोगकोनिम्ति काम नलाग्ने र गारो पनि कहीं कहीं चर्किएको अवस्थामा रहेको छ। यस सत्तलको पूर्वमा वन, पश्चिममा खाली ठाउँ, उत्तरमा सत्तल र दक्षिणमा वन पर्दछ। स्थानीय मानिसहरुको-लागि भोज भतेर गर्न यस सत्तलले सघाउ पुऱ्याउँदै आएको छ।






लम्बाइ — ८७'
चौडाइ — १२'
टोल — गुह्येश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (८४) / व. नं. ८

भौतिक विवरण:—

भौतिक स्वरूपमा अंग्रेजी अक्षर "एल" जस्तो देखिने यस सत्तलको पूर्वमा पाँच कवल र उत्तरतर्फ सात कवल रहेको छ। यस सत्तलको पूर्वमा मन्दिर तथा सत्तल, पश्चिममा खाली ठाउँ तथा दुङ्गाको सिढी, उत्तरमा सत्तल र दक्षिणमा वन पर्दछ। सत्तलको माथिल्लो तलामा एक पुजारीले बसोबास गरेको र तल्लो भाग भोज भतेरकोलागि प्रयोग हुने गरेको देखिन्छ।





लम्बाइ — ५६'.९"
चौडाइ — १३'
टोल — गुह्येश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (८५) / व. नं. ८

भौतिक विवरण:—

पूर्व तथा दक्षिण दुई दिशातर्फ फैलिएको यस सत्तलको पूर्वतर्फ सात कवल र दक्षिणतर्फ नौ कवल गरी जम्मा सोह्र कवल रहेको छ। सत्तलको थाममा फूलको बुट्टा र ऊयालमा देवी देवताका बुट्टा आदि कुँदिएकोले सत्तलको सौन्दर्य बढेको छ। जस्ताको छाना भएको यस सत्तलको पूर्वमा चोक तथा बाटो, पश्चिममा खाली ठाउँ, उत्तरमा सडक र दक्षिणमा गुह्येश्वरीको मन्दिर, चोक तथा सत्तल पर्दछ।





लम्बाइ — १०५'
चौडाइ — २३'
टोल — गुह्येश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (८६) / व. नं. ८

भौतिक विवरण:—

स्थानीय मानिसहरूको भनाई अनुसार स्व० श्री ५ त्रिभुवनको पालामा पछिल्लो जीर्णोद्धार गरिएपछि हालसम्म कुनै मर्मत सम्भार कार्य नगरिएको हुनाले सत्तलको छानाबाट पानी चुहिनाले गारो ठाउँ ठाउँमा चर्किएकोले र काठपात आदि पनि फेर्नुपर्ने अवस्थामा पुगेको छ। पूर्व दक्षिण मोहडाको यस सत्तलको पूर्वमा गोरखनाथको मन्दिर, पश्चिममा चोक, उत्तरमा वन र दक्षिणमा ब्रह्मचारी आश्रम पर्दछ। यस सत्तलमा पुजारी, साधु महात्मा आदि बस्ने गरेको देखिन्छ।






लम्बाइ — ८७'
चौडाइ — २२'
टोल — मृगस्थली, गोरखनाथ मठ
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (८७) / व. नं. ८

भौतिक विवरण:—

भौतिक स्वरूपमा झण्डै अंग्रेजी अक्षर "जेड" जस्तो देखिने यस सत्तलको पश्चिमतर्फ सात,उत्तर तर्फतीन र दक्षिणतर्फ तीन गरी जम्मा तेह्र कवल रहेको छ। यस सत्तलको पूर्वमा वन, पश्चिममा गोरखनाथको मन्दिर, उत्तरमा वन, र दक्षिणमा गोरखनाथको मन्दिर पर्दछ। घरबार नभएकाहरूलाई बास बस्न यस सत्तलले सघाउ पुऱ्याएको छ।






लम्बाइ — ७९'.२"
चौडाइ — ३७'
टोल — मृगस्थली, गोरखनाथ
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (८८) / व. नं. ८

भौतिक विवरण:—

जस्ताको छाना राखी निर्माण गरिएको यस पाँच कवल पश्चिम मोहडाको सत्तलको पूर्वमा वन, पश्चिममा मन्दिर, उत्तरमा वन तथा मन्दिर र दक्षिणमा वन, पर्दछ। जस्ताको छानाबाट पानी चुहिने हुनाले गारो समेत ठाउँ ठाउँमा चर्किएको छ। गरीबगुरुवाहरूकालागि बसोबास गर्न यस सत्तलको महत्व रहिआएको छ।






लम्बाइ — २६'.३"
चौडाइ — २०'
टोल — मृगस्थली, गोरखनाथ
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (८९) / व. नं. ८

भौतिक विवरण:-

जस्ताको छाना भएको यस पाटीको आंशिक भाग भत्किसकेको हुनाले यथाशीघ्र मर्मत गर्नु पर्ने देखिन्छ । यस पाटीको पूर्वमा सत्तल, पश्चिममा खाली ठाउँ, उत्तरमा मन्दिर तथा बारी र दक्षिणमा बाटो तथा मन्दिर पर्दछ ।






लम्बाइ — ४०'
चौडाइ — ८'
टोल — मृगस्थली, गोरखनाथ
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९०४
बनाउने व्यक्ति — जनरल जयबहादुर कुँवर राणा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (९०) / व. नं. ८

भौतिक विवरण:—

हाल घरबारविहीन परिवारले बसोबासको लागि प्रयोग गरेको यस सत्तलको थाम, ठ्याल आदिमा फूल र देवी देवताका मूर्ति आदि कुँदिएको हुनाले सत्तलको शोभा बढेको छ । जस्ताको छाना भएपनि हाल पानी चुहिनाले गारो समेत बिग्रिसकेको अवस्थामा रहेको छ । यस सत्तलको पूर्वमा पाटी आउने बाटो, पश्चिममा वन, उत्तरमा पनि वन र दक्षिणमा पाटीले चर्चेको खाली जमीन पर्दछ । यो तीन कवल दक्षिण मोहडाको छ ।





लम्बाइ — २८'
चौडाइ — ९'
टोल — मृगस्थली
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (९१) / व. नं. ८

भौतिक विवरण:—

पूर्व मोहडाको यस तीन कवल सत्तलको छाना जस्ताले छाइएको छ। सत्तलको ऊयाल वरिपरि लहरा बुट्टा तथा ठाउँ ठाउँमा भैरवेका मूर्ति कुँदिएको देखिन्छ। सत्तलको पूर्वमा बाटो तथा मन्दिर, पश्चिममा वन, उत्तरमा मन्दिर र दक्षिणमा सत्तल पर्दछ। सत्तलको हाल आवासीय प्रयोग भएकोछ।






लम्बाइ — २२'.८"
चौडाइ — १८'
टोल — मृगस्थली
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १०४३
बनाउने व्यक्ति — कमाण्डर कर्णेल स्वर्णजंग राणा
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (९२) / व. नं. ८

भौतिक विवरण:—

पूर्व मोहडाको यस पाँच कवलको सत्तलमा हाल घरबार नभएका दुई परिवारले बसोबास गरेको देखिन्छ। जस्ताको छाना भएको यस सत्तलको पश्चिमतर्फको गारोमा साधारण मर्मत कार्य गर्नु पर्ने देखिएको छ। यस सत्तलको पूर्वमा मन्दिर तथा बाटो, पश्चिममा खाली ठाउँ, उत्तरमा खाली ठाउँ तथा सत्तल र दक्षिणमा खाली ठाउँ पर्दछ।






लम्बाइ — ३२'
चौडाइ — १६'.८"
टोल — मृगस्थली
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९०४
बनाउने व्यक्ति — कमाण्डर इन चीफ
जनरल बमबहादुर कुँवर राणा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (९३) / व. नं. ८

भौतिक विवरण:—

पूर्व मोहडाको यो सत्तल पाँच कवल, पाँच भयाल राखी निर्माण गरिएको छ। सत्तलको छाना चून तथा कंक्रीटको मिश्रणबाट बनाइएको देखिन्छ। यस सत्तलको पूर्वमा मन्दिरहरू, पश्चिम उत्तर तथा दक्षिण तीनैतर्फ बन पर्दछ। यस सत्तलको छाना यथाशीघ्र मर्मत गर्नुपर्ने देखिन्छ। हाल यस सत्तलको आवासीय प्रयोग भएको छ।






लम्बाइ — ५२'
चौडाइ — ३०'
टोल — मृगस्थली
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १९६०
बनाउने व्यक्ति — श्री ३ चन्द्रशम्शेर
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (९४) / व. नं. ८

भौतिक विवरण:—

शैलीरहित यो सत्तल तीन कवल पूर्व मोहडाको छ। सत्तलको छाना पूर्ण रूपले काम नलाग्ने अवस्थामा रहेको छ। सत्तलमा प्रयोग गरिएको भयालपनि फेर्नुपर्ने देखिन्छ। यस सत्तलको चार किल्लाको हकमा पूर्वमा खाली ठाउँ, पश्चिममा झाडी, उत्तरमा खाली ठाउँ र दक्षिणमा खाली ठाउँ तथा बाटो पर्दछ।






लम्बाइ — २४'
चौडाइ — १०'
टोल — मृगस्थली
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (९५) / व. नं. ८

भौतिक विवरणः—

साधारण शैलीमा जस्ताको छाना राखी निर्माण गरिएको यस सत्तलको छानाबाट पानी चुहिने हुनाले सत्तलको माथिल्लो भागको गारो ठाउँ ठाउँमा चर्किएको अवस्थामा रहेको छ । उत्तर मोहडाको यस सत्तलको पूर्वमा वन, पश्चिममा बाटो तथा मन्दिर उत्तरमापनि मन्दिर र दक्षिणमा वन, पर्दछ । यस सत्तलमा जम्मा तीन कवल छ ।






लम्बाइ — ३२'
चौडाइ — १२'.८"
टोल — मृगस्थली
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (९६) / व. नं. ८

भौतिक विवरणः—

यस सत्तलको जीर्णोद्धार गरी संरक्षण नगरिएको हुनाले हाल यस सत्तलको पूर्वतर्फको केही भाग मात्र बाँकी रहेको छ । दक्षिण मोहडाको यस सत्तलको पूर्वमा वन, पश्चिमा सत्तल र उत्तर तथा दक्षिण दुवैतर्फ वन रहेको छ ।






लम्बाइ — ३७'.५"
चौडाइ — १२'.८"
टोल — मृगस्थली
अभिलेखपत्र —

निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो


सत्तल (९७) / व. नं. ८

भौतिक विवरण:—

भौतिक स्वरूपमा चौतर्फी मोहडा खोल्ने गरी निर्माण गरिएको सस सत्तलको पूर्वमा चौध कवल र अन्य तीनै दिशामा तेह्र तेह्र कवल रहेको छ। यस सत्तलमा प्रयोग गरिएका काठ, ईंट आदिको अवस्था ठीकै देखिए तापनि जस्ता ठाउँ ठाउँमा च्याल परिसकेको हुनाले छानाबाट पानी चुहिन्छ। पूर्व दिशालाई मुख्य मोहडा गरिएको यस सत्तलको पूर्व, पश्चिम, उत्तर तथा दक्षिण चारै-तिर वन पर्दछ। घरबारविहीन गरीब परिवारहरूले यस सत्तलमा हाल बसोबास गरिराखेको देखिन्छ। यस सत्तलको बीचमा एक मन्दिरपनि निर्माण गरिएको छ।



लम्बाइ — १२६'
चौडाइ — २२'
टोल — विश्वरूप
अभिलेखपत्र —



निर्माण मिति — वि. सं. १९२४
बनाउने व्यक्ति — श्री ३ महाराज जंगबहादुर राणा
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (९८) / व. नं. ८

भौतिक विवरण:—

सत्तलको थाम तथा ऊयालको वरिपरि गरूड, नाग, फूलको लहरा आदिको बुट्टाले सिंगारि-एको यो सत्तल सात कवल उत्तर मोहडाको छ। यस सत्तलको पूर्वमा खाली ठाउँ, पश्चिममापनि खाली ठाउँ, उत्तरमा मन्दिर र दक्षिणमा खाली ठाउँ पर्दछ। हाल यस सत्तलमा भट्टहरूले बसोबास गरिराखेको देखिन्छ। जस्ताको छाना भएको यस सत्तलमा जम्मा तीन तला छ।



लम्बाइ — ३३'
चौडाइ — १८'
टोल — राम मन्दिर
अभिलेखपत्र —





निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (९९) / व. नं. ८

भौतिक विवरण:–

धार्मिक एवं आवासीय कार्यको लागि प्रयोग गरिआएको यो सत्तल ङिगटी तथा टायलको छाना राखी निर्माण गरिएको छ। यस सत्तलको पूर्वमा मन्दिरहरू, पश्चिम, उत्तर तथा दक्षिण तीनैतिर बाटो पर्दछ। यस सत्तलको पूर्वतर्फ पाँच कवल र पश्चिमतर्फपनि पाँचै कवल रहेको छ। सत्तलमा प्रयोग गरिएका टायल तथा ङिगटी कहीं कहीं टूट फूट भैसकेकोले फेर्नु पर्ने देखिन्छ।






लम्बाइ — ३३'
चौडाइ — २०'
टोल — आर्यघाट, देवपत्तन
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१००) / व. नं. ८

भौतिक विवरण:—

बटुवाहरूकालागि विश्राम गर्न निर्मित यो पाटी तीन कवल पश्चिम मोहडाको छ। पाटीको छाना ईट तथा सिमेन्टको मिश्रणबाट बनाइएको देखिन्छ। यस पाटीको पूर्वमा मन्दिर, पश्चिममा बाटो, उत्तरमा पनि बाटो र दक्षिणमा सत्तल पर्दछ।






लम्बाइ — १५'
चौडाइ — ६'
टोल — आर्यघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१०१) / व. नं. ८

भौतिक विवरण:–

शैलीको दृष्टिकोणबाट साधारण देखिए तापनि घरबारविहीन व्यक्तिहरूकालागि बस्न उपयुक्त ठहरिएकोले यस सत्तलको आफ्नै महत्व रहिआएको छ । पश्चिम मोहडाको यस सत्तलको पूर्वमा मन्दिर, पश्चिममा बाटो, उत्तरमा पाटी र दक्षिणमा सत्तल पर्दछ ।






लम्बाइ — १२'
चौडाइ — ११'
टोल — आर्यघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – राम्रो

पाटी (१०२) / व. नं. ८

भौतिक विवरण:—

राम मन्दिरको तीनतिर फैलिने गरी निर्माण गरिएको यो पाटी जस्ताको छाना राखी निर्माण गरिएको छ । पाटीको पश्चिमतर्फ चौध कवल र दक्षिणतर्फ सत्र कवल रहेको छ । राम मन्दिरमा पूजा गर्न आउने धर्मावलम्बीहरूकालागि निर्मित यस पाटीको पूर्वमा बन, पश्चिममा घाट, उत्तरमा मन्दिरतर्फ आउने बाटो र दक्षिणमा वन पर्दछ ।





लम्बाइ — ३००'
चौडाइ — ८'
टोल — राम मन्दिर
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – राम्रो

सत्तल (१०३) / व. नं. ८

भौतिक विवरण:—

"दशरथ गृह" नामक यस सत्तलको भुइँमा सिमेन्ट प्लास्टर गरिएको र छाना जस्ताले छाइएको छ। यस सत्तलको पूर्वमा राम मन्दिर आउने बाटो तथा पर्खाल, पश्चिममा घाट, उत्तरमा मन्दिरको चोक दक्षिणमा राम मन्दिर पर्दछ। शुरूदेखि धार्मिक कार्यमा यस सत्तलको प्रयोग भइ आएको देखिन्छ।





लम्बाइ — ६०'
चौडाइ — २५६'
टोल — राम मन्दिर
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था _ राम्रो

सत्तल (१०४) / व. नं. ८

भौतिक विवरण:—

भौतिक स्वरूपमा अंग्रेजी अक्षर "एल" जस्तो भएको यो सत्तल पश्चिम र दक्षिण गरी दुई दिशामा फैलिएको छ। सत्तलको पश्चिम तर्फ सात र दक्षिणतर्फ एघार कवल रहेको छ। यस सत्तलको पूर्वमा वन, पश्चिममा पाटी, उत्तरमा मन्दिर र दक्षिणमा मन्दिर तथा वन पर्दछ। सत्तलको छाना पूर्णरूपले भत्किसकेको हुनाले स्थानीय जनतालाई यस सत्तलको कुनै उपादेयता छैन।






लम्बाइ — १२०'
चौडाइ — २०'
टोल — मृगस्थली, गोरखनाथ
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१०५) / व. नं. ८

भौतिक विवरण :–

जस्ताको छाना भएको यस सत्तलको तल्लो भागमा प्रहरी चौकी बसेको तथा माथिल्लो भागमा गुठीको मालसामान राख्ने गरेको देखिन्छ । ऊयाल तथा ढोका विभिन्न बुट्टाले सिंगारिएको यस सत्तलको पूर्वमा सत्तल, पश्चिममा गुह्येश्वरी जाने सडक, उत्तरमा कच्ची बाटो र दक्षिणमा पशुपति जाने मूल सडक पर्दछ ।






लम्बाइ — १००'
चौडाइ — ८०'
टोल — पशुपति
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — रणबहादुर शाह
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – राम्रो

सत्तल (१०६) / व. नं. ८

भौतिक विवरण :—

घरबारविहीन गरीब परिवारले बसोबास गरिआएको यो सत्तल जस्ताको छाना राखी निर्माण गरिएको छ । यस सत्तलको पूर्वमा घर, पश्चिममा सत्तल, उत्तरमा कच्ची बाटो र दक्षिणमा पशुपतिनाथको मन्दिर जाने बाटो पर्दछ । सत्तलको ऊयालमा कुँदिएका बुट्टाले दर्शकको ध्यानाकर्षण गर्दछ ।






लम्बाइ — २५'
चौडाइ — १६'
टोल — पशुपति
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

चउर (१०७) / व. नं. ८

भौतिक विवरण:—

हिन्दूहरूको महान पर्व शिवरात्रीमा पशुपति दर्शनार्थ आउने भक्तालुहरूको सुरक्षाको निम्ति प्रहरी क्याम्प यस चउरम बस्नुको अलावा यस चउरमा निर्मित डबलीमा घोडे जात्राको समयमा देवताहरू राखी घुमाउने परम्परापनि रहेको देखिन्छ। यस चउरको पूर्वमा पाटी तथा सत्तल, पश्चिममा घरहरू, उत्तरमा बागमती नदी जाने बाटो र दक्षिणमा पाटी पर्दछ।






लम्बाइ — १००'
चौडाइ — ६०'
टोल — जम्केश्वरी
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

चउर (१०८) / व. नं. ८

भौतिक विवरण:—

स्थानीय जनताकालागि गाईवस्तु चराउन तथा केटाकेटीहरूकालागि खेल्न यस चउरले निकै सघाउ पुऱ्याउँदै आएको देखिन्छ। यस चउरको पूर्वमा मूल सडक, पश्चिममा कच्ची बाटो, उत्तरमा गोरेटो बाटो तथा घर र दक्षिणमा घर तथा बारी पर्दछ।






लम्बाइ — ४००'
चौडाइ — ७०'
टोल — चाबहिल
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (१०९) / व. नं. ८

भौतिक विवरणः—

जस्ताको छाना हाली निर्माण गरिएको यो सत्तल पाँच कवल, दुई नाले पूर्व मोहडाको छ। यस सत्तालको चार किल्ला यस प्रकार रहेको छ। पूर्वमा जयबागेश्वरीको मन्दिर, पश्चिममा खाली ठाउँ तथा पर्खाल, उत्तरमा सानो मन्दिर र दक्षिणमा बारी पर्दछ। हाल यस सत्तालको आवासीय प्रयोग भैरहेको देखिन्छ।






लम्बाइ — ४५'
चौडाइ — ३८'.६"
टोल — जयबागेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (११०) / व. नं. ८

भौतिक विवरणः—

हालसम्म भौतिक अवस्था सन्तोषजनक देखिने यस दुई तले सत्तलको थामहरूमा कुँदिएका बुट्टाहरू विशेष आर्कषकको छ। जस्ताको छाना भएको यस सत्तालको पूर्वमा पाटी, पश्चिममा खाली ठाउँ, उत्तरमा बाटो तथा मन्दिर र दक्षिणमा पनि बाटो तथा मन्दिर नै पर्दछ। गरीब व्यक्तिहरूकालागि बसोबास गर्न उपयोगी ठहरिएको यो सत्तल तीन कवल पश्चिम मोहडाको छ।





लम्बाइ — १२'
चौडाइ — १०'
टोल — मृगस्थली
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९०६
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१११) / व. नं. ८

भौतिक विवरणः–

हालसम्म भौतिक अवस्था ठीकै देखिएको यो सत्तल तीन तलाको छ । जस्ताको छाना भएको यस सत्तलको पूर्वमा बागमती नदी. पश्चिममा मन्दिर तथा प्राङ्गण, उत्तरमा झाडी र दक्षिणमा बासुकी नागको मन्दिर पर्दछ। धार्मिक क्रियाकलापमा यस सत्तलको प्रयोग हुँदै आएको छ।






लम्बाइ — ३५'
चौडाइ — २०'
टोल — पशुपति
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (११२) / व. नं. ८

भौतिक विवरणः—

काठको खम्बाहरूमा बुट्टा कुँदी बनाएको यो पाटी तीन कवल पश्चिम मोहडाको छ । यस पाटीको पूर्वमा मन्दिर, पश्चिममा बाटो, उत्तरमा टुंगाले छापेको ठाउँ र दक्षिणमा बाटो पर्दछ। हाल एक जना जोगीले यस पाटीमा बसोबास गरेको देखिन्छ।






लम्बाइ — ९'
चौडाइ — ५'
टोल — पशुपति, आर्यघाट
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (११३) / व. नं. ८

भौतिक विवरणः—


दायाँ बायाँ दुई दुई वटा ऊयाल र बीचमा एक ढोका राखी बनाइएको यो पाटी दक्षिण मोहडाको छ । यस पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा बाटो, उत्तरमा खाली ठाउँ र दक्षिणमा पाटीको आँगन पर्दछ । गरीब गुरूवाहरू यस पाटीमा बस्ने गर्दछन् ।





लम्बाइ — १८'
चौडाइ — १०'
टोल — राम मन्दिर
अभिलेखपत्र —

निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


0 50 100 200 300 मी
उ.
नदी
सडक
रेल्वे
पोस्टरी
नजर
सडक नदी खोला
नदी
गाउँ
सडक
रेल्वे फाटक
नदी


सत्तल (१) / व. नं. ९

भौतिक विवरणः—

राम मन्दिरको सन्निकट निर्माण गरिएको यस सत्तलको समयमा आवश्यक जीर्णोद्धार कार्य नभएको हुँदा हाल गारोको केही अंश मात्र अवशेषकोरूपमा बाँकी छ । दुई नाले दक्षिण मोहडाको यस सत्तलको पूर्वमा खाली टाउँ, पश्चिममा मन्दिर तथा मठ, उत्तरमा सिस्नुको झयाङ्ग र दक्षिणमा चोक तथा राम मन्दिर पर्दछ । यस सत्तलको आवश्यक जीर्णोद्धार गरी पुनः सार्वजनिक प्रयोगमा ल्याउनुपर्ने देखिन्छ ।



लम्बाइ — ३२'
चौडाइ — १८'
टोल — बत्तिसपुतली, राम मन्दिर
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति — वि. सं. १९२८
बनाउने व्यक्ति — सनक सिं कर्णेल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो


राम सत्तल (२) / व. नं. ९

भौतिक विवरण :–

झिंगटी छाना हाली प्राचीन ढाँचामा निर्माण गरिएको यो सत्तल दुई तले पधार कवलको छ । प्राचीन काष्ठकलाले सत्तललाई सिंगारिएको देखिन्छ । छानामा प्रयोग गरिएका काठ आदि ठाउँ ठाउँमा फुटिसकेकोले यथाशीघ्र जीर्णोद्धार कार्य थालिनु आवश्यक देखिन्छ । पश्चिम मोहडाको यस सत्तलको पूर्वमा खाली ठाउँ, पश्चिममा मन्दिर, उत्तरमापनि खाली ठाउँ र दक्षिणमा झ्याङ्ग पर्दछ ।



लम्बाइ — ५६'
चौडाइ — १६'
टोल — बत्तीसपुतली, राम मन्दिर
अभिलेखपत्र —





निर्माण मिति — वि. सं. १९२८
बनाउने व्यक्ति — सनक सिं कर्णेल
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (३) / व. नं. ९

भौतिक विवरण:–

संरक्षणको अभावमा हाल सत्तलको माथिल्लो भाग पूर्णरूपले भत्किसकेको र केवल भुइँ तला मात्र हाल बाँकी छ । पाँच कवल भएको यस सत्तलको पूर्वमा मन्दिर, पश्चिममा खाली ठाउँ, उत्तरमा मठ तथा खाली ठाउँ र दक्षिणमापनि मठ तथा खाली ठाउँ नै पर्दछ । साधारण शैलीमा तयार गरिएको यो सत्तल भत्किएको अवस्थामा रहेकोले स्थानीय जनतालाई यसको कुनै उपादेयता छैन ।





लम्बाइ — ५०'.४"
चौडाइ — १२'
टोल — बत्तीसपुतली
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १९२८
बनाउने व्यक्ति — सनक सिं कर्णेल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (४) / व. नं. ९

भौतिक विवरण:—

मकर मुखाकृत यी तीन ढुंगेधाराको समुहले स्थानीय जनताको पानीको आवश्यकतालाई ठूलो हदसम्म परिपूर्ति गर्दैआएको देखिन्छ । मुहान राम्रो र निकासको उचित प्रबन्ध भएको हुनाले एकातिर धाराबाट निरन्तर गतिमा पानी आइरहन्छ भने अर्कोतिर धाराको तल अलिकति पनि पानी जम्दैन । उत्तर दिशामा फर्केका यी त्रि–ढुंगेधाराकों पूर्वमा खाली ठाउँ तथा ढिस्को, पश्चिममा बारी, उत्तरमा खाली ठाउँ तथा पक्की सडक र दक्षिणमा खाली ठाउँ पर्दछ ।






लम्बाइ — २६'
चौडाइ — २२'.४"
टोल — बत्तीसपुतली
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. १९७१
वर्तमान भौतिक अवस्था — राम्रो

चउर (५) / व. नं. ९

भौतिक विवरणः—

स्थानीय बासिन्दाहरूको भनाई अनुसार पशुपति गुठीको चउर भनिने यस चउरले स्थानीय इलाकाको वातावरण स्वच्छ तुल्याउनमा निकै सघाउ पुऱ्याएको देखिन्छ । यसको अतिरिक्त स्थानीय बालबच्चाकालागि क्रीडा स्थलकोरूपमापनि यस चउरले योगदान पुऱ्याउँदै आएको छ । चउरको चार किल्लाको हकमा पूर्वमा बाटो तथा गोरेटो बाटो र पश्चिममा घर तथा बारी, उत्तरमा चक्रपथ र दक्षिणमापनि स्थानीय जनताको घर तथा बारी पर्दछ ।






लम्बाइ — १००'
चौडाइ — ७५'
टोल — बत्तीसपुतली
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (६) / व. नं ९

भौतिक विवरणः—

लुगा धुन, नुहान र पानी पिउन सघाउ पुऱ्याउँदै आएको यस ढुंगेधाराको निकास हाल बिग्रिसकेकोले धाराको तल पानी जम्ने गरेको देखिन्छ । धाराको चारैतिर झारपात उम्रिएकोले वातावरण फोहर देखिन्छ । धाराको पूर्वमा घर तथा बाटो, पश्चिममा खाली ठाउँ, उत्तरमा पक्की सडक र दक्षिणमा बाटो तथा खाली ठाउँ पर्दछ । यो ढुंगेधारा उत्तरतर्फ फर्केको छ ।





लम्बाइ — ६'
चौडाइ — ५'
टोल — बत्तीसपुतली
अभिलेखपत्र —


निर्माण मिति — ने. सं. ९६८ कार्तिक
बनाउने व्यक्ति — ठाकुसि भारो, हरि भारो
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (७) / व. नं. ९

भौतिक विवरण:—

दक्षिण दिशामा फर्केको यो द्वय ढुंगेधाराहरूको मुहान बलियो भए तापनि निकासको उचित व्यवस्था नभएको हुनाले धाराबाट आउने पानी धारामुनि नै जम्ने गरेको देखिन्छ । धाराको माथितिर नाग लगायत अन्य देवताका मूर्तिहरू स्थापना गरी धारालाई पवित्र तुल्याएको देखिन्छ । यी ढुंगेधाराको पूर्वमा गोरेटो बाटो तथा खाली ठाउँ, पश्चिममा बारी, उत्तरमापनि बारी र दक्षिणमा गोरेटो बाटो पर्दछ । स्थानीय जनताकालागि लुगा धुन र नुहाउन यो ढुंगेधाराहरूले सघाउ पुऱ्याउँदै आएको छ ।






लम्बाइ — २२'
चौडाइ — १६'
टोल — बत्तीसपुतली, पिंबहाल
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (८) / व. नं. ९

भौतिक विवरण:—

मुहान एवं निकास दुवै हालसम्म सन्तोषजनक रहेको यस ढुंगेधाराले स्थानीय जनताको दैनिक घरायसी कामकाजकोलागि आवश्यक पानीको परिपूर्ति गर्दै आईरहेको छ । ईटाले छापेको भुई समथर नभएकोले सिमेन्ट प्लास्टर गरी समथर गरेमा धाराको सौन्दर्य बढने देखिन्छ । पश्चिम दिशामा फर्केको यस ढुंगेधाराको पूर्वमा खाली ठाउँ, पश्चिममा गोरेटो बाटो तथा आँगन उत्तरमा झाडी र दक्षिणमा गोरेटो बाटो पर्दछ ।






लम्बाइ — १०'
चौडाइ — ८'
टोल — बत्तीसपुतली
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — पूर्णे धोबी, डिल्लीबजार
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (९) / व. नं. ९

भौतिक विवरण:–

भौतिक अवस्था सन्तोषजनक रहेको यस ढुंगेधाराले स्थानीय जनतालाई लुगा धुन वा नुहाउन आवश्यक पानीको आपूर्ति गर्दैआएको देखिन्छ। मकर मुखाकृत यस ढुंगेधाराको पूर्वमा बारी, पश्चिममा बारी तथा घर, उत्तरमा पनि बारी र दक्षिणमापनि बारी नै पर्दछ। ढुंगेधाराको मुहँ समथर नभएको हुँदा पानी जम्ने गर्दछ।






लम्बाइ — १२'
चौडाइ — ७'
टोल — बत्तीसपुतली
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२८
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१०) / व. नं. ९

भौतिक विवरण:—

हनुमान प्रयागघाटमा अवस्थित यस प्राचीन सत्तलको ठाउँमा हाल जनश्रमदानको फलस्वरूप आधुनिक ढाँचामा सिमेन्ट ढलान गरी वि. सं. २०३३ देखि नयाँ सत्तलको जीर्णोद्धार कार्य शुरू भैरहेको देखिन्छ। स्थानीय मानिसको भनाई अनुसार यो सत्तल पाँच कवल दुई तले गरी निर्माण कार्य सम्पन्न गर्ने देखिन्छ। पूर्व मोहडाको यस सत्तलको पूर्वमा खाली ठाउँ, पश्चिममा बारी तथा घर, उत्तरमा बारी तथा खेत र दक्षिणमा त्रिभुवन विमानस्थल जाने पिच सडक पर्दछ।






लम्बाइ — ४०'
चौडाइ — १८'
टोल — बत्तीसपुतली, हनुमान प्रयागघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — वि. सं. २०३३ वैशाख
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – राम्रो

ढुंगेधारा (११) / व. नं. ९

भौतिक विवरणः—

उत्तर दिशातर्फ फर्केको यस ढुंगेधाराको मुहान एवं निकास दुवै हालसम्म राम्रो अवस्थामा रहेको छ । यस धाराको मास्तिर विभिन्न देवी देवताको मूर्ति प्रतिस्थापना गरी धारालाई पवित्र तुल्याएको छ । ढुंगेधाराको पूर्वमा खाली ठाउँ तथा गोरेटो बाटो, पश्चिममा ऊयाङ्ग तथा खाली ठाउँ, उत्तरमा पिच रोड र दक्षिणमा घर तथा खाली ठाउँ पर्दछ । लुगा धुने, नुहाउने आदि कार्यमा ढुंगेधाराको उपयोग भएको देखिन्छ ।





लम्बाइ — २५'३"
चौडाइ — १५'.८"
टोल — सिनामंगल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति — वि. सं. २०१७
वर्तमान भौतिक अवस्था – राम्रो

चउर (१२) / व. नं. ९

भौतिक विवरणः—

स्थानीय जनताकालागि आफ्नो वस्तुभाउ चराउन तथा केटाकेटीहरूकालागि खेलकूद खेल्न यस चउरले सघाउ पुऱ्याउँदै आएको छ । यस चउरको पूर्वमा कच्ची बाटो तथा घर, पश्चिममा बाटो तथा ऊयाङ्ग, उत्तरमा बाटो तथा बारी र दक्षिणमा ऊयाङ्ग तथा बाटो पर्दछ । चउरको बीचमा एक खरीको बोटपनि रहेको छ ।






लम्बाइ — ५००'
चौडाइ — १००'
टोल — कालीमाटी डोल
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (१३) / व. नं. ९

भौतिक विवरणः—

पश्चिम दिशातर्फ फर्केको यस ढुंगेधाराको केही वर्ष अधिमात्र जीर्णोध्दार गरिएको हुनाले वर्तमान भौतिक अवस्था राम्रो छ। ढुंगेधाराको पूर्वमा खेत तथा बाटो र अन्य तीनैतिर आवादि खेत पर्दछ। शैलीको दृष्टिकोणले साधारण रहे तापनि उपयोगिताको दृष्टिकोणले यस ढुँगेधाराको महत्व छ।






लम्बाइ — १०'
चौडाइ — ४'
टोल — हर्जनटोल
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३१ वैशाख
वर्तमान भौतिक अवस्था – राम्रो

पाटी (१४) / व. नं. ९

भौतिक विवरणः—

जीर्णोद्धारपछि यस पाटीको भौतिकस्वरूपमा सामान्य परिवर्तन हुनुको साथै आकारमा केही सानो भएको देखिन्छ। पाटीको छाना जस्ताले छाइएको छ। उत्तर मोहडाको यस दुई कवल पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा खाली ठाउँ तथा बाटो, उत्तरमा चक्रपथ तथा बज्रेश्वरी र दक्षिणमा खेत पर्दछ। हरेक साल घोडे जात्राको दिन स्थानीय जनता यस पाटीमा आई भोज खाने परम्परा रहेको देखिन्छ।






लम्बाइ — १४'
चौडाइ — १२'
टोल — पेङ्गखोल, चक्रपथ गौशाला
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३३ जेष्ठ
वर्तमान भौतिक अवस्था – राम्रो


ढुंगेधारा (१५) / व. नं. ९

भौतिक विवरण:—

कलाको दृष्टिकोणले साधारण देखिने यस ढुंगेधाराबाट निरन्तर गतिमा पानी आइरहने हुनाले स्थानीय इलाकाका मानिसहरुलाई लुगा धुन, नुहाउन यस धारा निकै उपयोगी ठहरिएको छ। यस ढुंगेधाराको पूर्वमा बारी, पश्चिममा बाटो, उत्तरमा बारी र दक्षिणमा घर तथा बारी पर्दछ। धाराको ठीक माथि देवताको सानो प्रतिमापनि स्थापना गरेको छ।



लम्बाइ — १५'
चौडाइ — १२'
टोल — बत्तीसपुतली
अभिलेखपत्र —




निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — गोपाल भट्ट
जीर्णोद्धार मिति— वि. सं. २०१८
वि. सं. २०२८
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (१६) व. नं. ८

भौतिक विवरण:—

सत्तल भत्किनु अघि धार्मिक क्रियाकलापमा प्रयोग हुने भए तापनि हाल यस सत्तलको संपूर्ण भाग भत्किसकेको अवस्थामा रहेको छ। सत्तलको चार किल्ला यस प्रकार छ। पूर्वमा खाली ठाउँ पश्चिममा खाली ठाउँ तथा मठ, उत्तरमा चोक तथा मन्दिर र दक्षिणमा खाली ठाउँ पर्दछ, । जीर्णोद्धार चाँडै गर्न सकेको खण्डमा पुनः धार्मिक कार्यमा सत्तललाई प्रयोग गर्न सकिन्छ।



लम्बाइ — ४०'
चौडाइ — १२'
टोल — बत्तीसपुतली, राम मन्दिर
अभिलेखपत्र —





निर्माण मिति — वि. सं. १९२८
बनाउने व्यक्ति — सनक सिं कर्णेल
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

सतल (१७) / व. नं. ९

भौतिक विवरण:—


पश्चिमाभिमुख यस ढुंगेधाराको मुहान राम्रो भएता पनि निकास बिग्रिसकेको र भुइँको ईट पनि ठाउँ ठाउँमा फुटिसकेकोले बढी बिग्रन नदिन निकास तथा भुइँको छिटै मर्मत गर्नु पर्ने देखिन्छ। लुगा धुन, नुहाउन र पानी पिउन महत्व रहिआएको यस ढुंगेधाराको पूर्वमा बारी, पश्चिममा गोरेटो बाटो, उत्तरमा धारा तथा गोरेटो बाटो र दक्षिणमा बारी पर्दछ।





लम्बाइ — ९'
चौडाइ — ५'
टोल — बत्तीसपुतली
अभिलेखपत्र —

निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — पूर्ण धोबी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो



बालेश्वर
बालेश्वर धोबीधारा
महादेवस्थान
खोली खोला
उत्तरकेदारखण्ड
केदेश्वर क्याम्प
शिवालय
कोटेश्वर
कोटेश्वर
शंखमूल
संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
0 २० १०० २०० ३०० मी
वडा नं. 10

ढुंगेधारा (१) / व. नं. १०

भौतिक विवरण:—

हालसम्म पानी आइरहेको यस ढुंगेधाराको माथि नारायणको मूर्ति र तल अन्य देवताको मूर्ति प्रतिष्ठापना गरी धारालाई पक्षिल तुल्याएको देखिन्छ। बराबर मर्मत भैरहने भए तापनि हाल गारो भत्किएको हुनाले पुनः जीर्णोद्धार गर्नु पर्ने देखिन्छ। ढुंगेधाराको चार किल्ला यस प्रकार रहेको छ—पूर्वमा खाली ठाउँ, पश्चिममा पनि खाली ठाउँ, उत्तरमा गोरेटो बाटो तथा खेत र दक्षिणमा बाटो पर्दछ।





लम्बाइ — १५'
चौडाइ — १३'
टोल — कोटेश्वर
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२) / व. नं. १०

भौतिक विवरण:—

झिंगटी छाना हाली बनाएको यस पाटीको झिंगटी धेरै ठाउँमा भत्किसकेको हुनाले छानाबाट वर्षा याममा पानी चुहिने गर्दछ। छानाबाट पानी चुहिनाले पाटीभित्रको दलिन हाल कुहिएर बेकम्मा अवस्थामा रहेको र गारो पनि पूर्णरूपले मर्मत गर्नु पर्ने देखिन्छ। पाटीको थाममा विभिन्न किसिमका फूलका बुट्टाहरू कुँदिएकोले पाटीको सौन्दर्य बढ्न गएको छ। तीन कवल उत्तर मोहडाको यस पाटीको पूर्वमा कच्ची गोरेटो बाटो, पश्चिममा चोक, उत्तरमा कोटेश्वर महादेव स्थान र दक्षिणमा कच्ची गोरेटो बाटो पर्दछ।






निर्माण मिति — ने. सं. ९४७
बनाउने व्यक्ति — गणेश पुरी
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था – नराम्रो


लम्बाइ — १५'
चौडाइ — ९'
टोल — कोटेश्वर, महादेवस्थान
अभिलेखपत्र — शिलापत्र

पाटी (३) / व. नं. १०

भौतिक विवरणः—

मर्मत सम्भारको अभावमा हाल यस पाटीको झिंगटीको छानाको पश्चिमपट्टिको केही भाग भत्किसकेको हुनाले यथाशीघ्र जीर्णोद्धार गर्नु पर्ने देखिन्छ। पाटीको पूर्वमा चोक, पश्चिममा चउर, उत्तरमा पनि चउर र दक्षिणमा बाटो पर्दछ। कोटेश्वर महादेवको पुजारीले पूजा सामान आदि राख्न प्रयोग गरेको यो पाटी तीन कवल पूर्व मोहडाको छ।






निर्माण मिति — ने. सं. ९४७
बनाउने व्यक्ति — गणेश पुरी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


लम्बाइ — १६'
चौडाइ — १०'
टोल — कोटेश्वर, महादेवस्थान
अभिलेखपत्र — शिलापत्र

पाटी (४) / व. नं. १०

भौतिक विवरणः—

मन्दिरमा पूजा गर्न आउनेहरूको लागि बस्न उपयुक्त ठहरिएको यो पाटी झिंगटी छाना हाली प्राचीन शैलीमा निर्माण गरिएको छ। पाटीको भुइँमा सिमेन्टले प्लास्टर गरेको हुनाले भुइँ सँधैं सफा अवस्थामा रहेको छ। यस पाटीको पूर्वमा सत्तल, पश्चिममा बाटो, उत्तरमा मन्दिर तथा चोक र दक्षिणमा चउर रहेको छ। उत्तर मोहोडाको यो पाटी पाँच कवलको छ।






लम्बाइ — २६'
चौडाइ — ८'
टोल — कोटेश्वर, महादेवस्थान
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — वंशीलाल जोशी
ललितपुर, नायोलखु
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (५) / व. नं. १०

भौतिक विवरण:—

कोटेश्वर महादेवस्थानको प्राङ्गणमा परापूर्व कालमा निर्माण गरिएको यस सत्तलले संरक्षण एवं सम्भारको अभावमा हुन सक्ने परिणामको ज्वलन्त उदाहरण प्रस्तुत गरेको छ। हाल यस सत्तलको छानादेखि संपूर्ण भाग भत्किसकेको र केवल दक्षिणतर्फको गारोमात्र देखा परेको छ। यस सत्तलको पूर्वमा कोटेश्वर महादेवस्थान, पश्चिममा चोक तथा मन्दिर, उत्तरमा गोरेटो बाटो र दक्षिणमा चउर पर्दछ। सत्तल भत्किनु अघि मन्दिरमा पूजा-आजा गरी भोज मनाउने र भजन कीर्तन गर्ने प्रयोग हुने गरेको देखिन्छ।






लम्बाइ — ४६'.४"
चौडाइ — २१'.८"
टोल — कोटेश्वर, महादेवस्थान
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — वंशीलाल जोशी
ललितपुर, नायोलखु
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (६) / व. नं. १०

भौतिक विवरण:—

चारै दिशामा फैलिएको यस सत्तलको भौतिक स्वरूपमा हाल सत्तलको पूर्वी र दक्षिण भाग पूर्ण रूपले भत्किसकेको अवस्थामा रहेको छ। भत्किसकेको भागमा पुनः सत्तल निर्माण गरी सार्वजनिक सम्पत्ति संरक्षण गर्ने स्थानीय मानिस सक्रिय रूपमा संलग्न भएको देखिन्छ। यो सत्तल प्राचीन काष्ठकलाको क्षेत्रमा धनी देखिन्छ। सत्तलको ढोका, झ्याल, खम्बा आदिमा कुँदिएको विभिन्न किसिमका सुन्दर बुट्टाले माथिको कुरालाई चरितार्थ गर्दछ। विभिन्न धार्मिक पर्वहरूमा पूजा हुँदा भक्तजनहरू बस्नको लागि निर्माण गरिएको यस सत्तलको चार किल्ला निम्नबमोजिम रहेको छ। सत्तलको पूर्वमा स्कूल, पश्चिममा स्थानीय मानिसको घर तथा बारी, उत्तरमा चउर र दक्षिणमा बारी पर्दछ।






लम्बाइ — ५५'
चौडाइ — ८'
टोल — कोटेश्वर, महादेवस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९१९ माघ
बनाउने व्यक्ति — गगन सिंह
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (७) / व. नं. १०

भौतिक विवरण:—

यस ढुङ्गे धाराको मुहान सुकिसकेकोले पानी नआउने भएको र चारैतिर रहेको पर्खाल पनि हेरचाहको अभावमा भत्किन गई हाल ढुङ्गे धारालाई चारैतिरबाट पुरिन गई साधारणतया नदेख्ने अवस्थामा पुगिसकेको छ । पुरिन गएको यस धारालाई उत्खनन गरी जीर्णोद्धार नगरिएमा स्थानीय मानिसहरूको लागि केवल फोहर, कसिङ्गर पर्याँक्ने स्थल बाहेक अरू केही हुन नसक्ने स्थिति देखिन्छ । यस ढुङ्गे धाराको पूर्वमा बारी, पश्चिममा बाटो, उत्तरमा चउर र दक्षिणमा स्थानीय मानिसको घर तथा बाटो पर्दछ ।






लम्बाइ — २२'
चौडाइ — २०'
टोल — कोटेश्वर, महादेवस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (८) / व. नं. १०

भौतिक विवरण:—

पश्चिम दिशातर्फको यस ढुङ्गे धाराबाट हाल मुहान सुकिन लागेकोले वा अन्य कारणवश नगण्य रूपमा मात्र पानी आउने गरेको छ । चारैतिर रहेको पर्खाल भत्किसकेकोले समयमा मर्मत गर्नुपर्ने देखिन्छ । मकरको आकृति कुँदिएको यस ढुङ्गे धाराको पूर्वमा बाटो, पश्चिममा भन्याङ, उत्तरमा बाटो र दक्षिणमा बारी पर्दछ ।






लम्बाइ — ११'
चौडाइ — ८'
टोल — कोटेश्वर, महादेवस्थान
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (९) / व. नं. १०

भौतिक विवरण:—

आधुनिक शैलीमा छाना ढलान गरी निर्माण गरिएको हुनाले यस पाटीको वर्तमान भौतिक अवस्था ज्यादै मजबूत अवस्थामा रहेको छ। यो पाटी कलात्मक दृष्टिकोणले उत्तिको आकर्षक नभए पनि बटुवाहरूका लागि र खेतमा काम गर्ने किसानहरूका लागि विश्राम गर्न यस पाटीको आफ्नै महत्व रहेको देखिन्छ। उत्तर मोहडाको यस तीन कवल पाटीको पूर्वमा खेत, पश्चिममा खाली ठाउँ र पर्खाल, उत्तरमा पुलतर्फ जाने बाटो र दक्षिणमा खेत पर्दछ।






लम्बाइ — १५'
चौडाइ — ९'
टोल — कोटेश्वर, महादेवस्थान
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — रास्रो

पाटी (१०) / व. नं. १०

भौतिक विवरण:—

यस पाटीको भौतिक अवस्था रास्रो भए तापनि सही उद्देश्यमा उपयोग नभएको देखिन्छ। सार्वजनिक रूपमा विश्राम स्थल हुनुपर्ने यो पाटी हाल फोहर, कसिङ्गर फ्याँक्ने स्थलको रूपमा परिणत भएको छ। जम्मा तीन कवल रहेकोमा दुई कवल ईंटाले बन्द गरी खालि एक कवल मात्र खुला गरेको छ। पश्चिम मोहडाको यस पाटीको पूर्वमा खेत, पश्चिममा बागमती नदीको किनार, उत्तरमा पुल र दक्षिणमा खेत पर्दछ।






लम्बाइ — १८'
चौडाइ — ९'
टोल — कोटेश्वर
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २००५ चैत्र
बनाउने व्यक्ति — श्री ३ जुद्ध शम्शेरको कान्छी महारानी
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था - रास्रो

सत्तल (११) / व. न. १०

भौतिक विवरण:—

धार्मिक तथा आवासीय प्रयोग भैरहेको यस "कुटि विहार" नामक सत्तलको समय समयमा मर्मत सम्भार भैरहने हुनाले भौतिक अवस्था सन्तोषजनक देखिन्छ। सत्तलको छाना टायलले छाइएको छ। सत्तलको पूर्वमा बाटो, पश्चिममा बारी, उत्तरमा चोक र दक्षिणमा स्थानीय मानिसको घर रहेको छ। समय समयमा बौद्धमार्गीहरू आई बस्ने भएकाले सत्तलको महत्व रहेको छ।






लम्बाइ — २६'
चौडाइ — १३'
टोल — कोटेश्वर
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२१
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (१२) / व. नं. १०

भौतिक विवरण:—

प्राचीन ढुंगेधारामा स्थानीय जनताको सक्रियतामा हाल खाने पानीको पाइप जडान गरी सार्वजनिक कलधारामा ढुंगेधारालाई परिणत गरेको छ। धाराको चारैतिर सिमेन्टले प्लास्टर गरेको हुनाले वातावरणमा शोभायमान देखिन्छ। हाल लुगा धुन वा नुहाउनमा मात्र धाराको प्रयोग सीमित नभै पिउने पानीको लागि समेत यस धाराको उपयोग भैरहेको देखिन्छ। पश्चिम मोहडाको यस ढुंगेधाराको पूर्वमा बाटो र बाँकी तीनैतिर खेत रहेको छ।






लम्बाइ - १५'
चौडाइ - ८'
टोल - कोटेश्वर
अभिलेखपत्र -


निर्माण मिति - १९ सौं शताब्दी
बनाउने व्यक्ति -
जीर्णोद्धार मिति— वि. सं. २०३०
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (१३) / व. नं. १०

भौतिक विवरण:—

यस ढुंगेधाराको मुहान सुकिसकेकोले स्थानीय जनताले खाने पानीको दैनिक आवश्यकता परिपूर्ति गर्न पाइप जडान गरी खाने पानी ल्याउने कार्य गरेको देखिन्छ। ईंटाको पर्खालले धारालाई घेरिएको र भुइँमा सिमेन्टले प्लास्टर गरेको छ। पूर्व फर्केको यस ढुंगेधाराको पूर्वमा खेत, पश्चिममा चउर, उत्तरमा बाटो र दक्षिणमा खेत पर्दछ।






लम्बाइ — १२'
चौडाइ — ८'
टोल — मीन भवन
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — भीम शम्शेर
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१४) / व. नं. १०

भौतिक विवरण:—

साधारण शैलीमा झिगटी छाना हाली निर्माण गरिएको यो पाटी वरिपरिको खेतमा काम गर्ने किसानहरुको लागि विश्राम गर्न विशेष महत्वको छ। शैलीमा साधारण रहेको यस पाटीको पूर्वमा खेत र अरु तीनतिर गोरेटो बाटो रहेको छ।






लम्बाइ — २०'
चौडाइ — १३'.९"
टोल — मीन भवन
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१५) / व. नं. १०

भौतिक विवरण:—

टायल छाना हाली बनाइएको यस पाटीको छानाको घेरै अंश बिग्रिएको कारणले छानाबाट पानी चुहिएर गारो समेत बिग्रिएको अवस्थामा रहेको छ। पाटीमा प्रयोग गरेका दलिनहरु मकिएर ढुक्किने अवस्थामा रहेकाले सार्वजनिक प्रयोगबाट यो पाटी हटिसकेको छ। पाटीको पूर्वमा बारी, पश्चिममा बाटो, उत्तरमा गंगादेवीको मन्दिर र दक्षिणमा घर पर्दछ। उत्तर मोहडाको यो पाटी तीन कवलको छ।






लम्बाइ — १५'
चौडाइ — ८'
टोल — बानेश्वर
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (१६) / व. नं. १०

भौतिक विवरण:—

मकर मुखाकृत यस ढुंगेधाराको निकास राम्रो भए पनि मुहान सुकिसकेकोले सार्वजनिक प्रयोगको लागि यस धाराको कुनै महत्व रहेको देखिंदैन। धारामा पानी आउन बन्द भैसकेकोले स्थानीय जनताले संरक्षणतर्फ ध्यान नदिएको देखिन्छ। पश्चिम मोहडाको यस ढुंगेधाराको पूर्वमा धारातर्फ आउने बाटो, पश्चिममा पर्खाल, उत्तरमा खेत र दक्षिणमा खाली ठाउँ तथा पिच सडक पर्दछ।






लम्बाइ — ८'
चौडाइ — ६'
टोल — बानेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९८० आषाढ
बनाउने व्यक्ति — कुलबहादुर माली
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (१७) / व. नं. १०

भौतिक विवरण:—

निकास बन्द भएको र मुहान सुक्खिकेकोले हाल यस ढुंगेधाराबाट पानी आउनुको सट्टा चारैतिर घांस मात्र उम्रिएको छ। धाराको माथि बुद्ध र तल गरूडको मूर्ति राखिएको छ। दक्षिण दिशातर्फ फर्केको यस ढुंगेधाराको पूर्वमा बारी, पश्चिममा बाटो, उत्तरमा बारी र दक्षिणमा खेत पर्दछ।





लम्बाइ — १५'
चौडाइ — १२'.८"
टोल — बानेश्वर
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दा
बनाउने व्यक्ति — पद्मध्वज थापा, बानेश्वर
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (१८) व. नं. १०

भौतिक विवरण:—

यस स्थानमा भएका द्वय ढुंगेधाराहरू मध्ये पूर्व मोहडाको धाराबाट निरन्तर रूपमा ठूलो गतिमा पानी आउँछ भने त्यसको ठीक विपरीत पश्चिम मोहडाको धाराबाट नगण्य रूपमा मात्र पानी आइरहन्छ। यी ढुंगेधारामा कुंदिएका बुट्टाहरूले धाराको सौन्दर्य बढाएको छ। धाराको भुइंमा छापिएका ईंटाको अवस्था ठीकै भए तापनि वरिपरि रहेको पर्खालको यथाशीघ्र मर्मत कार्य गर्नुपर्ने देखिन्छ। स्थानीय वासिन्दाको लागि लुगा धुन, नुहाउन आदिमा उपयोगी ठहरिएको यस धाराको पूर्वमा बारी, पश्चिममा बाटो, उत्तरमा खेत र दक्षिणमा बाटो पर्दछ।





लम्बाइ — ४०'
चौडाइ — १२'
टोल — महादेवस्थान, बानेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०१६ वैशाख
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (१९) / व. नं. १०

भौतिक विवरण:—

निकास राम्रो र मुहान ठीकै देखिएको यस ढुंगेधाराले स्थानीय मानिसहरूको लागि लुगा धुन, नुहाउन आदि कार्यमा सघाउ पुऱ्याउँदै आएको छ। पश्चिम मोहडाको यस धाराको पूर्वमा चउर, पश्चिममा कुलो, उत्तरमा चउर र दक्षिणमा बाटो गएको छ।






लम्बाइ — ९'
चौडाइ — ७'
टोल — बानेश्वर, धोबीधारा
अभिलेखपत्र —

निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — फत्तेबहादुर सरदार बानेश्वर, महादेवस्थान
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (२०) / व. नं. १०

भौतिक विवरण:—

मुहान सुकिसकेकोले स्थानीय जनताको लागि कुनै महत्व नभएको यस ढुंगेधारा उत्तर मोहडाको छ। ढुंगेधाराबाट पानी नआउनाको कारणले धाराको पूर्वपट्टि एक कलधारा स्थापना गरेको देखिन्छ। यस ढुंगेधाराको पूर्वमा घर, पश्चिममा सडक, उत्तरमा पनि सडक र दक्षिणमा बारी पर्दछ।






लम्बाइ — १२'.७"
चौडाइ — ८'
टोल — बानेश्वर, बत्तीसपुतली
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

चउर (२१) व. नं. १०

भौतिक विवरण:—

स्थानीय क्षेत्रका बाल बालिकाहरूको लागि खेलकूद खेल्न र सरस्वती निम्न माध्यमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको लागि क्रीडा स्थलको रूपमा यस चउरले योगदान पुऱ्याउँदै आएको देखिन्छ । यस चउरभित्र खरी, सल्ला आदि किसिमका गरी करीब पाँचवटा बोटहरू छन् । यस सार्वजनिक चउरको पूर्वमा बारी तथा स्थानीय मानिसको घर, पश्चिममा पनि घर तथा बारी, उत्तरमा चामुन्द्रादेवी तथा कोटेश्वर महादेवको मन्दिर र दक्षिणमा सरस्वती निम्न माध्यमिक विद्यालय पर्दछ ।






लम्बाइ — २००'
चौडाइ — १५०'
टोल — कोटेश्वर, महादेवस्थान
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२२) व. नं. १०

भौतिक विवरण:—

सत्तलको थाम, ऊयाल, ढोका आदिमा कुँदिएका विभिन्न बुट्टाले गर्दा शोभायमान देखिने यस सत्तलको समय समयमा मर्मत सम्भार भैरहने हुनाले वर्तमान भौतिक अवस्था राम्रो छ । यो सत्तल नौ कवल उत्तर मोहडाको छ र सत्तलको छाना टायलले छाइएको छ । सत्तलको चार किल्लाको हकमा पूर्वमा घर, पश्चिम एवं उत्तरमा सडक र दक्षिणमा पनि घर रहेको छ । घरबारविहीन गरीब परिवारको लागि बसोबास गर्न उपयोगी सिद्ध भएको छ ।





लम्बाइ — ३५'.८'
चौडाइ — २२'
टोल — बत्तीसपुतली
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — सनकसिंह कर्णेल, बत्तीसपुतली
जीर्णोद्धार मिति— वि.सं. २०२५ जुद्धबहादुर
वि.सं. २०२८ " " श्रेष्ठ
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (२३) / व. नं. १०

भौतिक विवरण:—


स्थानीय वासिन्दाहरूको लुगा धुन, नुहाउनको अलावा खेतमा पानी लाउने समेत सघाउ पुऱ्याउँदै आइरहेको यस ढुंगेधारा उत्तर दिशातर्फ फर्केको छ । ढुंगेधाराको चारैतिर ईंटाको पर्खालले घेरिएको र भुइँ ईंटा र ढुंगाले छापेको छ । धाराको दक्षिण भित्तामा शिलामा कुँदिएको भीमसेनको सानो मूर्ति राखिएको छ । यस ढुंगेधाराको पूर्वमा बारी, पश्चिममा पनि बारी, उत्तरमा खेत र दक्षिणमा कच्ची बाटो गएको छ ।





लम्बाइ — १०'
चौडाइ — ८'
टोल — कोटेश्वर
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २०२३
बनाउने व्यक्ति — सोभराज बस्नेत, कोटेश्वर
जीर्णोद्धार मिति— वि. सं. २०३३ फाल्गुण
वर्तमान भौतिक अवस्था — ठीकै



संकेत
घाटी
सत्तल
डुङ्गे धार
पोखरी
चउर
भद्रकाली
→ सिंहदरबार
भद्रकाली
भोटेबहाल
माइतीघर
त्रिपुरेश्वर
टेकु ←
थापाथली
ठाँसी खोला
बागमती
बागमती घाट
0 50 100 200 300 मी.
3
वडा नं. 11

सत्तल (१) / व. नं. ११

भौतिक विवरण:–

दक्षिण मोहडाको यो सत्र कवलको सत्तल आवासीय एवं धार्मिक दुवै उद्देश्यमा समान रूपले प्रयोग हुँदै आइरहेको देखिन्छ। सत्तलमा एकातिर जोगीहरूले बसोवास गरेको छ भने अर्कोतिर भगवान्को प्रार्थनास्वरूप भजन कीर्तनपनि गाउने गरेको देखिन्छ। सत्तलको बीचमा भगवान रामचन्द्रको मन्दिरपनि स्थापना गरेको छ। जस्ताको छाना भएको यस सत्तलको चार किल्लाको हकमा पूर्वमा सत्तल, पश्चिममा सत्तल, उत्तरमा त्रिपुरेश्वर जाने बाटो र दक्षिणमा बागमती घाट पर्दछ।






लम्बाइ — २६०'.८"
चौडाइ — २६'
टोल — त्रिपुरेश्वर
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — श्री ३ जंगबहादुर राणा
जीर्णोद्धार मिति — वि. सं. १९९२
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२) / व. नं. ११

भौतिक विवरण:—

भौतिक स्वरूपमा वृहत् यो सत्तल वि. सं. १९९० सालको भूकम्पले क्षतिग्रस्त तुल्याए तापनि वि. सं. १९९२ मा जीर्णोद्धार गरेको हुनाले वर्तमान भौतिक अवस्था सन्तोषजनक देखिन्छ। दक्षिण दिशातर्फ फर्केको यस सत्तलमा जम्मा सत्र कवल राखी बनाइएको छ। कलात्मक दृष्टिकोणले साधारण देखिने यस सत्तलको छाना जस्ताले छाइएको छ। आवासीय एवं धार्मिक प्रयोग भैराखेको यस सत्तलको पूर्वमा सत्तल, पश्चिममापनि सत्तल, उत्तरमा त्रिपुरेश्वर जाने पिच सडक, दक्षिणमा बागमतीको घाट पर्दछ।






लम्बाइ — ३५५'
चौडाइ — २८'
टोल — त्रिपुरेश्वर
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति — श्री ३ जंगबहादुर राणा
जीर्णोद्धार मिति— वि. सं. १९९२
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (३) / व. नं. ११

भौतिक विवरणः—

आधुनिक शैलीमा छाना ढलान गरी बनाइएको यस आधुनिक सत्तलको चारैतिर सिमेन्ट प्लास्टर गरेको हुनाले सत्तलको सौन्दर्य बढेको छ। यस सत्तलको माथिल्लो तलामा घरबारविहीन गरीब परिवारले बसोबास गरेको छ र तल्लो तल्लामा मलामी आउनेहरु विश्राम गर्ने गरेको देखिन्छ। दक्षिण मोहडाको यस तीन कवले सत्तलको पूर्व तथा पश्चिममा सत्तल र उत्तर तथा दक्षिणमा बगैंचा पर्दछ। यस सतलको छानामा मुनि गारोमा शंख, सूर्य, त्रिशुल आदिको आकृति सिमेन्टमा कुंदिएको छ।





लम्बाइ — २२'
चौडाइ — २०'
टोल — त्रिपुरेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि.सं.२०२३ जेष्ठ २१ गते
बनाउने व्यक्ति — रमादेवी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (४) / व. नं. ११

भौतिक विवरणः—

कलात्मक दृष्टिकोणले सुन्दर देखिने यस सत्तलको वर्तमान भौतिक अवस्था सन्तोषजनक देखिन्छ। यस सत्तलको ऊयाल, ढोका, थाम आदिमा कुँदिएका घोडा, सिंह, फूल आदिका बुट्टा विशेष आकर्षकको छ। यस सत्तलको पूर्व, पश्चिम र उत्तरमा गरी जम्मा एक्काइस कवल रहेको छ। सत्तलको दक्षिणपट्टि माथिल्लो तलामा गुठी संस्थानको कार्यालय बसेको छ र अन्य भागमा घरबारविहीन परिवारले बसोबास गरेको देखिन्छ। यस सत्तलको चार किल्लाको हकमा पूर्वमा सत्तल, पश्चिममा ढुङ्गाले छापेको प्रांगण, उत्तरमा प्रहरी पोष्ट तथा गोदाम र दक्षिणमा घाट पर्दछ।






लम्बाइ — १८०'
चौडाइ — २६'
टोल — त्रिपुरेश्वर
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — शाके सम्वत् १८०५
बनाउने व्यक्ति — वाला महारानी, गोरखपुर
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (५) / व. नं. ११

भौतिक विवरण:—

भौतिक आकारमा वृहत् भएको यो सतल काष्ठकलाको दृष्टिकोणलेपनि आकर्षक देखिन्छ । सत्तलको बीचमा पाँच वटा स-साना देवालयको अलावा एक ठूलो नारायणको मन्दिरपनि स्थापना गरेको छ । काठको थामहरुमा गरूड, नाग लगायत अन्य आकर्षक बुट्टाहरुले सत्तललाई सिंगारिएको छ ढुँगा, काठ, ईंट आदिको संमिश्रणबाट तयार गरिएको यस सत्तलको छाना जस्ताले छाइएको छ र वर्तमान भौतिक अवस्था सन्तोषजनक देखिन्छ । यस सत्तलको चार किल्लाको हकमा पूर्वमा धान गोदाम (खाद्य संस्थान), पश्चिममा ढुंगाले छापेको बाटो, उत्तरमा पिच सडक र दक्षिणमा ढुंगाले छापेको कालमोचन घाट पर्दछ । गरीब गुरूवाकोलागि बसोवास गर्न उपयुक्त हुनुको अतिरिक्त गुठी संस्थानको शाखा कार्यालयपनि यस सत्तलमा रहेको छ ।



लम्बाइ — ४१०'८"
चौडाइ — ३०'.२"
टोल — त्रिपुरेश्वर, कालमोचन
अभिलेखपत्र —




निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — श्री ३ जंगबहादुर राणा
जीर्णोद्धार मिति— वि. सं. १९९२
वर्तमान भौतिक अवस्था — ठीकै


पाटी (६) / व. नं. ११

भौतिक विवरण:—

प्राचीन शैलीमा झिंगटी छाना हाली निर्माण गरिएको यस पाटीको समयमा आवश्यक जीर्णोद्धारको अभावमा हाल झिंगटी ठाउँ ठाउँमा फुटिसकेको र पाटीमा प्रयोग गरेको काठपनि कुहिएर पुनः प्रयोगमा ल्याउन नसकिने अवस्थामा रहेकाले अविलम्ब जीर्णोद्धार कार्य थालिनु नितान्त आवश्यक देखिएको छ । दक्षिण मोहडाको यस एघार कवले पाटीको पूर्वमा बगैंचा, पश्चिममा सत्तल, उत्तरमापनि बगैंचा र दक्षिणमा घाट पर्दछ । पाटी बिग्रनु अघि भजन कीर्तन आदि जस्ता धार्मिक कार्य यस पाटीमा हुने गरेको देखिन्छ ।



लम्बाइ — ५९'
चौडाइ — १३'
टोल — त्रिपुरेश्वर, कालमोचन
अभिलेखपत्र —





निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (७) / व. नं. ११

भौतिक विवरण:—

लम्बाइ तथा चौडाइ दुवैमा समान रहेको यो सत्तल तीन कवल दक्षिण मोहडाको छ। घरबारविहीन व्यक्तिहरुकालागि बास बस्न र मलामीहरुकालागि विश्राम गर्ने स्थलको दृष्टिकोणले यस पाटीको विशेष महत्व रहिआएको छ। यस पाटीको पूर्वमा पाटी, पश्चिममा सत्तल, उत्तरमा बगैंचा र दक्षिणमा घाट पर्दछ।






लम्बाइ — १५'
चौडाइ — १५'
टोल — त्रिपुरेश्वर, कालमोचन
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (८) / व. नं. ११

भौतिक विवरण:—

आवासीय तथा धार्मिक द्वय दृष्टिकोणले महत्वपूर्ण रहेको यस सत्तलको वर्तमान भौतिक अवस्था सन्तोषजनक छ। पाँच कवल दक्षिण मोहडाको यस सत्तलको पूर्वमा सत्तल, पश्चिममा हनुमानको देवस्थल, उत्तरमा बगैंचा र दक्षिणमा घाट पर्दछ। यस सत्तालको माथिल्लो तलामा भगवान्को अर्चनास्वरूप नित्य बिहान भजन गाउने गर्दछन्।






लम्बाइ — २७'
चौडाइ — २३'
टोल — त्रिपुरेश्वर, कालमोचन
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २००२
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (९) / व. नं. ११

भौतिक विवरण:—

संरक्षण एवं सम्भारको अभावमा यस पाटीको झिंगटी छाना पूर्णरूपले भत्की छानाबाट पानी चुहिनाले गारो समेत ठाउँ ठाउँमा चर्किसकेको छ। यथाशीघ्र मर्मत कार्य नगरिएमा सम्पूर्ण रूपले पाटी भत्किने अवस्थामा रहेको छ। एघार कवल दक्षिण मोहडाको यस पाटीको पूर्वमा बगैंचा, पश्चिममा बाटो, उत्तरमापनि बगैंचा र दक्षिणमा घाट पर्दछ।





लम्बाइ — ६२'
चौडाइ — ११'.३"
टोल — त्रिपुरेश्वर, कालमोचन
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१०) / व. नं. ११

भौतिक विवरण:—

टायल छाना हाली बनाइएको यस सत्तलको टायल कहीं कहीं फुटेकोले साधारण सम्भार कार्य गरिएमा भौतिक अवस्था राम्रो हुने स्थिति देखिन्छ। घरबारविहीन परिवारलाई बसोबास गर्न उपयोगी ठहरिएको यस सत्तलको चार किल्लाको हकमा पूर्वमा बगैंचा, पश्चिममापनि बगैंचा, उत्तरमा देवालय र दक्षिणमा घाट पर्दछ। दक्षिण मोहडाको यस सत्तलमा तीन कवल रहेको छ।






लम्बाइ — १८'
चौडाइ — १८'
टोल — त्रिपुरेश्वर, कालमोचन
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि.सं. १९४४
बनाउने व्यक्ति — फत्तेशम्शेर ज.ब.रा.
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (११) / व. नं. ११

भौतिक विवरण:—

पाँच कवल दक्षिण मोहडाको यस पाटीको छाना बाहेक अन्य सबै भागको भौतिक अवस्था सन्तोषजनक छ। टायल कहीं कहीं टूट फूट भएकोले फेर्नुपर्ने देखिन्छ। हाल बटुवाहरूकालागि विश्राम स्थलकोरूपमा रहेको यस पाटीको पूर्वमा बगैंचा, पश्चिममा कच्ची बाटो, उत्तरमा घर र दक्षिणमापनि घाट पर्दछ।





लम्बाइ — ३०'
चौडाइ — १४'
टोल — त्रिपुरेश्वर, कालमोचन
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१२) /व. नं. ११

भौतिक विवरण:—

भौतिक बनावटमा ठूलो भएको यस सत्तलको समय समयमा आवश्यक मर्मत तथा सम्भार कार्य नभएको हुनाले पूर्व-दक्षिण तथा उत्तर-पश्चिमतर्फको भाग छानादेखि तलसम्म पूर्णरूपले भत्किसकेको अवस्थामा छ। यस सत्तलको छाना झिगटी र जस्ताले छाइएको छ। चारैदिशामा समान रूपले फैलिएको यस सतलको बीचमा महादेवको ठूलो मन्दिरपनि स्थापना गरेको। यस सत्तलको पूर्वमा बागमती नदी जाने कच्ची बाटो, पश्चिममा धर्मशाला, उत्तरमा घर र दक्षिणमा बारी पर्दछ। घरबारविहीन गरीब परिवारहरुले हाल यस सत्तलमा बसोवास गरिराखेको छ।






लम्बाइ — ४१८'
चौडाइ — २८'
टोल — त्रिपुरेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १८७५
बनाउने व्यक्ति — त्रिपुरासुन्दरी महारानी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१३) / व. नं. ११

भौतिक विवरण:—

शैलीको दृष्टिकोणले साधारण देखिने यो सत्तल दक्षिण मोहडाको छ । हाल यस सत्तल पूर्ण रूपले बा. अ. शसस्त्र प्रहरी गुल्म त्रिपुरेश्वरले प्रयोग गरेको हुनाले अन्य कुनैपनि धार्मिक वा आवासीय क्रियाकलापमा सत्तलको उपयोग हुन सकेको छैन । यस सत्तलको पूर्वमा बागमती आउने ईंटले छापेको बाटो, पश्चिममा खेत, उत्तरमा बगैंचा र दक्षिणमा घाट पर्दछ । यस सत्तलको दाँया र बायाँ तर्फ दशवटा ऊयाल र बीचमा सोह्र कवल छ ।






लम्बाइ — २९१'
चौडाइ — १२'
टोल — त्रिपुरेश्वर, पूर्णेश्वरघाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९८२ पौष २१ गते
बनाउने व्यक्ति — श्री ३ सरकार गुठी खर्च अड्डा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – रास्रो

सत्तल (१४) / व. नं. ११

भौतिक विवरण:—

चौबीस कवल, दक्षिण मोहडाको यो सत्तल हाल विश्व निकेतन विद्यालयले कक्षा सञ्चालन गर्न प्रयोग गरेको छ । जस्ताको छाना हाली निर्माण गरिएको यस सत्तलको वर्तमान भौतिक अवस्था रास्रो छ । सत्तलको पूर्वमा बागमती आउने कच्ची बाटो, पश्चिममा शौचालय, उत्तरमा बगैंचा र दक्षिणमा घाट पर्दछ ।






लम्बाइ — १३-
चौडाइ — १५'
टोल — त्रिपुरेश्वर
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति — श्री जुद्धशम्शेर ज.ब.रा.
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – रास्रो

सत्तल (१५) / व. नं. ११

भौतिक विवरण:—

पूर्णेश्वर महादेवको मन्दिरको चारैतिर निर्माण गरिएको यस सत्तलको छाना झिंगटीले छाइ-एको छ। संरक्षणको अभावमा यस सत्तलको पूर्वपट्टिको भाग पूर्णरूपले भत्किसकेको र अन्य भागपनि भत्किने अवस्थामा पुगिसकेकोले यथाशीघ्र मर्मत कार्य गर्नु आवश्यक देखिन्छ। सत्तलको छयाल, ढोका आदिमा कुँदिएका बुट्टाहरुले सत्तलको सौन्दर्य बढाएको छ। घरबारविहीन परिवारहरूको बसो-बासकालागि उपयुक्त ठहरिएको यस सत्तलको पूर्व, पश्चिम, उत्तर तीनतिर निजी घर र दक्षिणमा पाटी पर्दछ।






लम्बाइ — ३११'
चौडाइ — २८'
टोल — त्रिपुरेश्वर, कालमोचन
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — श्रीपूर्ण महारानी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१६) / व. नं. ११

भौतिक विवरण:—

झिंगटी छाना हाली प्राचीन शैलीमा निर्मित यो सत्तल दक्षिण मोहडाको छ। सत्तलको थाम्हरुमा कलशका बुट्टाहरुले सिंगारिएको छ। आवासीय प्रयोग भैराखेको यस सत्तलको पूर्वमा कच्ची बाटो, पश्चिममा खाली ठाउँ, उत्तरमा पनि खाली ठाउँ र दक्षिणमा घाट पर्दछ।





लम्बाइ — २६'
चौडाइ — १०'
टोल — त्रिपुरेश्वर, वोक्सीनघाट
अभिलेखपत्र —

निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (१७) / व. नं. ११

भौतिक विवरण:—

घाटको समीपवर्ती निर्माण गरिएको यस सत्तलमा मलामी आउने व्यक्तिहरु विश्राम गर्ने गर्छन । पाँच कवलको यो सत्तल दक्षिण मोहडाको छ । यस सत्तलको पूर्वमा बागमती जाने कच्ची बाटो, पश्चिममा सत्तल, उत्तरमा बगैंचा र दक्षिणमा घाट पर्दछ । सत्तलको छाना टायलले छाइएको छ ।



लम्बाइ — २६'.१०"
चौडाइ — ८'.४"
टोल — त्रिपुरेश्वर, अर्यालघाट
अभिलेखपत्र —



निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (१८) / व. नं. ११

भौतिक विवरण:—

भौतिक अवस्थाको दृष्टिकोणले हालसम्म सन्तोषजनक यो पाटी पाँच कवल पश्चिम मोहडाको छ । पाटीमा प्रयोग गरिएका दलिनहरुमा काष्ठ बुट्टाहरु कुँदिएको देखिन्छ । देशी टायल छाना भएको यस पाटीको पूर्वमा बागमती आउने बाटो, पश्चिममा मन्दिर तथा चोक, उत्तरमा बगैंचा र दक्षिणमा खाली ठाउँ तथा सत्तल पर्दछ ।



लम्बाइ — ३७'
चौडाइ — ९'
टोल — त्रिपुरेश्वर, अर्यालघाट
अभिलेखपत्र — शिलापत्र





निर्माण मिति — वि. सं. १९७३ मार्ग
बनाउने व्यक्ति — श्री शिवराज शर्मा गैरीधारा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१९) / व. नं. ११

भौतिक विवरण:—

आवासीय एवं धार्मिक प्रयोग भैराखेको यो सत्तल झिंगटी छाना हाली प्राचीन शैलीमा निर्माण गरिएको छ। पाँच कवल तीन तला भएको यस सत्तलको कवलमुनि छःवटा सिंहको मूर्ति राखिएको छ। दैनिक नित्य भजन हुने यस सत्तलको पूर्वमा सत्तल, पश्चिममापनि सत्तल, उत्तरमा मन्दिर र दक्षिणमा पचली जाने ढुङ्गाले छापेको बाटो पर्दछ।






लम्बाइ — ४६'
चौडाइ — २३'
टोल — पुरेतघाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९७३ मार्ग
बनाउने व्यक्ति — श्री शिवराज शर्मा
गैरीधारा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२०) / व. नं. ११

भौतिक विवरण:—

साधारण शैलीमा टायल छाना हाली निर्माण गरिएको यस सत्तलमा समय समयमा भगवान्को अर्चनास्वरूप भजन गाउने गर्छन्। भौतिक स्वरूपमा झण्डै अंग्रेजी अक्षर "एल" जस्तो देखिने यो सत्तल पाँच कवल पूर्व मोहडाको छ। सत्तलको पूर्वमा शिवको मन्दिर तथा चोक, पश्चिममा खेत, उत्तरमा बगैंचा र दक्षिणमा घाट पर्दछ।





लम्बाइ — ८०'
चौडाइ — १३
टोल — पुरेतघाट
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १९७३
बनाउने व्यक्ति — श्री शिवराज शर्मा
गैरीधारा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२१) / व. नं. ११

भौतिक विवरण:–

भौतिक अवस्थामा सन्तोषजनक देखिने यस सत्तलको छाना झिंगटीले छाइएको छ। घर-बारविहीन परिवारकालागि बसोबास गर्न र बटुवाहरुकालागि विश्राम गर्ने यस सत्तलको महत्व छ। दक्षिण मोहडाको यस सत्तलको पूर्वमा सत्तल, पश्चिममा बगैंचा, उत्तरमा बारी र दक्षिणमा देवताको मन्दिर तथा घाट पर्दछ। यस सत्तलमा जम्मा दुई कवल छ।





लम्बाइ — १०'
चौडाइ — १०'
टोल — पुरेतघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२२) / व. नं. ११

भौतिक विवरण:—

तीन कवल दक्षिण मोहडाको यस पाटीको बीचमा एक ढोकापनि रहेको छ। पाटीका थाममा साधारण बुट्टाले सिंगारिएको यो पाटी बटुवाहरु ओत लाग्ने दृष्टिकोणले महत्वपूर्ण छ। यस पाटीको पूर्वमा कालीको मन्दिर, पश्चिममा सत्तल, उत्तरमा खेत र दक्षिणमा घाट पर्दछ।






लम्बाइ — ८'
चौडाइ — ६'
टोल — पुरेतघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२३) / व. नं. ११

भौतिक विवरण:—

वि. सं. २०२३ मा गुठी संस्थानले जीर्णोद्धार गरेको हुनाले यस सत्तलको वर्तमान भौतिक अवस्था राम्रो छ। जीर्णोद्धारपछि सिमेन्ट प्लास्टरपनि गरिएको हुनाले सत्तलको शोभा बढेको छ। तीन कवल दक्षिण मोहडाको यस सत्तलको पूर्वमा पाटी, पश्चिममा कृष्णको मन्दिर तथा खाली ठाउँ, उत्तरमा बगैंचा र दक्षिणमा घाट पर्दछ। घरबारविहीन गरीब व्यक्तिहरुकालागि बसोवास गर्न यस सत्तलको विशेष महत्व रहिआएको छ।






लम्बाइ — २२'
चौडाइ — ८'.६"
टोल — कालीघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२३
वर्तमान भौतिक अवस्था – राम्रो

पाटी (२४) / व. नं. ११

भौतिक विवरण:—

झिंगटी छाना हाली बनाइएको यस पाटीको झिंगटीमध्ये केही हाल फुटिसकेको हुनाले फेर्नु पर्ने देखिन्छ। धार्मिक क्रियाकलापमा प्रयोग हुने यस दक्षिण मोहडाको पाटीको पूर्व, पश्चिम तथा उत्तरमा बगैंचा र दक्षिणमा श्रीकृष्णको मन्दिर पर्दछ।






लम्बाइ — ३०'
चौडाइ — १०'
टोल — श्री भगवतेश्वरघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२५)/व. नं. ११

भौतिक विवरण:—

झिंगटी र जस्ताको मिश्रित छाना भएको यो सत्तल तीन तले दक्षिण मोहडाको छ। सत्तलको भुइँ तलामा जम्मा सात कवल रहेको छ। सत्तलको ऊयाल, थाम आदिमा कुँदिएका बुट्टाले सत्तलको सौन्दर्य बढाएको देखिन्छ। यस सत्तलको पूर्वमा श्रीकृष्णको मन्दिर, पश्चिममा पिपलको बोट, उत्तरमा बारी र दक्षिणमा घाट पर्दछ। मन्दिरसंगै निर्माण गरिएको हुनाले पूजा आजा गर्न आउनेहरुकालागि यस सत्तलको महत्व रहेको छ।






लम्बाइ — ५३'
चौडाइ — २५'.३"
टोल — श्री भगवतेश्वरघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२६)/व. नं. ११

भौतिक विवरण :—

पाँच कवल दक्षिण मोहडाको यस पाटीको अन्य सबै भागको भौतिक अवस्था ठीकै देखिए तापनि झिंगटी छाना तत्कालै मर्मत गर्नु पर्ने देखिन्छ। धरवारविहीन व्यक्तिकालागि बस्न उपयुक्त भएको यस सत्तलको पूर्वमा पिपलको रूख, पश्चिममा त्रिपुरेश्वर जाने कच्ची बाटो, उत्तरमा श्री शिवजीको मन्दिर र दक्षिणमा घाट पर्दछ।





लम्बाइ — ४०'
चौडाइ — ११'
टोल — श्री भगवतेश्वरघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार सिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (२७)/व. नं. ११

भौतिक विवरण :—

हालसालै मात्र जीर्णोद्धार कार्य भएको हुनाले यस सत्तलको भौतिक अवस्था राम्रो छ। शैलीको दृष्टिकोणले साधारण नै प्रतीत भए तापनि गरीब परिवारहरुको बसोवास गर्ने दृष्टिकोणले यो सत्तल महत्वपूर्ण देखिन्छ। पूर्व मोहडाको यस सत्तलको पूर्वमा खाली ठाउँ तथा बारी, पश्चिम-मा बागमती आउने कच्ची बाटो, उत्तरमा बारी र दक्षिणमा खाली ठाउँ पर्दछ।






लम्बाइ — ४०'
चौडाइ — ११'
टोल — अर्यालघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— पहिलो पटक
वर्तमान भौतिक अवस्था – राम्रो

पाटी (२८)/व. नं. ११

भौतिक विवरण :—

स्थानीय गुह्येश्वरी प्राथमिक विद्यालयले कक्षा संचालन गर्न प्रयोग गरिआएको यो पाटी बीस कवल पश्चिम मोहडाको छ। यस पाटीको उत्तरतर्फको भाग पूरै भत्केको र अन्य भाग ठीकै अवस्थामा रहेको छ। टायल छाना भएको यस पाटीमा वर्षको एक पटक बुद्ध जयन्तीको दिन पूजा-आजा गरी प्रसाद ग्रहण गर्ने प्रचलन रहेको देखिन्छ। पाटीको चार किल्लाको हकमा पूर्वमा गोरेटो बाटो, पश्चिममा खाली ठाउँ, उत्तरमा खाली ठाउँ र दक्षिणमा बाटो पर्दछ।






लम्बाइ — २१८'
चौडाइ — १५'
टोल — थापाथली, पाञ्चायन
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — श्री ३ जंगबहादुर राणा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (२९) / व. नं. ११

भौतिक विवरण:—

भौतिक स्वरूपमा अंग्रेजी अक्षर "एल" जस्तो भएको यो सत्तल जस्ताको छाना हाली बनाएको छ। पश्चिम मोहडाको यस सत्तलको पूर्वमा घर, पश्चिममा महादेवको मन्दिर, उत्तरमा पिच सडक र दक्षिणमा पनि घर पदछ। जोगीहरु बसोबास गर्ने दृष्टिकोणले यस सत्तलको आफ्नै महत्व रहेको छ।






लम्बाइ — २१४'.६"
चौडाइ — ११'.९"
टोल — थापाथली, तीन शिवालय
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १९३१
बनाउने व्यक्ति — श्री ३ जंगबहादुरका मुमा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (३०) / व. नं. ११

भौतिक विवरण:—

पूर्व पश्चिम तथा उत्तर तीन दिशामा फैलिएको यस सत्तलमा जम्मा सत्र कवल छ र सत्तलको बीचमा शिवजीको मन्दिर पनि स्थापना गरेको छ। सत्तलको अवस्था नबिग्रनु अघि घरबार-विहीन व्यक्तिहरु बस्ने गरेको यस सत्तलको वर्तमान भौतिक अवस्थाले अविलम्ब जीर्णोद्धार गर्नुपर्ने संकेत गरेको छ। सत्तलको टुँडाल, थाम, ठयाल आदिमा कुँदिएका काष्ठकला संरक्षणको अभावमा खेर गैराखेको छ। यस सत्तलको पूर्वमा बारी, पश्चिममा थापाथली जाने बाटो, उत्तरमा बारी र दक्षिणमा घर पर्दछ।






लम्बाइ — १७४'
चौडाइ — १४'
टोल — थापाथली, जगानन्द प्रकाशेश्वर
अभिलेखपत्र —


निर्माण मिति — शाके सम्वत् १७६७
बनाउने व्यक्ति — श्री ३ जंगबहादुर राणा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३१) / व. नं. ११

भौतिक विवरण:—

शैलीको दृष्टिकोणले साधारण यस पाटीको समयमा जीर्णोद्धार नभएको हुँदा हाल छाना सम्पूर्ण भत्किसकेको र गारो पनि पश्चिमतर्फ भत्किसकेको हुनाले यथाशीघ्र जीर्णोद्धार गर्नु आवश्यक देखिन्छ। पूर्व मोहडाको यस पाटीको पूर्वमा पिपलको बोट, पश्चिममा कच्ची बाटो, उत्तरमा घर र दक्षिणमा खेत पर्दछ।






लम्बाइ — १६'
चौडाइ — १२'
टोल — थापाथली, लक्ष्मीनारायण
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — पूना
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३२) / व. नं. ११

भौतिक विवरण:—

भिंगटीको छाना हाली बनाइएको यो पाटी मर्मत सम्भारको अभावमा हाल बिग्रिएको अवस्थामा रहेको छ। पाटीको छाना आंशिकरूपले भत्किसकेको र गारो पनि ठाउँ ठाउँमा चर्किएको छ। दक्षिण मोहडाको यस पाँच कवले पाटीको पूर्वमा बाटो, पश्चिममा पनि बाटो, उत्तरमा बारी र दक्षिणमा घाट पर्दछ।






लम्बाइ — ३५'
चौडाइ — ११'
टोल — थापाथली, पाञ्चायन
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३३) / व. नं. ११

भौतिक विवरण:—

समयमा यस पाटीको जीर्णोद्धार नभएको हुनाले हाल यस पाटीको सम्पूर्ण भाग भत्किसकेको अवस्थामा छ । यस पाटीको पूर्वमा कुरिया गाउँ जाने बाटो, पश्चिममा पचली जाने बाटो, उत्तरमा खेत र दक्षिणमा बागमती नदी पर्दछ ।






लम्बाइ — २५'
चौडाइ — ८'
टोल — थापाथली, पाञ्चायन
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३४) / व. नं. ११

भौतिक विररण:—

जस्ताको छाना हाली बनाएको यस पाटीको वर्तमान भौतिक अवस्था सन्तोषजनक देखिन्छ । दक्षिण मोहडाको यस तीन कवल भएको पाटीको पूर्वमा बाटो, पश्चिममा थापाथली जाने बाटो, उत्तरमा शाही औषधी लिमिटेड र दक्षिणमा शिवलिङ्गको मन्दिर र घाट पर्दछ ।






लम्बाइ — २५'.३"
चौडाइ — ८'
टोल — थापाथली, पाञ्चायन
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (३५) / व. नं. ११

भौतिक विवरण :–

शैलीको दृष्टिकोणबाट साधारण देखिने यो सत्तल प्रयोगको दृष्टिकोणबाट विचार गर्दा महत्वपूर्ण देखिन्छ । यस सत्तलमा केवल काठमाडौं क्षेत्रका वासिन्दाहरु मात्र भोज भतेर गर्न आउने नभै गुठी संस्थान, सनातन धर्म सेवा समिति आदि जस्ता कार्यालयहरुपनि यस सत्तलमा रहेको छ । समय समयमा आवश्यकता अनुसार मर्मत भैरहने हुनाले सत्तलको भौतिक अवस्था सन्तोषजनक देखिन्छ । यस सत्तालको पूर्वमा सिंहदरबार जाने पिच सडक, पश्चिममा शहीद गेट जाने बाटो, उत्तरमा रत्न पार्क जाने पिच सडक र दक्षिणमा भद्रकाली देवस्थान जाने बाटो पर्दछ ।






लम्बाइ — २६१'
चौडाइ — २५'.३"
टोल — भद्रकालो
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति —ने. सं. ९६०
बनाउने व्यक्ति — कालीदास, त्रैलोक्य, रम्भा
जीर्णोद्धार मिति— वि. सं. १९१९
वर्तमान भौतिक अवस्था — ठीकै

सतल (३६) / व. नं. ११

भौतिक विवरण:—

जस्ता र झिंगटीको मिश्रित छाना भएको यस सत्तलको झिंगटी ठाउँ ठाउँमा टूटफूट भएको-ले फेर्नुपर्ने स्थिति देखिएको छ । दक्षिण मोहडाको यस सत्तालमा जम्मा अठार कवल छ । स्थानीय वासिन्दाहरुको विवाह, व्रतबन्ध आदि कार्यमा यस सत्तललाई परापूर्वकालदेखि प्रचलनमा ल्याएको देखिन्छ । सत्तालको चार किल्लाको हकमा पूर्वमा पाटी, पश्चिममा गणेशस्थान, उत्तरमा सत्तल र दक्षिणमा भद्रकाली देवस्थलको प्रांगण पर्दछ ।






लम्बाइ — ९१'.८"
चौडाइ — ११'
टोल — भद्रकाली
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (३७) / व. नं. ११

भौतिक विवरण:—

शैलीको दृष्टिकोणले साधारण देखिने यो पाटी दुई कवल दक्षिण मोहडाको छ। यस पाटी-को छाना ढलान गरेको छ। पाटीको पूर्वमा देवस्थल, पश्चिममा सत्तल, उत्तरमा खाली ठाउँ र दक्षिणमा भद्रकालीको मन्दिर पर्दछ। भद्रकाली मन्दिरको रेखदेख गर्ने व्यक्तिले यस पाटीको प्रयोग गरेको छ।






लम्बाइ — १२'
चौडाइ — ७'
टोल — भद्रकाली
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (३८) / व. नं. ११

भौतिक विवरण:—

साधारण शैलीमा झिंगटी छाना हालै निर्माण गरिएको यस पाटीको झिंगटी हाल ठाउँ ठाउँमा फुटिसकेकोले यथाशीघ्र फेर्नु पर्ने देखिन्छ। यस पाटीको पूर्वमा दुङ्गाले छापेको बाटो, पश्चिम-मा मन्दिरको प्रांगण, उत्तरमा सत्तल र दक्षिणमा सडक पर्दछ। गुठीका गुठीयारहरु समय समयमा मन्दिरमा पूजा गरी भोज खान यस सत्तलको प्रयोग गर्ने गरेको देखिन्छ। पश्चिम मोहडाको यो पाटी चार कवलको छ।






लम्बाइ — २५'
चौडाइ — ७'
टोल — भद्रकाली
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १००१
बनाउने व्यक्ति — जुजुमान
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (३९) / व. नं. ११

भौतिक विवरण:—

वि. सं. २०३१ मा निजी गुठीका गुठीयारहरुले जीर्णोद्धार गरेको हुँदा सत्तलको वर्तमान भौतिक अवस्था सन्तोषजनक देखिन्छ । सत्तलको छाना जस्ताले छाइएको छ । यस सत्तलको पूर्वमा प्रांगण, पश्चिममा पनि प्रांगण, उत्तर सत्तल र दक्षिणमा पिच सडक पर्दछ । सत्तालको थाममा काष्ठ-कला झल्किने आकर्षक बुट्टा कुँदिएको छ । भोज भतेर र विश्राम गर्नकालागि यो सत्तलको प्रयोग गरेको देखिन्छ । तीन कवलको यस सत्ताल पूर्व मोहडाको छ ।





लम्बाइ — २०'
चौडाइ — १२'
टोल — भद्रकाली
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३१
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (४०) / व. नं. ११

भौतिक विरवण:—

यस सत्तलको भुइँ तलामा भगवानको प्रार्थनास्वरूप दिनहुँ भजन गर्ने गर्दछन र माथिल्लो तला भोज भतेरकालागि प्रयोग गरेको देखिन्छ । भौतिक अवस्था सन्तोषजनक देखिने यस सत्तलको पूर्वमा भद्रकाली आउने खुडकिला, पश्चिममा सत्तल, उत्तरमा भद्रकाली देवस्थल र दक्षिणमा सत्ताल तथा पाटी पर्दछ । उत्तर मोहडाको यस सत्तालमा जम्मा एघार कवल रहेको छ ।






लम्बाइ — ६०'
चौडाइ — १५'
टोल — भद्रकाली
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति —ने. सं. ९२२ चैत्र
बनाउने व्यक्ति — हर राम, पञ्च राम
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (४१) /व. नं. ११

भौतिक विवरण :

उत्तर मोहडाको यो पाँच कवले सत्तल झिगटी छाना हाली प्राचीन शैलीमा निर्माण गरिएको छ । यस सत्तलको माथिल्लो तलामा बरण्डा हाली सत्तललाई आधुनिकीकरण गरेको देखिन्छ । स्थानीय जनताकालागि बेलाबेलामा भोज खान उपयुक्त ठहरिएको यस सत्तलको पूर्वमा सत्तल पश्चिममा पनि सत्तल, उत्तरमा स-साना देवताका मूर्तिहरु र दक्षिणमा पनि सत्तल पर्दछ ।



लम्बाइ — ३०'
चौडाइ — २०'
टोल — भद्रकाली
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०१२
वर्तमान भौतिक अवस्था - ठीकै


पाटी (४२) / व. नं. ११

भौतिक विवरण:—

आधुनिक तथा प्राचीन शैली झल्काउने यो पाटी दुई कवल पूर्व मोहडाको छ । यस पाटीको पूर्वमा चोक, पश्चिममा पनि चोक, उत्तरमा सत्तल र दक्षिणमा पिच सडक पर्दछ । मन्दिरमा पूजा आजा गर्न आउनेहरुकालागि विश्राम गर्न यो पाटी उपयुक्त ठहरिएको छ ।



लम्बाइ — १२'
चौडाइ — ८'
टोल — भद्रकाली
अभिलेखपत्र —




निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (४३) /व. नं. ११

भौतिक विवरण:—

टायल छाना हाली निर्माण गरिएको यस सत्तलको काठको थाममा कुँदिएको विभिन्न बुट्टा-हरुले सत्तलको शोभा बढाएको देखिन्छ । सत्तलको चार किल्लाको हकमा पूर्वमा सत्ताल, पश्चिममा पनि सत्तल, उत्तरमा देवताको स-साना मूर्तिहरु र दक्षिणमा खाली ठाउँ, रूख तथा सडक पर्दछ । उत्तर मोहडाको यस सत्तालमा जम्मा तेह्र कवल छ ।





लम्बाइ — ६५'
चौडाइ — २८'
टोल — भद्रकाली
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०१५
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (४४) /व. नं. ११

भौतिक विवरण :–

स्थानीय इलाकाका मानिसहरुको विवाह, व्रतबन्ध आदि हुँदा स्थानाभावको कारणले गर्दा भोज भतेरकालागि यस सत्तलको प्रयोग गर्ने गरेको देखिन्छ । सत्तलको पूर्वमा सत्ताल, पश्चिममा पिच सडक, उत्तरमा भद्रकाली देवस्थल आउने ढुङ्गाले छापेको बाटो र दक्षिणमा पिच सडक पर्दछ । पश्चिम मोहडाको यस सत्तालमा जम्मा एघार कवल छ ।






लम्बाइ — ७५'
चौडाइ — १६'
टोल — भद्रकाली
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (४५) /व. नं. ११

भौतिक विवरणः—

घरबारविहीन गरीब परिवारहरुकालागि बसोबास गर्न उपयुक्त ठहरिएको यो सत्तल धेरै वर्ष अगाडि निर्माण गरिएको हुनाले मर्मत सम्भार कार्य केही गर्नु पर्ने देखिन्छ। झिंगटी र जस्ता छाना भएको यो सत्तल झिंगटी छानाको झिंगटी ठाउँ ठाउँमा टूटफूट भैसकेको र गारोपनि कहीं कहीं बिग्रिसकेको हुनाले सोतर्फ ध्यान दिनुपर्ने देखिन्छ। सत्तलमा प्रयोग गरेको ऊयाल तथा कला पूर्ण काठका थामहरुले सत्तलको सौन्दर्य बढाएको छ। सत्तलको चार किल्लाको हकमा पूर्वमा बाटो, पश्चिममा बारी, उत्तरमा पिच सडक र दक्षिणमा स्थानीय जनताको घर पर्दछ।






लम्बाइ — १४३'
चौडाइ — २२'.४"
टोल — भोटेबहाल
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (४६) / व. नं. ११

भौतिक विवरणः—

भौतिक स्वरूपमा अंग्रेजी अक्षर "यू" आकार भएको यो सिंहसत्तल नामक सत्तलको बीचमा एक मन्दिरपनि निर्माण गरिएको छ। साधारण शैलीमा जस्ताको छाना हाली बनाइएको यस सत्तलमा जम्मा एक्काईस कवल र एघार वटा ऊयाल हालिएको छ। यस सत्तलको पूर्वमा पाटन जाने पिच सडक, पश्चिममा सत्तल, उत्तरमा त्रिपुरेश्वर जाने पिच सडक र दक्षिणमा बाटो पर्दछ। परापूर्वकालदेखि यस सत्तालले जोगीहरुलाई बास बस्न स्थानको सुविधा प्रदान गर्दै आइरहेको छ।





लम्बाइ —२९०'
चौडाइ —२८'
टोल — थापाथली, सिंहसत्तल
अभिलेखपत्र —

निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — श्री ३ जंगबहादुर राणा
जोर्णोद्धार मिति— वि. सं. १९९२
वर्तमान भौतिक अवस्था — ठीकै

नक्शा नं. 12

चिपुरे मेरा ईनार

ईनार


ईनार

पाटी (१) / व. नं. १२

भौतिक विवरण:—

साधारण शैलीमा निर्मित यो पाटी तीन कवल पूर्व मोहडाको छ। पाटीको छाना वज्रले प्लास्टर गरिएको छ। यस पाटीको पूर्वमा कुलदेवताको मूर्ति, पश्चिममा स्थानीय वासिन्दाको घर, उत्तरमा मोटर ग्यारेज र दक्षिणमा पिच सडक पर्दछ। दिवालीका गुठीयारहरूकालागि पूजा गरी भोज खाने स्थलको रूपमा यस पाटीले सघाउ पुऱ्याएको देखिन्छ।






लम्बाइ — १८'
चौडाइ — १०'
टोल — मट्टली
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — गोपालमान, लगन
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (२) / व. नं. १२

भौतिक विवरण:—

स्थानीय व्यक्तिहरु पचली भैरवमा पूजा गरी यस पाटीमा बसी भोज खाने गर्दछन। यस पाटीको अरू सबै भागको अवस्था हालसम्म ठीकै देखिए तापनि भिंगटी छाना यथाशीघ्र मर्मत गर्नु पर्ने देखिन्छ। तीन कवल पश्चिम मोहडाको यस पाटीको पूर्वमा घर र अरू तीनैतिर पिच सडक पर्दछ।






लम्बाइ — १२'
चौडाइ — ५'
टोल — वन्दे, ध्याचुलक
अभिलेखपत्र —.


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — रत्नमान
जीर्णोद्धार मिति— वि. सं. १९९०
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (३)/व. नं. १२

भौतिक विवरण:–

धार्मिक कार्यकालागि प्रयोग गर्दैआएको यो पाटी झिगटी छाना हाली निर्माण गरिएको छ। पाटीको बाहिर सिमेन्टले प्लास्टर गरेकोले पाटी रान्नो छ। यस पाटीको झिगटी छाना तथा गारोमा साधारण मर्मत गर्नु पर्ने स्थिति देखिएको छ। पाटीको चार किल्ला यस प्रकार छ – पूर्वमा बाटो तथा घर र अन्य तीनैतिर चोक पर्दछ । यो पाटी दक्षिण मोहडाको छ।






लम्बाइ — १२'
चौडाइ — ८'
टोल — मुसुंबहाल
स्वामित्व — निजी गुठी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने.सं. ८०९ वैशाख
बनाउने व्यक्ति — नेकोर सिं महर्जन
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४)/व. नं. १२

भौतिक विवरण:—

झिगटी छाना हाली प्राचीन शैली झल्काउने गरी निर्माण गरिएको यस पाटीको थामहरुमा आकर्षक बुट्टाहरु कुँदिएका छन्। उत्तर मोहडाको यस तीन कवले पाटीको पूर्व, पश्चिम तथा उत्तरमा चोक र दक्षिणमा स्थानीय व्यक्तिको घर तथा बारी पर्दछ। धार्मिक कार्यमा प्रयोग हुने यस पाटीको छानामा साधारण मर्मत सम्भार कार्य गर्नु पर्ने देखिन्छ।






लम्बाइ — १२'
चौडाइ — ४'.६"
टोल — मुसुंबहाल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — थक्कन सिं, मुसुंबहाल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (५) / व. नं. १२

भौतिक विवरण:—

भगवान्को अर्चनास्वरूप भजन गाउन स्थानीय जनताले प्रयोग गर्दैआएको यो पाटी झिंगटी छाना हाली निर्माण गरिएको छ। चार कवल पूर्व मोहडाको यस पाटीको पूर्वमा बाह्रवर्षे इनार तथा चोक, पश्चिममा घर, उत्तरमा बाटो र दक्षिणमा घर पर्दछ।






लम्बाइ — १७'
चौडाइ — ५'.६"
टोल — बाह्रवर्षे इनार
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — रास्रो

पाटी (६) / व. नं. १२

भौतिक विरवण:—

प्राचीनकला झल्काउने गरी निर्माण गरिएको यो पाटी पाँच कवल पश्चिम मोहडाको छ। पाटीको छाना भल्किन लागेको र गारोपनि कहीं कहीं चर्किसकेको हुनाले यथाशीघ्र जीर्णोद्धार गर्नु-पर्ने देखिन्छ। यस पाटीको पूर्वमा घर, पश्चिममा चोक, उत्तरमा देवालय र दक्षिणमा गल्ली तथा घर पर्दछ।






लम्बाइ — १७'.६"
चौडाइ — ७'
टोल — बाह्रवर्षे इनार
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. १९९० र २०१६
वर्तमान भौतिक अवस्था — नरास्रो

पाटी (७) / व. नं. १२

भौतिक विवरण:—

प्राचीन शैलीमा भिंगटी छाना हाली बनाइएको यो पाटी तीन कवल पूर्व मोहडाको छ। पाटीको थाममा डमरूको बुट्टा कुँदिएको छ। यस पाटीको पूर्वमा निजी घर जाने बाटो, पश्चिममा बुद्ध भगवान्को मन्दिर, उत्तरमा बाह्रवर्षे इनार र दक्षिणमा अर्को साधारण इनार पर्दछ।






लम्बाइ — १२'
चौडाइ — ६'
टोल — बाह्रवर्षे इनार
अभिलेखपत्र —


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति — महर्जन परिवार
बाह्रवर्षे इनार
जीर्णोद्धार मिति— वि. सं. १९९०
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (८) / व. नं. १२

भौतिक विवरण:—

धार्मिक कार्यकालागि प्रयोग गर्दै आएको यस पाटीको वर्तमान भौतिक अवस्था सन्तोषजनक देखिन्छ। पाटीको भित्री खोपामा एक मूर्तिपनि राखिएको छ। चार कवल उत्तर मोहडाको यस पाटीको पूर्वमा गोरेटो बाटो, पश्चिममा घर, उत्तरमा मूल सडक र दक्षिणमा यो पाटी घरसंग जोडिएको छ।






लम्बाइ — २०'
चौडाइ — ४'
टोल — ब्रम्हटोल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — बखतमान ब्रम्हटोल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (९)/व. नं. १२

भौतिक विवरण :—

स्थानीय धर्मावलम्बीहरु समय समयमा भजन कीर्तन आदि गर्न यस पाटीको प्रयोग गर्दछन् । पाटीको छाना झिंगटीले छाइएको छ । यस पाटीको छाना भत्किन लागेको छ र काठ, दलिन काम नलाग्ने अवस्थामा रहेको छ । तीन कवल पूर्व मोहडाको यस पाटीको पूर्वमा सडक, पश्चिममा खाली ठाउँ तथा घर, उत्तरमा खाली ठाउँ र दक्षिणमा घरको कम्पाउण्ड पर्दछ ।





लम्बाइ — १५'
चौडाइ — ५'
टोल — इनाखाटोल
अभिलेखपत्र —


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – नराम्रो

पाटी (१०) /व. नं. १२

भौतिक विवरण :—

जीर्णोद्धार गरिएको धेरै वर्ष भैसकेको र तत्पश्चात् कुनै मर्मत सम्भार कार्य नभएको हुनाले हाल पाटीको छानाको झिंगटी धेरै ठाउँमा फुटिसकेको, गारो कहीं कहीं चकिसकेको र काठ कुहिएको अवस्थामा छ । यस पाटीको पूर्वमा शिलापत्रसहित पाटीले चर्चेको जग्गा, पश्चिममा खेत, उत्तरमा पिच सडक र दक्षिणमा घर पर्दछ । पूर्व मोहडाको यो पाटी पाँच कवलको छ ।






लम्बाइ — २५'
चौडाइ — ७'
टोल — ह्यूमत
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (११) / व. नं. १२

भौतिक विवरण:—

हाल यस सत्तलको बीचको गारो तथा छाना चिप्रिएको अवस्थामा रहेकोले कुनैपनि सार्वजनिक प्रयोगमा यस सत्तलको उपयोग भएको छैन। सत्तलको ऊयाल तथा थामहरू काष्ठकलाले सुशोभित छ। यस सत्तलको पूवमा सानो मन्दिर तथा सत्तल, पश्चिममा बिष्णुमती नदी, उत्तरमा बारी र दक्षिणमा कृष्णको मन्दिर तथा दोभान पर्दछ।






लम्बाइ — ४१'.८"
चौडाइ — १८'
टोल — श्रीबागमती, टेकुदोभान
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १९५३ फागुन
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— हाल जीर्णोद्धार भैसकेको
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१२) / व. नं. १२

भौतिक विवरण:—

टायल छाना हाली निर्माण गरिएको यो सत्तल दुई नाले, तीन तले, तीन कवलको छ। समय समयमा मर्मत सम्भार भैरहने हुनाले सत्तलको भौतिक अवस्था सन्तोषजनक देखिन्छ। दक्षिण मोहडाको यस सत्तलको पूर्वमा सत्तल, पश्चिममा बुद्धको सानो मन्दिर तथा भत्केको सत्तल, उत्तरमा खेत र दक्षिणमा खाली ठाउँ तथा चारैतिर देवताको मूर्तिले घेरी बनाएको तुलसी मठ पर्दछ। भगवान्को प्रार्थनास्वरूप भजन गर्ने, विरामी राख्ने दृष्टिकोणले यस सत्तलको विशेष महत्व छ।






लम्बाइ — २६'
चौडाइ — १८'
टोल — श्रीबागमती, टेकुदोभान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९८८ वैशाख
बनाउने व्यक्ति — कर्नेल गुप्तबहादुर, चोभार
जीर्णोद्धार मिति— वि. सं. १९९४
वर्तमान भौतिक अवस्था - राम्रो

सत्तल (१३) / व. नं. १२

भौतिक विवरण:—

सत्तलको निर्माण भएदेखिन् भगवान्को भजन गाउने, घाटमा ल्याउने बिरामी राख्ने आदि काममा सत्तलको उपयोग हुँदै आएको देखिन्छ। यस सत्तलको पूर्वमा बारी तथा खेत, पश्चिममा सत्तल, उत्तरमा खेत र दक्षिणमा मसानघाट पर्दछ। दुई नाले, सात कवल दक्षिण मोहडाको यस सत्तलको केही थामहरूमा गरूडको आकृति कुँदिएको छ।






लम्बाइ — ५९'.६"
चौडाइ — १८'
टोल — टेकुदोभान, कृष्णमन्दिर
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — गणेशदास सुब्बा
काठमाडौं, गणेशस्थान
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१४) /व. नं. १२

भौतिक विवरण :—

मसानघाटसंगै केही वर्ष अघिमात्र ढलान गरी जीर्णोद्धार गरिएको हुनाले पाटीको भौतिक अवस्था राम्रो छ। पूर्व मोहडाको यस पाटीको पूर्वमा मसानघाट र बाँकी तीनै दिशामा खेत पर्दछ। दाह संस्कार गर्न आउनेहरू यस पाटीमा विश्राम गर्ने गर्छन्।






लम्बाइ — १२'
चौडाइ — १०'
टोल — टेकुदोभान, नयाँ भंसार
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १९६७ मंसिर
बनाउने व्यक्ति — जन सहयोग, काठमाडौं
जीर्णोद्धार मिति— वि. सं. १९९५ र २०२८
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१५) /व. नं. १२

भौतिक विवरण:—

धार्मिक क्रियाकलापमा उपयोग गरिरहने यो पाटी जस्ताको छाना हाली बनाइएको छ । पूर्व मोहडाको यो पाटी चार कवलको छ । चार कवलको यस पाटीको बीचमा बुद्धको एक मूर्तिपनि प्रतिष्ठापना गरेको छ । यस पाटीको पूर्वमा भगवान् बुद्धको मूर्ति तथा चोक, पश्चिममा खेत, उत्तरमा-पनि खेत र दक्षिणमा खाली ठाउँ तथा बागमती नदी बगेको छ ।






लम्बाइ — १८'
चौडाइ — ३'.१०"
टोल — टेकुदोभान, बुद्धको मन्दिर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने.सं. १०६१ माघ
बनाउने व्यक्ति — कुलदीपमणी बज्राचार्य
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१६) / व. नं. १२

भौतिक विवरण:—

भौतिक स्वरूपमा अंग्रेजी अक्षर "एल" जस्तो आकार भएको यस पाटीको पूर्व र दक्षिण दुवैतर्फ गरी जम्मा छः कवल छ । पाटीको छाना झिगटी नभै वज्र तथा ईटले बनाइएको छ । यस पाटीको पूर्वमा नयाँ भंसार जाने बाटो तथा मन्दिर, पश्चिममा खाली ठाउँ तथा बारी, उत्तरमा खेत र दक्षिणमा बागमती घाट पर्दछ । दाह संस्कार गर्न आउनेहरू यस पाटीमा बस्दछन् ।






लम्बाइ — ४०'
चौडाइ — ७'
टोल — टेकुदोभान
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति — वि.सं. २०१७ आषाढ २५
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१७) / व. नं. १२

भौतिक विवरण:—

मसानघाटको निकट निर्मित यस पाटीको जीर्णोद्धारपछि छाना आर० बी० सी० ढलान गरी बनाइएको छ। शैलीको दृष्टिकोणबाट विचार गर्दा साधारण देखिने यस पाटीको पूर्वमा भत्किएको सत्तल, पश्चिममा नयाँ भंसार तथा बाटो उत्तरमा पनि बाटो, र दक्षिणमा मसानघाट पर्दछ।






लम्बाइ — ११'
चौडाइ — ७'
टोल — टेकुदोभान
अभिलेखपत्र —


निर्माण मिति — वि.सं. २००६ मार्ग
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२८
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (१८) / व. नं. १२

भौतिक विवरण:—

समयमा जीर्णोद्धार हुन नसकेकोले हाल यस सत्तलको झिंगटी छाना पूर्णरूपले भत्किसकेको र सत्तलभा प्रयोग गरेको काठ आदिपनि कुहिएर काम नलाग्ने अवस्थामा रहेको छ। सत्तलको दक्षिणतर्फ चार कवल र पूर्वतर्फ पाँच कवल रहेकोछ। यस सत्तलको चार किल्लाको हकमा पूर्वमा शिवजीको मन्दिर तथा चोक, पश्चिममा पाटी तथा मसानघाट, उत्तरमापनि मन्दिर र दक्षिणमा बागमती नदी र मसानघाट पर्दछ। हाल सत्तलको कुनै पनि प्रयोग भएको छैन।





लम्बाइ — ७०'
चौडाइ — ७'.८"
टोल — टेकुदोभान
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१९) /व. नं. १२

भौतिक विवरण :—

धार्मिक एवं आवासीय प्रयोग हुँदै आइरहेको यो सत्तल पाँच कवल दक्षिण मोहडाको छ। सत्तलको थामहरूमा कुँदिएका विभिन्न देवी देवताका मूर्तिले सत्तलको सौन्दर्य तथा महत्व बढाएको छ। यस सत्तलको पूर्वमा सत्तल, पश्चिममा बागमती नदी आउने बाटो तथा हनुमानको मूर्ति, उत्तरमा महादेवको मन्दिर र दक्षिणमा मसानघाट तथा बागमती नदी पर्दछ।





लम्बाइ — ४२'
चौडाइ — १०'
टोल — टेकुदोभान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९२८ वैशाख
बनाउने व्यक्ति — श्री रमुला लक्ष्मीदास,
कप्तान बुद्धिमान सि
जीर्णोद्धार मिति— वि. सं. १९३८
वर्तमान भौतिक अवस्था — ठीकै

सतल (२०) / व. नं. १२

भौतिक विवरण:—

मन्दिरसंगै निर्माण गरिएको हुनाले समय समयमा मन्दिरमा पूजा आजा गर्दा यसै सत्तलमा बसी प्रसाद ग्रहण गर्ने चलन रहेको देखिन्छ। सत्तलको झिगटी छाना र गारो मर्मत गर्नु पर्ने देखिन्छ। पाँच कवल दक्षिण मोहडाको यस सत्तलको पूर्वमा बारी तथा सत्तल पश्चिममा भत्किएको सत्तल, उत्तरमा बारी र दक्षिणमा राजेन्द्रश्वरीको मन्दिर पर्दछ।






लम्बाइ — ३९'
चौडाइ — १५'
टोल — पंचनारी, टेकु
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — रत्नवीर
जीर्णोद्धार मिति— वि. सं. २०२८
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (२१) / व. नं. १२

भौतिक विवरणः—

स्थानीय वासिन्दाहरूको भनाई अनुसार हालसालै मात्र यस सत्तालको जीर्णोद्धार भएको हुँदा सत्तालको वर्तमान भौतिक अवस्था राम्रो देखिन्छ । यस सत्तालको पूर्वमा सत्ताल, पश्चिममा बारी, उत्तरमा पनि बार्‌ा र दक्षिणमा बाटो पर्दछ । दक्षिण मोहडाको यो सत्ताल तीन कवलको छ । यो सत्ताल घरबारविहीन परिवारकोलागि बस्न उपयुक्त ठहरिएको छ ।






लम्बाइ — २८'.४"
चौडाइ — ११'
टोल — पंचनारी
अभिलेखपत्र —


निर्माण मिति — वि.सं. २००१
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सतल (२२) / व. नं. १२

भौतिक विवरणः—

समय समयमा भगवान्‌को अर्चनास्वरुप भजन गाउनकोलागि प्रयोग गर्दै आइराखेको यस सत्तालको भौतिक अवस्था हाल राम्रो छ । सत्तालको छाना झिंगटीले छाइएको छ । यस सत्तालको पूर्वमा बाटो, पश्चिममा सत्ताल, उत्तरमा बारी र दक्षिणमा बाटो तथा मसानघाट पर्दछ । तीन कवल भएको यो सत्ताल दक्षिण मोहडाको छ ।






लम्बाइ — ३८'
चौडाइ — १२'
टोल — पंचनारी, टेकु
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने.सं. १०२४ आश्विन
बनाउने व्यक्ति — कीर्तिमान सिंह
जीर्णोद्धार मिति— वि. सं. २०२८
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (२३) /व. नं. १२

भौतिक विवरण:–

प्रत्येक वर्ष महादेवको पूजा हुँदा यस सत्तलमा बसी प्रसाद लिने परम्परा रहेको देखिन्छ । वि. सं १९९० सालको भूकम्पपछि सत्तलको आंशिक भाग भत्किनाले तत्कालै ९१ सालमा जीर्णोद्धार गरिएको देखिन्छ । तीन कवल दक्षिण मोहडाको यस सत्तलको पूर्वमा खाली ठाउँ तथा बगैंचा, पश्चिममा बारी तथा देवस्थल उत्तरमा खेत र दक्षिणमा शिवलिङ्ग सहितको मन्दिर पर्दछ ।






लम्बाइ — ३०'
चौडाइ — २०'
टोल — पंचकुमारीघाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. स. १८१०
बनाउने व्यक्ति — सर्दार शत्र भजन बर्मा
जीर्णोद्धार मिति— वि. सं. १९९१
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२४) /व. नं. १२

भौतिक विवरण:—

दुई नाले, दुई तले दक्षिण मोहडाको यस सत्तलमा जम्मा पाँच कवल छ । सत्तलको थाममा विभिन्न काष्ठका बुट्टाहरु कुँदिएकोले सत्तल शोभायमान देखिन्छ । यस सत्तलको पूर्वमा भंसार जाने बाटो, पश्चिममा बारी, उत्तरमा मन्दिर र दक्षिणमा बागमती नदी पर्दछ । गुठीका गुठीयारहरु समय समयमा भगवान्को पूजा गरी यस सत्तलमा बसी भोज खाने गरेको देखिन्छ ।






लम्बाइ — ३२'
चौडाइ — १८'
टोल — पंचकुमारीघाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९१० माघ
बनाउने व्यक्ति — दीर्घभक्त, छगडोल गाउँ
जीर्णोद्धार मिति— वि. सं. १९९३
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२५) / व. नं. १२

भौतिक विवरण:—

प्राचीन शैली झल्काउने गरी झिंगटी छाना हाली निर्माण गरिएको यस सत्तलको पाँच कवल मध्ये एक कवल मात्र हाल खुला छ। यस सत्तालको पूर्वमा बारी पश्चिममा भंसार जाने बाटो, उत्तरमा खेत र दक्षिणमा कालोपुल जाने बाटो पर्दछ। सत्तालमा प्रयोग गरिएका आँखेझ्यालमा विभिन्न बुट्टाहरु कुँदिएको छ। प्रत्येक वर्ष महाशिवरात्रीको दिन महादेवको पूजा प्रार्थना यस सत्तालमा हुन्छ।






लम्बाइ — ३२'
चौडाइ — १८'
टोल — पचलीघाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९७२ फागुन
बनाउने व्यक्ति —काजी साहेब, छगडोल गाउँ
जीर्णोद्धार मिति— वि.सं. २०२८ चैत्र
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (२६) / व. नं. १२

भौतिक विवरण:—

मन्दिरको चारैतिर निर्माण गरिएको यस सत्तालको समय समयमा मर्मत सम्भार नभएको हुनाले पश्चिमतर्फको सत्ताल पूर्णरुपले भत्किसकेको छ। झिंगटीले सत्तालको छाना छाइएकोमा झिंगटी ठाउँ ठाउँमा फुटिसकेकोले आंशिक भागमा छाना जस्ताले छाइएको छ। यस सत्तलको चारैतिर विभिन्न देवता, घोडा, सिंह आदिका बुट्टा कुँदिएको छ। चौतर्फी मोहडा भएको यस सत्तलको पूर्वमा बाटो, पश्चिममा मसान घाट, उत्तरमा पनि मसानघाट र दक्षिणमा बागमती नदी तथा बाटो पर्दछ।






लम्बाइ — २८०'
चौडाइ — १५'.९"
टोल — लक्ष्मेश्वर, पचलीघाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १८६९ फागुन
बनाउने व्यक्ति — साँहिली नानी साहेब
लक्ष्मीदेवी, काठमाडौं
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - नराम्रो

सत्तल (२७) / व. नं. १२

भौतिक विवरण:—

धार्मिक कार्यमा प्रयोग गर्दैआएको यो सत्तल हाल संरक्षणको अभावमा ठाउँ ठाउँमा बिग्रिएको अवस्थामा रहेको छ। गारो ठाउँ ठाउँमा चर्केको, झिगटी धेरै फुटिसकेको र काठ कुहिएर काम नलाग्ने अवस्थामा रहेको छ। पूर्व-दक्षिण मोहडाको यस सत्तलको पूर्वमा तीन कवल र दक्षिणमा सात कवल गरी जम्मा दस कवल छ। यस सत्तलको पूर्वमा देवस्थल, पश्चिममा खाली ठाउँ, उत्तरमा पनि खाली ठाउँ र दक्षिणमा शिवलिङ्ग, बुद्धको चैत्य तथा बाटो पर्दछ।






लम्बाइ — २८'
चौडाइ — १६'
टोल — बागमती, पचलीघाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १८७० वैशाख
बनाउने व्यक्ति — अम्बल (वसु सिंह)
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सतल (२८) / व. नं. १२

भौतिक विवरण:—

झिगटी छाना हाली प्राचीन ढाँचामा निर्माण गरिएको यो सत्तल तीन कवल पूर्व मोहडाको छ। समय समयमा आवश्यकता अनुसार जीर्णोद्धार भैराखेकोले वर्तमान भौतिक अवस्था सन्तोषजनक देखिन्छ। यस सत्तलको पूर्वमा खाली ठाउँ तथा मन्दिर पश्चिममा पर्खाल तथा खाली ठाउँ, उत्तरमा मन्दिर र दक्षिणमा खाली ठाउँ तथा सत्तल पर्दछ। सत्तलको आँखे भ्याल तथा थामहरुमा कुँदिएका बुट्टाहरू विशेष आकर्षकको छ। मन्दिरमा पूजा गर्न आउने धर्मावलम्बीहरु यस सत्तलमा बस्ने गर्दछन्।





लम्बाइ — १८'
चौडाइ — १२'
टोल — पचलीघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — दयाशंकर भट्ट, पचली
जीर्णोद्धार मिति— वि. सं. २०१४, २०१८
र २०३२ भाद्र
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२९) /व. नं. १२

भौतिक विवरण :—

समय समयमा हनुमानघाटमा मेला लाग्दा मेला मर्न आउनेहरूकालागि निर्मित यस पाटी नौ कवल दक्षिण मोहडाको छ। पाटीको पश्चिम भागमा विभिन्न अवतारका देवताका मूर्तिहरु स्थापना गरेको देखिन्छ । यस पाटीको पूर्वमा हनुमानघाट जाने बाटो, पश्चिममा पनि बाटो, उत्तरमा विभिन्न देवताका मूर्तिहरु र दक्षिणमा बागमती नदी पर्दछ ।






लम्बाइ — ५८'.६"
चौडाइ — ५'.६"
टोल — पचलीघाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २०१३
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - राम्रो

सत्तल (३०) /व. नं. १२

भौतिक विवरण:—

हाल आवासीय प्रयोग भैराखेको यो सत्तल दुई नाले दुई तलाको छ। पाँच कवल भएको यस सत्तलमा हाल एक कवल मात्र खुला छ र बाँकी चार कवल डण्डी राखी बन्द गरिएको छ। दक्षिण मोहडाको यस सत्तलको पूर्वमा हनुमानको मन्दिर तथा सत्तल, पश्चिममा पचली भैरव जाने बाटो, उत्तरमा खाली ठाउँ र दक्षिणमा चोक तथा मन्दिरहरू पर्दछन् । यस सत्तलमा भगवान् रामचन्द्र, भगवती तथा अन्य देवी देवताका मूर्ति राखिएका छन् ।





लम्बाइ — ३३'
चौडाइ — १७'
टोल — पचलीघाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९१५ वैशाख
बनाउने व्यक्ति — अनिरुद्र, ध्वज, भाद्र सिंह, बलभद्र, नारायण
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (३१) / व. नं. १२

भौतिक विवरण:—

भौतिक स्वरूपमा तीन कवल तीन तला भएको यस सत्तलको झिगटी छाना बाहेक अन्य सबैतर्फको भौतिक अवस्था राम्रो छ। दक्षिण मोहडाको यस सत्तलको पूर्वमा पचलीभैरव जाने बाटो, पश्चिममा खाली ठाउँ तथा सत्तल, उत्तरमा खाली ठाउँ तथा रूखहरू र दक्षिणमा श्री रामचन्द्रको मन्दिर पर्दछ। प्रत्येक वर्ष कृष्णाष्टमी र रामनवमीका दिन भजन कीर्तन गाउन स्थानीय जनता यस सत्तलको प्रयोग गर्दछन्।






लम्बाइ — २२'
चौडाइ — १०'
टोल — पचलीघाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २००७ वैशाख
बनाउने व्यक्ति — भागीरथीदेवी मुल्मी, यंगाल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (३२) / व. नं. १२

भौतिक विवरण:—

यस सत्तललाई मासिन नदिन समयमा जीर्णोद्धार गर्नु पर्ने देखिन्छ। झिंगटीले छाइएको छाना हाल ठाउँ ठाउँमा झिगटी टूटफूट भैसकेकोले पानी चुहिने गर्दछ र गारो पनि कहीं कहीं चर्किएको अवस्थामा रहेको छ। पश्चिम मोहडाको यस तीन कवल दुई तले सत्तलको पूर्वमा खाली ठाउँ तथा वारी, पश्चिममा पचली भैरव जाने बाटो, उत्तरमा सत्तल र दक्षिणमा मन्दिर पर्दछ। हाल यस शत्तलको आवासीय प्रयोग भैराखेको छ।





लम्बाइ — १८'
चौडाइ — १२'
टोल — पचलीघाट
अभिलेखपत्र —

निर्माण मिति — वि. सं. १८७३ पौष
बनाउने व्यक्ति — जयदुथ
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो


सत्तल (३३) / व. नं. १२

भौतिक विवरण :–

दक्षिण मोहडाको यस दुई तले, दुई नाले सत्तलको हाल धार्मिक एवं आवासीय प्रयोग भैराखेको देखिन्छ । सत्तलको थामहरूमा कलश वुट्टाहरू कुँदिएका छन । यस सत्तलको वरिपरिको वातावरणको हकमा पूर्वमा पचलीभैरव जाने वाटो, पश्चिममा हनुमानको मूर्ति, उत्तरमा वगैंचा र दक्षिणमा वागमती नदी पर्दछ । सत्तलको छाना टायलले छाइएको छ ।



लम्बाइ — ३५'
चौडाइ — २५'.३"
टोल — पचलीघाट
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति — ने. सं. ९१५ मार्ग
बनाउने व्यक्ति — तेजराम
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (३४) / व. नं. १२

भौतिक विवरण:—

पश्चिम-उत्तर दुवै दिशामा फैलिएको यस सत्तलमा जम्मा नेह्र कवल रहेको छ । हाल यस सत्तलको उत्तर-पश्चिम कुनातर्फको छाना भत्किएको छ र केही दलिनपनि फेर्नुपर्ने देखिन्छ । यस सत्तलको पूर्वमा मन्दिर, पश्चिममा पचली जाने ढुंगाले छापेको बाटो, उत्तरमा खाली ठाउँ र दक्षिणमा मन्दिर पर्दछ । मन्दिरमा पूजा आजा गर्न आउनेहरूले यस सत्तलको प्रयोग गर्ने गर्दछन ।



लम्बाइ — ८५'
चौडाइ — २१'
टोल — पचलीघाट
अभिलेखपत्र — शिलापत्र





निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (३५) /व. नं. १२

भौतिक विवरण :—

धार्मिक कार्यकोलागि प्रयोग गर्दै आएको यो सत्तल तीन कवल पूर्व मोहडाको छ । समय समयमा जीर्णोद्धार कार्य गर्दै आइरहेकोले वर्तमान अवस्था सन्तोषजनक देखिन्छ । सत्तलको पूर्वमा महादेव स्थान, पश्चिममा बगैंचा, उत्तरमा पचलीभैरव जाने बाटो र दक्षिणमा सत्तल पर्दछ ।





लम्बाइ — २४'
चौडाइ — १८'
टोल — पचलीघाट
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (३६) / व. नं. १२

भौतिक विवरण:—

काष्ठकलाले खिंगारिएको यो सत्तल झिगटी छाना हाली प्राचीन शैलीमा निर्माण गरिएको छ । भजन कीर्तन आदिकोलागि प्रयोग गर्दैआएको यो सत्तल पाँच कवल दक्षिण मोहडाको छ । यस सत्तलको पूर्वमा पचली जाने बाटो, पश्चिममा बगैंचा, उत्तरमा पनि बगैंचा र दक्षिणमा महादेवको मन्दिर पर्दछ ।






लम्बाइ — ३३'
चौडाइ — १८'
टोल — पचलीघाट
अभिलेखपत्र —


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (३७) / व. नं. १२

भौतिक विवरण:—

मन्दिरको चारैतिर निर्माण गरिएको यो सत्तल कलात्मक दृष्टिकोणले महत्वपूर्ण देखिन्छ। सत्तलको थाम, ऊयाल, आदिमा विभिन्न बुट्टाहरू विद्यमान छन। यस सत्तलको पूर्वमा खाली ठाउँ, पश्चिममा पचलीभैरव जाने बाटो, उत्तरमा खाली जग्गा र दक्षिणमा बागमती नदी जाने बाटो पर्दछ। हाल यस सत्तलमा घरबारविहीन परिवारले बसोबास गरेको छ।






लम्बाइ — ३८४'
चौडाइ — १५'.५"
टोल — महादेवस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९०७
बनाउने व्यक्ति — बमबहादुर ज. ब. रा.
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (३८) / व. नं. १२

भौतिक विवरण:—

झिंगटी छाना हाली निर्माण गरिएको यस सत्तलको छाना लगायत गारोको यथाशीघ्र मर्मत गर्नुपर्ने देखिन्छ। सत्तलको भयालहरूमा विभिन्न किसिमका बुट्टाहरूले ऊयाललाई सिंगारिएको देखिन्छ। दक्षिण मोहडाको यस पाँच कवल सत्तलको बगैंचा, पश्चिममा सत्तल उत्तरमा खाली जग्गा र दक्षिणमा महादेवको मन्दिर पर्दछ। स्थानीय भक्तजनहरू यस सत्तलमा भगवानको अर्चनास्वरूप भजन गाउने गर्दछन्।






लम्बाइ — ४०'
चौडाइ — २२'
टोल — पचलीघाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९२४ वैशाख
बनाउने व्यक्ति — मैयाँ भुवनेश्वरी
कप्तान गुमान सिं कार्की
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३९) /व. नं. १२

भौतिक विवरण:—

बागमती नदीमा स्नान गर्ने आउनेहरूकालागि तथा बटुवाहरूकालागि ओत लाग्न निर्माण गरिएको यो पाटी नौ कवल दक्षिण मोहडाको छ। यस पाटीको पूर्वमा मठ, पश्चिममा पनि मठ, उत्तरमा पर्खाल र दक्षिणमा बाटो पर्दछ। पाटीको छाना जस्ताले छाइएको छ।






लम्बाइ — ६३'
चौडाइ — ५'
टोल — पचलीघाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — पुण्यविक्रम
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - राम्रो

सत्तल (४०) /व. नं. १२

भौतिक विवरण:—

दक्षिण मोहडाको यस सत्तलमा जम्मा दस कवल रहेको छ। सत्तलमा अर्को एक पाटी जस्तो एक भाग पनि जोडिएको छ। यस सत्तलको छानामा जस्ता, झिंगटी तथा टायल प्रयोग गरेको देखिन्छ। सत्तलको वातावरणको हकमा पूर्वमा बाटो, पश्चिममा सत्तल उत्तरमा बगैंचा र दक्षिणमा हनुमानको मूर्ति र एक ठूलो घण्टा रहेको छ। प्रत्येक वर्ष रामनवमीका दिन यहाँ विशेष पूजाको आयोजना गरिने परम्पराको अलावा समय समयमा भजन गाउने पनि गर्दछन्।






लम्बाइ — ६६'
चौडाइ — २२'
टोल — पचली, हनुमानघाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — बमबहादुर राणा, टेकू
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (४१) /व. नं. १२

भौतिक विवरण:—

राधाकृष्णको मन्दिरसंगै बनाइएको यस सत्तलले मन्दिरमा पूजा गर्न आउनेहरूकालागि सुविधा प्रदान गर्दैआएको छ। यस सत्तलको पूर्वमा बगैंचा, पश्चिममा पर्खाल, उत्तरमापनि बगैंचा र दक्षिणमा बागमती नदी पर्दछ। दक्षिण मोहडाको यो सत्तल पाँच कवलको छ। सत्तलको झिंगटी छानालाई साधारण मर्मत कार्य गर्नु पर्ने देखिन्छ।






लम्बाइ — ३२'
चौडाइ — १०'
टोल — श्रीराधाकृष्णघाट
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – ठीकै

पाटी (४२) /व. नं. १२

भौतिक विवरण :–

उत्तर-दक्षिण दुवैतर्फ नौ नौ कवल रहेको यो पाटी झिंगटी छाना हाली निर्माण गरिएको छ। यस पाटीको पूर्वमा मसानघाट तथा पाटी, पश्चिममा बागमती नदी जाने बाटो, उत्तरमा पचली भैरव तथा चोक र दक्षिणमा खाली ठाउँ तथा बाटो पर्दछ। निजी गुठीका गुठीयारहरू समय समयमा यस पाटीमा आई भोज खाने चलन छ।






लम्बाइ — ४२'
चौडाइ — २२'
टोल — पचली
अभिलेखपत्र —


निर्माण मिति — ने.सं. ८९२ चैत्र
बनाउने व्यक्ति — भाजुमचा भारो
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था —

सत्तल (४३) /व. नं. १२

भौतिक विवरण :–

समय समयमा पूजा आजा गरी भोज खानकोलागि प्रयोग गरिने यो सत्तल झिंगटी छाना हाली प्राचीन शैलीमा निर्माण गरिएको छ। सत्तलको पूर्वमा बगैंचा, पश्चिममा बागमती नदी जाने बाटो, उत्तरमा खाली ठाउँ तथा रूखहरू र दक्षिणमा सत्तल पर्दछ। सात कवलको यो सत्तल पश्चिम मोहडाको छ।





लम्बाइ — ५०'
चौडाइ — २२'
टोल — पचली भैरव
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. १९९६
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४४) /व. नं. १२

भौतिक विवरण :—

समय समयमा पचली भैरवको पूजा हुँदा भजन गाउनकालागि प्रयोग गर्दै आएको यो पाटी छः कवल पूर्व मोहडाको छ। झिंगटी छाना भएको यस पाटीको झिंगटीमध्ये केही फुटिसकेकोले फेर्नु पर्ने देखिन्छ। पाटीको पूर्वमा पचली भैरव, पश्चिममा खाली जग्गा, उत्तरमा खाली ठाउँ र दक्षिणमा पाटी पर्दछ।





लम्बाइ — ३४'
चौडाइ — ३०'
टोल — पचली भैरव
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४५) / व. नं. १२

भौतिक विवरण:—

छः कवल पूर्व मोहडाको यो पाटी झिंगटी छाना हाली निर्माण गरिएको छ। पाटीको थामहरुमा कलशको बुट्टा कुँदिएको छ। यस पाटीको पूर्वमा चौतारा, पश्चिममा सडक विभागको कार्यालय, उत्तरमा नर्याँ भंसार जाने बाटो र दक्षिणमा बाटो पर्दछ। भजन गाउन यस पाटीको प्रयोग हुने गरेको देखिन्छ।






लम्बाइ — ४०'
चौडाइ — ७'
टोल — पचली भैरव
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४६) / व. नं. १२

भौतिक विवरण:—

जस्ताको छाना छाली बनाइएको यस पाटीले भैरवको मन्दिरमा पूजा गर्न आउने व्यक्तिहरुकालागि र भजन गाउनेहरुकालागि सहयोग गर्दै आएको देखिन्छ। यस पाटीको पूर्व, उत्तर तथा दक्षिण तीनैतिर एक एक कवल रहेको छ। पाटीको पूर्वमा भैरवस्थान, पश्चिममा खाली ठाउँ तथा चोक, उत्तरमा चौतारा र दक्षिणमा बागमती नदी जाने बाटो पर्दछ। पाटीको टुँडाल र थामहरू आकर्षक बुट्टाले सिंगारिएको छ।






लम्बाइ — ७'
चौडाइ — ६'
टोल — पचली
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ८०३ आश्विन
बनाउने व्यक्ति — बाबुराम, हाकुसि महर्जन
जीर्णोद्धार मिति— ने. सं. ९२४
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (४७) /व. नं. १२

भौतिक विवरण:—

जगन्नाथ मन्दिरको नजीक निर्माण गरिएको यो सत्तल दुईतिर फैलिएको छ। एकातिर पन्ध्र कवल र अर्कोतिर तेह्र कवल गरी जम्मा अट्ठाइस कवल छ। कलात्मक दृष्टिकोणले आकर्षक रहेको यस सत्तलको छाना लगायत अन्य भागको अवस्था नराम्रो भैसकेकोले यथाशीघ्र जीर्णोद्धार गर्नु वाञ्छनीय देखिन्छ। यस सत्तलको पूर्वमा मन्दिर तथा विद्यालय, पश्चिममा बाटो, उत्तरमा बगैंचा र दक्षिणमा पनि बाटो पर्दछ। हाल यस सत्तलमा घरबार नभएका व्यक्तिहरु बसोबास गरेका छन्।






लम्बाइ — १६०'
चौडाइ — १०'
टोल — टेकु, जगन्नाथ मन्दिर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९१२ जेष्ठ
बनाउने व्यक्ति — तवधिक भारो, शिवलक्ष्मी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (४८) / व. नं. १२

भौतिक विवरण:—

समय समयमा भजन कीर्तन गर्ने प्रयोग गर्दैआएको यस पाटीको वि. सं. १९९१ सालमा जीर्णोद्धार भएको हुनाले वर्तमान अवस्था राम्रो छ। तीन कवल पूर्व मोहडाको यस पाटीको पूर्वमा मसानघाट, पश्चिममा पाटी, उत्तरमा बागमती नदी जाने बाटो र दक्षिणमा रोप-वे जाने बाटो पर्दछ।






लम्बाइ — १०'
चौडाइ — ४'.६"
टोल — पञ्चली भैरव
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. १९९१
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (४९) / व. नं. १२

भौतिक विवरण:—

भौतिकस्वरूपमा अंग्रेजी अक्षर "एल" जस्तो भएको यो पाटी झिंगटी छाना हाली निर्माण गरिएको छ। पाटीको थाममा आकर्षक बुट्टाहरू कुँदिएका छन्। सात कवल पश्चिम मोहडाको यस पाटीको पूर्वमा चउर, पश्चिममा पचली भैरवको मन्दिर उत्तरमा बाटो तथा पाटी र दक्षिणमा बागमती नदी जाने बाटो पर्दछ। पाटीको झिंगटी छाना लगायत गारो आदि भत्किएको हुनाले यसको कुनैपनि प्रयोग गरेको देखिंदैन।






लम्बाइ — ७०'
चौडाइ —४'.१०"
टोल — पचली भैरव
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने.सं. ८९८ वैशाख
बनाउने व्यक्ति — महेश गिरी गोशाई
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (५०) / व. नं. १२

भौतिक विवरण:—

निजी गुठीका गुठीयारहरू लगायत अन्य भक्तालुहरू पचली भैरवको पूजा आजा गरी यस पाटीमा बसी भोज खाने गर्दछन्। यस पाटीको पूर्वमा सत्तल, पश्चिममा पाटी, उत्तरमा बारी र दक्षिणमा मसानघाट पर्दछ। दक्षिण मोहडाको यो पाटी आठ कवलको छ।






लम्बाइ — ४०'
चौडाइ — ६'
टोल — पचली भैरव
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — शम्भू
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (५१) / व. नं. १२

भौतिक विवरणः—

पूर्व मोहडाको यस सत्तलको झिंगटी छाना पूर्णरूपले भत्किसकेको र पश्चिम, उत्तर तथा दक्षिणतर्फको गारोको केही भाग मात्र हाल बाँकी छ । सत्तलको पूर्वमा कच्ची बाटो, पश्चिममा पाटी, उत्तरमा घर र दक्षिणमापनि कच्ची बाटो पर्दछ । सत्तल हाल भत्केकोले कुनैपनि प्रयोगमा आएको छैन ।






लम्बाइ — २५'.३"
चौडाइ — ८'
टोल — भैरवस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९६६
बनाउने व्यक्ति — दर्शनधारी तेजनाथ
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (५२) / व. नं. १२

भौतिक विवरणः—

भगवान्को प्रार्थनास्वरूप नित्य भजन गाउन प्रयोग गर्दै आइरहेको यो पाटी झिंगटी छाना हाली निर्माण गरिएको छ । वि. सं. २०३३ मा जीर्णोद्धार हुँदा पाटीको पश्चिमपट्टिको भाग मात्र मर्मत गरेको देखिन्छ । दक्षिण मोहडाको यस पाटीको पूर्वमा पाटी, पश्चिममा खाली ठाउँ, उत्तरमा चोक र दक्षिणमा पचलीबाट भंसार जाने बाटो पर्दछ ।





लम्बाइ — १५'
चौडाइ — १२'
टोल — भैरवस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३३
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (५३) /व. नं. १२

भौतिक विवरण :–

भिंगटी छाना हाली बनाइएको यस पाटीको छाना छाल ठाउँ ठाउँमा टूटफूट भएकोले वर्षा याममा छानाबाट पानी चुहिने गर्दछ । सात कवलको यो पाटी दक्षिण मोहडाको छ । स्थानीय जनताकालागि भजन गाउन महत्वपूर्ण ठहरिएको यस सत्तलको पूर्वमा सत्तल, पश्चिममा चोक, उत्तरमा चोक र दक्षिणमा पचली भैरवस्थान पर्दछ ।






लम्बाइ — ३२'
चौडाइ — १०'.११"
टोल — भैरवस्थान (पचली)
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९००
बनाउने व्यक्ति — धनलक्ष्मी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (५४) /व. नं. १२

भौतिक विवरण :—

ईंट, ढुङ्गा, सिमेन्ट आदिको संमिश्रणबाट केही वर्ष अगाडि निर्माण गरिएको हुनाले पाटीको भौतिक अवस्था राम्रो छ । पाटीको छानामापनि सिमेन्ट लगाइएको छ । यस पाटीको पूर्वमा पाटी, पश्चिममा पाटी, उत्तरमा चोक र दक्षिणमा यो पाटी अर्को पाटीसंग जोडिएको छ । समय समयमा भोज खान यस पाटीको प्रयोग भएको देखिन्छ ।






लम्बाइ — १६'
चौडाइ — ७'
टोल — पचली भैरव
अभिलेखपत्र —


निर्माण मिति — ने. सं. १०७५ श्रावण
बनाउने व्यक्ति — पूर्णमान सहित पाँच जना
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (५५) / व. नं. १२

भौतिक विवरण:—

धार्मिक क्रियाकलापमा प्रयोग हुँदै आएको यस सत्तलको अवस्था सन्तोषजनक देखिन्छ। यस सत्तलको पूर्वमा पाटी, पश्चिममा सत्तल, उत्तरमा खेत र दक्षिणमा भैरवनाथको मन्दिर पर्दछ। सत्तलको बाहिर सिमेन्ट प्लास्टर गरिएको हुनाले सत्तल राम्रो देखिन्छ। यो सत्तल दक्षिण मोहडाको छ।






लम्बाइ — १५'
चौडाइ — १२'
टोल — भैरवस्थान
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — नारायणभक्त
जीर्णोद्धार मिति— वि. सं. २०३३
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (५६) / व. नं. १२

भौतिक विवरण:—

शैलीरहित यो पाटी तीन कवल दक्षिण मोहडाको छ। यस पाटीको पूर्वमा पाटी, पश्चिममा सत्तल, उत्तरमा बगैंचा र दक्षिणमा भैरवनाथको चोक पर्दछ। बटुवाहरूकालागि ओत लाग्न यस पाटीले सघाउ पुऱ्याउँदै आएको देखिन्छ।






लम्बाइ — २१'
चौडाइ — १०'
टोल — पचली भैरव
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (५७) / व. नं. १२

भौतिक विवरण:—

आधुनिक शैलीमा सिमेन्ट ढलान गरी बनाइएको यो पाटी पूर्व मोहडाको छ। पाटीमा फलामको रड, सिमेन्ट, कंक्रिट आदिको प्रयोग गरिएको हुनाले अवस्था ज्यादै मजबूत छ। यस पाटीको पूर्वमा प्रांगण, पश्चिममा पाटी, उत्तरमा खाली ठाउँ र दक्षिणमा पनिखाली ठाउँ पर्दछ। प्रत्येक वर्ष बैशाख पूर्णिमाको दिन विशेष पूजा गरी यस पाटीमा बसी भोज खाने परम्परा रहेको छ।






लम्बाइ — ११'
चौडाइ — ८'
टोल — पचली भैरव
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २०२८ कार्तिक
बनाउने व्यक्ति — पूर्णमान समेत पाँच जना
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (५८) / व. नं. १२

भौतिक विवरण:—

यस सत्तलको जीर्णोद्धारपछि पहिलेको स्वरूपमा परिवर्तन गरी सिमेन्ट ढलानको सहायता-बाट सत्तललाई नयाँ रूप प्रदान गरेको छ। समय समयमा भैरवको पूजा गरिंदा यस सत्तलको प्रयोग गर्ने गरेको देखिन्छ। पाँच कवल पूर्व मोहडाको यस सत्तलको पूर्वमा खाली ठाउँ, पश्चिममा चोक, उत्तरमा बाटो र दक्षिणमा पाटी तथा चोक पर्दछ।





लम्बाइ — ३५'
चौडाइ — ९'
टोल — पचली भैरव
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२९
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (५९) / व. नं. १२

भौतिक विवरण:—

आवासीय प्रयोग भैराखेको यो पाटी छः कवल दक्षिण मोहडाको छ। झिंगटीले छाइएको छाना भएको यस पाटीको झिंगटी ठाउँ ठाउँमा टूट फूट भैसकेकोले फेर्नु पर्ने देखिन्छ। यस पाटीको चार किल्लाको हकमा पूर्वमा पाटी तथा रूख, पश्चिममा बाटो, उत्तरमा पाटी र दक्षिणमा पाटी तथा रूख पर्दछ।






लम्बाइ — २७'
चौडाइ — ७'
टोल — भैरवस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (६०) /व. नं. १२

भौतिक विवरण :—

झिंगटी छानाको मर्मत कार्य समयमा नभएको हुनाले छानाबाट पानी चुही त्यसको प्रतिकूल असर गारोमा समेत पर्न गएको छ। यस पाटीको पूर्वमा पाटी, पश्चिममा बाटो, उत्तरमा पाटी र दक्षिणमा पाटी पर्दछ। पाटीको प्रत्येक थामहरूमा देवताका मूर्ति तथा गरूडको मूर्ति कुँदिएको छ।





लम्बाइ — २२'
चौडाइ — ६'
टोल — पचली भैरव
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९२४ माघ
बनाउने व्यक्ति — कृष्ण धर, हरि धर
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (६१) / व. नं. १२

भौतिक विवरण:—

रौंच कवल दक्षिण मोहडाको यस पाटीमा भैरवको समय समयमा पूजा गरिंदा त्यस क्षेत्रका भक्तजनहरु यस पाटीमा बसी भजन गाउने तथा भोज खाने गर्दछन् । झिंगटी छाना भएको यस पाटीको झिंगटी हाल ठाउँ ठाउँमा फुटिएकोले पाटी यथाशीघ्र मर्मत गर्नुपर्ने देखिन्छ । यस पाटीको पूर्वमा पाटी, पश्चिममा खेत तथा रूख, उत्तरमा खेत र दक्षिणमा पाटी पर्दछ ।






लम्बाइ — २२'
चौडाइ — ६'
टोल — पचली भैरव
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (६२) / व. नं. १२

भौतिक विवरण:—

आधुनिक शैलीमा सिमेन्ट ढलान गरी बनाइएको यस पाटीको वर्तमान भौतिक अवस्था मजबूत छ । दक्षिण मोहडाको यस पाटीको पूर्वमा बागमती नदी जाने बाटो, पश्चिममा बाटा, उत्तरमा मसानघाट र दक्षिणमा बागमती नदी जाने बाटो पर्दछ । मसानघाटमा दाह संस्कार गर्ने आउनेहरु यस पाटीमा आराम गर्ने गर्दछन् ।






लम्बाइ — २३'
चौडाइ — १०'
टोल — पचली भैरव
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२५ श्रावण
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (६३) /व. नं. १२

भौतिक विवरण:—

निजी गुठीका गुठीयारहरुकालागि बेलामौकामा भोज खान यस सत्तलले उपादेयता प्रदान गर्दैआएको देखिन्छ । भिंगटी छाना हाली निर्माण गरिएको यो सत्तल दक्षिण मोहडाको छ । यस सत्तलको पूर्वमा मसानघाट, पश्चिममा सडक विभागको कार्यालय, उत्तरमा सत्तल र दक्षिणमा भैरवको मन्दिर जाने बाटो पर्दछ ।





लम्बाइ — १५'
चौडाइ — १२'
टोल — पचली भैरव
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने.सं. ८६१
बनाउने व्यक्ति — कृष्ण सिंह, भावो महर्जन
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (६४) / व. नं. १२

भौतिक विवरण:—

हालसम्म भौतिक अवस्था सन्तोषजनक रहेको यो पाटी दुई कवल पूर्व मोहडाको छ । घरबारविहीन व्यक्तिहरुकालागि बसोबास गर्न उपयुक्त ठहरिएको यस पाटीको पूर्वमा पचली भैरवस्थान जाने बाटो, पश्चिममा घरको कम्पाउण्ड, उत्तरमा खाली ठाउँ र दक्षिणमापनि खाली ठाउँ पर्दछ ।






लम्बाइ — १५'
चौडाइ — ८'
टोल — पचली, टेकु
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २०१४
बनाउने व्यक्ति — लक्ष्मी माया
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (६५) / व. नं. १२

भौतिक विवरण :–

ठाउँ ठाउँमा काष्ठकलाले सिंगारिएको यो सत्तल झिंगटी छाना हाल्ने प्राचीन शैलीमा निर्माण गरिएको छ। यस सत्तलको पूर्वमा पचली भैरवस्थान जाने बाटो, पश्चिम, उत्तर तथा दक्षिणमा इन्धन संस्थानको डिपो पर्दछ। सत्तलको टुँडालमा सिंहको मूर्ति र थाममा नागको बुट्टा कुँदिएको छ।






लम्बाइ — १७'.६"
चौडाइ — ११'.६"
टोल — पचली, टेकु
अभिलेखपत्र —


निर्माण मिति — १७ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (६६) / व. नं. १२

भौतिक विवरण:—

काष्ठकलाको दृष्टिकोणले आकर्षक रहेको यो सत्तल पाँच कवल पश्चिम मोहडाको छ। सत्तलको टुँडाल, भयाल आदिमा कुंदिएका विभिन्न बुट्टाले सत्तलको सौन्दर्य बढाएको देखिन्छ। यस सत्तलको पूर्वमा घर तथा खेत, पश्चिममा बगैंचा, उत्तरमा घर र दक्षिणमा खेत तथा पोखरी पर्दछ। भगवान्को अर्चनास्वरूप यस सत्तलमा नित्य भजन हुन्छ।






लम्बाइ — ५०'
चौडाइ — १३'
टोल — पचली
अभिलेखपत्र —


निर्माणमिति — १९ सौं शताब्दी
बनाउने व्याक्त — सिद्धिनानायत.
निमनानयल
जीर्णोद्धार मिति— वि.सं. २०२२ वैशाख २६
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (६७) /व. नं. १२

भौतिक विवरण:—

कुश्ले जातिको मसानघाट नजीक हालसालै मात्र निर्माण गरिएको हुनाले यस पाटीको भौतिक अवस्था राम्रो छ। पाटीको पूर्वमा चउर, पश्चिममा बागमती नदी जाने बाटो, उत्तरमा भैरवस्थान आउने बाटो र दक्षिणमा मसानघाट पर्दछ। दक्षिण मोहडाको यस पाटीको छाना जस्ताले छाइएको छ।






लम्बाइ — १५'
चौडाइ — ९'
टोल — पचली भैरव
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (६८) /व. नं. १२

भौतिक विवरण:—

गुठीका गुठीयारहरू समय समयमा भोज खान र बटुवाहरूकालागि विश्राम गर्न निर्माण गरिएको यस पाटीको छाना टायलको छ। पाटीको वरिपरिको वातावरणको हकमा पूर्वमा गुठीको देवता, पश्चिममा पोखरी, उत्तरमापनि पोखरी र दक्षिणमा बाटो पर्दछ। टायल कहीं कहीं फुटिएकोले फेर्नुपर्ने देखिन्छ ।






लम्बाइ — १५'
चौडाइ — ८'
टोल — पचली भैरव
अभिलेखपत्र —

निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


पोखरी (६९) / व. नं. १२

भौतिक विवरणः—

समय-समयमा पोखरीको सर-सफाई नगरिएको हुनाले पोखरीको अवस्था नराम्रो छ। पोखरीमा फोहर पानी जमेकोले पोखरीबाट दुर्गन्ध उत्पन्न गरेको छ। यस पोखरीको पूर्वमा टेक्न दोभान जाने बाटो, पश्चिममा पाठशालाको कम्पाउण्ड, उत्तरमा खेत र दक्षिणमा बाटो पर्दछ।



लम्बाइ — २००'
चौडाइ — २५'
टोल — पचली भैरव
अभिलेखपत्र —




निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो


पाटी (७०) / व. नं. १२

भौतिक विवरणः—

पूर्व-उत्तर मोहडाकों यो पाटी हालसालै मात्र निर्माण गरिएको हुनाले भौतिक अवस्था राम्रो छ। यस पाटीको पूर्वमा मसानघाट पश्चिममा कान्जी हाउस, उत्तरमा रोप-वे जाने बाटो र दक्षिणमा चउर पर्दछ। मलामी आउनेहरू यस पाटीमा विश्राम गर्दछन्।



लम्बाइ — १०'
चौडाइ — ७'
टोल — पचली भैरव
अभिलेखपत्र —





निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (७१) /व. नं. १२

भौतिक विवरण :—

झिगटी छाना हालो प्राचीन शैलीमा निर्माण गरिएको यस पाटीकोसंगै दक्षिण पट्टि सिमेन्ट प्लास्टर गरी बनाइएको अर्को पाटीपनि जोडिएको छ । पूर्व मोहडाको यो पाटी तीन कवलको छ । झिगटी छाना भएको पाटी पश्चिमपट्टि "एल" आकारको छ । नयाँ जोडिएको पाटीमा जस्ताको छाना राखिएको छ । यस पाटीको पूर्वमा चउर, पश्चिममा रोप-वे स्टेशन, उत्तरमा पनि चउर र दक्षिणमा पोखरी पर्दछ । हाल यस पाटीको आवासीय प्रयोग भएको देखिन्छ ।






लम्बाइ — ३५'
चौडाइ — २२'
टोल — रोप वे, टेकु
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२८
वर्तमान भौतिक अवस्था — ठीकै

पोखरी (७२) / व. नं. १२

भौतिक विवरण:—

स्थानीय जनताकालागि कुनैपनि उपयोगिता यस पोखरीले प्रदान नगरेको हुनाले स्थानीय वासिन्दाले पोखरीको सर-सफाईतिर ध्यान नदिएको देखिन्छ । यस पोखरीको पूर्वमा बाटो, पश्चिममा ट्रक पार्किङ क्षेत्र, उत्तरमा गोदाम तथा पाटी र दक्षिणमा विश्वविद्यलाय जाने बाटो पर्दछ ।






लम्बाइ — १८०'
चौडाइ — १००'
टोल — रोप वे, टेकु
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (७३) / व. नं. १२

भौतिक विवरण:—

काठको थामहरूमा साधारण बुट्टा कुँदिएको यो पाटी झिंगटी छाना हाली बनाइएको छ । बटुवाहरूकालागि विश्राम गर्न बनाइएको यस पाटीको पूर्वमा बाटो, पश्चिममा घर, उत्तरमा पनि घर र दक्षिणमा बाटो पर्दछ । तीन कवलको यो पाटी पूर्व मोहडाको छ ।






लम्बाइ — १५'
चौडाइ — ६'
टोल — मुसुंबहाल पुखुसि
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १०२१
बनाउने व्यक्ति — धिर्जमान खड्गिकार
जीर्णोद्धार मिति— वि. सं. २०३२ फागुन
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (७४) / व. नं. १२

भौतिक विवरण:—

हालसम्म भौतिक अवस्था सन्तोषजनक देखिएको यो सत्तल तीन कवल उत्तर मोहडाको छ । यस सत्तलको पूर्वमा घर, पश्चिममा बाटो, उत्तरमा महादेवको मन्दिर र दक्षिणमा जैसीदेवल जाने बाटो पर्दछ । धार्मिक एवं आवासीय प्रयोग भैराखेको यस सत्तलको छाना झिंगटीको छ ।






लम्बाइ — ३४'
चौडाइ — १८'
टोल — ह्यूमत, जैसीदेवल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (७५) / व. नं. १२

भौतिक विवरण:–

जीर्णोद्धारको अभावमा हाल यो सत्तल पूर्णरूपले भत्की केवल जग मात्र देखा परेको छ। सत्तलको चार किल्लाको हकमा पूर्वमा महादेवको मन्दिर, पश्चिममा खेत, उत्तरमा विद्यालय र दक्षिणमा सत्तल पर्दछ।





लम्बाइ — ३२'
चौडाइ — १६'
टोल — ह्यूमत, जैसीदेवल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (७६) / व. नं. १२

भौतिक विवरण:—

स्थानीय इलाकाका बालबच्चालाई पढाउनकोलागि प्रयोग गर्दैआएको यो पाटी पूर्व मोहडाको छ। पाटीको छाना जस्ता तथा टायलले मिश्रितरुपमा छाइएको छ। यो पाटीको पूर्वमा श्रीनारायणको मन्दिर, पश्चिममा खेत, उत्तरमा घर र दक्षिणमा भत्किएको सत्तल पर्दछ।






लम्बाइ — ३४'
चौडाइ — ११'
टोल — ह्यूमत
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — ने. सं. ८१७ चैत्र
बनाउने व्यक्ति — वासुदेव भारो
जीर्णोद्धार मिति— वि. सं. २०२८
वर्तमान भौतिक अवस्था – ठीकै


पाटी (७७) / व. नं. १२

भौतिक विवरणः—

स्थानीय रा० प्रा० विद्यालयले कक्षा संचालन गर्न प्रयोग गर्दैआएको र सोही विद्यालयले वि० सं० २०२८ मा जीर्णोद्धार गरिएको हुनाले पाटीको वर्तमान अवस्था ठीकै छ । दक्षिण मोहडाको यस पाँच कवले पाटीको छाना टायलले छाइएको छ। यस पाटीको पूर्व, पश्चिम तथा उत्तरमा स्थानीय जनताको घर र दक्षिणमा नारायणको मन्दिर पर्दछ ।



लम्बाइ — ३५'
चौडाइ — १०'
टोल — हचुमत, जैसीदेवल
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति — ने. सं. ९२५
बनाउने व्यक्ति — धन्तराय महर्जन
जीर्णोद्धार मिति— वि. सं. २०२८
वर्तमान भौतिक अवस्था — ठीकै


पाटी (७८) /व. नं. १२

भौतिक विवरण:—

हाल यो पाटी संपूर्णरूपले भत्की केवल जगको केही अंश मात्र बाँकी छ । यस पाटीको पूर्वमा बाटो, पश्चिममा बगैंचा, उत्तरमा घर र दक्षिणमा सरस्वतीको मूर्ति तथा पखाल पर्दछ ।



लम्बाइ — २०'
चौडाइ — ६'.६"
टोल — हचुमत, जैसीदेवल
अभिलेखपत्र — शिलापत्र





निमर्णामिति — ने. सं. ८७० चैत्र
बनाउने व्यक्ति — विष्णुनारायण
कृष्णनारायण
जीर्णोद्धार मिति—
बर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (७९) /व. नं. १२

भौतिक विवरण:—

भगवान् रामचन्द्र तथा सेवक हनुमानको मन्दिरको चारैतिर निर्माण गरिएको यस सत्तलको छाना झिंगटीले छाइएको छ। सत्तलको थाम, भयाल आदि ठाउँमा विभिन्न आकर्षक बुट्टाले सिंगारिको छ। यस सत्तालको पूर्वमा बाटो, पश्चिममा बगैंचा, उत्तरमा घर र दक्षिणमा पनि घर पर्दछ। धार्मिक दृष्टिकोणले यस सत्तालको विशेष महत्व रहिआएको छ।






लम्बाइ — २९१'
चौडाइ — १८'
टोल — जैसीदेवल, रामचन्द्रस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९२१ कार्तिक
बनाउने व्यक्ति — श्री धर्मसिंह तथा पत्नी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (८७) /व. नं. १२

भौतिक विवरण:—

समय समयमा भगवान्को प्रार्थना स्वरूप भजन गर्ने तथा बटुवाहरूकालागि विश्राम गर्न निर्मित यो पाटी तीन कवल पूर्व मोहडाको छ। यस पाटीको पूर्वमा बाटो, पश्चिममा घर, उत्तरमा पर्खाल र दक्षिणमा सत्तल पर्दछ। पाटीका थामहरुमा बुट्टाहरु कुँदिएका छन्।





लम्बाइ — १८'
चौडाइ — ६'
टोल — जैसीदेवल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ८८१ माघ
बनाउने व्यक्ति — जयधर्म महर्जन
जीर्णोद्धार मिति— ने. सं. ९३७
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (८१) /व. नं. १२

भौतिक विवरणः—

प्रत्येक वर्ष इन्द्रजात्राको समयमा स्थानीय जनताले पूजा गरी भोज खानकोनिम्ति प्रयोग गर्दै-आएको यस सत्तलको छाना हाल ठाउँ ठाउँमा बिग्रिसकेको हुनाले यथाशीघ्र मर्मत गर्नु पर्ने देखिन्छ। यस सत्तलको पूर्वमा घर, पश्चिममा ढुंगेधारा जाने बाटो, उत्तरमा बाटो र दक्षिणमा ढुंगेधारा पर्दछ। उत्तर मोहडाको यस सात कवले सत्तलको थाम, ऊयाल आदिमा थरीथरीका बुट्टाहरू कुँदिएका छन्।





लम्बाइ — ३२'
चौडाइ — ६'
टोल — कोहिटी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९०२ वैशाख
बनाउने व्यक्ति — शाक्यभिक्षु श्री ज्ञानमुनी, जयमुनी, देवमुनी आदि
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (८२) /व. नं. १२

भौतिक विवरण :—

पश्चिमाभिमुख यस ढुंगेधाराको निकट एक कलधाराको साथै विभिन्न देवी देवताका मूर्तिहरु छरिएर रहेको छ। मुहान ठीकै भए तापनि निकासको प्रबन्ध हाल मर्मत गर्नु पर्ने देखिन्छ। यस ढुंगेधाराको पूर्वमा घर, पश्चिममा श्रीनीलबाराहीको मन्दिर, उत्तरमा सत्तल र दक्षिणमा श्रीराम-चन्द्रको मन्दिर तथा बगैंचा पर्दछ। स्थानीय वासिन्दाहरूकालागि लुगा धुन, नुहाउन यस ढुंगेधाराले सघाउ पुऱ्याउँदै आएको छ।






लम्बाइ — २५'.३"
चौडाइ — २५'.३"
टोल — कोहिटी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १५ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— ने. सं. ९०२
वर्तमान भौतिक अवस्था – ठीकै

सत्तल (८३) / व. नं. १२

भौतिक विवरणः—

झिगटी छाना हाली प्राचीन शैलीमा निर्मित यो सत्तल जीर्णोद्धारको अभावमा हाल छानादेखि भुइँसम्म भत्किएको छ । उत्तर मोहडाको यस सत्तलको पूर्वमा घर, पश्चिममा खेत, उत्तर-मा बिष्णुमती जाने बाटो र दक्षिणमा घर पर्दछ । हाल स्थानीय जनताकालागि यसको कुनै फाइदा भएको देखिंदैन ।






लम्बाइ — ४०'
चौडाइ — २०'
टोल — कोहिटी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (८४) / व. नं. १२

भौतिक विवरणः—

साधारण शैलीमा निर्मित यस सत्तलको छाना झिंगटीले छाइएको छ। सत्तलको पूर्वमा शिवजीको मन्दिर तथा बाटो, पश्चिममा सत्तल, उत्तरमा बारी र दक्षिणमा बागमती नदी र मसान-घाट पर्दछ । हाल यस सत्तलको आवासीय प्रयोग भैरहेको देखिन्छ ।






लम्बाइ — १५'.८"
चौडाइ — १०'
टोल — टेकुदोभान
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (८५) /व. नं. १२

भौतिक विवरण:—

हाल यस पाटीको गारोको केही भाग बाहेक अन्य सबै भत्किसकेको हुनाले यसको कुनै उपयोग भएको छैन। पाटीको चार किल्लाको हकमा पूर्वमा खाली ठाउँ, पश्चिममा मसानघाट तथा बाटो, उत्तरमा सत्तल र दक्षिणमा बाटो तथा नदी पर्दछ।






लम्बाइ — २८'.५"
चौडाइ — ७'
टोल — टेकुदोभान
अभिलेखपत्र —

निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो


वडा नं. 13


3.
0 40 100 200 300 मी.
संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
लखुतीर्थ
किमडोल
दाउनी
लखुतीर्थ
पोखरी
ताहाचल
टंकेश्वरी

सत्तल (१) / व. नं. १३

तिक विवरण:—

चारैतिर सत्तल बीचमा बुद्धको मन्दिर भएको यो सत्तल विष्णुमती खोलाको वारिपट्टि स्थित छ। पूर्व मोहडाको यस सत्तलको पूर्वमा गोरेटो बाटो, पश्चिममा खेत, उत्तरमा बारी र णमा खाली ठाउँ पर्दछ। सत्तलको दक्षिण भागको भुइँ तलामा सोही सत्तलमा बसोबास राखेका मानिसहरूले केही हाते तान राखी घरेलु उद्योग चलाएका छन्। प्रत्येक साल गाईजात्राको देखि अष्टमीसम्म देवी देवताको नाच, ख्यालः आदि यहाँ देखाउने गरिन्छ।





लम्बाइ — ६५'
चौडाइ — १२'
टोल — खुसी बहाल, टंकेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ८२९
बनाउने व्यक्ति — भाष्कर मल्ल
जोर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२) / व. नं. १३

तिक विवरण:—

एक नाले तीन कवल झिंगटी छाना हाली साधारण शैलीमा निर्माण गरिएको यस पाटीको ा सामुन्ने पूर्वपट्टि एक सानो मन्दिर पनि रहेको छ। यस अतिरिक्त पाटी संगै शिवलिङ्ग अर्थात् ादेवको मूर्ति पनि स्थापना गरेको देखिन्छ। पूर्वमा मन्दिर र गोरेटो बाटो, पश्चिममा मिलिटरी ाउनी) ब्यारेक, उत्तरमा छाउनी मूल सडक निस्कने गोरेटो बाटो र दक्षिणमा स्थानीय जनताको ासस्थान जाने गोरेटो बाटो यी चार किल्लाभित्र यो पाटी अवस्थित छ। शैलीको दृष्टिकोणबाट य पाटीहरूको तुलनामा साधारण देखिए तापनि बटुवाहरूलाई छाहारी सेवा यस पाटीले प्रदान को देखिन्छ। स्थानीय वासिन्दाहरूको भनाई अनुसार यो पाटी निर्माण गर्ने निजी गुठीका ोयारहरू वर्षेनी पाटी निर्माण गरिएकै दिनमा यहाँ भोज खाने चलन हालसम्म यथावत नै को बुझिएको छ।






लम्बाइ — १७'
चौडाइ — १०'
टोल — छाउनी, टंकेश्वर
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — करिब २० जना महर्जनहरूको सहयोग
जीर्णोद्धार मिति— वि. सं. २०३०
वर्तमान भौतिक अवस्था — ठीकै

गाईबाच्छा पाटी (३) / व. नं. १३

भौतिक विवरण:—

"गाई बाच्छा पाटी" नामले परिचित यस पाटीको नयाँ बजार स्थित निजी गुठीका ज्यापूहरूको सक्रिय प्रयासको फलस्वरूप हालसालै पूर्ण रूपले जीर्णोद्धार कार्य भएको देखिन्छ। शुरूमा पूर्वज वा पुर्खाहरूले झिंगटी छाना हाली बनाएको यस पाटीमा हाल एकातिर जस्ताले छाइएको छ भने अर्कोतिर यसको परिवर्तित भौतिक स्वरूपले गर्दा कुनै पनि साधारण व्यक्तिलाई घरको भान हुनु अस्वाभाविक होइन। सार्वजनिक प्रयोगको लागि निर्माण गरिएको भए तापनि हाल यसको बनावटले भविष्यमा निजी प्रयोग गर्ने उद्देश्य रहेको संकेत गर्दछ। यस पाटीको पूर्वमा कच्ची मोटर चल्ने बाटो गएको छ भने पश्चिममा खेत, उत्तरमा पनि खेत र दक्षिणमा कालीमाटी निस्कने कच्ची बाटो पर्दछ।






लम्बाइ — २९'.६"
चौडाइ — ११'.६"
टोल — ताहाचल, सोल्टी पछाडि
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३४ पुस
वर्तमान भौतिक अवस्था - राम्रो

ढुंगेधारा (४) / व. नं. १३

भौतिक विवरण:—

"गाडिएको धारा" नामले स्थानीय जनतामा परिचित यस ढुंगेधाराले स्थानीय जनताको लागि नुहाउन, लुगा धुन र केही हदसम्म पानी पिउन शुरूदेखि वर्तमानसम्म अटुट रूपमा सेवा पुऱ्याउँदै आएको देखिन्छ। मकर मुखाकृत यस धाराको ठीक माथि नारायण र लक्ष्मीको शिलामा कुंदिएको मूर्ति राखिएको छ। यस ढुंगेधाराको पूर्वमा छाउनी जाने कच्ची बाटो, पश्चिममा खेत, उत्तरमा चक्रपथ पुग्ने कच्ची बाटो र दक्षिणमा खेत पर्दछ। दक्षिणतर्फ फर्केको यस ढुंगेधारामा साधारण मर्मत कार्य गरिएमा यसको शोभा बढ्ने कुरा स्पष्ट छ।






लम्बाइ — १६'.६"
चौडाइ — १६'
टोल — छाउनी
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — वि. सं. १९३९ आषाढ
बनाउने व्यक्ति — जुद्ध वीर
जीर्णोद्धार मिति— वि. सं. २०३४
वर्तमान भौतिक अवस्था — ठीकै


पाटी (५) / व. नं. १३

भौतिक विवरण:—

झिंगटी छाना हाली साधारण शैलीमा निर्माण गरिएको यस पाटीको पूर्वमा बिष्णुमती खोला, पश्चिममा खेत, उत्तरमा डल्लु जाने बाटो र दक्षिणमा पाटी पर्दछ। यस पाटीको ठीक सामुन्ने बुद्धको दुईवटा चैत्यहरू राखिएका छन्। यस पाटीको सार्वजनिक प्रयोग हुनुपर्ने भए तापनि हाल घरबारविहीन एक गरीब परिवारले यस पाटीको आवासीय प्रयोग गरेको देखिन्छ। यस पाटीको झिंगटी ठाउँ ठाउँमा टूट फूट भएकोले वर्षा याममा छानाबाट पानी चुहिन्छ। अतः समयमा मर्मत कार्य गरी संरक्षण गर्नुपर्ने देखिन्छ।



लम्बाइ — २५'.३"
चौडाइ — ७'.६"
टोल — लखतीर्थ
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति — ने. सं. ९२३
बनाउने व्यक्ति — कालिञ्जय, धनदेव
जीर्णोद्धार मिति— वि. सं. २००७
वर्तमान भौतिक अवस्था — नराम्रो


पाटी (६) / व. नं. १३

भौतिक विवरण:—

एकनाले पाँच कवल पूर्व मोहडाको यस पाटी पूर्ण रूपले आर. सी सी. ढलान गरी आधुनिक शैलीमा निर्माण गरिएको छ। पूर्वमा बिष्णुमती खोला, पश्चिममा खेत, उत्तरमा पाटी र दक्षिणमा बुद्धको मन्दिर उपरोक्त चार किल्लाभित्र अवस्थित यस पाटीको ठीक अगाडि बुद्धको दुइवटा चैत्यहरू स्थापना गरेको छ। यस पाटीमा समय समयमा भजन गर्ने जस्ता धार्मिक क्रिया-कलापको अतिरिक्त श्राद्ध (पिण्ड तर्पण) गर्न आउनेहरूले पनि यस पाटीको प्रयोग गरेको देखिन्छ।



लम्बाइ — २८'.४"
चौडाइ — ८'.२"
टोल — लखतीर्थ
अभिलेखपत्र — शिलापत्र





निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — सार्वजनिक सहयोग
जीर्णोद्धार मिति— वि. सं. २०३१
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (७) / व. नं. १३

भौतिक विवरण:—

पूर्व दिशा फर्केको यो पाटी ढलान गरी आधुनिक शैलीमा निर्माण गरिएको छ। यस पाटीको पूर्व दिशाबाट विष्णुमती खोला बगेको छ। यस पाटीको प्राङ्गणमा भगवान् बुद्धको मन्दिर एवं चैत्यहरू छरिएर रहेका छन्। बढी टिकाउको लागि ढलान गरी आधुनिक शैलीमा निर्माण गरिएको हुनाले प्राचीन शैलीको दृष्टिकोणबाट यस पाटीको खास महत्व नभएको देखिन्छ। यस पाटीले भक्तजनहरु, श्राद्ध गर्न आउने व्यक्तिहरुलाई सेवा पुऱ्याउँदै आएको देखिन्छ।






लम्बाइ — १२'.
चौडाइ — ६'.३"
टोल — लखतीर्थ
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २०३१
बनाउने व्यक्ति — रत्न मानन्धर, गठेमंगल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (८) / व. नं. १३

भौतिक विवरण:—

बिष्णुमती खोलाको वारि घाट नजीक निर्माण गरेको चौतर्फी मोहडाको यो पाटी स्थानीय जनता तुहाउन आउँदा वा श्राद्ध गर्न आउने व्यक्तिहरुलाई तुहाउन आउँदा कपडा राख्न ज्यादै उपयोग सिद्ध भएको छ। यस पाटीमा बढी टिकाउको लागि छाना जस्ताले छाइएको छ र भुइँ ढुङ्गाले छापेको छ। यस पाटीको पूर्वमा विष्णुमती खोला, पश्चिममा बुद्धको मन्दिर, उत्तरमा ढुङ्गाले राम्ररी छापेको प्राङ्गण र दक्षिणमा घाट पर्दछ।






लम्बाइ — १५'.५"
चौडाइ — ६'.२"
टोल — लखतीर्थ
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — सार्वजनिक सहयोग
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (९) / व. नं. १३

भौतिक विवरण:—

भुइँ तलामा कवल खोली माथिल्लो तलामा ऐनाको तीनवटा ऊयाल हाली पूर्ण रूपले आधुनिक शैलीमा ढलान गरी निर्माण गरिएको यस सत्तलको माथिल्लो तला घाटमा ल्याउने विरामी राख्नको लागि प्रयोग गरिन्छ भने भुइँ तलामा श्राद्ध, पिण्ड तर्पण दिन आउने व्यक्तिहरूले प्रयोग गर्ने गरेको देखिन्छ। यस सत्तलको पूर्वमा भगवान् बुद्धको मन्दिर तथा विष्णुमती खोला, पश्चिममा धारा तथा स्थानीय जनताको घर, उत्तरमा स्थानीय जनताको खेत र दक्षिणमा यस सत्तलसंग जोडिएको सत्तल पर्दछ। यस शत्तलको धार्मिक एवं आवासीय प्रयोग भएको देखिन्छ।






लम्बाइ - ५०'
चौडाइ - ११'.८"
टोल - लखतीर्थ
अभिलेखपत्र -


निर्माण मिति — ने. सं. ८३८
बनाउने व्यक्ति — जेत परिख देव (चन्दा)
जीर्णोद्धार मिति— वि. सं. २०२१
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१०) / व. नं. १३

भौतिक विवरण:—

अंग्रेजी अक्षर "एल" को आकारमा ईंट, बज्र आदिको संमिश्रणबाट यस पाटीको निर्माण भएको देखिन्छ। यो पाटी उत्तरतिर सत्तलसंग जोडिएको छ भने दक्षिणतिर पाटीसंग जोडिएको छ। पाटीको ठीक सामुन्ने पूर्वमा पिपलको रूख, पश्चिममा स्थानीय जनताको खेत, उत्तरमा सत्तल र दक्षिणमा पाटी तथा रूख रहेको छ। धर्मावलम्बीहरू पूजाआजा गरी भोज खान यस पाटीलाई प्रयोग गर्दछन्। यस पाटीको छाना अन्य पाटीको जस्तै झिंगटी वा जस्ता नभै बज्रको छ।






लम्बाइ — २६'.६"
चौडाइ — ९'.४"
टोल — लखतीर्थ
अभिलेखपत्र —


निर्माण मिति - ने. सं. ९६६
बनाउने व्यक्ति - लावत तेजनारां
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (११) / व. नं. १३

भौतिक विवरण:—

एक नाले, एक तले दुई कवल भएको यस पाटीको छाना ढलान गरी आधुनिक शैलीमा निर्माण गरेको छ। उत्तरतर्फ फर्केको यस पाटीको भित्री गारोमा शिलापत्रसंगै शिलामा कुंदिएको सरस्वतीको प्रतिमा पनि भित्तामा गाडिएको छ। यस पाटीको पूर्वमा घाट, पश्चिममा पाटी, उत्तरमा ढुंगाले छापेको प्रांगण र दक्षिणमा घर पर्दछ। यस पाटीको छाना तथा खम्बाहरूमा सिमेन्ट प्लास्टर गर्नु बाँकी नै छ र भुइँमा ईंटा, ढुंगा वा अरू कुनैले नछापेको हुनाले भुइँ फोहर अवस्थामा छ।





लम्बाइ — १३'.८"
चौडाइ — ७'.३"
टोल — लखतीर्थ
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति _ ने. सं. ९६६
बनाउने व्यक्ति - लावत तेजनाराँ
जीर्णोद्धार मिति _ वि. सं. २०२०
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१२) / व. नं. १३

भौतिक विवरण:—

पूर्व मोहडाको पाँच कवल, एक नाले एक तले यो पाटी पश्चिमतर्फ स्थानीय जनताको घर-संग जोडिएको छ। झिगटी छाना राखी प्राचीन शैलीमा बनाइएको यस पाटीको छाना जीर्णोध्दार-पछि बज्रले प्लास्टर गरेको छ। बिष्णुमती खोलाको बारी अवस्थित यस पाटीको पूर्वतिरबाट बिष्णुमती खोला बगेको छ भने पश्चिमपट्टि स्थानीय जनताको घर, उत्तरमा पाटी र दक्षिणमा गोरेटो बाटो पर्दछ। पाटी निर्माण गरेको दिनैमा हरेक साल भोज मनाउनु यस पाटीको विशेषता हो। लखतीर्थमा श्राध्द गर्न आउने व्यक्तिहरूले र पूजा-आजा गर्न आउनेहरूले यस पाटीको प्रयोग गरेको देखिन्छ।






लम्बाइ — २१'.३"
चौडाइ — ६'.७"
टोल — लखतीर्थ
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — सिद्धिमान सहित १६ जवान
जीर्णोद्धार मिति— वि. सं. २०३०
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१३) / व. नं. १३

भौतिक विवरण:—

निर्माणकर्ता तेज नरसिंहको नामबाट नामाकरण गरिएको यो "तेज कीर्ति विहार" किमडोल विहारको उत्तरपट्टि दिशामा अवस्थित छ। चारैतिर सत्तल बीचमा प्रांगण वा चोक भएको यस सत्तलको छाना जस्ताले छाइएको छ। यस सत्तलको पूर्वमा स्वयम्भू पिच सडक पुग्ने गोरेटो बाटो, पश्चिममा स्थानीय जनताको घर, उत्तरमा पनि घर र दक्षिणमा बर्गैचा पर्दछ। प्रत्येक वर्ष वैशाख महीनाको अक्षय तृतीयाको दिन सतलमा होम, पूजा आदि धार्मिक कार्य गरी प्रसाद ग्रहण गर्ने परम्परा रहेको छ। यो सतल विशेष गरेर शुरूदेखि बसोबासको निमित्त प्रयोग हुँदै आइरहेको छ।





लम्बाइ — ४८'
चौडाइ — ८'
टोल — स्वयम्भू, किमडोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९९३
बनाउने व्यक्ति — तेजनरसिंह,भीमसेनस्थान
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (१४) / व. नं. १३

भौतिक विवरण:—

"किमडोल विहार" नामक यस सत्तलको बीचमा पूर्व तर्फ फर्केको बुद्ध भगवान्को मन्दिर र त्यसको चारैतिर एक तले सत्तलले यस विहारलाई घेरिएको छ। मुख्य प्रवेशद्वार बाहेक अन्यत्र सबैमा टायल छाना हाली साधारण शैलीमा निर्माण गरिएको यस सत्तलको पूर्वमा गोरेटो बाटो जहाँबाट स्वयम्भू जाने पिच सडक पुगिन्छ, पश्चिममा स्थानीय बासिन्दाको बारी, उत्तर तथा दक्षिण दुवैतर्फ बर्गैचा पर्दछ। पूर्व मोहडाको यस सत्तलमा नियमित रूपले बुद्धको अर्चना, पाठ, स्तुती, भजन आदि गर्दछन्।





लम्बाइ — ६२'.९"
चौडाइ — ६२'.९"
टोल — स्वयम्भू, किमडोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९०१
बनाउने व्यक्ति — कल्याण मंगल र बन्धु
जीर्णोद्धार मिति— ने. सं. १०४६
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१५) / व. नं. १३

भौतिक विवरण:—

निजी घरको ढांचामा टायल छाना हाली निर्माण गरिएको यो सत्तल स्वयम्भू किमडोल बिहारको पूर्वपट्टि अवस्थित छ। यस सत्तलको पूर्वमा वगैंचा, पश्चिममा स्थानीय जनताको घर जाने गोरेटो बाटो, उत्तरमा किमडोल बिहारबाट स्वयम्भू पिच सडक निस्कने बाटो र दक्षिणमा स्थानीय जनताको घर पर्दछ। पश्चिम मोहडाको यस सत्तलको करीब १८ वर्ष अघिदेखि आवासीय प्रयोग हुँदै आएको छ। साधारण शैलीमा निर्मित यस सत्तलको सबै भाग ठीकै छ तर टायल कहीं कहीं फुटिसकेकोले यथाशीघ्र फेरिएमा छानाबाट पानी नचुहिने देखिन्छ।






लम्बाइ — १७'.९"
चौडाइ — ९'
टोल — स्वयम्भू, मिडोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९८६
बनाउने व्यक्ति — लक्ष्मीनारायण मानन्धर
चसानटोल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१६) / व. नं. १३

भौतिक विवरण:—


लखतीर्थ मसानघाटमा तीन कवल, एक नाले एक तले छाना ढलान गरी अधुनिक शैलीमा केही वर्ष अगाडि निर्माण गरिएको यस पाटीको भौतिक अवस्था मजबूत छ। यस पाटीको पूर्वमा महर्जन जातिको खेत, पश्चिमभा पनि खेत, उत्तरमा साना चउर तथा डल्लु मूलसडक निस्कने बाटो, दक्षिणमा स्थानीय जनताको खेत नै पर्दछ। पूर्व मोहडाको यस पाटी मूर्दा पोल्न आउने व्यक्तिहरूको लागि विश्राम गर्न उपयोगी भएको छ।





लम्बाइ — १८'.३"
चौडाइ — ११'.२"
टोल — लखतीर्थ
अभिलेखपत्र —

निर्माण मिति — वि. सं. २०२८
बनाउने व्यक्ति — सार्वजनिक सहयोग
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो



उ.
0 50 100 200 300 मी.
वडा नं. १४
ताहाचल
भिमयुकेश्वर महादेव
कालीमाटी
विष्णुमती
रविभवन
कुलेश्वर
सुनारगांउ
बलखु खोला
बागमती
संकेत
पाटी
सत्तल
कुवा/धारा
पोखरी
चउर

सत्तल (१) / व. नं. १४

भौतिक विवरण:—

अन्य सत्तलहरूको तुलनामा भौतिक दृष्टिकोणले भिन्नै किसिमको यस पाटीको वर्तमान भौतिक अवस्था ज्यादै नराम्रो छ। यो सत्तल एक नाले, दुई तलेको छ। यस सत्तलको उत्तर दक्षिण भागको गारोले सत्तलको जीर्ण अवस्था स्पष्ट रूपमा दर्शाएको छ। पूर्वमा कच्ची बाटो, पश्चिममा स्थानीय जनताको घर तथा बारी, उत्तर र दक्षिणमा खेत यी चार किल्लाको घेराभित्र यस सत्तलको निर्माण गरिएको छ। बटुवाहरू बिश्राम गर्नको अतिरिक्त हरेक साल सत्तल निर्माण भएको दिनमा यस सत्तलमा सो मानिसहरू भेला भई पूजा गरी प्रसाद ग्रहण गर्ने जस्ता धार्मिक क्रियाकलाप पनि हुने गरेको देखिन्छ।






लम्बाइ — १३'.३"
चौडाइ — १०'.३"
टोल — पुरानो कालिम्माटी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि.सं. २००६ चैत्र द१३
बनाउने व्यक्ति — मानकुमारी येका क्षेत्रीनी
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२) / व. नं. १४

भौतिक विवरण:—

जीर्णोद्धारपछि सार्वजनिक धर्मशाला तथा पाठशाला नामाङ्कित यो पाटी साधारण शैलीमा टायल छाना हाली बनाएको छ। करीब २३ वर्ष अघि सार्वजनिक चन्दाबाट सूर्यलाल श्रेष्ठले पहिलो पल्ट यस पाटीको जीर्णोद्धार गरेपछि हालसम्म पुनः अर्को मर्मत सम्भार कार्य नभएकोले हाल छानाबाट पानी चुहिने, छानामा रहेको काठ कुहिएको र ठाउँ ठाउँमा गारो चर्केको अवस्थामा छ। यस पाटीको पूर्वमा सौखिन अजिमा देव-स्थल पश्चिममा चउर, उत्तरमा बगैंचा र दक्षिणमा चोक वा प्रांगण पर्दछ। दक्षिण मोहडाको यस पाटी हाल स्थानीय नील बाराही प्राथमिक विद्यालयले कक्षा संचालनको लागि प्रयोग गरेको छ।






लम्बाइ — २५'.३"
चौडाइ — १९'.२"
टोल — टंकेश्वर, ताहाचल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९०२
बनाउने व्यक्ति — धनुलक्ष्मी समेत ८ जना
जीर्णोद्धार मिति — वि. सं. २०११
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३) / व. नं. १४

भौतिक विवरणः—

ने.सं. ६०२ तदनुसार बि.सं. १८३८ मा निर्माण गरिएको यस पाटीको बि.सं. २०११ सालमा सर्व प्रथम मुक्तिलाल झाको पत्नी द्वय जेठी नीता बझेनी र कान्छी कन्तु बझेनीले जीर्णोद्धार गरेको देखिन्छ। साधारण शैलीमा टायल छाना हाली बनाएको यस पाटी उत्तर मोहड़ाको छ। पूर्व तथा पश्चिम चउर, उत्तरमा सौखिन अजिमाको प्रांगण र दक्षिणमा मोटर ग्यारेज पर्दछ। यस पाटीको सार्वजनिक प्रत्यक्ष प्रयोग नभै स्थानीय नील बाराही प्रा. वि. ले यस पाटीको प्रयोग गरेका छ।






लम्बाइ - २४'.१०"
चौडाइ - १२'.१०"
टोल - टंकेश्वर, ताहाचल
अभिलेखपत्र - शिलापत्र


निर्माण मिति — ने. सं. ९०२
बनाउने व्यक्ति — धनुलक्ष्मी समेत ८ जना
जीर्णोद्धार मिति— वि. सं. २०११
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४) / व. नं. १४

भौतिक विवरणः—

पांच कवल, एक नाले, एक तले पूर्व दिशातिर फर्केको यस पाटीको छाना वज्रले प्लास्टर गरी निर्माण गरिएको छ। यस पाटीको अगाडि दायाँ बायाँ दुवैतिर रहेको अन्य २ पाटीमा कच्चा संचालन गरी बीचमा रहेको यस पाटीमा "नील बाराही प्राथमिक विद्यालय" को अफिस बसेको छ। तीनतिर खाली ठाउँ भई पूर्वमा प्रांगण भएको यस पाटी पूर्व मोहडाको छ। प्रत्यक्ष रूपबाट यस पाटीको सार्वजनिक प्रयोग नभए तापनि स्थानीय वासिन्दाहरूको बाल बच्चालाई पढाउन प्रयोग गरेको हुनाले अप्रत्यक्ष तवरले सार्वजनिक प्रयोग भएको देखिन्छ।





लम्बाइ — २४'.३"
चौडाइ — १०'.५"
टोल — टंकेश्वर, ताहाचल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९०२
बनाउने व्यक्ति — धनुलक्ष्मी समेत ८ जना
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (५) / व. नं. १४

भौतिक विवरण:—

मोहडा पट्टि तीन कवल र दायाँ बायाँ पूर्ण रूपले खुल्ला गरी बढी टिकाउको लागि ढलान गरी आधुनिक शैलीमा यस पाटी निर्माण गरिएको छ। यस पाटीको विशेषताको रूपमा दाहिने पट्टिको खम्बामा गणेशको सानो मूर्ति स्थापना गरेको छ। यस पाटीको चार किल्लाको हकमा पूर्वमा कालीमाटी जाने पिच सडक, पश्चिममा बुद्धको चैत्य, उत्तरमा स्थानीय जनताको दाउरा बिक्री गर्ने दोकान र दक्षिणमा कच्ची बाटो पर्दछ। यस पाटीको सार्वजनिक प्रयोग बाहेक समय समयमा भगवान नील वाराहीको पूजा गरिंदा यस पाटीमा बसी भोज खाने परम्परा हालसम्म पनि कायमै रहेको देखिन्छ।





लम्बाइ — १५'.२"
चौडाइ — ८'.१०"
टोल — टंकेश्वर, ताहाचल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२७
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (६) / व. नं. १४

भौतिक विवरण:—

समयमा आवश्यक जीर्णोद्धारको अभावमा हाल पूर्ण रूपले भत्किसकेको यस सानो पाटी अगाडि पट्टि अर्को पाटीसंग जोडिएको छ। झिंगटी छाना हाली प्राचीन शैलीमा निर्माण गरिएको यस पाटीमा हाल झिंगटीको एक भाग मात्र वा अंश मात्र अवशेषको रुपमा बाँकी रहेको छ। दक्षिण मोहडाको यस पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा चउर, उत्तरमा स्थानीय जनताको बारी र दक्षिणमा पाटी रहेको छ। भौतिक अवस्था हाल पूर्ण रुपले बिग्रिसकेको हुनाले यस पाटीको स्थानीय जनतालाई हाल कुनै किसिमको उपादेयता प्राप्त भएको छैन।






लम्बाइ — १९'.२"
चौडाइ — १७'
टोल — टंकेश्वर, ताहाचल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - नराम्रो

पाटी (७) / व. नं. १४

भौतिक विवरण:—

बि. सं. २०३० सालमा जीर्णोद्धार पछि झिंगटी छाना हटाई छाना ढलान गरी आधुनिक शैलीमा जीर्णोद्धार गरेको यस पाटी कालीमाटी जाने पिच सडकको देब्रे पट्टि सडकको किनारैमा अवस्थित छ । यस पाटीको पूर्वमा मशान, पश्चिममा पिच सडक, उत्तरमा बारी र दक्षिणमा कच्ची बाटो गएको छ । दाह संस्कार गर्न आउने मज्ञामीहरू बस्ने दृष्टिकोणबाट यस पाटीको विशेष महत्व रहेको छ ।






लम्बाइ — १४.'७"
चौडाइ — ११'.८"
टोल — टंकेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २०११
बनाउने व्यक्ति — रामचा
जीर्णोद्धार मिति — वि. सं. २०३०
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (८) / व. नं. १४

भौतिक विवरण:—

काठको खम्बामा साधारण बुट्टाहरू कुँदि झिंगटी छाना हाली पुरानो शैलीमा निर्माण गरिएको यस पाटी टंकेश्वरबाट कालीमाटी जाने बाटोको देब्रे पट्टि महादेवको मन्दिरभित्र अवस्थित छ । यस पाटी अन्य पाटीको तुलनामा साधारण दृष्टिकोणले अवलोकन गर्दा लम्बाईमा बढी देखिन आउँछ । उत्तर मोहडाको यस पाटीको दायां पट्टि घरबारविहीन परिवारले आवासीय प्रयोग गरेको छ भने बायां पट्टिको भागमा दैनिक भजन गर्ने जस्ता धार्मिक कार्य हुन्छ । यस पाटीको पूर्व दिशामा बिष्णुमती खोला, पश्चिममा टंकेश्वरबाट कालीमाटी जाने पिच सडक, उत्तरमा महादेवको मन्दिर र दक्षिणमा बारी पर्दछ । धार्मिक एवं आवासीय दुई किसिमले यस पाटीको महत्व रही आएको देखिन्छ ।





लम्बाइ — ४०'.५"
चौडाइ — ११'
टोल — टंकेश्वर
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (९) / व. नं. १४

भौतिक विवरण:—

टंकेश्वरबाट कालीमाटी जाने पिच सडकको देब्रे पट्टि सडकको किनारैमा अवस्थित यो सत्तल झिंगटी छाना हाली पुरानो शैलीमा निर्माण गरेको छ । सत्तलको दुवै तला आवासीय प्रयोग भैराखेको यस सत्तलको पूर्वमा महादेवको मन्दिर, पश्चिममा पिच सडक, उत्तर सत्तल र दक्षिणमा सत्तलले चर्चेको स्थान पर्दछ । पूर्व मोहडाको यस सत्तलको माथिल्लो भागमा पुजारीले बसोबास गरेको छ भने भुइँ तलामा दैनिक भजन गर्ने गर्दछन् ।






लम्बाइ — ३७'.१०"
चौडाइ — ११'.६"
टोल — टंकेश्वर
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१०) / व. नं. १४

भौतिक विवरण:—

सत्तलको दायाँ बायाँ स-साना आँखी झ्याल र बीचमा प्राचीन काष्ठकलाको नमूना दर्शाउने तीन मुखे झ्याल भएको पूर्व मोहडाको यो सत्तल झिंगटी छाना हाली प्राचीन शैलीमा निर्माण गरिएको छ । छानाको झिंगटी टूट फूट भएकोले पानी चुहिने गर्दछ र अन्य भागको भौतिक अवस्था ठीकै देखिन्छ। पूर्वमा महादेवको मन्दिर, पश्चिममा पिच सडक, उत्तरमा खाली जमीन (पर्ति जमीन) र दक्षिणमा सत्तलसंग जोडिएको छ । सत्तलको तल्लो भागमा रहेको स्यम्बाहरू र भ्यालमा कुँदिएको बुट्टाहरूले यसको महत्व बढाएको छ । सत्तलको माथिल्लो भागमा गरीब परिवारले बसोबास गरेको छ भने तल्लो भाग घाटमा ल्याउने बिरामी ल्याउँदा राख्न प्रयोग गरेको देखिन्छ ।






लम्बाइ — २५'.३"
चौडाइ — ११'.३"
टोल — टंकेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९०३
बनाउने व्यक्ति — धन्जु विष्णुनारायण
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (११) / व. नं. १४

भौतिक विवरण:–

"हरे राम हरे कृष्ण" अङ्कित यो सत्तल जस्ताको छाना हाली आधुनिक शैलीमा निर्माण गरेको छ। यस सत्तलको पूर्वमा विष्णुमती खोला, पश्चिममा सत्तल, उत्तरमा बगैंचा र दक्षिणमा महादेवको मन्दिर तथा अन्य देवी देवताको स-साना मूर्ति पर्दछन्। दक्षिण मोहडाको यस सत्तलको माथिल्लो भाग आवासीय प्रयोग भएको छ भने तल्लो तला अर्थात् भुइँ तलामा विशेष गरेर घाटमा ल्याउने बिरामीहरू राख्ने गरेको छ। यस अलावा बेला मौकामा भक्तजनहरूले भजन गर्ने जस्ता धार्मिक कार्य पनि गरेको देखिन्छ।






लम्बाइ — ३४'
चौडाइ — २०'
टोल — टंकेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २००७
बनाउने व्यक्ति — सूर्यलाल श्रेष्ठ र हरि नारायण मानन्धर
चन्दा संकलनगरी बनाएको
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१२) / व. नं. १४

भौतिक विवरण:–

कालीमाटीबाट रवि भवन जाने पिच सडकको देब्रे पट्टि अवस्थित यस पाटीको हाल भिंगटी एवं गारो बिग्रिसकेको हुनाले आवासीय वा अन्य कुनै किसिमको उपयोग भएको छैन। एक नाले, एक तले चार कवल भएको यस पाटीको पूर्वमा स्थानीय जनताको घर, पश्चिममा गोरेटो बाटो तथा घर, उत्तरमा कालीमाटीबाट रवि भवन जाने पिच सडक र दक्षिणमा बारी पर्दछ।





लम्बाइ — १०'
चौडाइ — ७'
टोल — कालीमाटी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१३) / व. नं. १४

भौतिक विवरण:—

परापूर्व कालमा बनाइएको तर समय समयमा आवश्यक जीर्णोद्धार गरी संरक्षण नगरिएकोले हाल यो पाटी पूर्ण रूपले बिग्रिसकेको छ। कुलेश्वरबाट त्रिभुवन विश्व विद्यालय जाने पिच सडकको दाहिनेपट्टि सडकको किनारैमा निर्माण गरिएको यस पाटीको पूर्वमा पिच सडक, पश्चिममा कच्ची बाटो, उत्तरमा पनि कच्ची बाटो र दक्षिणमा स्थानीय जनताको घर पर्दछ। एक नाले, एक तले, तीन कवल पूर्व मोहडाको यस पाटीमा भक्तिनुभन्दा अघि भजन कीर्तन जस्तो धार्मिक कार्य हुनुको अलावा चाडपर्वमा भोज खाने जस्तो परम्परा बिग्रनुभन्दा अगाडिसम्म कायमै रहेको थियो।





लम्बाइ — १३'.११"
चौडाइ — ७'.१०"
टोल — कुलेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — गौतम सिं
जीर्णोद्धार मिति— ने. सं. १०५२
वर्तमान भौतिक अवस्था - नराम्रो

पाटी (१४) / व. नं. १४

भौतिक विवरण:—

कुलेश्वर महादेवस्थानको दक्षिणपट्टि रहेको एक नाले, एक तले, तीन कवलको साधारण शैलीमा निर्मित यस पाटीको छाना बिग्रिसकेकोले हाल केही समय यतादेखि प्रयोगमा आएको छैन। यथाशीघ्र यस पाटीको संरक्षण एवं जीर्णोद्धार नगरिएमा भिंगटी छाना पूर्ण रूपले बिग्रेर बेकम्मा हुने कुरा स्पष्ट छ। पूर्वमा सत्तल मन्दिरको प्रांगण, पश्चिममा भिरालो जमीन, उत्तरमा महादेवको मन्दिर र दक्षिणमा भिरालो जमीन यी चार किल्लाभित्र यस पाटीको निर्माण गरेको छ।






लम्बाइ — १५'.४"
चौडाइ — ९'.८"
टोल — कुलेश्वर, टेकुदोभान (महादेवस्थान)
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १०५७ चैत्र
बनाउने व्यक्ति - बुरुमान
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१५) / व. नं. १४

भौतिक विवरण:—

आधुनिक शैलीमा ढलान गरी निर्माण गरिएको दुई तले यो सत्तल कुलेश्वर महादेव मन्दिरको पूर्वपट्टि दिशामा अवस्थित छ। यस सत्तलको पूर्व मोहडामा दुई तला र पश्चिम मोहडामा एक तला मात्र छ। यस सत्तलको पूर्वमा सत्तलले चर्चेको भिरालो जीमन जसको लगनै ाल कुलेश्वरबाट विश्व विद्यालम जाने मूल सडक, पश्चिममा कुलेश्वर महादेव तथा पिपलको बोट, उत्तरमा महादेवस्थान उक्लिने दुङ्गाको सिढी र दक्षिणमा भिरालो जमीन पर्दछ। कुलेश्वर महादेवको मन्दिरमा पूजा गर्न आउने भक्तजनहरू विश्राम गर्ने र भोज मनाउन आउने व्यक्तिहरू यस सत्तलमा ास्ने गर्दछन।






लम्बाइ — २९'
चौडाइ — १४'
टोल — कुलेश्वर, महादेवस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २०३२ चैत्र शुक्लपक्ष
बनाउने व्यक्ति — ग्वारा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१६) / व. नं. १४

भौतिक विवरण:—

विक्रम सम्वत् २०३३ सालमा सार्वजनिक सहयोगको फलस्वरूप कुलेश्वर महादेवको मन्दिर संगै निर्मित यस पाटीले दैनिक नित्य भजन गर्ने जस्तो धार्मिक कार्यमा ठूलो योगदान पुऱ्याइँदै आएको देखिन्छ। यस पाटीको पूर्वमा पाटीले चर्चेको स्थान र त्यसको लगतै तल कुलेश्वर मन्दिर आउने गोरेटो बाटो, पश्चिममा बारी, उत्तरमा झाडी र दक्षिणमा कुलेश्वर महादेवको मन्दिर तथा ाङ्गण पर्दछ। शैलीको दृष्टिकोणले साधारण सावित देखिए तापनि आवासीय एवं धार्मिक प्रयोगको दृष्टिकोणले यस पाटीटो महत्व रहेको देखिन्छ।






लम्बाइ — १८'.७"
चौडाइ. — १०'.७"
टोल — कुलेश्वर, टेकुदोभान (महादेवस्थान)
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २०३३
बनाउने व्यक्ति — सार्वजनिक सहयोग (चन्दा)
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१७) / व. नं. १४

भौतिक विवरण:—

कुलेश्वर महादेवस्थानमा निर्मित यस पाटीको पूर्वमा कुलेश्वरबाट त्रिभुवन विश्व विद्यालय जाने पिच सडक, पश्चिममा चउर, उत्तरमा ढुङ्गाको सिढी र दक्षिणमा पनि चउर पर्दछ। पश्चिम मोहडाको यस तीन कवल पाटीमा वर्षको एक पटक गुठीमा गुठीयारहरू भोज मनाउन आउने परम्परा छ।






लम्बाइ — १९'.१०"
चौडाइ — १०'.८"
टोल — कुलेश्वर, टेकुदोभान (महादेवस्थान)
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति — वि. सं. २०१६
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१८) / व. नं. १४

भौतिक विवरण:—

अंग्रेजी अक्षर "एल" को आकारमा निर्मित यस सत्तलको दक्षिण पट्टिको छाना घेरै हदसम्म बिग्रिएको अवस्थामा छ। टायल छाना भएको यस सत्तल वल्खु खोलाको पूर्वमा कच्ची बाटो र बाँकी तीनैतिर खेत पर्दछ। निर्माण भएको समयदेखि हालसम्म बिदुर बोगटी क्षेत्रीको परिवारहरूले स्थायी तवरले यो सत्तल बसोबासको लागि प्रयोग गर्दै आएको छ।






लम्बाइ - २६'.१०" (२६'.७")
चौडाइ - ११'.८"
टोल - राणा गाउँ, वल्खु खोलाबारी
अभिलेखपत्र - शिलापत्र


निर्माण मिति — वि.सं. १९७७ वैशाख
बनाउने व्यक्ति — मरिचमान काजी, खिचापोखरी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१९) / व. नं. १४

भौतिक विवरण:—

झिगटी छाना हाली साधारण शैलीमा निर्माण गरिएको यस पाटी कालीमाटीदेखि दक्षिण पट्टि पर्ने सुनार गाउँको मध्य भागमा अवस्थित छ। पाँच कवल पूर्व मोहडा भएको यस पाटीको पूर्वमा मोटर चल्ने कच्ची बाटो जहाँबाट कालीमाटी पिच सडक पुगिन्छ, पश्चिममा बारी र अन्य दुईतिर स्थानीय जनताको घर रहेको छ। शिलापत्र भए तापनि टूट फूट भई फुटिसकेकोले निर्माण मिति बारे ज्ञान हुन सकेन। बटुवाहरू विश्राम गर्नुको अलावा मातातीर्थ जाने औंसीको दिनमा गान भजन गरी भोज खाने प्रचलन पनि रहेको देखिन्छ।





लम्बाइ — २६.'६"
चौडाइ — ११'.४"
टोल — सुनार गाउँ, कालीमाटी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — बखतमान रन्जितकार
जीर्णोद्धार मिति— वि. सं. २०२८
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२०) / व. नं. १४

भौतिक विवरण:—

भीममुक्तेश्वर महादेवको मन्दिरको चारैतिर रहेको यस चार कुने सत्तलको घेरै जसो भाग समयमा आवश्यक जीर्णोद्धारको अभावमा हाल पूर्ण रूपले बिग्रिएको अवस्थामा छ। यस सत्तलको प्रत्येक ओयाल ढोका आदिमा कुँदिएका देवी, देवताका सुन्दर मूर्ति र बुट्टाले प्राचीन कालमा काष्ठकलामा उपत्यका निकै विकास भएको कुराको पुष्टि गरेको छ। तर दुर्भाग्यवश सम्भार कार्यको अभावमा यस्ता प्राचीन कृतिहरू केही बिग्रिसकेको अवस्थामा छ भने केही बिग्रने अवस्थामा पुगिसकेका छन्। यस सत्तलको पूर्वमा सत्तलले ओगटेको जमीन (खेत), पश्चिममा स्थानीय जनताको घरहरू, उत्तरमा पनि घरहरू र दक्षिणमा सत्तलले चर्चेको जग्गा तथा सानो मन्दिर रहेको छ। चारैतिर सत्तल र बीचमा भीममुक्तेश्वर महादेवको ठूलो मन्दिर रहेको छ। हाल यस सत्तलमा घरबारविहीन केही गरीब परिवारहरूले बसोबासको लागि सत्तलको प्रयोग गरेको छ।





लम्बाइ — १०९'.८"
चौडाइ — १०९'.८"
टोल — भीममुक्तेश्वर महादेव
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९०० जेठ
बनाउने व्यक्ति — जनरल माथवर सिंह
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२१) / व. नं. १४

भौतिक विवरण:—


भीममुक्तेश्वर महादेवको मन्दिरभित्र पस्ने मुख्य प्रवेशद्वारको दायाँ बायाँ रहेका यी दुई पाटीहरू मध्ये दाहिने पट्टिको पाटीको केवल अवशेष मात्र बांकी छ भने देब्रे पट्टिको पाटीमा पनि एकातिर झिंगटी चुहिन्छ भने अर्कोतिर दलिन कुहिएर भत्किने अवस्थामा पुगेको छ। समयमा आवश्यक जीर्णोद्धार कार्य नगरिएमा पाटी जस्तो सम्पत्तिको विनास हुने स्थिति घेरै टाढा छन्। शुरूमा दुवै पाटीमा पाँच पाँच कवल खुलाई झिंगटी छाना हाली निर्माण गरिए तापनि हाल पाटीको आवासीय प्रयोग भैसकेकोले खुला कवलहरु ईंटाले बन्दगरी केवल ढोकाको लागि एक कवल मात्र हाल खुला गरेको छ। यस पाटीको पूर्वमा बिष्णुमती खोला, पश्चिममा बारी, उत्तर र दक्षिणमा स्थानीय जनताको घर पर्दछ। पूर्व मोहडाको यस पाटीमा हाल घरबारविहीन एक परिवारले स्थायी रूपले बसोबास गरेको छ।





लम्बाइ — २९'.३"
चौडाइ — ९'
टोल — कसाहीटोल, भीममुक्तेश्वर
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था - नराम्रो



बालाजु
संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
शोभा भगवती
विजेश्वरी
मंजूश्री
स्वयम्भूनाथ
भुइखेल
बल्लु
0 40 100 200 300 मी.
वडा नं. १५

ढुंगेधारा (१) / व. नं. १५

भौतिक विवरण:—

सन्निकट भएर रहेका यी दुई ढुंगेधाराको पूर्वमा सानो बाटो, पश्चिममा सत्तल, उत्तरमा बगैंचा र दक्षिणमा सडक पर्दछ। चारैतर्फ पर्खालले घेरिएको र दक्षिण मोहडा भएका यी दुबै धाराहरूमा अत्यन्त सुन्दर मकरको मुखाकृति कुँदिएका छन्। धाराको माथि स्थापना गरेका देवी-देवताका मूर्तिले वातावरण निकै शोभायमान बनाएको छ। तर मुहान बन्द भएकोले यी दुई मध्ये एक धाराबाट पानी आउने प्रक्रिया बन्द भैसकेको छ र निकासा पनि बन्द भएकोले पानी जमेको छ। सफाईको अभावमा धारा जडान गरिएको पर्खालमा झारपातहरू उम्रेका छन्। स्थानीय जनताले नुहाउने, कपडा धुने र पिउने पानीको लागि धाराको उपयोग गरेका छन्।





लम्बाइ — २१'.४"
चौडाइ — १७'
टोल — स्वयम्भू, डल्लु
अभिलेखपत्र —


निर्माण मिति — १५ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (२) / व. नं. १५

भौतिक विवरण:—

पूर्वमा ढुंगेधारा, पश्चिममा मन्दिर जाने बाटो, उत्तरमा मन्दिर र दक्षिणमा सडक, यी चार किल्लाभित्र यो सत्तल अवस्थित छ। पूर्व एक कवल र दक्षिण पाँच कवल भएको यस सत्तलको मोहडा दक्षिणतर्फ फर्केको छ। यसको तल्लो तलाका काठहरूमा विभिन्न बुट्टाहरू कुँदिएको र माथिल्लो तलामा दुई वटा आंखीझ्यालहरू पनि राखिएका छन्। हाल यस सत्तलको आवासीय प्रयोग भएको छ।






लम्बाइ — २३'
चौडाइ — १७'
टोल — डल्लु
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (३) / व. नं. १५

भौतिक विवरण:–

पूर्वमा गल्ली, पश्चिममा पर्खाल, उत्तरमा घर र दक्षिण स्वयम्भू जाने सडकको बीचमा रहेको यस ढुंगेधाराको मोहडा दक्षिणतफ फर्केको छ। धाराको माथि नारायणको मूर्ति र तल करवद्ध गरूडको मूर्ति जडान गरिएको छ। भुइँ बाहेक चारैतर्फको पर्खाल राम्रो भए पनि धारामा पानी भने निकै कम मात्रामा आइरहेको छ। स्थानीय जनताले कपडा धुन, नुहाउन र पिउने पानीको लागि यस धाराको उपयोग गर्दछन।





लम्बाइ — १३'.७"
चौडाइ — १९'.६"
टोल — डल्लु
अभिलेखपत्र —


निर्माण मिति — १४ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (४) / व. नं. १५

भौतिक विवरण:–

पूर्वमा चउर, पश्चिममा बाटो, उत्तरमा खालीठाउँ र दक्षिणमा चउर यति चार किल्लाभित्र यो ढुंगेधारा रहेको छ। यहां भएका पूर्व फर्केका तीन धाराहरू मध्ये बीचको ठूलो धाराबाट मात्र न्यूनमात्रामा पानी आइरहेको छ। बीचको धाराको माथि श्री बुद्ध भगवान्को मूर्ति र तल करवद्ध मूर्तिले यसको सुन्दरता बढाएको छ तापनि चारैतर्फ भत्किन लागेको पर्खालले तत्काल जीर्णोद्धारको आवश्यकता दर्शाएको छ। पानीको अभावमा नुहाउने, पिउने र कपडा धुने जस्तो काममा स्थानीय जनतालाई यी धाराहरूले पूर्णतया सेवा पुऱ्याउन सकेको छैन।






लम्बाइ — २१'
चौडाइ — १४'.६"
टोल — डल्लु
अभिलेखपत्र —

निर्माण मिति — १७ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो


ढुंगेधारा (५) / व. नं. १५

भौतिक विवरण:—

पूर्वमा बारी, पश्चिममा चउर, उत्तरमा पनि चउर र दक्षिणमा स्वयम्भू जाने कच्ची बाटोको बीचमा पर्ने यस ढुंगेधाराको मोहडा दक्षिण दिशातर्फ फर्केको छ। मकर मुखाकृति यस धाराको माथितिर नारायणको मूर्ति र तल करवद्ध मूर्ति जडेका छन। स्थानीय जनताले यस धारामा नुहाउने एवं कपडा धुने काम गर्दछन्।



लम्बाइ — २१'
चौडाइ — १६'
टोल — डल्लु
अभिलेखपत्र —



निर्माण मिति — १७ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


पाटी (६) / व. नं. १५

भौतिक विवरण:—

पुरानो झिंगटी छाना भएको यो पाटी हाल जीर्णोद्धारपछि आधुनिक शैलीमा तीनतिर खुला गरी निर्माण गरेको छ। यस पाटीमा शिलापत्र भए तापनि अस्पष्ट भएको हुनाले निर्माण मिति उल्लेख गर्न संभव भएन। यस पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा चौतारा, उत्तरमा सडक र दक्षिणमा घर पर्दछ। भौतिक स्वरूप परिवर्तन भए पनि बटुवाहरूका लागि विश्राम स्थलको रूपमा यसको महत्व अझै कायमै रहेको छ।



लम्बाइ — १९'.४"
चौडाइ — ८'.३"
टोल — स्वयम्भू, डल्लु
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३४ साल
वर्तमान भौतिक अवस्था — राम्रो


पाटी (७) / व. नं. १५

भौतिक विवरण:—

ढिंगटी छाना भएको साधारण शैलीमा निर्माण गरिएको यस पाटीको पूर्व र पश्चिममा घर, उत्तरमा चउर तथा दक्षिणपट्टि बारीको बीचमा यसको निर्माण गरेको छ ।

शुरूमा विभिन्न चाडपर्वमा भजन गर्न आउने भक्तजनहरुका लागि र भोज भतेर जस्ता सार्वजनिक क्रियाकलापको लागि निर्माण गरिएको भए तापनि हाल यसमा केही घरबार नभएका व्यक्तिहरूले यस पाटीमा बसोबास गरेका छन ।






लम्बाइ — ३५'
चोडाइ — १०'
टोल — स्वयम्भू, भुइखेल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — दमाईटोलका ज्यापूहरू
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (८) / व. नं. १५

भौतिक विवरण:—

वज्र, ईंटाको संमिश्रणबाट साधारण शैलीमा निर्मित यस पाटीले स्वयम्भूमा पूजा आजा गर्न आउने व्यक्तिहरूको भोज भतेरको लागि निकै महत पुऱ्याएको देखिन्छ । यस पाटीको वर्तमान भौतिक अवस्थाबाट जीर्णोद्धारपछि पाटीको बाहिरी स्वरूपमा केही परिवर्तन भएको संकेत गर्दछ । स्वयम्भू डाँडाको फेदीको चउरमा निर्मित यस पाटीको पूर्वमा प्रहरी चौकी, पश्चिममा चउर तथा प्रहरी थाना, उत्तरमा चउर तथा सडक र दक्षिणमा चउर पर्दछ ।





लम्बाइ — ६९'
चौडाइ — ६२'
टोल — स्वयम्भू, भुइखेल
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — ने. सं. ९०५
बनाउने व्यक्ति — धनसिंह र अन्य ७ जना
जीर्णोद्धार मिति— वि. सं. २०१५ साल
वर्तमान भौतिक अवस्था — ठीकै


ढुंगेधारा (९) / व. नं. १५

भौतिक विवरणः—

पूर्व, पश्चिम तथा उत्तरमा पिचरोड र दक्षिणमा चउर उक्त चार किल्लाभित्र सडकको सतहदेखि तल निर्मित यस ढुंगेधारालाई चारैतिर उभिएको घाँस, झारपात आदिले पुरिएको छ। यस ढुंगेधारामा हाल कम पानी आउने भएकोले स्थानीय जनतामा यसको महत्व कम हुँदै गएको छ।



लम्बाइ — ३१'
चौडाइ — २२'
टोल — स्वयम्भू, भुइखेल
अभिलेखपत्र —




निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो


पाटी (१०) / व. नं. १५

भौतिक विवरणः—

आधुनिक शैलीमा निर्मित पूर्ण मोहडा भएको यस पाटीको छाना ढलान गरी बनाइएको र बढी टिकाउको निम्ति यसको भित्री एवं बाहिरी भागमा सिमेन्ट प्लास्टर पनि गरेको छ। पूर्वमा मूल सडक, पश्चिममा स्वयम्भू डाँडो, उत्तर र दक्षिण भागमा पाटीले चर्चेको स्थान पर्दछ। स्वयम्भू डाँडाको फेदीमा मूल सडकको किनारैमा निर्मित यस पाटीले स्थानीय जनता एवं धर्मावलम्बीहरूलाई विश्राम गर्न सघाउ पुऱ्याउनुको अतिरिक्त पाटीमा बनाइएको खाने पानीको ट्यांकीले स्थानीय जनतालाई खाने पानीको आवश्यकताको पूर्ति समेत गरेको देखिन्छ।



लम्बाइ — १५'
चौडाइ — ७'.९"
टोल — स्वयम्भू, भुइखेल
अभिलेखपत्र — शिलापत्र





निर्माण मिति — वि. सं. १९०० जेठ
बनाउने व्यक्ति — कीर्तिमान महर्जन
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (११) / व. नं. १५

भौतिक विवरण:—

यस पाटीको पूर्वमा स्वयम्भू जंगल, पश्चिममा सानो चैत्य, उत्तरमा स्वयम्भू जंगल र दक्षिणमा स्वयम्भू जाने ढुंगाको सिढी भएको बाटो पर्दछ। पाँच कवल भएको यस पाटीको मोहडा दक्षिणतर्फ फर्केको छ। आधुनिक शैलीमा निर्मित यस एक नाले पाटीको छाना वज्रद्वारा निर्माण गरिएको छ। स्वयम्भूमा पूजा गर्न आउने धर्मावलम्बीहरू यस पाटीमा विश्राम गर्ने तथा भोज खाने गर्दछन्।






लम्बाइ — ३४.'९"
चौडाइ — १२'
टोल — स्वयम्भू डाँडा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २००४ आषाढ
बनाउने व्यक्ति — देवबहादुर
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१२) / व. नं. १५

भौतिक विवरण:—

लम्बाइतर्फ तीन कवल र चौडाइतर्फ एक कवल भएको यस पाटीको मोहडा दक्षिणतर्फ फर्केको छ। यस पाटीमा जडान गरिएका काठका खम्बाहरूमा कलापूर्ण बुट्टाहरू कुँदिएको छ। अगाडिपट्टि ईंटद्वारा बनाइएको बुट्टाले यस पाटीको सुन्दरता अझै बढाएको छ। जस्ताको छाना भएको यस पाटीको महत्व स्वयम्भूको दर्शनार्थ उपस्थित हुने यात्रुहरूको विश्राम स्थलको रूपमा रहेको छ। यस पाटीको भित्तामा सुखावती लोकेश्वर र सप्तलोचनी ताराको मूर्ति रहेको छ।





लम्बाइ — १४'
चौडाइ — ७'
टोल — स्वयम्भू डाँडा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९३७ कार्तिक
बनाउने व्यक्ति — भाजु धन
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१३) / व. नं. १५

भौतिक विवरण:—

सात कवल, एक नाले पूर्व मोहडा भएको यस पाटीको निर्माण ईंट, माटो, बज्र आदिको संमिश्रणबाट साधारण शैलीमा भएको छ । यस पाटीको पूर्वभागमा खुला चउर तथा स्वयम्भू जाने बाटो, पश्चिम तथा उत्तरमा जंगल र दक्षिणमा यस पाटीसंग जोडिएको सानो घर र त्यस घरको लगतैपछि स्वयम्भू जाने पिचरोड छ । हाल यो पाटी स्वयम्भू, सरस्वतीस्थान आदिमा पूजा गरी भोज गर्नेहरूले प्रयोग गरेको देखिन्छ ।






लम्बाइ — ३८'
चौडाइ — १०'.८"
टोल — स्वयम्भू, सरस्वतीस्थान मुनि
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २००२ साल आषाढ २७ गते
बनाउने व्यक्ति — खोपैत्ता नाउ
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१४) / व. नं. १५

भौतिक विवरण:—

समयमा राम्रो सम्भार, रेखदेखको अभावमा हुन सक्ने परिणामको ज्वलन्त उदाहरण प्रस्तुत गर्ने यस पाटीको वर्तमान अवस्था पूर्ण रूपले भत्किएको हुनाले केवल भग्नावशेष गारोको सहायताले मात्र यस पाटीको जानकारी प्राप्त गर्न सकिन्छ । आवश्यक पुनरनिर्माण कार्य यथाशीघ्र नगरिएमा हाल भएको गारो समेत जमीनमा मिसिन आई पाटी जस्तो सार्वजनिक सम्पत्तिको लोप हुने संभावना अवश्यंभावी छ । पाटीको पूर्वमा सत्तल, पश्चिममा सरस्वतीस्थान जाने ढुङ्गाको सिंढी, उत्तरमा भिरालो डाँडा र दक्षिणमा पिचरोड गएको छ । कुनै बखत यसको धार्मिक महत्व र प्रयोग भए तापनि हाल भग्नावशेषको फलस्वरूप यसबाट कुनै किसिमको फाइदा प्रदान गर्न सकेको छैन ।





लम्बाइ — २६'
चौडाइ — ११'
टोल — स्वयम्भू, सरस्वतीस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ज्ञानमाला भजन सत्तल (१५) / व. नं. १५

भौतिक विवरण:—

पाँच कवल, दुई तले दक्षिण-पश्चिम मोहडा भएको यस सत्तल साधारण शैलीमा निर्माण गरिएको छ। यस ज्ञानमाला भजन सत्तलको छाना जस्ताले छाइएको छ। शुरूमा यसको निर्माण भजन स्थल एवं भोज आदिमा प्रयोग गर्ने जस्तो उद्देश्यले बनाएको भए तापनि हाल आंशिक रूपमा आवासीय प्रयोग पनि यस सत्तलको भएको छ। सत्तलको पूर्वमा स्वयम्भू डांडा, पश्चिममा स्वयम्भूको चैत्य लगायत अन्य स-साना चैत्यहरू, उत्तरमा खाने पानीको ट्यांकी र दक्षिणमा स्वयम्भू चैत्य उक्लिने दुङ्गाको लामो सिंढी पर्दछ। यस ज्ञानमाला भजन सत्तलमा शुरूदेखि अहिलेसम्म नियमित रूपमा भजन गर्ने जस्तो पवित्र धार्मिक कार्य दिनहुँ हुन्छ।






लम्बाइ — २६'
चौडाइ — २६'
टोल — स्वयम्भू
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — चन्द्ररत्न शाक्य
जीर्णोद्धार मिति — ने. सं. १०६२
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (१६) / व. नं. १५

भौतिक विवरण:—

"माने गुम्बा" नामक यस सत्तलको तल्लो भाग स्वयम्भू, अजिमा पूजा गर्न आउने धर्मावलम्बीहरूले सार्वजनिक रूपमा प्रयोग गरेका छन र माथिल्लो तलामा लामाहरूले बुद्धको विभिन्न मूर्तिहरू राखिएका छन्। पूर्व मोहडा भएको यस सत्तलमा आँखी झ्याल राखिएका छन्। यस सत्तलको ठीक पूर्वपट्टि स्वयम्भूको चैत्य लगायत अन्य स-साना चैत्यहरू छरिएर रहेका छन् भने पश्चिममा घर, उत्तरमा अजिमाको मन्दिर र दक्षिणमा मूर्ति संग्रहालय पर्दछ। बाहिरी बनावट र अवस्था ठीकै देखिए तापनि वर्षायाममा छानाबाट पानी चुहिने गर्छ।






लम्बाइ — ४३'.६"
चौडाइ — ४०'
टोल — स्वयम्भूस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — शाके सम्वत् १७०८
बनाउने व्यक्ति — लामा देवाधर्मा
जीर्णोद्धार मिति— ने. सं. १०२९ फाल्गुण
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१७) / व. नं. १५

भौतिक विवरण:—

तीन कवल, एक नाले दुई तले पूर्व मोहडाको यो सत्तल सरस्वतीस्थान जाने दुङ्गाको सिढीबाट देब्रे तिर अवस्थित छ । तल्लो तलामा काठको खम्बामा कुंदिएको काष्ठकलाबाट प्राचीन कलाको केही झलक प्रस्तुत गरेको छ । आवश्यक रेखदेखको अभावमा तल्लो तलाको ऊयाल हाल बिग्रिसकेको र केही दलिनहरू पनि फेर्नुपर्ने अवस्थामा पुगिसकेको छ । स्वयम्भू डाँडाको माझमा अवस्थित यस सत्तलको पूर्वमा सरस्वतीस्थान जाने दुङ्गाको सिढी र अन्य तीनैतिर स्वयम्भू डाँडा पर्दछ । विश्राम स्थल, भोज भतेरको लागि प्रयोग हुने दृष्टिकोणबाट यस सत्तलको हिजो पनि उत्तिकै महत्व थियो भने आज पनि यसको महत्व कम छैन ।






लम्बाइ — २३'.६"
चौडाइ — ११'
टोल — स्वयम्भू, सरस्वतीस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९६४ (ने. सं. १०२०) चैत्र महीना
बनाउने व्यक्ति — कुलमान बज्राचार्य
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१८) / व. नं. १५

भौतिक विवरण:—

आधुनिक शैलीमा निर्माण गरिएको यस पाटीको दक्षिणपट्टिको मोहडामा बाह्र कवल छ र यसको छाना ढलान गरेको छ । यस पाटीको पूर्व दिशाबाट सरस्वतीस्थान पुग्ने दुंगाको सिढी गएको छ । पश्चिममा सत्तल, उत्तरमा सरस्वतीको मंन्दिर र दक्षिणमा स्वयम्भू डाँडाको भिरालो भाग जसको तलबाट मूल सडक वा पिचरोड गैराखेको छ । कलात्मक दृष्टिकोणबाट यसको कुनै विशेषता नभए तापनि मन्दिरमा पूजा आजा गर्न आउने धर्मावलम्बीहरूको लागि भोज बनाउने एवं विश्राम स्थलको दृष्टिकोणबाट यसको महत्व कम छैन ।






लम्बाइ — १०३'.४"
चौडाइ — १३'
टोल — स्वयम्भू, सरस्वतीस्थान
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २०२६
बनाउने व्यक्ति — गुठी जीर्णोद्धार
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (१९) / व. नं. १५

भौतिक विवरण:—

पूर्व मोहडा भएको यस तीन तले सत्तलको निर्माण पूर्ण रूपले आधुनिक शैलीमा गरिएको देखिन्छ । यस सत्तलको वर्तमान समयमा धार्मिक एवं आवासीय प्रयोग भएको छ । हालसालै निर्माण गरिएको हुनाले सत्तलको भित्री एवं बाहिरी भागमा सिमेन्ट प्लास्टर हालसम्म गरेको छैन । सत्तलको ठीक सामुने पूर्वपट्टि सरस्वतीको मन्दिर, पश्चिममा जंगल, उत्तरमा मन्दिरको पर्खाल र दक्षिणमा पाटी रहेको छ । यस सत्तलको ठीक उत्तरपट्टिको पर्खालमा विभिन्न शिलापत्रहरू स्थापित गरेका छन् ।






लम्बाइ — ३८'.४"
चौडाइ — १८'.६"
टोल — स्वयम्भू, सरस्वतीस्थान
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति — वि. सं. २०२६
वर्तमान भौतिक अवस्था - राम्रो

पाटी (२०) / व. नं. १५

भौतिक विवरण:—

"धर्म कीर्ति मंगल" नामक यस पाटीको जीर्णोद्धार आधुनिक शैलीमा जस्ताको छाना राखी भएको छ । यस पाटीमा हाल दुई जना व्यक्तिहरूले बसोबास गरिरहेका छन् । यस पाटीको पूर्वमा भिरालो ठाउँ, पश्चिममा जंगल र उत्तरमा पनि स्वयम्भू जंगल र दक्षिणमा सूर्य विनायकको मूर्ति पर्दछ ।





लम्बाइ — २८'
चौडाइ — ११'.३"
टोल — स्वयम्भू, भुइंखेल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — गणेशमाया सहित ८ जना
जीर्णोद्धार मिति — वि. सं. २०३०
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (२१) / व. नं. १५

भौतिक विवरण:–

दुई कवल, एक नाले साधारण शैलीमा बनाइएको यस पाटीको मोहडा उत्तरतर्फ छ। यस पाटीको पूर्व तथा पश्चिममा खाली ठाउँ, उत्तरमा बिजेश्वरीबाट स्वयम्भू जाने कच्ची बाटो र दक्षिणमा खेत पर्दछ । यस पाटीमा स्वयम्भूको दर्शनार्थ आउने मानिसहरू विश्राम लिने गर्दछन् ।






लम्बाइ — १४'
चौडाइ — ६'
टोल — बिजेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जोर्णोद्धार मिति —
वर्तमान गौतिक अवस्था — ठीकै

पाटी (२२) / व. नं. १५

भौतिक विवरण:—

आधुनिक शैलीमा ढलान गरी निर्माण गरिएको यो पाटी तीन कवल उत्तर मोहडाको छ। यस पाटीको पूर्वमा धारा तथा पिपलको रूख, पश्चिममा खाली ठाउँ, उत्तरमा कच्ची बाटो र दक्षिणमा खाली ठाउँ पर्दछ । स्वयम्भू दर्शनार्थ जाने व्यक्तिहरू यस पाटीमा विश्राम लिने गर्दछन् ।





लम्बाइ — २०'.११"
चौडाइ — १२'.५"
टोल — विजेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २०२०
बनाउने व्यक्ति — भीमनारायण लगायत १६ जवान
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (२३) / व. नं. १५

भौतिक विवरण:—

तीन कवल उत्तर मोहडा भएको यस पाटीको छाना झिंगटीले छाइएको छ । बटुवाहरूको लागि विश्राम गर्न उपयोगी ठहरिएको यस पाटीको पूर्वमा धारा तथा पिपलको रूख, पश्चिममा खाली ठाउँ, उत्तरमा कच्ची बाटो र दक्षिणमा खाली ठाउँ पर्दछ ।






लम्बाइ — १७'
चौडाइ — ९'
टोल — विजेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १९९२
बनाउने व्यक्ति — पारसि महर्जन
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२४) / व. नं. १५

भौतिक विवरण:—

पूर्वमा खालीठाउँ, पश्चिममा बाटो, उत्तरमा पनि बाटो र दक्षिणमा बारीको बीचमा रहेको यस पाटीको मोहडा पूर्वतर्फ फर्केको छ। अंग्रेजी अक्षर "एल" आकारको यस पाटीलाई पूर्व र दक्षिणतर्फ पर्खालले घेरिएकोले बीचमा चोक बनेको छ। हाल यस पाटीमा स्थानीय विद्यालयले कक्षा संचालन गरेको छ ।






लम्बाइ — ८५'
चौडाइ — ८'
टोल — विजेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२५) / व. नं. १५

भौतिक विवरण:—

छ कवल भएको यस पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा पनि खाली ठाउँ, उत्तरमा स्वयम्भू जाने बाटो र दक्षिणमा चउर पर्दछ। यस पाटीको मोहडा दक्षिण दिशातर्फ फर्केको छ। आधुनिक शैलीमा निर्मित यस पाटीको छाना ढलान गरी बनाइएको छ। हाल स्थानीय विद्यालयले यस पाटीमा कक्षा संचालन गरेको छ।






लम्बाइ — ५१'
चौडाइ — १३'
टोल — विजेश्वरी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २०२६ वैशाख
बनाउने व्यक्ति — लक्ष्मीनारायण समेत ५३ जवान
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (२६) / व. नं. १५

भौतिक विवरण:—

स्थानीय वासिन्दाहरूलाई नुहाउन, लुगा धुन आदि कामको लागि उपयोगी ठहरिएको यो ढुंगेधाराको मोहडा उत्तरतिर छ। धाराको ठीक माथि ध्यानीबुद्धको प्रतिमा स्थापना गरिएको छ। ढुंगेधाराको भुइँ तथा पर्खाल भएको यस शोभायमान धाराको पूर्वमा बारी, पश्चिममा सडक, उत्तरमा पनि सडक र दक्षिणमा बारी पर्दछ।






लम्बाइ — २७'
चौडाइ — २५'
टोल — स्वयम्भू
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

चउर (२७) / व. नं. १५

भौतिक विवरण:—

स्थानीय वासिन्दाहरूको लागि गाईवस्तु चराउन उपयोगी ठहरिएको यस चउरको पूर्वमा कच्ची बाटो तथा घर, पश्चिममा पिच सडक, उत्तरमा पोखरी र दक्षिणमा पिच सडक तथा चउर पर्दछ। यस चउरको पूर्वपट्टि गणेश तथा भगवतीको मूर्ति पनि स्थापना गरेको छ।





लम्बाइ — ९०'
चौडाइ — ४०'
टोल — स्वयम्भू, भुइखेल
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

चउर (२८) / व. नं. १५

भौतिक विवरण:—

स्थानीय इलाकाका बाल बच्चालाई खेलकूद खेल्न उपयोगी ठहरिएको यस चउरमा गाई, भैंसी, भेंडा, बाख्रा आदि वस्तुभाउ पनि चराउने गरेको देखिन्छ। यस चउरको पूर्वमा घर तथा बारी, पश्चिममा प्रहरी थाना साथ खेत, उत्तरमा पिच सडक र दक्षिणमा कच्ची बाटो, घर तथा पाटी पर्दछ।





लम्बाइ — २००'
चौडाइ — १००'
टोल — स्वयम्भू, भुइखेल
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

चउर (२९) / व. नं. १५

भौतिक विवरण:–

स्थानीय बाल बच्चाले खेलकूद स्थलको रूपमा प्रयोग गर्दै आएको यस चउरको वर्तमान अवस्था सन्तोषजनक छ । यस चउरको पूर्वमा चिहान, पश्चिममा पिच सडक तथा स्वयम्भू डाँडा, उत्तरमा खेत र दक्षिणमा पिच सडक पर्दछ । यो चउर त्रिकोण आकारको छ ।





लम्बाइ — १००'
चौडाइ — १००'
टोल — स्वयम्भू, भुइखेल
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (३०) / व. नं. १५

भौतिक विवरण:—

तीन कवल, एक नाले पूर्व दिशातर्फ फर्केको यस पाटी प्राचीन शैलीमा निर्माण गरिएको छ । काठको खम्बा र टुँडालमा साधारण बुट्टा कुंदिएको र झिगटी छाना भएको यस पाटीले प्राचीन कलाको झलक दर्शाएको छ । यस पाटीको पूर्वमा सडक, पश्चिममा खेत, उत्तर तथा दक्षिणमा खाली ठाउँ रहेको छ । बटुवाहरूले विश्राम गर्न हाल यस पाटीको प्रयोग गरेको छ ।





लम्बाइ — १४'.२"
चौडाइ — ८'.४"
टोल — विजेश्वरी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १०६८
बनाउने व्यक्ति — कान्छी महर्जन
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (३१) / व. नं. १५

भौतिक विवरण:—


तीन कवल भएको यस पाटीको पूर्वमा गणेशको मन्दिर, पश्चिममा घरको ढोका, उत्तरमा स्वयम्भू जाने सडक र दक्षिणमा बारी पर्दछ। यस पाटीको मोहडा उत्तर दिशातर्फ फर्केको छ। यो पाटी साधारण शैलीमा निर्मित छ र यसको भिंगटीको छानामा घाँस उम्रेको छ। बटुवा र स्थानीय जनता यस पाटीमा विश्राम गर्दछन्।





लम्बाइ — १५'
चौडाइ — ६'.९"
टोल — डल्लु
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै



त्रिभुवनी
संकेत
पाटी
सत्तल
कुंडा धारा
पोखरी
चउर
बालाजु
बालाजु टार
औद्योगीक क्षेत्र
साना खुला
चिण्डमति
स्यांवजार
सल्कोपाखा
सोरखुदे पाटी
ठमेल
पकनाजोल
शोभा मगबती
सोरखुदे पाटी
0 50 100 200 300 मी
वडा नं. १६

पाटी (१) / व. नं. १६

भौतिक विवरण:—

बिष्णुमती खोला र महादेव खोलाको दोभानमा बनाइएको यस पाटीमा विशेष गरेर सिकिस्त बिरामीहरू राख्ने गरेको देखिन्छ । विक्रम सम्वत् २०३३ मा जीर्णोद्धारपछि टायल छाना झिकी बढी टिकाउको लागि जस्ताको छाना हाली जीर्णोद्धार गरिएको यस पाटीको पूर्वमा बिष्णुमती खोला, पश्चिममा चउर, उत्तरमा महादेव खोला र दक्षिणमा बिष्णुमतीको किनार पर्दछ । भवाट हेर्दा पाटी जस्तो नदेखिने यो पाटी पूर्व मोहडाको छ ।





लम्बाइ — १६'.४"
चौडाइ — ९'
टोल — बालाजु
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २००८ फाल्गुण
बनाउने व्यक्ति — जनकबहादुर थापा, हिलेडोल
जीर्णोद्धार मिति — वि. सं. २०३३
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (२) / व. नं. १६

भौतिक विवरण:—

लम्बाइ र चौडाइमा समान रहेको चतुर्भुज आकारको यो पाटी प्राचीन शैलीको दृष्टिकोणबाट विचार गर्दा महत्वपूर्ण नदेखिए तापनि भरियाहरू विश्राम गर्ने, बास बस्ने वा बटुवाहरु विश्राम गर्ने आदि दृष्टिकोणबाट हेर्दा यस पाटीको आफ्नै महत्व छ । यस पाटीको चारैतिर तीन-तीन कवल छ र काठको खम्बाहरूमा साधारण बुट्टाहरू कुँदिएका छन् । जस्ताको छाना भएको र छानाको मास्तिरको गजुरले मन्दिर जस्तो देखिने यस पाटीको पूर्वमा सडक, पश्चिममा महेन्द्र पार्क, उत्तरमा त्रिशुली जाने सडक र दक्षिणमा पनि महेन्द्र पार्क पर्दछ । हाल यस पाटीमा रहेको शिलापत्र सुरक्षाको लागि पाटीसंगैको तरकारी पसलमा राखिएको छ ।






लम्बाइ — १७'.९"
चौडाइ — १७'.९"
टोल — बालाजु, खिल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९२१
बनाउने व्यक्ति — धैर्यवीरसिंह भारो
जीर्णोद्धार मिति — वि. सं. २०३१
वर्तमान भौतिक अवस्था - राम्रो

ढुंगेधारा (३) / व. नं. १६

भौतिक विवरण:—

बालाजु बाइसधाराको पछाडि (पश्चिमतर्फ) मोटर चल्ने कच्ची बाटोको किनारैमा निर्माण गरिएको यस ढुंगेधाराबाट हाल नगण्य रूपमा पानी आउँदछ। शैली रहित यस ढुंगेधाराको दायाँ बायाँ दुवैतर्फ बांसको झयाङ रहेको छ। हाल मुहान बन्द भएकोले अलि अलि मात्र पानी आउँछ। पूर्व तथा पश्चिममा बांसको झयाङ, उत्तरमा स्थानीय जनताको खेत र दक्षिणमा मोटर चल्ने कच्ची बाटो गएको छ।






लम्बाइ — १२'.५"
चौडाइ — ७'
टोल — बालाजु (बाइसधारा पछाडि)
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — रामबहादुर, बालाजुटार
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (४) / व. नं. १६

भौतिक विवरण:—

हाल यस दुई तले सत्तलको करीब करीब सम्पूर्ण भाग नै भत्किसकेको अवस्थामा छ। सत्तलको पूर्वमा बालाजुबाट त्रिशुली जाने पिच सडक, पश्चिममा नागार्जुन वन, उत्तरमा स्थानीय जनताको घर र दक्षिणमा बालाजु महेन्द्र पार्कको कार्यालय रहेको छ। पूर्व मोहडाको यस सत्तलको ठीक दाहिनेपट्टि सानो देवताको मन्दिर पनि छ।






लम्बाइ — २१' ८"
चौडाइ — १०'
टोल — बालाजु
अभिलेखपत्र —


निर्माण मिति — १८ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (५) / व. नं. १६

भौतिक विवरण:—

बालाजुबाट त्रिशुली जाने बाटोको बायाँपट्टि अवस्थित यस सत्तल स्थानीय जनताको भनाई अनुसार बाह्रन्तेह्र वर्ष अघि भत्की हालसम्म जीर्णोद्धारको अभावमा भौतिक अवस्था यथावत नै रहेको देखिन्छ। पूर्व मोहडा भएको यस सत्तालको पूर्वमा बालाजुबाट त्रिशुली जाने पिच सडक, पश्चिममा नागार्जुन वन उत्तरमा स्थानीय जनताको घर र दक्षिणमा स्थानीय जनताको घर तथा खाली ठाउँ पर्दछ।





लम्बाइ — २२'.४"
चौडाइ — १५'
टोल — बालाजु
अभिलेखपत्र —


निर्माण मिति — वि.सं. १९९८ चैत्र
बनाउने व्यक्ति — श्याम श्रेष्ठ, हेरामान श्रेष्ठ
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (६) / व. नं. १६

भौतिक विवरण:—

नयां बजारबाट बालाजु जाने बिष्णुमती पूलको ठीक तल दाहिनेपट्टि खोलाको बारी यो सत्तल रहेको छ। उत्तर दिशातर्फ फर्केको वा मोहडा पर्ने यस सत्तलको तल्लो भाग र माथिल्लो भाग दुवैको भौतिक स्वरूप साधारणतया एकै किसिमको देखिन्छ। यस सत्तालको पूर्वमा शिवको मन्दिर तथा पाटी, पश्चिममा बिष्णुमती पूल,उत्तरमा सत्तलको ठीक सामुन्ने महादेवको लिङ्ग भएको सानो मन्दिर र दक्षिणमा नानकमठ जाने बाटो पर्दछ। भौतिक अवस्थाको दृष्टिकोणले हाल-सम्म मजबुत रहेको यस सत्तलको माथिल्लो तलामा "वेद वेदाङ्ग" विद्यालय रहेको छ। भुई तला भोज भतेरको लागि प्रयोग गरेको देखिन्छ। यस सत्तालको छाना जस्ताले छाइएको छ।





लम्बाइ — ३७'
चौडाइ — १७'
टोल — बिष्णुमती (नयाँबजार)
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १९९६
बनाउने व्यक्ति — गंगाबहादुर बस्नेत, नयाँबजार
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (७) / व. नं. १६

भौतिक विवरण:—

वज्र, ईटा आदिको संमिश्रणबाट साधारण शैलीमा निर्मित यो सत्तल नयाँ बजारबाट बालाजु जाने विष्णुमती पूलको दाहिनेपट्टि विष्णुमती खोलाको बारि रहेको छ। मुई तलामा कवल, माथिल्लो तलामा कौशी भएको यस आवासीय घर जस्तो देखिने सत्तलको छाना जस्ताको छ। उत्तर मोहडाको यस सत्तलको पूर्वमा बाँसघारी, पश्चिममा शिवको मन्दिर, उत्तरमा विष्णुमती खोला र दक्षिणमा नानकमठ जाने गोरेटो बाटो गएको छ। सत्तल सँगैको महादेवको मन्दिरमा पूजा गर्न आउने धर्मावलम्बीहरू र श्राद्ध गर्न आउने व्यक्तिहरूले यस सत्तलको प्रयोग गर्ने गर्छन।






लम्बाइ — १९'
चौडाइ — १३'.४"
टोल — नयाँबजार, बिष्णुमती
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १९९६
बनाउने व्यक्ति — गंगाबहादुर बस्नेत
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (८) / व. नं. १६

भौतिक विवरण:—

नयाँबजारबाट बालाजु जाँदा सडकको दाहिनेपट्टि अलि माथि ढिस्कोमा निर्माण गरिएको हुनाले यस सत्तललाई बाटोबाट देख्न सकिन्छ। पूर्वमा बाटो तथा खेतबारी, पश्चिममा बाटो, उत्तरमा घर र दक्षिणमा खेत यो चार किल्लाभित्र यो सत्तल अवस्थित छ। यस सत्तलको विभिन्न खम्बा, ढोका आदिमा कुँदिएको बुट्टाहरूले प्राचीन काष्ठकलाको झलक प्रस्तुत गरेको छ। हाल यस सत्तालमा साधु सन्तहरूले झण्डै एक सय वर्ष अगाडिदेखि बसोबास गर्दै आएको देखिन्छ। भगवानको अर्चना स्वरूप भजन गर्ने जस्तो पवित्र धार्मिक कार्य दिनहु यहां हुन्छ।






लम्बाइ — ९७'
चौडाइ — ९०'
टोल — नयाँबजार, बिष्णुमती
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — रणबहादुर शाह
जीर्णोद्धार मिति— वि. सं. २०३३
वर्तमान भौतिक अवस्था — ७ ओ

पाटी (९) / व. नं. १६

भौतिक विवरण:—

आधुनिक शैलीमा ढलान गरी म्हेपी मन्दिरको प्राङ्गणमा निर्माण गरिएको यो पाटी अंग्रेजी अक्षर "एल" आकारको छ । यसपा टीको आधा भागमा धार्मिक कार्य जस्तो भजन कीर्तन हुन्छ र बांकी आधा भाग भोज भतेरको लागि छुट्याइएको छ । यस पाटीको पूर्वमा राधाकृष्ण, नारायण, बुद्ध आदिको स-साना मूर्ति छरिएर रहेका छन, पश्चिममा दुङ्गाको सिंढी, उत्तरमा झाडी वांसको ऊयांग र दक्षिणमा म्हेपीकी मन्दिर पर्दछ ।






लम्बाइ — २७'.७"
चौडाइ — ११'.३"
टोल — म्हेपी, नयाँबजार
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २००७
बनाउने व्यक्ति — गोपालदास मानन्धर, त्यौंडटोल
जीर्णोद्धार मिति— वि. सं. २००९
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१०) / व. नं. १६

भौतिक विवरण:—

एक नाले, एक तले ११ कवल भएको यो पाटी केवल एकै व्यक्तिको सहयोगको फल स्वरूप निर्माण नभै आंशिक रूपमा अन्य दुई, व्यक्तिहरूले पनि यस पाटीको केही भाग अर्थात् कवल बढाएको कुरा पुजारीबाट ज्ञात भएको छ । शुरूमा ११ कवल नभै पछि थप्दै थप्दै हाल ११ कवल पुगेको देखिन्छ । म्हेपीमा विवाहोत्सव भोज मनाउन आउनेहरूका लागि यो पाटी विशेष महत्वको छ । हरेक साल म्हेपीको जात्रामा यस पाटीमा वसी भोज खाने चलन हालसम्म सो गुठीका गुठीयारहरूले कायमै गरेको देखिन्छ । पश्चिम मोहडाको यस पाटीको पूर्वमा वन पश्चिममा म्हेपी मन्दिर उत्तरमा वन र दक्षिणमा पाटी पर्दछ । यस पाटीको छाना भिंगटीले छाइएको छ ।






लम्बाइ — ५१'.९"
चौडाइ — ११'.४"
टोल — म्हेपी, नयाँबजार
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं ९३१ फागुन
बनाउने व्यक्ति — कृष्णसिं मानन्धर, ठहिटी
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (११) / व. नं. १६

भौतिक विवरण:—

म्हेपीको मन्दिरमा उक्लिने दुईवटा ढुङ्गाका सिंढीहरू मध्ये पूर्व दिशाबाट मन्दिरमा उक्लिने सिंढीको दाहिने किनारमा मन्दिर पुगुभन्दा अलि यता यस पाटीको निर्माण गरिएको छ। बज्र, ईंटाको संमिश्रणबाट यसको निर्माण भएको छ र छाना झिंगटी वा टायल नभै छाना पनि ढलान गरी बनाइएको छ। दक्षिण पश्चिम मोहडाको यस पाटीको पूर्वमा झाडी पश्चिममा ढुङ्गाको सिंढी, उत्तरमा म्हेपी मन्दिर र दक्षिणमा पाटीले चर्चेको जग्गा पर्दछ। म्हेपीमा पूजा गर्न आउने धर्मावलम्बीहरूले भोज मनाउन यस पाटीको प्रयोग गरेको देखिन्छ।






लम्बाइ — ३४'.९"
चौडाइ — ११'
टोल — नयाँबजार
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १०६६
बनाउने व्यक्ति — धानरत्न सिं
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - राम्रो

ढुंगेधारा (१२) / व. नं. १६

भौतिक विवरण:—

शैलीको दृष्टिकोणले यस ढुङ्गे धाराको खास केही महत्व नभए तापनि यसले स्थानीय वासिन्दाहरूको पानीको समस्या ठूलो हदसम्म समाधान गर्दै आएको देखिन्छ। हेर्दा साधारण देखिए तापनि मुहान बलियो हुनुको कारणले अटूट रूपले यसबाट पानी आइरहन्छ। सार्वजनिक चउरको किनारैमा निर्मित यस पूर्व मोहडाको ढुङ्गे धाराको पूर्वमा खेत, पश्चिममा गोरेटो बाटो, उत्तरमा चउर र दक्षिणमा स्थानीय जनताको घर र बारी रहेको छ। स्थानीय जनतालाई लुगा धुन, नुहाउन र अझ खेतमा पानी लाउन समेत सधाउ पुऱ्याउँदै आएको यस धाराको साधारण सम्भार वा निर्माण कार्य जस्तै वरिपरिको ईंटाको गारो बनाउने, पर्खाल लगाउने, खुड्किलो बनाउने आदि गर्नपर्ने देखिन्छ।





लम्बाइ — ११'
चौडाइ — ७'.७"
टोल — बालाजुटार
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — मचाभाई महर्जन
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१३) / व. नं. १६

भौतिक विवरण:—

झिंगटी छाना हाली बनाइएको यस पाटी एक नाले, एक तले, तीन कवलको छ । स्थानीय इलाकाका किसानहरूले आरामको लागि खेतको बीचमा यस पाटीको निर्माण गरेको देखिन्छ । दक्षिण दिशा तर्फ फर्केको यस पाटीको पूर्व, पश्चिम तथा उत्तरमा खेत, र दक्षिणमा गोरेटो बाटो पर्दछ । यस पाटीको अन्य भाग ठीकै भएता पनि झिंगटी टूट फूट भएकोले यथाशिप जीर्णोद्धार वा मर्मत गर्नु पर्ने देखिन्छ ।





लम्बाइ — १६'.८"
चौडाइ — ११'.८"
टोल — गैरीडोल, बालाजु
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — मुकुन्दबहादुर डंगोल
गोफलटोल
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१४) / व. नं. १६

भौतिक विवरण:—

साधारण शैलीमा झिंगटी छाना हाली बनाइएको यस तीन कवल पाटीको तीनतिर खेत र दक्षिणमा गोरेटो बाटो पर्दछ । पूर्व मोहडाको यस पाटीमा विशेष गरेर खेतमा काम गर्ने कृषकहरू कामबाट केही छिन आराम गर्ने वा खाजा खानको लागि बस्ने गर्छन् ।





लम्बाइ — १२'.६"
चौडाइ — ९'.५"
टोल — गैरीडोल, बालाजु
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — वेचनारायण, काठमाडौं
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१५) / व. नं. १६

भौतिक विवरण:—

शैलीको आधारमा विचार गर्दा साधारण देखिने यस तीन कवलको पाटी बिष्णुमती घाटमा बनाइएको छ । दक्षिण मोहडा भएको यस पाटीको पूर्वपट्टि बाटो, पश्चिममा बिष्णुमती खोला, उत्तरमा खेत र दक्षिणमा बाटो गएको छ । बढी टिकाउको लागि जीर्णोद्धारपछि यस पाटीको छाना ढलान गरिएको छ । बिष्णुमती घाटनिर निर्मित यस पाटीमा मलामी आउने व्यक्तिहरू आराम गर्ने तथा बिरामी राख्ने भएकोले यस पाटीको महत्व छ ।





लम्बाइ — १४'.९"
चौडाइ — ९'.३"
टोल — शोभाभगवती, बिष्णुमती
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १०८०
बनाउने व्यक्ति — मैजुलक्ष्मी तुलाधर
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (१६) / व. नं. १६

भौतिक विवरण:—

बिष्णुमती शोभाभगवतीस्थानको बाहिर अवस्थित यो सत्तल उत्तर मोहडाको छ । यस सत्तलको छाना आंशिक रूपमा जस्ताले छाइएको र आंशिक रूपमा प्राचीन कला झल्काउन टायलले छाइएको छ । शैली वा कलात्मक दृष्टिकोणले यो सत्तल साधारण नै छ । यस सत्तलको पूर्वमा बिष्णुमती खोला, पश्चिममा भगवतीस्थान आउने बाटो, उत्तरमा दुङ्गाले छापेको प्राङ्गण र दक्षिणमा भद्रमती खोला बगेको छ । यस सत्तलमा शुरूदेखि वर्तमान समयसम्म कपालीको एक परिवारले बसोबास गर्दै आएको छ । यी कपाली परिवारले समय समयमा सत्तलको साधारण मर्मत पनि गर्दै आएको देखिन्छ ।





लम्बाइ — २०'.९"
चौडाइ — ८'.९"
टोल — शोभाभगवती, बिष्णुमती
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०१५
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१७) / व. नं. १६

ौतिक विवरण:—

शोभाभगवतीस्थानको दाहिनेपट्टि अवस्थित यो सत्तल जस्ताको छाना हाली साधारण लीमा निर्माण गरिएको छ। पूर्वमा भगवतीस्थान जाने बाटो, पश्चिममा सत्तल, उत्तरमा भग तीको मन्दिर र दक्षिणमा बगैंचा र त्यसको लगतै तल भद्रमती खोला बगेको छ। यस तुई ले पूर्व मोहडाको सत्तलमा आजभन्दा करीब ६० वर्ष अगाडिदेखि नारायणप्रसाद कपालीको रेवारले स्थायी रूपमा बसोबास गर्दै आएको र साधारण टूट फूट वा मर्मत कार्य पनि तिनीहरूले नै ई आएको देखिन्छ।





लम्बाइ — २१'.६"
चौडाइ — ११'.५"
टोल — शोभाभगवतीस्थान, बिष्णुमती
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २००१ श्रावण
बनाउने व्यक्ति — चन्दाबाट
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१८) / व. नं. १६

तिक विवरण:—

शोभाभगवती मन्दिरको प्रवेशद्वारको रूपमा निर्माण गरिएको यस पाटीले एकातिर नार्थीहरूलाई प्रवेशद्वारको रूपमा योगदान वा सेवा पुन्याउँदै आएको छ भने अर्कोतिर सोही दरमा पूजा गर्न आउने धर्मावलम्बीहरूलाई विश्राम स्थलको रूपमा पनि सहयोग गर्दै आएको छ। यसरी द्वय उद्देश्य परिपूर्ति गर्ने यस पाटीको पूर्वमा बिष्णुमती खोला, पश्चिममा भगवतीको दर, उत्तरमा खाली जग्गा र दक्षिणमा भगवतीस्थान आउने बाटो पर्दछ। पूर्व मोहडाको यस ोको छाना जस्ताले छाइएको छ।





लम्बाइ — ४५'.३"
चौडाइ — ५'.९"
टोल — शोभाभगवतीस्थान
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — तेजनारायण
जीर्णोद्धार मिति— वि. सं. २०१५
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१९) / व. नं. १६

भौतिक विवरण:—

शोभाभगवती मन्दिरको ठीक पछाडि भित्रपट्टि अंग्रेजी अक्षर 'एल' को आकारमा निर्माण गरिएको यस पाटीमा जम्मा सोह्र कवल छ । यस पाटीको केही अंश धार्मिक कार्य जस्तो भजन गर्ने प्रयोग हुन्छ भने अन्य भाग मन्दिरमा पूजा गर्ने आउने व्यक्तिहरूले भोज खान प्रयोग गरेको देखिन्छ । धेरै वर्ष अघि निर्माण भई वि॰ सं॰ २०१५ मा जीर्णोद्धार गरिसकेकोले हाल यस पाटीको भौतिक अवस्था ठीकै देखिन्छ । पूर्वमा भगवतीको मन्दिर, पश्चिममा बारी, उत्तरमा बगैंचा र दक्षिणमा भद्रमती खोला, बगेको छ । यस दक्षिण मोहडाको पाटीको छाना जस्ताको छ ।






लम्बाइ — ७६'.९"
चौडाइ — ६'.८"
टोल — शोभाभगवतीस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९१८
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति — वि. सं. २०१५
वर्तमान भौतिक अवस्था ठीकै

पाटी (२०) / व. नं. १६

भौतिक विवरण:—

धेरै वर्ष अघि निर्माण गरिएको यस पाटीको भौतिक अवस्था ज्यादै नराम्रो भएकोले वि. सं. २०२६ सालमा यस पाटीलाई पूर्ण रूपले भत्काई आधुनिक शैलीमा ढलान गरी निर्माण गरिएको देखिन्छ । पांच कवल उत्तर मोहडाको यस पाटीको वर्तमान भौतिक अवस्था ज्यादै मजबूत साबित हुन्छ । शोभाभगवती मन्दिरमा पूजा गर्न आउने र अन्य विभिन्न गुठीका गुठीयारहरू बर्षेनी भगवतीको मन्दिरमा पूजा गरी भोज खान आउने हुँदा यस पाटीको जीर्णोद्धारले स्थानाभावको समस्या समाधान गरेको छ । उत्तर मोहडाको यस पाटीको पूर्वमा पाटी, पश्चिममा बारी बगैंचा, उत्तरमा चोक र दक्षिणमा भद्रमती खोला पर्दछ । जीर्णोद्धार गर्ने मंगलमान श्रेष्ठले यस पाटी सगै भोज गर्न आउनेहरूको सजीलोको लागि पानी ट्याङ्कीको पनि बन्दोबस्त गरिदिएको छ ।





लम्बाइ — ३१'.६"
चौडाइ — ११'.६"
टोल — शोभाभगवतीस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२६ फाल्गुण
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (२१) / व. नं. १६

भौतिक विवरण:–

शोभाभगवती मन्दिरको भित्र रहेको यस पाटी अंग्रेजी अक्षर "यू" जस्तो देखिन्छ। यस "यू" आकारको पाटीको केही भाग भजन गर्न छुट्याइएको छ भने बाँकी भाग मन्दिरमा पूजा गर्न आउने व्यक्तिहरूले भोज खान वा विश्राम गर्न प्रयोग गर्ने गर्छन्। यस पाटीको बीचमा शोभा भगवतीको मन्दिर रहेको छ। जस्ताको छाना भएको यस पाटीको पूर्वमा प्रवेशद्वार सहितको पाटी, पश्चिममा पनि पाटी, उत्तरमा खाली ठाउँ र दक्षिणमा भद्रमती खोला पर्दछ।





लम्बाइ — १००'
चौडाइ — ८'
टोल — शोभाभगवतीस्थान
अभिलेखपत्र —


निर्माण मिति — ने. सं. १०१२
बनाउने व्यक्ति — तेजनारायण
जीर्णोद्धार मिति— वि. सं. २०१५
वर्तमान भौतिक अवस्था _ राम्रो

पाटी (२२) / व. नं. १६

भौतिक विवरण:—

नयाँबजार गणेशस्थानको प्राङ्गणमा रहेको यो एक कवल पाटी जस्ताको छाना हाली साधारण शैलीमा निर्माण गरिएको छ। पूर्वमा गणेशको मन्दिर, पश्चिममा खाली ठाउँ, उत्तरमा दुङ्गे धारा र दक्षिणमा मन्दिर आउने बाटो पर्दछ। पूर्व भोहडाको यस पाटीमा घरबारविहीन गरीब मानिसले बसोबास गरिआएका छन्।






लम्बाइ — ७'.१०"
चौडाइ — ७'.९"
टोल — नयाँबजार, पकनाजोल गणेशस्थान
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — लालबहादुर महर्जन र बेखालाल
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (२३) / व. नं. १६

भौतिक विवरण:—

गणेशस्थानमा पूजा गर्न आउने, भोज भतेर गर्न आउनेहरूलाई पानीको समस्या नहोस् भन्ना खातिर यस ढुङ्गे धाराको निर्माण गरेको हुनु पर्छ। मकर मुखाकृत पश्चिम मोहडाको यस धाराको माथि भगवान नारायणको शिलामा कुँदिएको मूर्ति राखिएको छ। यस ढुङ्गे धाराको पूर्वमा सिमेन्ट ढलान गरेको नयाँ पाटी, पश्चिममा खेत, उत्तरमा पनि खेत र दक्षिणमा एक कवल जस्ताको छाना भएको पाटी पर्छ।






लम्बाइ — १५'.७"
चौडाइ — १५'.२"
टोल — नयाँबजार, गणेशस्थान
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १९९८ फागुन
बनाउने व्यक्ति — विष्णुकुमारी श्रेष्ठ
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२४) / व. नं. १६

भौतिक विवरण:—

पुरानो शैलीमा निर्मित यस पाटीलाई केही वर्ष अघि भन्काई बढी टिकाउकोलागि ढलान गरी बनाइएको हुँदा यस पाटीको भौतिक अवस्था हाल अत्यन्त मजबूत रहेको छ। त्यस भेकका विशेष गरेर नेवार समुदायमा विवाहोत्सवपछि यस गणेशस्थान आई पूजा गरी भोज गर्नु पर्ने परम्परा आजासम्म कायमै रहेको हुँदा यस पाटीको आफ्नै विशेष महत्व भएको देखिन्छ। यस अतिरिक्त समय समयमा मन्दिरमा पूजा गर्न आउनेहरूकोलागिपनि यस पाटीले ठूलो सेवा पुऱ्याउँदै आएको छ। गणेशको मन्दिरको ठीक सामुन्ने निर्माण गरिएको यस दक्षिण मोहडाको पाटीको पूर्वमा बारी, पश्चिममा ढुङ्गे धारा, उत्तरमा खेत र दक्षिणमा गणेशको मन्दिर तथा प्राङ्गण पर्छ।





लम्बाइ — २६'.६"
चौडाइ — १०'.८"
टोल — पकनाजोल, गणेशस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २००१ आषाढ
बनाउने व्यक्ति — गंगादेवी, जमुनादेवी र हिरालाल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (२५) / व. नं. १६

भौतिक विवरण:—

नयाँबजार गणेशस्थानको ठीक उत्तर पूर्व दिशामा रहेको यो सत्तल झिंगटी छाना हाली साधारण शैलीमा निर्माण गरेको छ। तीन कवल दक्षिण मोहडाको यस सत्तलको पूर्वमा झाडी, पश्चिममा ढलान गरी बनाएको पाटी, उत्तरमा खेत र दक्षिणमा मन्दिर जाने गोरेटो बाटो पर्दछ। हाल यस पाटी भिखारीको परिवारले प्रयोग गरेका छन्।






लम्बाइ — २९'.९"
चौडाइ — १२'.८"
टोल — नयाँबजार, गणेशस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९९८ फाल्गुण
बनाउने व्यक्ति — विष्णुकुमारी श्रेष्ठ, गल्को पाखा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (२६) / व. नं. १६

भौतिक विवरण:—

मन्दिरको दायाँपट्टि पूर्व दिशामा करीब ४२ वर्ष अघि निर्माण भएको तर समय समयमा मर्मत सम्भार कार्यको अभावमा हाल यस सत्तलको भौतिक अवस्था धेरै नराम्रो देखिन्छ। यस सत्तलको छानो पूर्णरूपले भत्किसकेको र गारोहरूपनि ठाउँ ठाउँमा चर्कि भत्किने अवस्थामा पुगिसकेको छ। जीर्णोद्धार यथाशीघ्र नगरिएमा निसन्देह यो सत्तल जमीनसंग मिल्न जाने स्थिति धेरै टाढा छैन। तीन कवल, उत्तर मोहडा भएको यस सत्तलको पूर्वमा झाडी, पश्चिममा गणेशको मन्दिर, उत्तरमा गोरेटो बाटो र दक्षिणमा रूखहरू भएकोले सानो ढिस्को था डाँडा रहेको छ।





लम्बाइ — १९'.५"
चौडाइ — ९'.११"
टोल — नयाँबजार, गणेशस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २०११
बनाउने व्यक्ति — लालबहादुर डंगोल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२७) / व. नं. १६

भौतिक विवरण:—

शैलीविहीन जस्ताको छाना भएको यो पाटी पिच सडकको किनारैमा निर्माण गरिएको छ। पश्चिम मोहडाको यस पाटीको पूर्वमा सानो चउर, पश्चिममा स्थानीय जनताको घर जाने बाटो, उत्तरमा पाटी र दक्षिणमा लेखनाथ मार्ग (ठमेलबाट) बालाजु जाने पिच सडक पर्दछ। घरबार विहीन गरीब परिवारले हाल यस पाटीमा बसोबास गरेको छ।





लम्बाइ — १८'.१०"
चौडाइ — १३'.४"
टोल — ठमेल, लेखनाथ मार्ग
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२८) / व. नं. १६

भौतिक विवरण:—

अंग्रेजी अक्षर "एल" जस्तो देखिने कूल १२ कवल भएको यस पाटीको पश्चिमी भाग उत्तरी भागको तुलनामा ज्यादै भत्किएको छ। ठमेल लेखनाथ मार्गबाट नयाँबजार जाने बाटोको अलि भित्रपट्टि यस पाटीको निर्माण गरिएको छ। शैलीको दृष्टिकोणले साधारण रहेको दक्षिण मोहडाको यस पाटीको पूर्वमा पाटीभित्र पस्ने बाटो, पश्चिममा पनि फराकिलो बाटो, उत्तरमा खाली ठाउँ र दक्षिणमा चोक पर्दछ। पाटीको उत्तरपट्टिको खण्डको भौतिक अवस्था बस्नसम्म हुने भएकोले घरबार विहीन परिवारले हाल बसोबास गरेको छ।






लम्बाइ — ६३'.१०"
चौडाइ — ९'.९"
टोल — ठमेल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १०२८ भाद्र
बनाउने व्यक्ति — धामनि भाजु
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२९) / व. नं. १६

भौतिक विवरण:—

भग्नावशेष अवस्थामा रहेको यस पाटीको हाल कुनै महत्व छैन। भत्किनुभन्दा पूर्व भौज भतेरको लागि प्रयोग हुने यस पाटीको वर्तमान भौतिक अवस्था सम्पूर्णतया भत्किएको छ र केवल अवशेषको रूपमा विद्यमान गारो र काठको खम्बा गाड्ने दुङ्गाको सहायतामे मात्र यस पाटीको परिचय लिन सकिन्छ। उत्तर मोहडाको यस पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा बाटो, उत्तरमा चोक तथा पाटी र दक्षिणमा खाली ठाउँ पर्दछ। यो पाटी ठमेल लेखनाथ मार्गबाट नयाँबजार जाने बाटोको अलि भित्र रहेको छ।





लम्बाइ — ५३'.६"
चौडाइ — १०'.९"
टोल — ठमेल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९७७ जेठ
बनाउने व्यक्ति — थाकुमन
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३०) / व. नं. १६

भौतिक विवरण:—

अंग्रेजी अक्षर "एल" जस्तो भौतिक स्वरूप भएको यस पाटीको धेरै अंश यथाशीघ्र भत्काई पुनः निर्माण गर्नुपर्ने देखिन्छ। विशेष गरेर पूर्व र पश्चिमतर्फको भाग ज्यादै बिग्रिसकेको हुनाले सो भाग हाल पूर्णतया बेकम्मा भएको छ भने उत्तर दक्षिणतफको भागमा एक गरीब परिवारले बसोवास गरेको छ। उत्तर मोहडा भएको यस पाटीको पूर्व दिशामा खाली ठाउँ, पश्चिममा चोक तथा पाटी, उत्तरमा यस पाटीको चोक र दक्षिणमा खाली ठाउँ पर्दछ।






लम्बाइ — ५६'.१०"
चौडाइ — १२'.६"
टोल — ठमेल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — बीरसुन्दर सिंह
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३१) / व. नं. १६

भौतिक विवरण:—

साधारण शैलीमा जस्ताको छाना हाली बनाइएको यो पाटी भौतिक दृष्टिकोणले हाल राम्रो अवस्थामा रहेको देखिन्छ। तीन कवल पूर्व मोहडाको यो पाटी शैलीको दृष्टिकोणबाट विशेष महत्व नभए तापनि धार्मिक दृष्टिकोणले यसको महत्व रहेको छ। मन्दिरको प्रांगणमा निर्माण गरिएको हुनाले पूजा गर्न आउने धर्मावलम्बीहरू बस्ने, भोज खाने आदि कार्यहरूमा यस पाटीको प्रयोग भै आएको छ। पूर्वमा मन्दिर पश्चिममा स्थानीय जनताका घरहरू, उत्तरमा खेत र दक्षिणमा सानो चउर यी चार किल्लाभित्र यो पाटी अवस्थित छ।





लम्बाइ — २०'.१०"
चौडाइ — ७'.५"
टोल — ठमेल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धारमिति —
वर्तमान भौतिक अवस्था — ठीकै

पोखरी (३२) / व. नं. १६

भौतिक विवरण:—

नयाँबजारबाट बालाजु जाने बाटोको देब्रे तिर सडकको किनारैमा रहेको यस पोखरीको वर्तमान अवस्था नराम्रो छ। पोखरीमा उम्रिराखेको लेउ, ऊयाउ आदिले गर्दा बाहिरबाट पोखरीको पानी समेत एकातिर नदेखिने अवस्थामा रहेको छ भने अर्कोतिर राम्रो निकास प्रवन्धको अभावमा पोखरीबाट उत्तिकै दुर्गन्ध पनि पैदा गरेको छ। यस पोखरीको यथाशीघ्र आवश्यक सुधार कार्य गरिएको खण्डमा स्थानीय इलाकाको शोभा बढ्ने कुरा स्वतः सिद्ध छ। पोखरीको पूर्वमा नयाँबजारबाट बालाजु जाने मूल सडक, पश्चिममा खेत, उत्तरमा सानो गोरेटो बाटो र दक्षिणमा खेत पर्दछ। हाल यस पोखरी स्थानीय जनताका लागि हाँस पाल्न उपयोगी भएको छ।






लम्बाइ — १००' (अनुमानित)
चौडाइ — ५०' "
टोल — सोन्हखुट्टे, नयाँबजार
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १८६४ कार्तिक
बनाउने व्यक्ति — कपरदार भोटू पाँडे
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - नराम्रो

ढुंगेधारा (३३) / व. नं. १६

भौतिक विवरण:—

सोह्रखुट्टे पुलिस थाना ओरालोको बायाँपट्टि रहेको यस ढुंगेधाराको भौतिक बनावट ठीकै भए तापनि निकास एवं मुहान दुवै हाल बन्द भैसकेको र सोतर्फ कुनै वास्ता स्थानीय जनताबाट नभएकोले स्थानीय जनता र अन्य बटुवाहरूलाई यसको हाल कुनै पनि उपादेयता भएको छैन। मकर मुखाकृत यस ढुंगेधाराको ठीक माथि शिव र पार्वतीको शिलामा कुँदिएको मूर्ति छ भने धाराको तल करवद्ध शिलामा कुँदिएको मूर्ति पनि राखिएको छ। यस ढुंगेधाराको पूर्वमा सोह्रखुट्टे बाट बाल्राजु जाने पिच सडक, पश्चिममा खाली ठाउँ, उत्तरमा मन्दिर र दक्षिणमा सोह्रखुट्टे प्रहरी थाना रहेको छ।





लम्बाइ — २१'.५"
चौडाइ — २१'
टोल — सोह्रखुट्टे, पकनाजोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १८६४ कार्तिक
बनाउने व्यक्ति — कपरदार भोट पाँडे
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सोह्रखुट्टे पाटी (३४) / व. नं. १६

भौतिक विवरण:—

सोह्रखुट्टे पाटीको नामले सुपरिचित यस पाटीको हालसालै मात्र जीर्णोद्धार गरिएको हुनाले वर्तमान भौतिक अवस्था मजबूत छ। यस पाटीको पूर्वमा पिच सडक पश्चिममा पनि पिच सडक, उत्तरमा खाली ठाउँ र दक्षिणमा घर पर्दछ। बटुवाहरूको लागि विश्राम गर्न यस पाटीले निकै सघाउ पुऱ्याउँदै आएको छ।





लम्बाइ — ९'
चौडाइ — ९'
टोल — सोह्रखुट्टे, पकनाजोल
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३५
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (३५) / व. नं. १६

भौतिक विवरण:—

यो सात कवल पश्चिम मोहडाको पाटी सोह्रखुट्टे ओरालोको दाहिनेपट्टि सडकको किनारमा निर्माण गरिएको छ। यस पाटीको पूर्वमा लैनचौर जाने उकालो सडक, पश्चिममा सोह्रखुट्टे बाट बालाजु जाने सडक, उत्तरमा स्थानीय जनताको घर र दक्षिणमा पाटीलेचर्चेको १ गज जति जमीन जसको लगत्तैपछि सत्तल रहेको छ। भिगटी छाना भएको यस पाटीको भिगटी हाल ठाउँ ठाउँमा फुटिसकेकोले वर्षा याममा पानी चुहिन्छ भने कहीं कहीं गारो पनि चर्किसकेको अवस्थामा छ। यस्तो भौतिक अवस्था भए तापनि पनि हालसम्म बसोबासको लागि यस पाटीको महत्व रहिआएको देखिन्छ।






लम्बाइ — ४२'.५'
चौडाइ — ८'.२"
टोल — सोन्हखुट्टे पकनाजोल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (३६) / व. नं. १६

भौतिक विवरण:—

धेरै वर्ष अघि निर्माण भई वि० स० २०१५ मा स्थानीय जनताको संयुक्त प्रयासबाट पछिल्लो जीर्णोद्धार भए तापनि हाल यस ढुंगेधाराबाट पानी आएको छैन। यस ढुंगेधाराको एकातिर निकास र मुहान बन्द छ भने अर्कोतिर धारालाई घेरिएको पर्खाल ठाउँ ठाउँमा बिग्रिसकेको अवस्थामा रहेको छ। पूर्वमा घर, पश्चिममा सोह्रखुट्टे बाट बालाजु जाने मूल सडक, उत्तरमा घर र दक्षिणमा सानो बाटो तथा घरहरू यी चार किल्लाभित्र यो ढुंगेधारा अवस्थित छ।





लम्बाइ — १६'.५"
चौडाइ — १०'
टोल — सोन्हखुट्टे, पकनाजोल
अभिलेखपत्र —


निर्माण मिति — १५ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति — वि. सं. २०१५
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (३७) / व. नं. १६

भौतिक विवरण:—

सोह्खुट्टे प्रहरी थानाको दाहिनेपट्टि रहेको यो सत्तल झिंगटी छाना हाली साधारण शैलीमा निर्माण गरिएको छ । तीन कवल, दुई तले पूर्व मोहडाको यस सत्तलको पूर्वमा शिवको सानो मन्दिर, पश्चिममा खाली ठाउँ, उत्तरमा प्रहरी थाना र दक्षिणमा खाली ठाउँ रहेको छ । हाल यस सत्तलमा जगतबहादुर श्रेष्ठका एक परिवारले केही वर्षदेखि स्थायी तवरले बसोबास गर्दै आएको र समय समयमा साधारण मर्मत कार्य पनि गर्दै आएको बुझिएको छ ।






लम्बाइ — २७'
चौडाइ — १०'
टोल — सोन्हखुट्टे, पकनाजोल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (३८) / व. नं. १६

भौतिक विवरण:—

झिंगटी छाना हाली प्राचीन शैलीमा निर्माण गरिएको यो सत्तल काष्ठकलाको दृष्टिकोणले महत्वपूर्ण साबित हुन्छ । यस सत्तलका माथिल्लो तलामा रहेको तीनमुखे ऊयालमा कुँदिएको बुट्टाले प्राचीन काष्ठकलाको झलक प्रदर्शित गर्नुको अतिरिक्त सत्तलको शोभा बढाएको देखिन्छ । यस सत्तल-को भुइँ तलामा रहेको खम्बाहरूमा पनि बुट्टाहरू कुँदिएका छन । पश्चिम दिशातर्फ फर्केको यस पाँच कवल सत्तलको पूर्वमा लैनचौर जाने उकालो पिच सडक, पश्चिममा सोन्हखुट्टे बाट बालाजु जाने पिच सडक, उत्तरमा सत्तलले ओगटेको जमीन तथा पाटी र दक्षिणमा स्थानीय जनताको घर रहेको छ । हाल केही वर्ष यतादेखि घरबारविहीन एक परिवारले यस सत्तलमा बसोबास गर्दै आएको छ ।






लम्बाइ — २५'.३"
चौडाइ — १६'.५"
टोल — सोन्हखुट्टे, पकनाजोल
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — ने. सं. ७९५
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (३९) / व. नं. १६

भौतिक विवरण:—

स्थानीय जनताले समय समयमा मर्मत, सम्भार कार्य गर्दै आएकोले हालसम्म ढुंगेधाराले स्थानीय वासिन्दालाई लगा धुन, पानी पिउन वा जिउ नुहाउन योगदान गर्दै आएको छ। भौतिक स्वरूपमा अन्य ढुंगेधाराहरूको तुलनामा सानो देखिए तापनि स्थानीय जनताका लागि यसको महत्व कम छैन। पश्चिम मोहडा भएको यस ढुंगेधाराको पूर्वमा घर (ढुंगेधारा घरको गारोमा जोडिएको), पश्चिममा पिच सडक, उत्तर तथा दक्षिणमा पनि स्थानीय जनताको घरहरू रहेको छ। यस ढुंगेधाराको अलि मास्तिर शिलामा कुँदिएको नारायणको सानो प्रतिमा पनि छ।





लम्बाइ — १५'.२"
चौडाइ — ४'.२"
टोल — सोन्हखुट्टे, पकनाजोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९१९ जेठ
बनाउने व्यक्ति — धीर्जनारायण
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४०) / व. नं. १६

भौतिक विवरण:—

साधारण शैलीमा झिगटी छाना हाली निर्माण गरिएको यस पाटीको केही भाग ठीकै भए तापनि झिगटी कहीं कहीं टूटफूट भैसकेकोले पानी चुहिन नदिन यथाशीघ्र झिगटी फेरी मर्मत कार्य गर्नु पर्ने देखिन्छ। तीन कवल, दक्षिण मोहडा भएको यस पाटीको पूर्वमा सरस्वती क्याम्पस, पश्चिममा घर, उत्तरमा पनि घर र दक्षिणमा चौर तथा देवताको मन्दिर रहेकी छ। यस पाटीमा शिलापत्र भए तापनि ज्यादै अस्पष्ट भैसकेको बुझन नसकिने अवस्थामा रहेको छ। हाल यस पाटीमा गरीब परिवारले बसोवास गरेको छ।





लम्बाइ — १८'.२"
चौडाइ — १०'.३"
टोल — ठमेल, सल्लाघारी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४१) / व. नं. १६

भौतिक विवरणः–

साधारण शैलीमा निर्मित यो पाटी सोह्रखुट्टे प्रहरी थानाबाट अलि तल बालाजु जाने सडकको अलि भित्रपट्टि खाली ठाउँमा अवस्थित छ । झिगटी छाना भएको पूर्व मोहडाको यस पाटीको पूर्वमा मन्दिर, पश्चिममा बारी, उत्तरमा पोखरी र दक्षिणमा मन्दिर रहेको छ । हाल यस पाटीको आवासीय प्रयोग भएको छ ।






लम्बाइ — १७'.७"
चौडाइ — ९'.९"
टोल — सोह्रखुट्टे, पकनाजोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १८६४ कार्तिक
बनाउने व्यक्ति — कपरदार भोटू पाँडे
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४२) / व. नं. १६

भौतिक विवरणः—

वि० सं० २०३३ सालमा जीर्णोद्धार गरिए तापनि यस पाटीमा प्राचीन शैलीलाई नै प्राथमिकता दिइएको तथ्य यस पाटीमा राखिएको झिगटी छाना तथा कवलहरूले पुष्ट्याउँदछ । दक्षिण मोहडाको यस छः कवले पाटीको पूर्वमा सुकुमवासीहरूको घर, पश्चिममा पकनाजोल गणेश स्थान जाने ढुङ्गाको सिढी, उत्तरमा झाडी र दक्षिणमा चउर रहेको छ । हाल स्थानाभावको कारणले गर्दा सिद्धि गणेश प्राथमिक विद्यालयले पठन पाठनको लागि यसको प्रयोग गरेको छ । यस अलावा दिवालीको समयमा विभिन्न गुठीका व्यक्तिहरू यस स्थलमा आई पूजा गरी भोज खाने चलन छ ।






लम्बाइ — ३७'.१"
चौडाइ — १०'.५"
टोल — ठमेल, सल्लाघारी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३३ वैशाख
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (४३) / व. नं. १६

भौतिक विवरण:—

पूर्व मोहडा, सात कवल भएको यो पाटी भिंगटी छाना हाली साधारण शैलीमा निर्माण गरिएको छ। निजी गुठीका गुठीयारहरूले दिवालीको समयमा प्रयोग गर्दै आएको यो पाटी धेरै वर्ष अघि निर्माण गरेको देखिन्छ। पूर्वमा चउर तथा सानो मन्दिर, पश्चिममा मन्दिर तथा प्राङ्गण, उत्तरमा सानो बाटो र दक्षिणमा समितिको कार्यालय रहेको छ। यस पाटीको दुई कवलको आवासीय प्रयोग र अन्य बाँकी भागको शैक्षिक प्रयोग भएको छ अर्थात् सिद्धि गणेश प्राथमिक विद्यालयले प्रयोग गरेको छ।





लम्बाइ — ३६'.८"
चौडाइ — १०'.४"
टोल — ठमेल, सल्लाघारी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९४२ फागुन
बनाउने व्यक्ति — धनबन्त, अमित सिंह
जीर्णोद्धार मिति — वि. सं. २०३३।११।१
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४४) / व. नं. १६

भौतिक विवरण:—

समयमा जीर्णोद्धारको अभावमा हुन सक्ने परिणामको उदाहरण प्रस्तुत गर्ने यस पाटीको हाल अवशेषको रूपमा केवल गारोको भाग मात्र दाहिनेपट्टि ठीक उभिएको छ। पूर्ण रूपले भत्किएको हुनाले कवल छुट्याउन नसक्ने यस उत्तर मोहडाको पाटीको पूर्वमा चउर, पश्चिममा सुकुम्वासीको घर, उत्तरमा मन्दिर तथा प्राङ्गण र दक्षिणमा स्थानीय जनताको घर रहेको छ। मन्दिरमा पूजा गरी भोज गर्न आउने धर्मावलम्बीहरू यस पाटीको सुविधाबाट हाल बन्चित हुन गएको छ।






लम्बाइ — ३५'.८"
चौडाइ — ११'.९"
टोल — ठमेल; सल्लाघारी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (४५) / व. नं. १६

भौतिक विवरण:–

भवाट्ट हेर्दा निजी घर जस्तो देखिने यो सत्तल पूर्वपट्टि चार तला र पश्चिमपट्टि दुई तला मात्र छ। यस सत्तलको तलापिच्छे भिन्ना भिन्नै किसिमका ऊयालहरू राखिएका छन्। सत्तलको भुइँ तलामा बटुवा एवं भरियाहरू विश्राम गर्नका लागि तीन कवल खुला राखिएको छ। पूर्व मोहडाको यस सत्तलको पूर्वमा सोह्रखुट्टे बाट बालाजु जाने पिच सडक, पश्चिममा खाली ठाउँ, उत्तरमा स्थानीय जनताको घर र दक्षिणमा श्री गणेश प्राथमिक विद्यालय बसेको सत्तल पर्दछ। घरबारविहीन केही परिवारहरू यसमा हाल बसोबास गरेका छन्।






लम्बाइ — ५०'
चौडाइ — १९'.१"
टोल — सोह्रखुट्टे, पकनाजोल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — मेवाकाजी पाण्डे, नरदेवी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (४६) / व. नं. १६

भौतिक विवरण:—

सोह्रखुट्टे पकनाजोल ओरालोको बायाँपट्टि रहेको यो सत्तल हाल सिद्धि गणेश प्राथमिक विद्यालयले कक्षा सञ्चालन गर्न प्रयोग गरेको छ। दोश्रो पटक जीर्णोद्धारपछि झिंगटी छाना हटाई जस्ताको छाना हालेको देखिन्छ। पूर्वमा पिच सडक, पश्चिममा खाली ठाउँ, उत्तरमा सत्तल र दक्षिणमा पाटी यी चार किल्लाभित्र यो सत्तल रहेको छ।






लम्बाइ — २५'.३"
चौडाइ — ११'
टोल — सोह्रखुट्टे, पकनाजोल
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - ठीकै

पाटी (४७) / व. नं. १६

भौतिक विवरण:—

शिलापत्रको अभावमा निर्माण मिति, बनाउने व्यक्तिको नाम थाहा हुन नसकेको यस पाटीको मर्मत एवं सम्भार कार्य श्री सिद्धि गणेश प्राथमिक विद्यालयले समय समयमा गर्दै आएको देखिन्छ। यस पाटीको पूर्वमा सोह्रखुट्टे पकनाजोलबाट बालाजु जाने पिच सडक, पश्चिममा खाली ठाउँ, उत्तरमा सोही स्कूल भएको टुई तले सत्तल र दक्षिणमा स्थानीय जनताको घर पर्दछ।






लम्बाइ — ४६'
चौडाइ — ११'
टोल — सोह्रखुट्टे, पकनाजोल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (४८) / व. नं. १६

भौतिक विवरण:—

सडक सतहभन्दा अलि तल बनाइएको यस ढुँगेधाराले स्थानीय जनतालाई लुगा धुन, नुहाउन, पानी खान आदिमा सघाउ पुऱ्याउँदै आएको देखिन्छ। यस ढुंगेधाराको निकास र मुहान ठीकै देखिए तापनि भुइँमा छापिएका ईंटाहरू हाल धेरै जसो फुटिसकेकोले पुनः नयाँ ईंटा वा सिमेन्ट प्लास्टर गरेमा ढुंगेधाराको शोभा अझ बढ्ने देखिन्छ। ढुंगेधाराको माथि नारायण र अन्य देवताका स साना मूर्तिहरू प्रतिस्थापना गरेका छन्। पश्चिम दिशा उन्मुख यस ढुंगेधाराको पूर्वमा बारी, पश्चिममा पकनाजोल मूल सडक, उत्तरमा स्थानीय जनताको घर र दक्षिणमा पनि स्थानीय जनताको घर नै पर्दछ।






लम्बाइ — २५'.३"
चौडाइ — २२'.३"
टोल — पकनाजोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने सं. ८३७ भाद्र
बनाउने व्यक्ति — विलेखा
जीर्णोद्धार मिति— वि. सं. १९२९
वि. सं. २०३५ मंसिर
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (४९) / व. नं. १६

भौतिक विवरण:—

अभिलेखपत्र नभए पनि स्थानीय जनताबाट बनाउने व्यक्तिको नाम थाहा भएको यो ढुंगेधारा धेरै वर्ष अघि स्थानीय धोबीले लुगा धुने व्यवसायलाई आवश्यक सम्झी निर्माण गरेको देखिन्छ। धोबी समुदायको बीचमा निर्माण गरिएको र समय समयमा मर्मत सम्भार हुने भएकोले यसको वर्तमान अवस्था राम्रो हुनु स्वाभाविक नै छ। हाल यस ढुंगेधाराको चारैतिर र भुइँमा प्लास्टर गरी ढुंगेधारालाई मजबूत गरेको छ। पश्चिम मोहडाको यस ढुंगेधाराको पूर्वमा धोबीहरूको लुगा सुकाउने चउर, पश्चिममा घर, उत्तरमा चउर र दक्षिणमा चउर तथा घर पर्दछ। हाल यस ढुंगेधाराले त्यस इलाकाका धोबीहरू लाई निकै सघाउ पुऱ्याएको देखिन्छ।






लम्बाइ — १६'.९"
चौडाइ — १३'
टोल — कालधारा, पकनाजोल
स्वामित्व — निजी गुठी
अभिलेखपत्र —


निर्माण मिति — १५ रौं शताब्दी
बनाउने व्यक्ति — धिन नारायण धोबी
जीर्णोद्धार मिति—
बर्तमान भौतिक अवस्था — राम्रो

चउर (५०) / व. नं. १६

भौतिक विवरण:—

पूर्व पश्चिम चेप्टो परेको, उत्तर दक्षिण झुकेको यस सार्वजनिक चउरको किनारमा एक ढुंगेधारा पनि बनाइएको छ। पूर्वमा खेत, पश्चिममा गोरेटो बाटो, उत्तरमा बारी र दक्षिणमा ढुंगेधारा रहेको छ। स्थानीय जनताहरूको लुगा सुकाउने, वस्तु चराउने वा केटाकेटी खेलाउने आदि यस चउरमा गर्ने गरेको देखिन्छ। समय समयमा स्थानीय जनता मिली सफा सुग्घर गर्ने भएकोले चउरको वातावरण मनमोहक छ।






लम्बाइ —
चौडाइ — अन्दाजी २-३ रोपनी
टोल — बालाजुटार
अभिलेखपत्र —


निर्माण मिति — ने. सं. ९०१
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
बर्तमान भौतिक अवस्था – राम्रो

ढुंगेधारा (५१) / व. नं. १६

भौतिक विवरण:—


यस स्थलमा भएका तीन ढुंगेधाराहरूमा बीचकी ढुंगेधारा दायाँ बायाँको ढुंगेधाराहरूको तुलनामा अलि ठूलो देखिन्छ। कलात्मक दृष्टिकोणले पनि बीचको ढुंगेधारा बढी आकर्षक देखिन्छ। भुइँमा छापिएका ढुङ्गाहरू कहीं कहीं फुटिसकेकोले भुइँ पूर्ण रूपले समथर छैन। दायाँ बायाँ र मास्तिर उभ्रिएका झारपात आदिले ढुंगेधाराको शोभा घटेको छ। पश्चिम मोहडाका यी धाराहरूको पूर्वमा बारी, पश्चिममा कच्ची बाटो, उत्तरमा बारी र दक्षिणमा खाली ठाउँ पर्दछ। लुगा धुन, नुहाउन स्थानीय जनतालाई यी धाराहरूले सघाउ पुऱ्याउँदै आएको देखिन्छ।





लम्बाइ — २५'.१०"
चौडाइ — ९'.८"
टोल — कालधारा
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — संयुक्त सहयोग
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै



कालधारा
सा.ह.खुर्इ
बिष्णुमती घाट
खत पुग्ने
कम्पुकोट
इन्द्रायणी
धोबी-चौर
ढल्को टोल
देउपाटी
संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
0 10 20 40 60 80 100 मी
वडा नं. १७

सत्तल (१) / व. नं. १७

भौतिक विवरण:—

शिलापत्र भए तापनि अस्पष्ट हुनाको कारणले निर्माण मिति र बनाउने व्यक्तिबारे जानकारी नभएको यो सत्तल छेत्रपाटीबाट ढल्को जाने पिच सडकको दाहिने किनारमा अवस्थित छ । यस सत्तलको पछिल्लो जीर्णोद्धार वि. सं. २००७ सालमा भएको र त्यसपछि हालसम्म कुनै मर्मत कार्य नभएको हुँदा झिंगटी ठाउँ-ठाउँमा फुटेको अवस्थामा रहनुको अलावा कहीं कहीं गारो पनि चर्किएको छ । शैलीको दृष्टिकोणले यो सत्तल आकर्षक देखिन्छ । सत्तलको माथिल्लो तलामा रहेको तीन मुखे झ्यालमा कुँदिएका बुट्टाहरू विशेष आकर्षकको छ । सात कवल दक्षिण मोहडाको यस सत्तलको पूर्वमा घर, पश्चिममा ढुंगेधारा, उत्तरमा चउर र दक्षिणमा ढल्कोबाट विष्णुमती जाने पिच सडक पर्दछ ।






लम्बाइ — ३२'.९"
चौडाइ — २२'.८"
टोल — छेत्रपाटी, ढल्को
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २००७
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (२) / व. नं. १७

भौतिक विवरण:—

"तधाः हिटी" अर्थात ठूलो धारा नामले स्थानाय धोबी समुदायमा परिचित हुने यस द्वय ढुंगेधारा ढल्कोबाट विष्णुमती जाने पिच सडकको दाहिने किनारामा रहेको छ । यी दुई ढुंगेधारा मध्ये उत्तारपट्टिको धारा भौतिक एवं कलात्मक दुवै दृष्टिकोणले ठूलो र महत्वपूर्ण देखिन्छ । यस ढुंगेधाराको वरिपरि बनाएको ईंटाको पर्खाल हाल पूर्णरुपले बिग्रिएको र निकासको राम्रो प्रबन्ध नभएकोले धाराको तल पोखरी जस्तो पानी जम्ने गर्दछ । पश्चिम मोहडाका यी ढुंगेधाराहरुको पूर्वमा विद्यालयले प्रयोग गर्दै आएको सत्तल, पश्चिममा चउर, उत्तरमा पनि चउर र दक्षिणमा ढल्कोबाट विष्णुमती जाने पिच सडक पर्दछ । धोबी समुदायमा बनाएकोले व्यावसायिक दृष्टिकोणले यस ढुंगेधाराको विशेष महत्व छ ।






लम्बाइ — २४'
चौडाइ — २०'
टोल — ढल्को
अभिलेखपत्र —

निर्माण मिति — १७ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०१६
वर्तमान भौतिक अवस्था – ठीकै


ढुंगेधारा (३) / व. नं. १७

भौतिक विवरण:—

छेत्रपाटीबाट ढल्को जाँदा देब्रे पट्टि सडकको किनारैमा निर्माण गरिएको यस ढुंगेधाराबाट स्थानीय धोबीहरूलाई लुगा धुन निकै सघाउ पुग्याउँदै आएको छ। धारामा कुनै मूर्ति वा बुट्टा कुँदिएको नभए तापनि नियमितरूपले हालसम्म पानी आइरहेको हुँदा यसको महत्व अझपनि कायमै रहेको छ तर निकासको उचित व्यवस्था नभएको हुँदा ढुंगेधाराको तल पानी जम्ने गर्दछ। पश्चिम मोहडाको यस ढुंगेधाराको पूर्वमा स्थानीय ज्यापूहरुको घर, पश्चिममा खेत, उत्तरमा ढल्को-बाट बिष्णुमती जाने पिच सडक र दक्षिणमा पनि खेत पर्दछ।



लम्बाइ — २४'.४"
चौडाइ — १५'.९"
टोल — ढल्को
अभिलेखपत्र —




निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


ढुंगेधारा (४) / व. नं. १७

भौतिक विवरण:—

स्थानीय धोबीहरूको पेशामा सघाउ पुग्याउँदै बनाइएको यस ढुंगेधाराको वरिपरि हाल घाँस उम्रिएको हुनाले ढुंगेधाराको शोभा घटेको छ। धोबीहरूलाई लुगा धुन महत्व रहिआएको यस धाराको पूर्वमा चउर, पूश्चिममा घर र उत्तर तथा दक्षिणमा पनि सार्वजनिक चउर नै पर्दछ। पश्चिम मोहडाको यस ढुंगेधाराको निकास तथा मुहान दुवै मर्मत गर्नुपर्ने अवस्थामा छ।



लम्बाइ — १८'
चौडाइ — १७'
टोल — ढल्को
अभिलेखपत्र —




निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति — वेटी, ढल्को
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

काठको धारा (५) / व. नं. १७

भौतिक विवरण:—

अपवादकोरुपमा हालसम्म विद्यमान यस काठको धारा ढल्को, धोबी चउरमा बनाइएको छ। यस धाराको निकास तथा मुहान ठीकै भए तापनि भित्ता र दायाँ बायाँ घाँस उम्रेको छ र धाराको वरिपरि ईंटाका टुक्रा कागतका टुक्रा, आदि फ्यांकिएकोले धाराको वरिपरिको वातावरण फोहर देखिन्छ। पश्चिम मोहडाको यस काठको धाराको पूर्वमा लुगा सुकाउने चउर, पश्चिममा सानो बाटो, उत्तरमा चउर र दक्षिणमा गोरेटो बाटो पर्दछ। लुगा धुन, र नुहाउन स्थानीय धोबीहरुले यस धारालाई प्रयोग गर्दै आएका छन्।






लम्बाइ — २१'.४"
चौडाइ — १६'.४"
टोल — ढल्को
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — तीर्थमान, ढल्को
जीर्णोद्धार मिति— वि. सं. २०२०
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (६) / व. नं. १७

भौतिक विवरण:—

पाँच कवल, दुई तले यो सत्तल हाल पूर्णरूपले बसोवासकोनिमित्त प्रयोग गरेको छ। साधारण शैलीमा झिगटी छाना हाली बनाइएको यस सत्तलको ठीक पूर्वमा हुंगेधारा, पश्चिममा बारी, उत्तरमा चउर र दक्षिणमा स्थानीय धोबीहरूको घर पर्दछ। पूर्व मोहडाको यस सत्तलमा जम्मा पाँच कवल छ।





लम्बाइ — २२'
चौडाइ — ३'
टोल — ढल्को
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — मनमोहन
जीर्णोद्धार मिति— वि. सं. २०३३
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (७) / व. नं. १७

भौतिक विवरण:–

नियमितरूपले पानी आइरहने यस सिंहमुखाकृत ढुंगेधाराको भित्ताको सिरानमा शिलामा कुँदिएको नारायणको मूर्ति छ । ढुंगेधाराको चारैतिर रहेको ईंटाको पर्खाल हाल बिग्रिएको अवस्थामा छ र मुइँमा छापिएका ईंटाहरू कहीं कहीं फुटिसकेकोले भुइँ समथर नहुँदा खाल्डा खाल्डामा पानी जम्दछ । पूर्वमा चउर, पश्चिममा झाडी, उत्तरमा चउर र दक्षिणमा खाली ठाउँ यी चार किल्लाभित्र यस धाराको निर्माण भएको छ । स्थानीय धोबीहरूलाई नियमितरूपले लुगा धुन यसले सघाउ पुऱ्याउँदै आएको छ । यो धारा दक्षिणतिर फर्केको छ ।






लम्बाइ — २२'.७"
चौडाइ — १५'.९"
टोल — ढल्को
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३३
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (८) / व. नं. १७

भौतिक विवरण:—

सार्वजनिक प्रयोगकोलागि निर्माण गरिएको यस सत्तललाई हाल आवासीय प्रयोगमा परिणत गरेको छ । दक्षिण मोहडाको यस दुई तले सत्तलको पूर्वमा चउर तथा गोरेटो बाटो, पश्चिममा घर, उत्तर तथा दक्षिणमा चउर पर्दछ ।





लम्बाइ — २६'.३"
चौडाइ — १०'.
टोल — ढल्को
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३२
वर्तमान भौतिक अवस्था — ठीकै

काठको धारा (९) / व. नं. १७

भौतिक विवरण:—

मुहान सुकिसकेको र निकास पनि बन्द भई चारैतिर झारपात उम्रिएकोले हाल पूर्ण रूपले वेकम्मा भएको यस काठको धारा ढलको पिच सडकभन्दा अलि भित्र निर्माण गरिएको छ। दक्षिणतर्फ फर्केको यस काठको धाराको पूर्वमा चउर, पश्चिममा काठको धारा, उत्तरमा बाटो र दक्षिणमा ढल रहेको छ।






लम्बाइ — १६'.७"
चौडाइ — १४'
टोल — ढल्को
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — आनन्द
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

काठका धारा (१०) /व. नं. १७

भौतिक विवरण:—

शैली रहित किफायत किसिमबाट घेरै वर्ष पहिले स्थानीय व्यक्तिहरूबाट बनाइएको यस काठको धारामा केही वर्ष यतादेखि मुहान सुकेर वा अन्य कुनै कारणवश पानी आउने बन्द भएकोले हाल स्थानीय धोबीहरू यसबाट लाभान्वित हुन पाएका छैनन्। दक्षिण मोहडाको यस काठको धाराको पूर्वमा काठको धारा, पश्चिममा चउर, उत्तरमा बाटो र दक्षिणमा ढल पर्दछ।





लम्बाइ — १६'
चौडाइ — १५'.१०"
टोल — ढल्को
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — तेजमान
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (११) / व. नं. १७

भौतिक विवरण:—

कलात्मक दृष्टिकोणले उति आकर्षक नदेखिए तापनि निरन्तर रूपमा पानी आइरहने हुनाले स्थानीय धोबीहरूलाई लुगा धुने व्यवसायमा यस धाराले सघाउ पुऱ्याएको देखिन्छ। यस ढुंगेधाराको भुइँ आंशिक रूपमा ईंट र आंशिक रूपमा ढुङ्गाले छापेको छ। पश्चिम मोहडाको यस ढुंगेधाराको पूर्वमा लुगा सुकाउने चउर, पश्चिममा धारातिर आउने सानो गोरेटो बाटो, उत्तरमा गोरेटो बाटो र दक्षिणमा चउर पर्दछ।






लम्बाइ — २१'
चौडाइ — १४'
टोल — ढल्को
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – ठीकै

ढुंगेधारा (१२) / व. नं. १७

भौतिक विवरण:—

मकर मुखाकृत यस ढुंगेधाराको मुहान राम्रो भए तापनि हाल निकास बन्द भएकोले ढुंगेधाराको भुइँमा पानी जम्ने गर्दछ। ढुंगेधाराको वरिपरि रहेको ईंटाको पर्खाल कहीं कहीं बिग्रिएको अवस्थामा छ। निरन्तर गतिमा पानी आउने भएको हुँदा स्थानीय जनतालाई लुगा धुन, जीउ नुहाउन आदि काममा यसको महत्व छ। पश्चिम दिशातर्फ उन्मुख यस ढुंगेधाराको पूर्वमा चउर, पश्चिममा बारी, उत्तरमा भिरालो चउर तथा घर र दक्षिणमा गोरेटो बाटो पर्दछ।





लम्बाइ — १५'.४"
चौडाइ — १४'.८"
टोल — ढल्को
अभिलेखपत्र —

निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – ठीकै


सत्तल (१३) / व. नं. १७

भौतिक विवरण:—

यस सत्तलको भुइँ तलामा शिलापत्र भए तापनि हाल अस्पष्ट अवस्थामा रहेको हुँदा निर्माण मिति, बनाउने व्यक्ति आदिबारे जानकारी भएको छैन। सत्तलको उत्तरतर्फको झिंगटी छाना ज्यादै बिग्रिएको अवस्थामा रहेकोले यथाशीघ्र जीर्णोद्धार हुनु अत्यावश्यक छ। प्राचीन शैलीमा निर्माण गरिएको यस सत्तलको खम्बाहरूमा र माथिल्लो तलाको छयालमा कुँदिएको साधारण बुट्टाले सत्तलको महत्व बढाएको छ। पाँच कवल, तीन तले पूर्व मोहडाको यस सत्तलको पूर्वमा धोबी चउर, पश्चिममा भिरालो चउर, उत्तरमा गोरेटो बाटो र दक्षिणमा स्थानीय जनताको घर पर्दछ। सत्तलमा हाल धोबीहरूको एक परिवारले बसोबास गरिराखेको छ।



लम्बाइ — २५'.२"
चौडाइ — १८'.३"
टोल — ढल्को
अभिलेखपत्र — शिलापत्र



निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो


ढुंगेधारा (१४) / व. नं. १७

भौतिक विवरण:—

शैलीको दृष्टिकोणले आकर्षक नदेखिने यस काठको धाराबाट निरन्तर गतिमा पानी आइरहने भएकोले स्थानीय जनता यसबाट लाभान्वित भएका छन्। धाराको भित्तामा घाँस, झारपात प्रशस्त उम्रिरहेकोले वातावरण फोहर देखिन्छ। दक्षिण मोहडाको यस धाराको पूर्वमा घर, पश्चिममा खाली ठाउँ, उत्तरमा बाटो र दक्षिणमा स्थानीय जनताको घरले चर्चेको जग्गा पर्दछ।



लम्बाइ — २४'.४"
चौडाइ — १८'.१"
टोल — ढल्को
अभिलेखपत्र —




निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – ठीकै

ढुंगेधारा (१५) / व. नं. १७

भौतिक विवरण:—

मकर मुखाकृत यी धाराहरूबाट हाल मुहानमा पानी सुकेर वा अन्य कुनै कारणवश अलि अलि मात्र पानी आइरहेको देखिन्छ। यी दुई धाराहरूमध्ये एक उत्तरतर्फ फर्केको छ भने अर्को दक्षिण अर्थात यी दुई धाराहरु उत्तर दक्षिण मोहडाका छन। यी ढुंगेधाराहरूको पूर्वमा खाली ठाउँ तथा घर, पश्चिममा धारातर्फ आउने बाटो, उत्तरमा मूल सडक र दक्षिणमा पर्खाल पर्दछ।





लम्बाइ — १४'.४''
चौडाइ — १२'
टोल — ढल्को
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१६) / व. नं. १७

भौतिक विवरण:—

घरसंग जोडिएको यो पाटी ढल्कोबाट बिष्णुमती जाने पिच सडकको दायाँपट्टि रहेको छ। टायल छाना भएको यस पाटीको आधाभन्दा बढी छाना भत्किसकेको छ। पाटीको भित्री भागमा शिलापत्र हालसम्म रहे तापनि सम्भारको अभावमा अस्पष्ट अवस्थामा रहेको छ। शिलापत्रको दायाँ शिलामा कुँदिएको गणेशको सानो प्रतिमा र बायाँ भीमसेनको प्रतिमा गाडिएको छ। तीन कवल दक्षिण मोहडाको यस पाटीको पूर्व तथा पश्चिममा पाटीले चर्चेको जग्गा, उत्तरमा पाटीसंग जोडिएको घर र दक्षिणमा ढल्कोबाट बिष्णुमती जाने पिच सडक पर्दछ।





लम्बाइ — १४'
चौडाइ — ६'.१''
टोल — ढल्को
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१७) / व. नं. १७

ौतिक विवरणः—

उत्तर-दक्षिण दुवैतर्फ मोहडा भएको यो साधारण पाटी बिष्णुमती इन्द्रायणी मन्दिरको छाडि बनाइएको छ । झिंगटी छाना भएको यस पाटीको पूर्वमा सानो चउर, पश्चिममा मसानघाट, त्तरमा इन्द्रायणीको मन्दिर र दक्षिणमा बाटो पर्दछ । मसानघाटमा निर्माण गरिएको हुनाले दाह संस्कार गर्न आउने व्यक्तिहरू यस पाटीमा बस्ने गर्दछन् ।






लम्बाइ — १५'
चौडाइ — १४'
टोल — इन्द्रायणी, बिष्णुमती
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १००७
बनाउने व्यक्ति — जीतबहादुर
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१८) / व. नं. १७

ौतिक विवरणः—

इन्द्रायणी मन्दिरको अगाडिपट्टि निर्माण गरिएको यो पाटी वि. सं. २०३२ मा जीर्णोद्धार रिएको हुनाले हाल मजबूत अवस्थामा रहेको छ । जीर्णोद्धारपछि झिंगटी छाना हटाइ बढी ःकाउको लागि छाना आर. सी. सी. ढलान गरी बनाइएको छ । दक्षिण मोहडाको यस छ कवल पाटीको पूर्वमा घर, पश्चिममा पाटी, उत्तरमा पनि पाटी र दक्षिणमा इन्द्रायणीको मन्दिर तथा न्दिरको प्रांगण पर्दछ । बिष्णुमती शोभाभगवतीस्थान जाने धर्मावलम्बीहरू एवं अन्य बटुवाहरू स पाटीमा विश्राम गर्ने गर्दछन् ।






लम्बाइ — ३२'
चौडाइ — ९'
टोल — इन्द्रायणी, बिष्णुमती
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १०८६
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३२
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१९) / व. नं. १७

भौतिक विवरण:—

दक्षिण मोहडाको यो पाटी झिंगटी छाना हाली साधारण शैलीमा निर्माण गरिएको छ। पूर्वमा पाटी, पश्चिममा बाटो, उत्तरमा पाटी र दक्षिणमा इन्द्रायणी मन्दिरको प्रांगण यी चारकिल्ला भित्र यस पाटीको निर्माण गरिएको छ। दक्षिणतर्फ पाँच कवल र पश्चिममा एक कवल भएको यस पाटीमा बटुवाहरू र पूजा गर्न आउने धर्मावलम्बीहरू बस्ने गर्दछन्।





लम्बाइ — २२'.८"
चौडाइ — ७'.६"
टोल — इन्द्रायणी, बिष्णुमती
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — रान्रो

सत्तल (२०) / व. नं. १७

भौतिक विवरण:—

बिष्णुमती खोलाको बारी झिंगटी छाना हाली बनाइएको यस पाटीको भौतिक अवस्था नरान्रो छ। झिंगटी ठाउँ ठाउँमा फुटिसकेको र छानाबाट पानी चुहिने हुनाले गारो पनि कहीं कहीं चर्केको अवस्थामा रहेको छ। पश्चिम मोहडाको यस सत्तलको पूर्वमा बारी, पश्चिममा बिष्णुमती खोला, उत्तरमा नारायणको सानो मन्दिर र दक्षिणमा पाटी पर्दछ। हाल यस पाटीमा इन्द्रायणी मन्दिरमा पूजा गर्ने पुजारीका परिवारले बसोबास गरेको छ।






लम्बाइ — २८'.२"
चौडाइ — ९'.११"
टोल — इन्द्रायणी, बिष्णुमती
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
जीर्णोद्धार मिति—
बनाउने व्यक्ति —
वर्तमान भौतिक अवस्था — नरान्रो

पाटी (२१) / व. नं. १७

भौतिक विवरण:—

काठको खम्बामा साधारण बुट्टा कुँदी जस्ताको छाना हाली निर्माण गरिएको यो पाटी बिष्णुमती खोलाको बारी रहेको छ। पाटीको भित्र एवं बाहिर साधारण मर्मत कार्य गरिएमा भौतिक अवस्था राम्रो हुने देखिन्छ। पश्चिम दिशातर्फ फर्केको यस पाँच कवल पाटीको पूर्वमा खेत पश्चिममा बिष्णुमतीघाट तथा खोला, उत्तर तथा दक्षिणमा देवताको सानो मन्दिर रहेको छ। हाल मगन्तेहरू यस पाटीमा बसेका छन्।





लम्बाइ — २३'.३"
चौडाइ — ११'.८"
टोल — बिष्णुमती घाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२२) / व. नं. १७

भौतिक विवरण:—

स्थानीय व्यक्तिहरूको भनाई अनुसार करीब पचास वर्ष अघि निर्माण गरिएको यस सत्तलको भौतिक अवस्था हाल पनि सन्तोषजनक नै देखिन्छ। पश्चिम मोहडाको यस दुई नाले, दुई तले सत्तलको छाना टायलको छ र बाहिरपट्टि बञ्चले प्लास्टर गरी आकर्षक बनाएको छ। बिष्णुमती खोलाको बारी निर्माण गरिएको यस पाटीको पूर्वमा स-साना देवी देवताका मन्दिर सहितको ढुङ्गाले छापेको चोक, पश्चिममा बिष्णुमती खोला, उत्तरमा बारी र दक्षिणमा पनि बारी नै पर्दछ। मरणान्त अवस्थामा पुगेका बिरामीहरू राखन यस सत्तलको शुरूदेखि विशेष महत्व रहिआएको छ। यस बाहेक चाड-पर्वमा भोज भतेर गर्न आउनेहरूकालागिपनि यो सत्तल ज्यादै उपयुक्त ठहरिएको छ।






लम्बाइ — ४२'.१"
चौडाइ — २२'.७"
टोल — बिष्णुमती घाट
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

चउर (२३) / व. नं. १७

भौतिक विवरण:—

स्थानीय धोबीचउर (ढल्को) का धोबीहरूको लागि लुगा सुकाउन परम्परादेखि उत्तिकै महत्व रहिआएको यस चउर धोबीहरूको लागि हाल पनि उत्तिकै महत्वपूर्ण सिद्ध भएको छ। अन्दाजी २ रोपनी क्षेत्रफलमा फैलिएको यस चउरको पूर्वमा दुंगेधारा, पश्चिममा पनि दुंगेधारा, उत्तरमा गोरेटो बाटो र दक्षिणमा बारी पर्दछ।





लम्बाइ — अन्दाजी २ रोपनी
चौडाइ —
टोल — ढल्को
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

चउर (२४) / व. नं. १७

भौतिक विवरण:—

क्षेत्रपाटी मुख्य बजार केन्द्रबाट पश्चिम दिशामा अवस्थित यो चउर धोबीचउरको नामले स्थानीय जनमानसमा चिर-परिचित भएर रहेको छ। अन्दाजी आठ रोपनी जग्गामा फैलिएको यस धोबीचउरको भौतिक आकार करीब करीब चतुर्भुज किसिमको छ। यस धोबीचउरमा कहीं कहीं हाल घाँस नभएकोले उजाड देखिन्छ। यस चउरको पूर्वमा सडक, पश्चिममा स्थानीय जनताका घरहरू उत्तरमा बिष्णुमती जाने बाटो र दक्षिणमा स्थानीय जनताका घरहरू पर्दछन्। धोबीचउरका धोबीहरूलाई लुगा सुकाउन, बाल बच्चा खेल्न यस चउरले सघाउ पुऱ्याउँदै आएको छ।





लम्बाइ — अन्दाजी ८ रोपनी
चौडाइ —
टोल — धोबीचउर
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

साउने पाटी (२५) / व. नं. १७

भौतिक विवरण:—

काठको खम्बामा बुट्टा कुँदी, टायल छाना हाली प्राचीन शैलीमा निर्मित यो पाटी क्षेत्रपाटी-बाट पकनाजोल जाने मूल सडकको देब्रे पट्टि अवस्थित छ। साउने पाटीको नामले स्थानीय जनतामा चीर-परिचित यस पाटीको पूर्वमा पकनाजोलबाट सोह्रखुट्टे जाने पिच सडक, पश्चिममा घर, उत्तरमा गणेशको मन्दिर र दक्षिणमा स्थानीय जनताको बारी पर्दछ। उत्तर मोहडाको यस पाटीमा हाल घरबारविहीन मानिसले बसोबास गरेको छ।





लम्बाइ — १७'.५"
चौडाइ — ८'
टोल — पकनाजोल
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - ठीकै

ढुंगेधारा (२६) / व. नं. १७

भौतिक विवरण:—

शैलीको दृष्टिकोणले साधारण देखिने यस ढुंगेधाराको मुहान कमजोर भएर वा अन्य कुनै कारणवश ढुंगेधाराबाट हाल पानी चालि अलि मात्र आउने गर्दछ। यस ढुंगेधाराको पूर्व पर्खाल तथा बारी, पश्चिममा चउर, उत्तरमा स्थानीय जनताको घर र दक्षिणमा ढल्कोबाट विष्णुमती जाने पिच सडक पर्दछ ढुंगेधाराको भुइँमा छापिएका ईंटाहरू फुटेको र झारपात उम्रिएकोले धाराको शोभा घटेको छ। यो धारा दक्षिणतिर फर्केको छ।





लम्बाइ — २२'
चौडाइ — २१'
टोल — क्षेत्रपाटी, ढल्को
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — सिंहवीर, ढल्को
जीर्णोद्धार मिति— वि. सं. २०३३
वर्तमान भौतिक अवस्था — ठीकै

संकेत


△ पाटी

⬠ सत्तल

□ ढुङ्गे धारा

⬭ पोखरी

⬭ चउर




सत्तल (१) / व. नं. १८

भौतिक विवरण:–

स्थानीय मानिसको निजी घरको गारोसंग जोडिएर रहेको यस दुई तले सत्तलको माथिल्लो तलामा "तानां किसी" को मूर्ति स्थापना गरिएको र भुइँ तलामा खुद्रा पसल राखिएको छ। इन्द्र-जात्राको समयमा यही तानांकिसीको प्रतीक स्वरुप बाँस र कपडाबाट बनाइएको हात्तीभित्र दुई जना ज्यापूहरू बसी काठमाडौंको टोल टोलमा नचाई रमाइलो गर्ने परम्परा आजसम्मपनि कायमै रहेको छ। दक्षिण मोहडाको यस सत्तलको पूर्वमा घर, पश्चिममा बाटो, उत्तरमा घर र दक्षिणमा किलागल सडक पर्दछ।






लम्बाइ — ११'.९"
चौडाइ — ६'
टोल — किलागल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३०
वर्तमान भौतिक अवस्था — ठीकै

चउर (२) / व. न. १८

भौतिक विवरण:—

अन्दाजी दुइ तीन रोपनी भू-भागमा फैलिएको यस सार्वजनिक चउरले स्थानीय इलाकाका धोबीहरुलाई लुगा सुकाउन निकै सघाउ पुऱ्याउँदै आएको छ। यस सार्वजनिक चउरको पूर्वमा घर पश्चिममा दुःगेधारा, उत्तरमा झाडी र दक्षिणमा डल्लु जाने सडक पर्दछ।





लम्बाइ —
चौडाइ — अन्दाजी २ रोपनी
टोल — ताम्सीपाखा
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

चउर (३) / व. नं. १८

भौतिक विवरण:—

स्थानीय धोबीहरूकालागि लुगा सुकाउन यस सार्वजनिक चउरको महत्व रहिआएको देखिन्छ। लगभग दुई, तीन रोपनी क्षेत्रफलको यस सार्वजनिक चउरको पूर्वमा स्थानीय जनताका घरहरू, पश्चिममा ढुंगेधारा, उत्तरमा झाडी र दक्षिणमा डल्लु जाने सडक पर्दछ।





लम्बाइ — अन्दाजी २–३ रोपनी
चौडाइ —
टोल — भुरुंखेल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (४) / व. नं. १८

भौतिक विवरण:—

स्थानीय वासिन्दाहरूको भनाई अनुसार करीब तीन शताब्दी अघि यस ढुंगेधाराको निर्माण भएको देखिन्छ। वि.सं. २०१९ तिर जीर्णोद्धार गरिए तापनि सुहान सुकिसकेकोले धाराबाट पानी नआउने हुनाले स्थानीय जनताको लागि हाल यसको कुनै महत्व छैन। निकास पनि बन्द भैसकेको हुनाले फोहर पानी धाराको तल जमिएको र संरक्षणको अभावमा ढुंगेधाराको वरिपरि घाँस झारपात उम्रिएको वातावरण ज्यादै फोहर प्रतीत भएको छ। यस ढुंगेधाराको पूर्वमा घर, पश्चिममा बाटो, उत्तरमा खाली ठाउँ र दक्षिणमा अर्को ढुंगेधारा पर्दछ।






लम्बाइ — २३'.३"
चौडाइ — २२'
टोल — बिष्णुमती, ताम्सीबाखा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०१९
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (५) / व. नं. १८

भौतिक विवरण:—

काठको खम्बामा आकर्षक बुट्टा कुँदी जस्ताको छाना हाली निर्माण गरिएको यो पाटी तीनैतिर खुला छ। यस पाटीको पूर्व र पश्चिममा एक एक कवल र दक्षिणमा तीन कवल रहेको छ। हाल केही वर्ष अघि जीर्णोद्धार भएको यस दक्षिण मोहडा पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा ढुंगेधारा, उत्तरमा स्थानीय जनताको घर र दक्षिणमा बाटो पर्दछ। बटुवाहरू विश्राम गर्ने दृष्टि-कोणले यस पाटीको महत्व रहिआएको छ।






लम्बाइ — १८'.९"
चौडाइ — १५'.११"
टोल — ताम्सीपाखा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२८
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (६) / व. नं. १८

भौतिक विवरण:—

मकर मुखाकृत यी द्वय ढुंगेधाराहरूको दक्षिणपट्टि शिलामा कुँदिएको गणेश र कुमारको मूर्ति सहितको स-साना मन्दिर र धाराको माथिपनि भित्तामा बुद्ध, शिव, पार्वतीको मूर्तिहरु स्थापना गरी धारालाई पवित्र बनाइएको देखिन्छ। चारैतिर भएको ईंटाको पर्खाल हाल बिग्रिसकेको र पर्खालको वरपर घांस एग्रिएकोले वातावरण फोहर प्रतीत हुन्छ। भुइँमा छापेको ईंट हाल केही फुटिसकेकोले जमीन समथर छैन र पानी जम्ने गर्दछ। मुहान राम्रो हुनाको कारणबाट आजसम्म पनि निरन्तर रुपमा पानी आइरहने यस ढुंगेधाराले लुगा धुने, नुहाउने आदि जस्ता क्रियाकलापमा मदत पुऱ्याउँदै आएको छ। पश्चिम मोहडाका यी ढुंगेधाराको पूर्वमा लुगा सुकाउने चउर, पश्चिममा घर, उत्तरमा पनि घर र दक्षिणमा चउर पर्दछ।





लम्बाइ — १७'
चौडाइ — २०'.२"
टोल — ताम्सीपाखा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १५ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३३
वर्तमान भौतिक अवस्था — ठीकै

कय्ता हिटी, ढुंगेधारा (७) /व. नं. १८

भौतिक विवरण:—

ताम्सीपाखा टोलमा रहेको यस ढुंगेधाराको वर्तमान भौतिक अवस्था दयनीय स्थितिमा रहेको छ। चारैतिर झारपात उम्रिएकोले धारालाई नै पुरिने स्थिति देखिएको छ। मुहान बन्द भैसकेको वा सुकिसकेकोले एकातिर पानी आउँदैन भने अर्कोतिर पर्खाल पूर्णरुपले भत्किसकेको छ। वरिपरिको झारपात उखेली मुहानमा आवश्यक मर्मत कार्य गरी यथाशीघ्र जीर्णोद्धार नगरिएमा यो ढुंगेधारा सार्वजनिक प्रयोगबाट लोप हुने स्थिति हाल देखिएको छ। पश्चिम मोहडाको यस ढुंगेधाराको पूर्वमा बारी, पश्चिममा बाटो, उत्तरमा सत्तल र दक्षिणमा बारी पर्दछ।





लम्बाइ — १७'
चौडाइ — १६'.४"
टोल — ताम्सोपाखा
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (८) / व. नं. १८

भौतिक विवरण:—

चारैतिर घांस, झारपात आदि उम्रिएर झण्डै धारा नै नदेखिने अवस्थामा रहेको यस ढुंगेधाराको माथि कुँदिएको बिष्णुको मूर्ति सहितको सानो देवालय स्थापना गरिएको छ। मुहान कमजोर भएकोले धाराबाट अलि अलि मात्र पानी आउँछ तर निकास पुरिइसकेकोले फोहर पानी त्यहीं बग्ने गर्दछ। पश्चिम मोहडाको यस ढुंगेधाराको पूर्वमा बारी, पश्चिममा बाटो, उत्तरमा बारी र दक्षिणमा झाडी पर्दछ।






लम्बाइ — १४'
चौडाइ — १३'.७"
टोल — ताम्सीपाखा
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०१९
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (९) / व. नं. १८

भौतिक विवरण:—

धेरै वर्ष अघि निर्माण भएको तर समय समयमा आवश्यक सम्भारको अभावमा हाल यस सत्तलको अवेशष मात्र बाँकी छ । दुई तले सत्तलको हाल गारो मात्र बाँकी रहेको छ । दक्षिण मोहडाको यस सत्तलको पूर्वमा बारी, पश्चिममा बाटो, उत्तरमा बारी र दक्षिणमा ढुंगेधारा पर्दछ । सार्वजनिक सम्पत्तिको रुपमा रहेको यस सत्तलको हाल सामाजिक दृष्टिकोणले कुनै पनि उपादेयता देखिंदैन ।





लम्बाइ —
चौडाइ —
टोल — ताम्सीपाखा
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (१०) / व. नं. १८

भौतिक विवरण:—

कलात्मक दृष्टिकोणले आकर्षक देखिने यस ढुंगेधाराको अन्य ढुंगेधाराहरूमा जस्तो केवल मकरको आकृति मात्र कुँदिएको नभै अन्य आकृतिपनि कुँदिएकोले धारा झन बढी शोभायमान प्रतीत भएको छ । यस ढुंगेधारालाई चारैतिर ढुंगाको कलात्मक पर्खालले घेरिएको छ । धाराको ठीक मास्तिर ध्यानमग्न बुद्ध भगवान्को मूर्तिपनि रहेको छ । मुहान राम्रो भए तापनि निकासाको अवस्था हाल बिग्रिसकेकोले धाराको तलतिर पानि जम्ने गर्दछ । पश्चिम दिशातर्फ फर्केको यस ढुंगेधाराको पूर्वमा खाली जग्गा, पश्चिममा गोरेटो बाटो, उत्तरमापनि गोरेटो बाटो र दक्षिणमा बारी पर्दछ । स्थानीय जनताका लागि लुगा धुन र नुहाउन यसले सघाउ पुऱ्याउँदै आएको छ ।






लम्बाइ — २३'.८"
चौडाइ — २३'.३"
टोल — ताम्सीपाखा
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीक

ढुंगेधारा (११) / व. नं. १८

भौतिक विवरण:—

दक्षिण मोहडाको यस ढुंगेधाराको वरिपरिको वातावरण ज्यादै फोहर देखिन्छ। ढुंगेधारालाई घेरिएको पर्खाल हाल घेरै मात्रामा भत्किसकेको र स्थानीय जनताले माटाका फुटेका भाँडा कुंडा समेत यहाँ फ्याँक्ने गरेकोले हाल यस ढुंगेधारा ज्यादै अशोभनीय देखिन्छ । ढुंगेधाराको सुईँमा छापिएका ईटाहरूपनि घेरै जसो टूट फूट भैसकेको र निकासपनि बिग्रिसकेकोले यत्रतत्र पानी जमेको छ। धारामा मकर आकृति कुंदिएको छ। सडक सतहदेखि करीब दश फीट तल रहेको यस ढुंगेधाराको पूर्वमा घर तथा खाली ठाउँ, पश्चिममा बारी, उत्तरमा बाटो र दक्षिणमा चउर पर्दछ। स्थानीय जनताले नुहाउन र लुगा धुन यस धारालाई प्रयोग गर्दै आएको छ।





लम्बाइ — २४'
चौडाइ — २२'
टोल — भुरुंखेल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — देवेन्दर धोबी
जोर्णोद्धार मिति— वि. सं. २०३२
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (१२) /व. नं. १८

भौतिक विवरण:—

पानी खान, लुगा धुन सघाउ पुग्याउँदै आएको यस ढुंगेधारा (पुलांहिटी)को वरिपरि घांसहरु उम्रेकोले धाराको शोभा घटेको छ। धाराबाट पानी शुष्ट रुपमा मात्र आउने भएकोले स्थानीय जनताले यसको सर सफाई तर्फ कुनै ध्यान नदिएको देखिन्छ। सडक सतह भन्दा करीब दश फीट मुन्तिर बनाइएको यस ढुंगेधाराको पूर्वमा घर, पश्चिममा खाली ठाउँ, उत्तरमा बाटो, र दक्षिणमा घर तथा क्याम्पस पर्दछ।





लम्बाइ — २४'
चौडाइ — २०'
टोल — भुरुंखेल
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२७
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१३) / व. नं. १८

भौतिक विवरण:—

जीर्णोद्धारको अभावमा यस सत्तलको माथिल्लो तला भत्किए कोले स्थानीय जनता यस-बाट लाभान्वित भएको छैन । सत्तलको वर्तमान भौतिक अवस्थालाई विचार गर्दा समयमा संरक्षण नगरिएमा हाल बाँकी रहेका गारोहरूपनि जमीनसंग पुरिन जाने स्थिति देखिएको छ । दक्षिण मोहडाको यस सत्तलको पूर्वमा घर, पश्चिममापनि घर, उत्तरमा चउर र दक्षिणमा बाटो, गएको छ ।






लम्बाइ — २४'.६"
चौडाइ — १०'
टोल — भुरुँखेल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९१८
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१४) / व. नं. १८

भौतिक विवरण:—

अंग्रेजी अक्षर "यू" आकारमा स्थानीय जनताको भनाई अनुसार १९९० को भूकम्प हुनु-भन्दा अघि निर्माण गरिएको यस सत्तलको वि. सं. २०२५ मा जीर्णोद्धार भएकोले हाल यसको भौतिक अवस्था राम्रो देखिन्छ । दुईतिर नौ नौ कवल र अर्कोतिर पाँच कवल गरी जम्मा तेईस कवलको यस सत्तलको बीचमा रहेको चोकमा देवताको मूर्तिपनि स्थापना गरेको छ । प्राचीन शैलीमा झिंगटी छाना हाली निर्माण गरिएको यस सत्तलको पूर्वमा चोक, पश्चिममा बारी, उत्तरमापनि बारी र दक्षिणमा चउर पर्दछ । स्थानीय जनताको भोज भतेर हुँदा यस सत्तलले महत्वपूर्ण भूमिका निभाउँदै आएको छ ।






लम्बाइ — १४७'.६"
चौडाइ — १०'.५"
टोल — भुरुँखेल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९५७
बनाउने व्यक्ति — अमृतसिद्धि, रत्नसिद्धि
जीर्णोद्धार मिति— वि. सं. २०२५
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (१५) / व. नं. १८

भौतिक विवरणः–

शुरूमा चारैतिर सैत्तल भएकोमा दुईतिरको दुई तले सत्तल हाल पूर्णरूपले भत्किसकेको छ । चारैतिर सत्तल र बीचमा निजी गुठीका गुठीयारहरूको कुल देवताको मन्दिर रहेको छ । दक्षिण मोहडामा दुई तले नभै पाटी जस्तो एक तले मात्रै छ । यथाशीघ्र जीर्णोद्धार नगरिएमा सत्तलको बाँकी भाग पनि भत्किने स्थितिमा छ । यस सत्तलको पूर्वमा सत्तल पश्चिममा घर तथा खेत, उत्तरमा बारी र दक्षिणमा चउर पर्दछ । दिवालीको समयमा गुठीयारहरू यहाँ आई भोज खाने चलन हालसम्म कायम रहेको छ ।






लम्बाइ — ४५'.३"
चौडाइ — ४५'.३"
टोल — भुरुँखेल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — तीर्थदास सुब्बा, मखन
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१६) / व. नं. १८

भौतिक विवरण:–

साध ... शैलीमा भिंगटी छाना हाली निर्माण गरिएको यो पाटी दक्षिण मोहडाको छ । निजी गुठीका गुठीयारहरूको संयुक्त प्रयासको फलस्वरूप निर्माण भएको यस पाँच कवल पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा चउर, उत्तरमा स्थानीय जनताको घर र दक्षिणमा चउर, पर्दछ । गुठीयारहरूको भोज खाने स्थलकोरूपमा यस पाटीको महत्व रहिआएको देखिन्छ ।






लम्बाइ — २०'.३"
चौडाइ — ११'
टोल — भुरुँखेल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — सुकुवा ज्यापू, किलागल
जीर्णोद्धार मिति— वि. सं. २०३०
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१७) / व. नं. १८

भौतिक विवरण:—

बिष्णुमतीधाटमा सयौं वर्ष अघि निर्माण गरिएको यस सत्तलमा पहिलादेखि नै मरणान्त अवस्थामा पुगेका सिकिस्त बिरामीहरू राख्न यो सत्तल ज्यादै उपयोगी ठहरिएको छ। सत्तालको भुइँ तला बिष्णुमती खोलामा नुहाउन आउने मानिसहरू आराम गरुन् भन्ने उद्देश्यले खुला गरी बनाइएको छ। पश्चिम मोहडाको साधारण शैलीमा निर्मित यस सत्तलको पूर्वमा खेत, पश्चिममा बिष्णुमती खोला, उत्तर तथा दक्षिणमा बाटो पर्दछ।





लम्बाइ — ३१'
चौडाइ — १०'.६"
टोल — बिष्णुमती
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१८) / व. नं. १८

भौतिक विवरण:—

अंग्रेजी अक्षर "एल" को आकारमा निर्माण गरिएको यस पाटीको दुवैतर्फ तीन तीन कवल रहेको छ। यस पाटीको प्रत्येक काठको खम्बामा कुँदिएको बुद्ध, कमलको फूल लगायत अन्य आकर्षण बुट्टाहरूले पाटीको सौन्दर्य निकै बढाएको छ। तर झिंगटी ठाउँ ठाउँमा बिग्रिसकेको हुनाले पाटीको सौन्दर्यमा प्रतिकूल असर पर्न गएको छ। बटुवाहरू विश्राम गर्ने वा धार्मिक कार्यकोलागि महत्वपूर्ण रहेको यस पाटीको समयमा नै मर्मत एवं सम्भार कार्य हुनु नितान्त आवश्यक देखिन्छ। पश्चिम दक्षिण मोहडाको यस पाटीको पूर्वमा बाटो, पश्चिममा बिष्णुमती नदी तथा घाट, उत्तरमा घर र दक्षिणमा खाली ठाउँ पर्दछ।






लम्बाइ — ३६'.२"
चौडाइ — ६'.६"
टोल — कंकेश्वरी
अभिलेखपत्र — शिल


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— बि. सं. २०३०
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१९) / व. नं. १८

भौतिक विवरण:—

जीर्णोद्धारपछि बढी टिकाउकोलागि झिंगटी हटाई जस्ताको छाना हालिएको यो पाटी पूर्व मोहडाको छ। जमीन सतहदेखि अलि माथि उठाइ काठको खम्बाहरूमा आधारित गरी यस पाटीको निर्माण गरिएको छ। यस साधारण पाटीको पूर्वमा बाटो, पश्चिममा सत्तल, उत्तरमा मन्दिरको प्राङ्गण तथा स-साना चैत्यहरू र दक्षिणमा सानो छाप्रो पर्दछ। निजी गुठीका गुठीयारहरू एवं अन्य व्यक्तिहरू यस पाटीमा विश्राम गर्ने गर्दछन्।






लम्बाइ — १०'.६"
चौडाइ — ६'.९"
टोल — कंकेश्वरी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३०
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२०) / व. नं. १८

भौतिक विवरण:—

काठको खम्बामा कुँदी साधारण शैलीमा निर्माण गरिएको यस सत्तलको जीर्णोद्धारपछि झिंगटी हटाई जस्ताको छाना छाइएको देखिन्छ। दुईतर्फ मोहडा फर्केको यस सत्तलको दक्षिण दिशातर्फ तीन कवल र पश्चिम दिशातर्फ दुई कवल छ। सत्तलको ठीक सामुन्ने बुद्धका स-साना चैत्यहरू छरिएर रहेका छन्। यस सत्तलको पूर्वमा घर, पश्चिममा मन्दिरको चोक, उत्तरमा सत्तल र दक्षिणमा बाटो पर्दछ। यस सत्तलको हाल पूर्णरूपले आवासीय प्रयोग भएको छ।





लम्बाइ — १२'
चौडाइ — १०'.३"
टोल — कंकेश्वरी
अभिलेखपत्र —

निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - ठीकै


सत्तल (२१) / व. नं. १८

भौतिक विवरण:—

धेरै वर्ष पहिले निर्माण गरिएको र समय समयमा मर्मत सम्भार कार्यहरू नगरेको हुनाले हाल यस दुई तले सत्तलको छानाबाट पानी चुहिने र सत्तलको गारो र दलिनहरूपनि नराम्रो अवस्थामा रहेको छ। सत्तलको भुइँ तलामा तीन कवल रहेको र कवलको थामहरूमा आकर्षक बुट्टा कुँदिएको छ। झिंगटी छाना भएको पश्चिम मोहडाको यस सत्तलको पूर्वमा बारी, पश्चिममा मन्दिरको प्राङ्गण, उत्तरमा पनि बारी र दक्षिणमा सत्तल पर्दछ। घरबारविहीन परिवारले यस सत्तलमा हाल बसोबास गरिरहेका छन्।



लम्बाइ — १५'.९"
चौडाइ — १०'.५"
टोल — कंकेश्वरी
अभिलेखपत्र —



निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (२२) / व. नं. १८

भौतिक विवरण:—

आधुनिक शैलीमा जस्ता एवं टायल छाना हाली स्थानीय जनताको भनाई अनुसार करीब पचास वर्ष अघि निर्माण गरिएको यो सत्तल तीन तले, एघार कवलको छ। सत्तलको मुख्य प्रवेश-द्वारको चौकोसमा कुँदिएका बुट्टाहरूले सत्तलको शोभा बढाएको छ। शिलापत्र भए तापनि अस्पष्ट अवस्थामा रहेकोले निर्माण मिति, निर्माता आदिबारे जानकारी हुन नसकेको यस सत्तलको पश्चिममा पनि पाँच कवल रहेको छ। दक्षिण मोहडाको यस सत्तलको पूर्वमा बारी, पश्चिममा विष्णुमतीघाट, उत्तरमा खेत र दक्षिणमा मन्दिरको चोक पर्दछ। यस सत्तलमा दिनहुँ भजन कीर्तन जस्तो धार्मिक कार्य हुन्छन्।



लम्बाइ — ५७'.१०"
चौडाइ — २७'.५"
टोल — कंकेश्वरी
अभिलेखपत्र — शिलापत्र





निर्माण मिति — ने. सं. ९०१
बनाउने व्यक्ति — धर्मानन्द, देवानन्द
जीर्णोद्धार मिति— वि. सं. २०३३
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२३) / व. नं. १८

भौतिक विवरणः–

आधुनिक शैलीमा जस्ताको छाना हाली निर्माण गरिएको यस दुई तले सत्तलको चारैतिर प्लास्टर गरिएको छ । सत्तलको भुइँ एवं माथिल्लो तला मन्दिरमा पूजा गरी भोज भतेर गर्न आउने-हरूकालागि विशेष महत्वको छ । पूर्व मोहडाको यस तीन कवले सत्तलको पूर्वमा खाली ठाउँ, पश्चिममा बिष्णुमती नदी, उत्तारमा खाली ठाउँ तथा स-साना चैत्यहरू र दक्षिणमा पाटी तथा खाली ठाउँ पर्दछ ।






लम्बाइ — १७'
चौडाइ — १०'.५"
टोल — कंकेश्वरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३०
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (२४) / व. नं. १८

भौतिक विवरणः—

काठको खम्बामा बुट्टा कुंदी झिंगटी छाना हाली साधारण शैलीमा यो पाटी निर्माण गरिएको छ । वि. सं. २०२६ मा जीर्णोद्धार गरिए तापनि झिंगटी केही भागमा फुटिसकेकोले फेर्नु पर्ने भएको छ । पाँच कवल पश्चिम मोहडाको यस पाटीको पूर्वमा खेत, पश्चिममा बिष्णुमती नदी, उत्तारमा बाटो तथा हनुमानको शिलामा कुंदिएको मूर्ति र दक्षिणमा खुला ठाउँ पर्दछ । बिष्णुमती-घाट नजिकै निर्माण गरिएको हुँदा गुठीयारहरू मलामी आउँदा यस पाटीमा बस्ने गर्दछन् ।





लम्बाइ — २३'.७"
चौडाइ — ६'.८"
टोल — कंकेश्वरी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९६४
बनाउने व्यक्ति — महेन्द्र सिं
जीर्णोद्धार मिति— वि. सं. २०२६
वर्तमान भौतिक अवस्था – ठीकै

पाटी (२५) / व. नं. १८

भौतिक विवरण:—

रक्तकाली मन्दिरको प्राङ्गणभित्र करीब सयवर्ष अघि यस पाटीको निर्माण गरिएको देखिन्छ। यस पाटीको गारो, दलिन हालसम्म ठीकै देखिए तापनि टायल कहीं कहीं फुटिसकेकोले वर्षायाममा छानाबाट पानी चुहिने गर्दछ। पश्चिम मोहडाको यस पाटीको पूर्वमा घर, पश्चिममा मन्दिरको प्राङ्गण, उत्तरमा बारी र दक्षिणमा बाटो पर्दछ। स्थानीय विद्यालयले समय समयमा कक्षा सञ्चालन गर्न यस पाटीको प्रयोग गरेको देखिन्छ।





लम्बाइ — २७'.१०"
चौडाइ — ९'.९"
टोल — रक्तकाली, टेंगल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२६) / व. नं. १८

भौतिक विवरण:—

पश्चिम मोहडाको यस पाटी झिंगटी छाना हाली साधारण शैलीमा बनाइएको छ। समय समयमा निजी गुठीका गुठीयारहरूले मर्मत कार्य गर्ने भएकोले पाटीको वर्तमान भौतिक अवस्था ठीकै देखिन्छ। पाँच कवल यस पाटीको पूर्वमा बारी, पश्चिममा चोक, उत्तरमा बारी र दक्षिणमा चोक पर्दछ। निजी गुठीका गुठीयारहरू दिवालीको समयमा यस पाटीमा बसी भोज खाने परम्परा हालसम्म पनि कायमै रहेको छ।






लम्बाइ — ३२'.१"
चौडाइ — ९'.१०"
टोल — भुरुँखेल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२७) / व. नं. १८

भौतिक विवरण:–

बढी टिकाउको लागि जस्ताको छाना हाली बनाइएको यो पाटी चार कवल उत्तर मोहडाको छ। यस पाटीको पूर्वमा स्थानीय जनताको घर, पश्चिममा सत्तल, उत्तरमा चोक र दक्षिणमा चउर पर्दछ। समय समयमा स्थानीय जनता यस पाटीमा आई भोज बनाउने गर्दछन।






लम्बाइ — २४'
चौडाइ — ९'
टोल — भुरुंखेल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - ठीकै

सत्तल (२८) / व. नं. १८

भौतिक विवरण:—

दुई तले पाँच कवलको यस सत्तलमा हाल घरायसी प्रयोगको लागि भुइँ तलामा रहेको पांच कवलमध्ये तीन कवलमा ईंटाको गारोले पुरिसकेको छ। अतः यस सत्तल अहिले बाहिरबाट हेर्दा कुनै घर जस्तो देखिन्छ। उत्तर मोहडाको यस सत्तलको पूर्वमा बारी, पश्चिममा सत्तल, उत्तरमा चोक र दक्षिणमा चउर पर्दछ। यस सत्तलको हाल पूर्णरूपले आवासीय प्रयोग भएको छ।






लम्बाइ — २९'.५"
चौडाइ — ९'
टोल — भुरुंखेल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (२९) / व. नं. १८

भौतिक विवरण:—

ढुंगेधाराको वरिपरि घाँस झारपात उम्री एकातिर फोहर छ भने अर्कोतिर निकासको प्रबन्ध हाल बिग्रिसकेकोले धारामुनी पानी जमी झण्डै धारालाई पुरिने स्थिति देखिएको छ । मकर मुखाकृत यस ढुंगेधाराको तल शिलामा कुँदिएको करवद्ध मूर्ति छ । ढुंगेधाराको मुहान पनि सुकिसकेकोले हाल पानी नआउने अवस्थामा रहेको छ । पूर्वमा घर, पश्चिममा बाटो, उत्तरमा ढुंगेधारा र दक्षिणमा स्वयम्भू जाने सडक पर्दछ ।






लम्बाइ — १०'
चौडाइ — ८'
टोल — ताम्सीपाखा
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (३०) / व. नं. १८

भौतिक विवरण:—


किलागलबाट नरदेवी जाने सडकको दाहिनेपट्टि रहेको यस दुई तले सत्तलको तल्लो भागमा फलफूल पसल र माथिल्लो भागमा भजन गर्ने जस्तो धार्मिक कार्य हुन्छ । पक्की ईंटले बनाइएको यस सत्तलको उत्तरपट्टिको झिंगटी छाना केही बिग्रिएको अवस्थामा छ । सत्तलको पूर्वमा स्थानीय जनताको घर, पश्चिममा टेङ्गल जाने बाटो, उत्तरमा घर र दक्षिणमा किलागलबाट नरदेवी जाने बाटो पर्दछ । यस सत्तल छः कवल दक्षिण मोहडाको छ ।





लम्बाइ — ३७'.३"
चौडाइ — २६'.२"
टोल — नरदेवी
अभिलेखपत्र —

निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०१५
वर्तमान भौतिक अवस्था — ठीकै



विष्णुमती
कंकेश्वरी
चिबाहा खेल
दमैटोल
ढोका टोल
बञ्जाहिटी
खाल्डा
मरुहिटी
काठमाडौं
गणेश
संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
0 10 20 40 60 80 100 मी.
वडा नं. १८

ढुंगेधारा (१) / व. नं. १९

भौतिक विवरण:—

अशोक विनायक मन्दिरबाट पश्चिमपट्टि लाग्दा बाटोको दाहिनेतिर अवस्थित यी ढुंगेधारा-हरूले स्थानीय जनताहरूको पानीको दैनिक आवश्यकता परिपूर्ति गर्नमा सघाउ पुऱ्याउँदै आएको देखिन्छ । यहाँ भएका पाँचवटा ढुंगेधाराहरूमध्ये तीनवटा दक्षिण मोहडा र बाँकी दुईमध्ये एक पूर्व र एक पश्चिम मोहडाको छ । यी पञ्च धाराहरूमध्ये दक्षिण मोहडाको एउटा ढुंगेधाराबाट हाल पानी नआउने र अरू चारवटा धाराहरूबाट निरन्तर रूपमा पानी आइरहेको छ । धाराको वरिपरि शिल्पमा कुँदिएका देवी देवताका मूर्तिहरूले तथा ढुङ्गाले छापेको भुइँले गर्दा वातावरण शोभायमान देखिन्छ । यी ढुंगेधाराहरूको पूर्वमा सानो बाटो तथा घरहरू, पश्चिममा देवताको मन्दिर तथा प्रांगण, उत्तरमा पाटी र दक्षिणमा मरूंबाट शान्तिनिकुञ्ज विद्यालय जाने मूल सडक पर्दछ ।






लम्बाइ — ४६'
चौडाइ — ३२'.६"
टोल — मरूहिटी
अभिलेखपत्र —


निर्माण मिति — १६ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (२) / व. नं. १९

भौतिक विवरण:—

पूर्व र दक्षिण दिशामा तीन-तीन कवल्ल भएको र निजी घरको गारोमा जोडी निर्माण गरेको यस पाटाका भिंगटी छाना हाल ज्यादै बिग्रिएका अवस्थामा रहेको छ । पाटीको खम्बाहरुमा कुँदिएका बुट्टाहरु आकषक देखिन्छन् । पाटीको भित्री खोपामा भगवानको मूर्ति रहनुको अलावा एक आँखे ऊयालपनि छ । यस पाटीको चारै किल्लाका हक्मा पूवमा खाला ठाउ, पश्चिममा घरसंग जाडिएका, उत्तरमा पनि घरको गारोमा जाडिएका र दक्षिणमा खाली ठाउँ तथा मूल बाटा पर्दछ । पाटीको छाना भत्किनु अघि पाटीका खापामा रहेका मूर्तिमा पूजा गरी चाडपर्वमा भोज खान चलनपनि रहेको देखिन्छ ।






लम्बाइ — २८'.४"
चौडाइ — ५'
टोल — मरूहिटी
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — तिर्थराज राजबाहक
मरूहिटी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३) /व. नं. १९

भौतिक विवरण :–

साधारण शैलीमा झिंगटी छाना हाली बनाइएको या पाटी हाल मरूहिटी क्लबले प्रयोग गरिराखेका छ । झिंगटी छाना माथि बढा टिकाउकोलागि सिमेण्टल प्लास्टर गरी मजबूत बनाएका छ । दक्षिण मोहडाको यस पाटीका पूर्वमा स्थानीय मानिसका घर जाने बाटो, पश्चिममा पाटीसग जाडिएको घर, उत्तरमापनि घरसंग जाडिएको र दक्षिणमा खाली ठाउँ तथा डुं गेधारा जाने बाटो पर्दछ ।






लम्बाइ — १४'.८"
चौडाइ — ७'
टोल — मरूहिटी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४) /व. नं. १९

भौतिक विवरण :—

तीनतिर खुला भएको यस तीन कवल दक्षिण मोहडाको पाटीमा जस्ताको छाना छ । पाटीको भित्तामा शिलामा कुंदिएका गणेश तथा अन्य देवताको मूर्ति स्थापना गरेका छन । घरसंग जोडिएको यस पाटीको पूर्वमा खाली ठाउँ तथा घर, पश्चिममा डल्लु जाने बाटो र स्थानीय जनताको घर, उत्तरमा पाटीसंगै जोडिएको स्थानीय जनताको घर र दक्षिणमा सानो देवालय तथा बाटो पर्दछ । बटुवाहरु यस पाटीमा विश्राम गर्ने गर्छन् ।






लम्बाइ — १४'.२"
चौडाइ — ६'.८"
टोल — मरूहिटी, ढोकाटोल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — शंखनारायण महर्जन
मरूहिटी, ढोकाटोल
जीर्णोद्धार मिति –
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (५) / व. नं. १९

भौतिक विवरणः—

परापूर्व कालमा निर्माण गरिएको यस ढुंगेधाराबाट मुहान सुकेर वा अन्य कुनै कारणवश हाल पानी एकथोपापनि नआउने हुनाले स्थानीय जनताकोलागि यसको केही उपादेयता भएको छैन। धाराबाट पानी नआउनाको कारणले सो इलाकाका मानिसहरुले फोहर कसिंगर थुपार्ने स्थानका रूपमा यस ढुंगेधाराको प्रयोग गरेको देखिन्छ। मकर मुखाकृत यस ढुंगेधाराको मुनि ढुङ्गामा कुंदिएका नतकाहरुको मूर्ति छन्। यस ढुंगेधाराका पूर्वमा खाली ठाउँ तथा घर, पश्चिममा बाटो तथा घर, उत्तरमा पाटी तथा खाली ठाउँ र दक्षिणमा बुद्धको सानो प्रतिमा स्थापना गरेको छ।






लम्बाइ — १९'
चौडाइ — १४'
टोल — मरूहिटी, ढोकाटोल
अभिलेखपत्र —


निर्माणमिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (६) / व. नं. १९

भौतिक विवरणः—

काठको खम्बामा साधारण बुट्टा कुँदी बनाइएको यस पाटीको छाना जस्ताले छाइएको छ। परदेशीकोलागि बास बस्न र चाड पवमा स्थानीय जनताकोलागि भजन कीर्तन गर्न यो पाटी निकै उपयोगी सिद्ध भएको छ। यस पाटीका पूर्वमा खाली ठाउँ, पश्चिममा सानो बाटो तथा घर, उत्तरमा पर्खाल र दक्षिणमा ढुंगेधारा र बुद्धको शिलामा कुँदिएको मूर्ति रहेको छ।






लम्बाइ — ९'.८"
चौडाइ — ६'
टोल — मरूहिटी, ढोकाटोल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२० भाद्र
वर्तमान भौतिक अवस्था - ठीकै

पाटी (७) / व. नं. १९

भौतिक विवरण:—

साधारण शैलीमा झिंगटी छाना हाली निर्माण गरिएको यो पाटी पूर्व र दक्षिणतर्फ खुला छ। पाटीको काठको खम्बा तथा गारो ठीकै देखिए तापनि झिंगटी छाना तुरून्त मर्मत गर्नु पर्ने देखिन्छ। झिंगटी छाना भत्किने अवस्थामा रहेकोले हाल स्थानीय जनता एवं बटुवाहरूले यसको प्रयोग नगरेको देखिन्छ। दक्षिण मोहडाको यस पाटीको पूर्वमा पर्खाल, पश्चिममा पाटीसंग जोडिएको घर, उत्तरमा खेत र दक्षिणमा विष्णुमती नदी जाने बाटो पर्दछ।





लम्बाइ — ९'.८"
चौडाइ — ६'
टोल — चिबाहाखेल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९६३ फागुन १४
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (८) / व. नं. १९

भौतिक विवरण:—

झण्डै चन्द्राकार भौतिक स्वरूप भएको यस पाटीको मोहडा दुईतिर फर्केको छ। काठको खम्बाहरूमा साधारण बुट्टा कुँदिएको र प्राचीनता झल्काउन झिंगटीले छाना छाइएको छ। हाल पाटीको आंशिक भाग आवासीय प्रयोग र बाँकी भाग सर्वसाधारण जनताको प्रयोगकोलागि खुला गरेको छ। यस दक्षिण पश्चिम मोहडा पाटीको पूर्वमा बुद्धको मन्दिर तथा खाली ठाउँ, पश्चिममा बाटो तथा देवताको मूर्ति, उत्तरमा चोक तथा झोलुङ्गे पुल जाने बाटो र दक्षिणमा स्थानीय जनताको घर तथा बाटो पर्दछ।






लम्बाइ — ३१'.१०"
चौडाइ — ७'
टोल — चिबाहाखेल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९६४
बनाउने व्यक्ति — भाजु नरसिंह, किसलक्ष्मी चिबाहाखेल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (९) / व. नं. १९

भौतिक विवरण:—

प्राचीन शैली प्रस्तुत गर्ने यस पाटीको छाना झिंगटीले छाइएको छ। सुविधाकोलागि तीनैतिर खुला गरी निर्माण गरेको छ। तीन कवल उत्तर मोहडाको यस पाटीको पूर्वमा गोरेटो बाटो तथा घर, पश्चिममा खाली ठाउँ तथा घरसंग जोडिएको, उत्तरमा बाटो तथा खाली ठाउँ र दक्षिणमा स्थानीय जनताको घर पर्दछ। हाल यस पाटीमा नगण्य पूंजी लगानी गरी एक व्यापारीले चुरोट सुपारी पसल थापेको छ।






लम्बाइ — ११'
चौडाइ — ६'.५"
टोल — कंकेश्वरी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९६१
बनाउने व्यक्ति — जसवन्त, कंकेश्वरी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१०) /व. नं. १९

भौतिक विवरण:—

पाटीको दायाँ बायाँ रहेको दुई दुई कवलमा बटुवाहरु विश्राम गर्ने गरी बीचमा प्रवेशद्वार राखी यो पाटी निर्माण गरेको छ। उत्तर मोहडाको यस पाटीको पूर्वमा खाली ठाउँ तथा स्थानीय जनताको घर, पश्चिममा खाली ठाउँ तथा पाटी, उत्तरमा सानो बाटो तथा पर्खाल र दक्षिणमापनि खाली ठाउँ पर्दछ।





लम्बाइ — २२'.९"
चौडाइ — १४'.९"
टोल — कंकेश्वरी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९०३
बनाउने व्यक्ति — मय
जीर्णोद्धार मिति— वि. सं. १९९०
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (११) / व. नं. १९

भौतिक विवरण:—

दक्षिणमा एक कवल, पश्चिममा दुई र उत्तरमा तीन कवल भएको यो पाटी झिंगटी छाना हाली पुरानो शैलीमा निर्माण गरिएको छ। पाटीको अन्य सबै भाग ठीकै अवस्थामा रहे तापनि झिंगटी धेरै ठाउँमा फुटिसकेकोले यथाशीघ्र मर्मत गर्नुपर्ने देखिन्छ। पाटीको भित्तामा दुंगामा कुँदिएको गणेशको मूर्तिपनि स्थापना गरेको छ। उत्तर मोहडाको यस पाटीको पूर्वमा पाटीसंग जोडिएको सत्तल, पश्चिममा बुद्धको सानो देवालय तथा बाटो, उत्तरमा चोक तथा स्थानीय वासिन्दाको घर र दक्षिणमा सत्तलसंग जोडिएको छ। विभिन्न पर्वहरूमा भजन कीर्तन गर्नुको अलावा सामाजिक क्रियाकलापमापनि पाटीको सार्वजनिक प्रयोग हुँदैआएको देखिन्छ।






लम्बाइ — १६'.५"
चौडाइ — ८'.८"
टोल — दमाइटोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — भाजुनारायण खडगी दमाइटोल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१२) /व. नं. १९

भौतिक विवरण:—

प्राचीन समयमा निर्माण गरेको यो सत्तलको समय-समयमा संरक्षण नभएकोले हाल सत्तलको झिंगटी छाना नराम्रो अवस्थामा रहेको छ। यस सत्तलको उत्तर भागको सम्पूर्ण छाना भत्किएको अवस्थामा छ भने बाँकी भाग हालसम्म ठीकै अवस्थामा रहेको छ। सत्तलमा भएका विभिन्न देवताका मूर्तिहरु तथा काठमा कुंदिएका सुन्दर बुट्टाहरुले सत्तलको सौन्दर्य बढाएको छ। धार्मिक चाडपर्वमा पूजा आजा गर्न आउनेहरूकालागि महत्व रहिआएको यस सत्तलको पूर्वमा बाटो तथा सानो पाटी, पश्चिममा पाटीसंग जोडिएको, उत्तरमा बाटो तथा घर र दक्षिणमा घर तथा सानो बाटो पर्दछ। हाल यस सत्तलको आवासीय प्रयोग भएको छ।





लम्बाइ — ४२'.१"
चौडाइ — १५'.९"
टोल — दमाइटोल
अभिलेखपत्र — काष्ठपत्र


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - ठीकै

पाटी (१३) / व. नं. १९

भौतिक विवरण:—

साधारण काठको खम्बाहरुमा आधारित गरी बनाइएको यस पाटीको अन्य सबै भागको भौतिक अवस्था हालसम्म सन्तोषजनक देखिए तापनि छाना चाहिं यथाशीघ्र जीर्णोद्धार गर्नुपर्ने देखिन्छ। मोहडातर्फ तीन कवल र उत्तर तथा दक्षिणमा एक एक कवल रहेको छ। पूर्व मोहडाको यस पाटीको पूर्वमा सरकारी धारा (सार्वजनिक धारा) पश्चिममा सत्तल, उत्तरमा खाली ठाउँ र दक्षिणमा खाली ठाउँ तथा स्थानीय जनताको घर पर्दछ। बटुवाहरु विश्राम गर्ने, भजन गर्ने आदि कार्यमा यस पाटीको महत्व रहिआएको छ।





लम्बाइ — ११'.६"
चौडाइ — ५'
टोल — दमाइटोल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — देबमान गुरूजु
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१४) /व. नं. १९

भौतिक विवरण:—

साधारण शैलीमा झिंगटी छाना हाली बनाइएको यो पाटी उत्तर-दक्षिण तथा पश्चिम तीनै दिशामा खुला छ। पाटीको पश्चिम मोहडामा तीन कवल छ भने उत्तर र दक्षिणमा एक-एक कवल रहेको छ। पश्चिम मोहडाको यस पाटीको पूर्वमा धारा तथा घर, पश्चिममा बुद्धको चैत्य तथा चोक, उत्तरमा खाली ठाउं तथा घर र दक्षिणमा सडक पर्दछ। स्थानीय जनताहरु विशेष गरी धार्मिक चाडपर्वमा यस पाटीमा बसी भगवान्को आराधना स्वरूप भजन गाउने गर्छन्।






लम्बाइ — १०'.८"
चौडाइ — ७'.२"
टोल — दमाइटोल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१५) / व. नं. १९

भौतिक विवरण:—

काठको खम्बाहरूमा बुट्टा कुँदिएको र छाना जस्ताले छाइएको यो पाटी तीनैतिर खुला गरी बनाइएको छ। पाटीको दुईतिरको थाममा सिंहका आकर्षक बुट्टा कुँदिएको र पाटीको दाहिनेपट्टि शिलामा कुंदिएको नारायणको मूर्ति स्थापना गरेको छ। चार कवल उत्तर मोहडाको यस पाटीको पूर्वमा सानो देवालय तथा घर, पश्चिममा बाटो तथा घर, उत्तरमापनि बाटो तथा घर र दक्षिणमा पाटीसंग जोडिएको घर रहेको छ। भौतिक दृष्टिकोणले राम्रो रहेको यस पाटीमा बटुवाहरू विश्राम गर्ने तथा भजन कीर्तन गर्ने गर्छन्।






लम्बाइ — १८'.१"
चौडाइ — ६'
टोल — यटखा, सुन्तागाउँ
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९७१ माघ
बनाउने व्यक्ति — शिवकृष्ण श्रेष्ठ, नरदेवी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१६) / व. नं. १९

भौतिक विवरण:—

मर्मत सम्भारको अभावमा हुन सक्ने परिणामको उदाहरण प्रस्तुत गर्ने यस पाटीको हाल पश्चिमपट्टिको केही भाग मात्र बाँकी रहेको र अन्य सबैतर्फको गारो भत्किसकेको छ। पाटीको पश्चिमपट्टि गारोको भित्तामा दुङ्गामा कुँदिएको भैरवको मूर्ति छ। समयमा जीर्णोद्धार कार्य नभएमा बाँकी अंश पनि पूर्णरूपले भत्की सार्वजनिक प्रयोगको लागि बनाइएको पाटी मासिने स्थिति देखिएको छ। पूर्व मोहडाको यस पाटीको पूर्वमा बाटो र घरहरू, पश्चिममा पाटीसंग जोडिएको घर, उत्तरमा घर र दक्षिणमा पर्खाल पर्दछ।





लम्बाइ — १३'
चौडाइ — ६'.८"
टोल — सुन्तागाउँ
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९२९ माघ
बनाउने व्यक्ति — धर्मदेव
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१७) /व. नं. १९

भौतिक विवरण :–

वि० सं० १९९० को महाभूकम्पपछि निर्माण गरिएको यस पाटीमा समय समयमा जीर्णोद्धार कार्य भैरहने हुनाले हाल यसको भौतिक अवस्था राम्रो छ । पाटीको खम्बाहरू काठका नभै सिमेण्टका र छाना पनि झिंगटी नभै जस्ताले छाइएको छ । पाटीको चारैतिर प्लास्टर गरिएकाले पाटीको शोभा बढेको छ । पर्व-प्रवमा भजन कीर्तन गर्ने तथा बटुवाहरू ओर लाग्ने यस. पाटीको भित्तामा शिलामा कुँदिएका गणेश र अन्य देवताका मूर्तिहरू पनि प्रतिष्ठापना गरेका छन् । दुई कवल दक्षिण मोहडा भएको सय पाटीको पूर्वमा सानो बाटो तथा घरहरू, पश्चिममा खाली ठाउँ तथा घर, उत्तरमा पनि खाली ठाउँ तथा घर र दक्षिणमा सानो बाटो तथा पर्खाल पर्दछ ।






लम्बाइ — १५'.४"
चौडाइ — ६'
टोल — यटखा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १९९० चैत्र
बनाउने व्यक्ति — देवबहादुर, यटखाटोल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१८) /व. नं. १९

भौतिक विवरण :—

यस पाटीको अरू सबै भागको अवस्था ठीकै भएतापनि भुइँमा छापिएको काठ हाल बिग्रिसकेकोले फेर्नु पर्ने देखिन्छ । काठका खम्बाहरूमा कुँदिएका बुट्टाहरू आकर्षक देखिन्छ । पाटीको उत्तरपट्टि तीन कवल र पूर्वपट्टि एक कवल रहेको छ । पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा पाटी-संग जोडिएको घर, उत्तरमा सानो बाटो र दक्षिणमा घरसंग जोडिएको छ । उत्तर मोहडाको यस पाटीमा बटुवाहरु विश्राम गर्ने र स्थानीय भक्तजनहरु भजन गर्ने गर्दछन् ।





लम्बाइ — ११'.५"
चौडाइ — ५'.६"
टोल — दमाइटोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९९१
बनाउने व्यक्ति — सिन सिं
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१९) / व. नं. १९

भौतिक विवरण:—

पूर्व, पश्चिम र दक्षिण तीनैतिर खुला गरी बनाइएको यस पाटीको छाना झिंगटीले छाइएको छ। पूर्व र पश्चिम एक एक कवल मात्र छ भने दक्षिणपट्टि तीन कवल रहेकोछ। धेरै वर्ष पहिले निर्माण गरिए तापनि समय-समयमा मर्मत सम्भारको कार्यहरु हुने भएकोले हालको भौतिक अवस्था राम्रै देखिनु स्वाभाविक नै छ। शैलीको दृष्टिकोणले खास महत्वपूर्ण नभए तापनि भजन गर्ने वा विश्राम गर्ने दृष्टिकोणले यस पाटीको महत्व कम छैन। दक्षिण मोहडाको यस पाटीको पूर्वमा सानो बाटो तथा घरहरु, पश्चिममा बाटो, उत्तरमा ट्यूबवेल धारा र दक्षिणमा बाटो पर्दछ।






लम्बाइ — १३'.२"
चौडाइ — ६'.४"
टोल — दमाइटोल
अभिलेखपत्र — शिलापत्र


निमाण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (२०) व. नं. १९

भौतिक विवरण:—

शुरुदेखि निरन्तररूपमा पानी आइरहने यस ढुंगेधाराले स्थानीय जनताहरूको ठुलो धुने, नुहाउने वा अन्य विभिन्न घरायसी कामकाजमा निकै महत पुऱ्याउँदै आएको देखिन्छ। यस ढुंगेधाराको चारैतर्फ सिमेन्टले प्लास्टर गरिएको छ। धाराको ठीक मास्तिर नारायण र लक्ष्मीको मूर्ति तथा धाराको दायाँ र बायाँपनि अन्य देवताका मूर्तिहरू प्रतिष्ठापना गरेको छ। पश्चिम मोहडा गरी बनाइएको यस ढुंगेधाराको पूर्वमा खाली ठाउँ तथा बाटो, पश्चिममा बाटो, उत्तरमा सानो बाटो तथा घर र दक्षिणमा बाटो तथा घरहरू पर्दछ।






लम्बाइ —,१६'.४"
चौडाइ — १५'.८"
टोल — दमाइटोल
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – राम्रो

पाटी (२१) / व. नं. १९

भौतिक विवरण:—

प्राचीन शैली प्रस्तुत गर्ने यस पाटीको छाना झिंगटीले छाइएको छ । पाटीको दक्षिण मोहडामा सात कवल र पूर्व र पश्चिम मोहडामा एक एक कवल रहेको छ । पश्चिमपट्टीको झिंगटी छाना हाल बिग्रिसकेको अवस्थामा रहेकोले अरु बढी बिग्रन नदिन चाँडै मर्मत गर्नु बुद्धिमानी देखिन्छ । यस पाटीको पूर्वमा खाली ठाउँ तथा बुद्धको मूर्ति, पश्चिममा सानो पाटी तथा घरहरु, उत्तरमा घर र दक्षिणमा बाटो पर्दछ । दक्षिण मोहडाको यस पाटीमा नियमितरूपले भजन गर्ने गर्छन् ।






लम्बाइ — २६'.३"
चौडाइ — ५'.९"
टोल — ढोकाटोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १८१८ भाद्र
बनाउने व्यक्ति — हरिमोहन मूल, ढोकाटोल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – ठीकै

पाटी (२२) / व. नं. १९

भौतिक विवरण:—

दक्षिण मोहडाको यस पाटीको पूर्व र पश्चिमतर्फ एक एक कवल रहेको छ । पाटीको गारो तथा दलिनहरु हालसम्म सन्तोषजनक देखिए तापनि झिंगटी छाना धेरै भत्किसकेको छ । यस पाटीको पूर्वमा पाटी, पश्चिममा बाटो तथा घरहरु, उत्तरमा चोक तथा घरहरु र दक्षिणमा बाटो पर्दछ । झिंगटी छाना संपूर्ण भत्किसकेकोले गाई पाल्नेहरुकालागि मात्र यो पाटी उपयोगी साबित भएको छ ।






लम्बाइ — ११'.१"
चौडाइ — ५'.६"
टोल — ढोकाटोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (२३) / व. नं. १९

भौतिक विवरण:—

यस ढुंगेधाराको ठीक माथितर रहेको नारायण लगायत अन्य देवताका मूर्तिहरुले गर्दा धारा शोभायमान देखिन्छ । मुहान राम्रो र निकासको प्रबन्ध राम्रो भएकोले धाराबाट निरन्तर गतिमा पानी आइरहने हुनाले स्थानीय जनतालाई लुगा धुन र नुहाउन यस ढुंगेधारा निकै सहायक सिद्ध भएको छ । दक्षिण मोहडाको यो ढुंगेधाराको पूर्वमा स्कूल तथा बाटो, पश्चिममा धारा तथा बाटो, उत्तरमा पर्खाल र दक्षिणमा सडक पर्दछ ।





लम्बाइ — १५'
चौडाइ — ७'.८"
टोल — ढोकाटोल
अभिलेखपत्र —


निर्माण मिति — १६ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (२४) /व. नं. १९

भौतिक विवरण:—

जीर्णोद्धारपछि यस पाटीको झिंगटी छाना हटाई बढी टिकाउकोलागि यसको छानामा सिमेन्ट प्लास्टर गरेको देखिन्छ । पाटीका थामहरुमा विभिन्न मूर्तिहरु कुँदिएकोले पाटीको सौन्दर्य बढेको छ । पूर्व मोहडाको यस तीन कवले पाटीको भित्री खोपामा शिव र पार्वतीको मूर्तिपनि छ । पाटीको चार किल्लाको हक्मा पूर्वमा सडक, पश्चिममा स्थानीय जनताको घर, उत्तरमा खाली ठाउँ र दक्षिणमा निजी घरहरु पर्दछन् । यस पाटीको हाल धार्मिक तथा अन्य प्रयोग भएको देखिन्छ ।






लम्बाइ — १४'
चौडाइ — ५'.६"
टोल — यटखा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९७४
बनाउने व्यक्ति — रावतनारायण
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — रा

ढुंगेधारा (२५) / व. नं. १९

भौतिक विवरणः—

मुहान राम्रो र निकासको उचित व्यवस्था भएको यस ढुंगेधाराको भुइँ आंशिकरूपमा ढुंगा र वाँकी इंटाले छापेको छ । धाराको वरपर देवताका मूर्तिहरु छरिएर रहेका छन् । मकर मुखाकृत यस ढुंगेधाराको मोहडा दक्षिणतर्फ फर्केको छ । धाराको वरिपरिको वातावरणको हकमा-पूर्वमा सानो देवालय तथा सडक, पश्चिममा चोक तथा स्थानीय जनताको घर, उत्तरमा देवालय तथा घर र दक्षिणमा पाटी तथा घरहरु पर्दछन् । लुगा धुने, नुहाउने आदि काममा धाराले स्थानीय जनतालाई सघाउ पुऱ्याउँदै आएको छ ।





लम्बाइ — १८'
चौडाइ — १३'
टोल — चसानदोटोल
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (२६) / व. नं. १९

भौतिक विवरणः—

पूर्व र पश्चिम एक-एक कवल र उत्तरपट्टि तीन कवल खुला गरी बनाइएको यस पाटीको छाना झिंगटीले छाइएको छ । पाटीको भित्री गारोको मध्य भागमा शिलापत्रको दायाँ बायाँ दुवैतर्फ भैरव र भगवतीको मूर्तिहरुपनि स्थापना गरेको देखिन्छ । तीन कवल उत्तर मोहडाको यस पाटीको पूर्वमा सानो बाटो तथा घर, पश्चिममा खाली ठाउँ, उत्तरमा धारा र दक्षिणमा घरसंग जोडिएको छ । स्थानीय जनता विभिन्न धार्मिक पर्वहरुमा भजन कीर्तन गर्ने यस पाटीको प्रयोग गर्छन् ।





लम्बाइ — १४'.४"
चौडाइ — ८'.२"
टोल — चसानदोटोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २००२
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२७) / व. नं. १९

भौतिक विवरण:—

साधारण शैलीमा झिंगटी छाना हाली बनाइएको यस पाटीको अन्य सबै भागहरु ठीकै रहे तापनि झिंगटी घेरै ठाउँमा फुटिसकेकोले तुरुन्त मर्मत कार्य गर्नु वान्छनीय देखिन्छ । तीन कवल पूर्व मोहडाको यस पाटीको पूर्वमा धारा, पश्चिममा घरसंग जोडिएको, उत्तरमा खाली ठाउँ तथा घर र दक्षिणमा सानो बाटो पर्दछ । हाल यस पाटीमा घरबारविहीन एक परिवारले स्थायी तवरले बसोबास गरिरहेको छ ।






लम्बाइ — २६'.३"
चौडाइ — २५'.३"
टोल — बन्जाहिटीटोल
अभिलेखपत्र —


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – नरास्रो

ढुंगेधारा (२८) /व. नं. १९

भौतिक विवरण:—

निकासको उचित व्यवस्था नभएको हुनाले हाल यो ढुंगेधाराहरू सम्पूर्णरूपले जलमग्न अवस्थामा रहेको छ । ढुंगेधाराको वरिपरिको वातावरण यस प्रकार छ—पूर्वमा सानो बाटो तथा घर, पश्चिममा पाटी, उत्तरमापनि सानो पाटी र दक्षिणमा सानो बाटो गएको छ । यस ढुंगेधाराको यथाशीघ्र जीर्णोद्धार भएमा स्थानीय जनताहरू निकै लाभान्वित हुने देखिन्छ ।






लम्बाइ — १९'
चौडाइ — ७'
टोल — बन्जाहिटीटोल
अभिलेखपत्र —


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२९) /व. नं. १९

भौतिक विवरण :—

काठमाडौं गणेशस्थान वा अशोक विनायक मन्दिरको ठीक पछाडि रहेको यस पाटीको माथि आधुनिक शैलीमा चार तले सिमेन्टको घर निर्माण गरिएको छ । तीन कवल दक्षिण मोहडा भएको यस पाटीको दक्षिण-पूर्व कोणमा सिंहको मूर्ति काठमा कुँदिएको छ । पाटीको गारोमा सिमेन्ट प्लास्टर गरेकोले भौतिक अवस्था मजबूत छ । यस पाटीको पूर्वमा सानो बाटो, पश्चिममा घरसंग जोडिएको, उत्तरमा घर र दक्षिणमा अशोक विनायक गणेशको मन्दिर पर्दछ ।






लम्बाइ — १२'
चौडाइ — ६'
टोल — काठमाडौं, गणेशस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९७०
बनाउने व्यक्ति — जयलक्ष्मी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (३०) / व. नं. १९

भौतिक विवरण:—

हालसालै मात्र जीर्णोद्धार गरिएको हुनाले यस पाटीको एकातिर शोभा बढेको छ भने अर्कोतिर चारैतिर प्लास्टर र छाना ढलान गरी निर्माण गरिएको हुनाले भौतिक अवस्था मजबूत रहेको छ । शैलीको दृष्टिकोणले साधारण देखिए तापनि समय समयमा भजन गाउने भएकोले धार्मिक दृष्टिकोणले यस पाटीको महत्व छ । दक्षिण मोहडाको यस तीन कवले पाटीको पूर्वमा स्थानीय जनताको घर, पश्चिममा गोरेटो बाटो, उत्तरमापनि स्थानीय जनताको घर र दक्षिणमा सार्वजनिक ठूलो चोक रहेको छ ।






लम्बाइ — १५'.३"
चौडाइ — १०'.२"
टोल — चसानदोटोल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दा
बनाउने व्यक्ति — हलमन्त महर्जन
चसानदोटोल
जीर्णोद्धार मिति— वि. सं. २०३४
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (३१) / व. नं. १९

भौतिक विवरण:—

पूर्णरूपले भत्किसकेको यस पाटीको हाल भुइँको केही भाग बाँकी रहेको देखिन्छ । शिलापत्र नभएको र स्थानीय जनतालाईपनि यसको निर्माण मिति आदिबारे केही याद नभएको बुझिएको छ । पूर्व दिशातर्फ उन्मुख यस पाटीको पूर्वमा सडक, पश्चिममा घर, उत्तरमा सडक र दक्षिणमापनि स्थानीय जनताको घर पर्दछ ।






लम्बाइ — ११'.७"
चौडाइ — ५'
टोल — दमाइटोल
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३२) /व. नं. १९

भौतिक विवरण:—


नरदेवीबाट यटखा जाने सडकको दायाँतर्फ सडकको किनारैमा रहेको यस पाटीमा नियमित रूपले भजन कीर्तन गर्ने गर्छन । यस पाटीको खम्बाहरूमा साधारण बुट्टाहरू कुँदिएको र छाना जस्ता ले छाइएको छ । दक्षिण मोहडाको यस पाटीमा दक्षिणतर्फ चार कवल र पूर्व र पश्चिममा एक एक कवल रहेको छ । यस पाटीको पूर्वमा सडक, पश्चिममा दमाईटोल जाने बाटो, उत्तरमा पाटीसंग जोडिएको स्थानीय जनताको घर र दक्षिणमा कुमारीको मन्दिर तथा खाली ठाउँ पर्दछ ।





लम्बाइ — २७'.३"
चौडाइ — ६'.५"
टोल — यटखा
अभिलेखपत्र —

निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो


कंकेश्वरी
चिसा-खोला
विष्णुमती
संकेत
पाटी
सत्तल
कुवे धारा
पोखरी
चउर
महादेवका
ख्या: त्यवब
रमधार
महादेवल
सिरेन स्थान
चिलमुगल
मनियार
कोहीटी खेत
जङ्गी देवल
3.
0 10 20 30 40 50 60 100 मी
वडा नं 20


सत्तल (१) / व. नं. २०

भौतिक विवरण:—

निजी घर जस्तो भौतिकस्वरूप भएको यस सत्तलको पश्चिम भागमा पाँच कवल र उत्तरमा तीन कवल छ। साधारण शैलीमा झिगटी छान हाली निर्माण गरिएको यस सत्तलको छानामा भएका केही झिंगटी हाल फुटिसकेको अवस्थामा छ। आवासीय प्रयोग भएको यस पूर्व मोहडाको सत्तलको पूर्वमा कच्चो बाटो, पश्चिममा बिष्णुमती नदी, उत्तरमा चोक र दक्षिणमा सानो बारी तथा घर पर्दछ। यस सत्तलमा समय समयमा स्थानीय जनता मिली भजन कीर्तन आदि गर्ने गर्छन्।



लम्बाइ — २४'.६"
चौडाइ — १९'.९"
टोल — चिबाहाखेल
अभिलेखपत्र —




निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - ठीकै


पाटी (२) /व. नं. २०

भौतिक विवरण:—

पुरानो पाटी पूर्णरूपले भत्काई आधुनिक शैलीमा सिमेन्ट ढलान गरी यस पाटीको जीर्णोद्धार गरिएको छ।•पाटीको चारैतिर प्लास्टर गरेकोले पाटीको सौन्दर्य बढेको छ। पश्चिम मोहडाको यस तीन कवले पाटीको पूर्वमा गोठ, पश्चिममा बिष्णुमती नदी, उत्तरमा गोठ र दक्षिणमा बिष्णुमती जाने बाटो गएको छ। स्थानीय व्यक्तिहरू हरेक साल घाडेजात्राको दिन यस पाटीमा बसी भोज खाने गर्छन्।



लम्बाइ — १८'.७"
चौडाइ — ६'.९"
टोल — चिबाहाखेल
अभिलेखपत्र —





निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२४
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (३) / व. नं. २०

भौतिक विवरण:—

साधारण शैलीमा मोहडातर्फ पाँच कवल खुला गरी निर्माण गरिएको यस पाटीको छाना झिंगटोले छाइएको छ। सार्वजनिक प्रयोगकालागि शुरूमा निर्माण गरिए तापनि हाल पाटीलाई बसोबासकालागि उपयुक्त हुने किसिमले परिवर्तन गरेको देखिन्छ। उत्तर मोहडाको यस पाटीको पूर्वमा पाटीसंग जोडिएको घर, पश्चिममा बिष्णुमती नदी, उत्तरमा बाटो र दक्षिणमा बारी पर्दछ। हाल गरीब व्यक्तिहरूको एक परिवारले स्थायी तवरले यस पाटीमा बसोबास गरेको देखिन्छ।





लम्बाइ — २४'.२"
चौडाइ — ७'.७"
टोल — चिबाहाखेल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४) / व. नं. २०

भौतिक विवरण:—

छाना भत्किसकेको यस पाटीको तत्काले जीर्णोद्धार गरी पुनः सार्वजनिक प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ। तोनैतिर खुल्ला भएको यस पाटीमा पश्चिमतर्फ तीन कवल र उत्तर-दक्षिण मोहडामा एक एक कवल रहेको छ। पाटीको खम्बामा बुट्टाहरु कुँदिएको र भित्तामा शिलामा कुँदिएको देवताको मूर्तिपनि रहेको छ। दश्चिम दिशा उन्मुख यस पाटीको पूर्वमा बारी, पश्चिममा बिष्णुमती नदी, उत्तरमा बाटो र दक्षिणमा खाली ठाउँ पर्दछ।






लम्बाइ — १४'.२"
चौडाइ — ७'.३"
टोल — इनाटोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — जयलक्ष्मी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – नराम्रो

पाटी (५ / व. नं. २०

भौतिक विवरण:–

संरक्षणको अभावमा हाल केवल अवशेषको रूपमा ठिङ्ग उभिएको गारो मात्र बांकी भएको यस पाटीमा हालसम्म अस्पष्ट अवस्थामा भए तापनि शिलापत्र पाटीको भित्तामा रहेको देखिन्छ। पश्चिम मोहडाको यस पाटीको. पूर्वमा बारी, पश्चिममा बिष्णुमती खोला, उत्तरमा खाली ठाउँ र दक्षिणमा इनाटो गणेशदेवतास्थान पर्दछ। पाटी भत्किनु अघि विभिन्न चाडपर्वमा भजन कीर्तन यस पाटीमा हुने कुरा स्थानीय जनताबाट थाहा भएको छ।






लम्बाइ — ११'.३"
चौडाइ — ४'.११"
टोल — इनाटोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९६६
बनाउने व्यक्ति — शंखसि मानन्धर
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (६) / व. नं. २०

भौतिक विवरण:—

काठका खम्बाहरुमा आधारित गराई तीनतिर खुला गरी यस पाटीको निर्माण भएको छ। पाटीको छाना झिंगटीले छाइएको र हाल ठाउँ ठाउँमा झिंगटी फुटिसकेकोले छानाबाट पानी चुहिने गर्दछ। पाटीको भित्र गारोमा शिलापत्र नजीकै ढुङ्गामा कुँदिएको सरस्वतीको मूर्ति स्थापना गरिएको छ। तीन कवल पश्चिम मोहडाको यस पाटीको पूर्वमा पाटी, पश्चिममा इनाटो गणेश, उत्तरमा बारी र दक्षिणमा चोक पर्दछ। वैशाख पूर्णिमा र अरू पर्वहरुमा स्थानीय धर्मावलम्बीहरु यस पाटीमा बसी भजन कीर्तन गर्ने गर्दछन्।






लम्बाइ — १३'.११"
चौडाइ — ७'.११"
टोल — इनाटोल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — वीरबहादुर, मायादेवी आदि
जीर्णोद्धार मिति— वि. सं. १९८०
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (७) /व. नं. २०

भौतिक विवरण:—

तीन कवाल झिंगटी छाना भएको यो पाटी उत्तर मोहडाको छ। यस पाटीको काठका खम्बाहरुमा कुनैपनि किसिमका बुट्टाहरु कुँदिएको छैन। साधारण मर्मत कार्य गरिएमा पाटीको भौतिक अवस्था राम्रो हुने देखिन्छ। बटुवाहरू विश्राम गर्न महत्व रहिआएको यस पाटीको पूर्वमा खाली ठाउँ, तथा सानो मन्दिर, पश्चिममा शिवको मन्दिर, उत्तरमा इनाटो गणेश तथा चोक र दक्षिणमा बारी पर्दछ।






लम्बाइ — १३'.८"
चौडाइ — ७'.२"
टोल — इनाटोल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (८) /व. नं. २०

भौतिक विवरण:—

प्राचीन शैली र आधुनिक शैलीको मिश्रण भएको यस पाटीको छानामध्ये केही भाग ढलान र बाँकी झिंगटीले छाइएको छ। यस पाटीको दक्षिण तर्फ भित्तामा बुद्धको प्रतिमा स्थापना गरेको देखिन्छ। तीन कवल पूर्व मोहडा भएको यस पाटीको पूर्वमा बिष्णुमती जाने बाटो तथा बुद्धको चैत्य, पश्चिममा घर, उत्तरमा खाली ठाउँ र दक्षिणमा शान्ति निकुञ्ज विद्यालय जाने बाटो पर्दछ। यस पाटीमा हरेक साल भाद्र महीनाको द्वादशीका दिन अटूट रूपले भजनको विशेष कार्यक्रम गर्ने गर्दछन्।





लम्बाइ — १४'
चौडाइ — ५'.६"
टोल — मरुढोका
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (९) / व. नं. २०

भौतिक विवरणः—

बाहिरबाट हेर्दा हालसम्म भौतिक अवस्था ठीकै देखिए तापनि पूर्व तर्फको झिंगटी छाना केही बिग्रिसकेकोले पानी चुहिने गर्दछ । यस पाटीको भित्री गारोमा बुद्धको ढुङ्गामा कुँदिएको मूर्ति छ । यो पाटी बटुवाहरूको विश्रामकालागि महत्व हुनुको अलावा हरेक साल कार्तिक महीनाभरी नियमितरूपले स्थानीय धर्मावलम्बीहरूले यस पाटीमा भजन कीर्तन आदि गर्ने गर्दछन् । यस पाटीको पूर्वमा बाटो, पश्चिममा घर, उत्तरमा चोक र दक्षिणमा करूणामयको चिबहाल पर्दछ । यो पाटी तीन कवल दक्षिण मोहडाको छ ।






लम्बाइ — १५'.३"
चौडाइ — ७'.२"
टोल — ख्यःक्यवटोल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नरान्रो

पाटी (१०) /व. नं. २०

भौतिक विवरण :—

तीनै दीशामा समान कवल भएको र तीनैतिर खुला गरी बनाइएको यस त्री-मुखे पाटीको छाना जस्ताले छाइएको छ । जस्ता हाल बिग्रिसकेकोले छानाबाट पानी चुहिनाले गारो समेत भत्कने स्थितिमा यो पाटी रहेको छ । यस पाटीभित्र शिक्षाको प्रतीक सरस्वती र शान्तिको प्रतीक बुद्धको मूर्तिहरु स्थापना गरेको छ । यस पाटीको पूर्वमा चिबहाल तथा इनार, पश्चिममा घर, उत्तरमा चोक तथा घर र दक्षिणमापनि चोक तथा घर पर्दछ । कथा हाल्ने भजन कीर्तन आदि धार्मिक कार्यमा यस पूर्व मोहडा पाटीको विशेष प्रयोग भएको छ ।






लम्बाइ — ५'.११"
चौडाइ — ५'.८"
टोल — ख्यःक्यबटोल
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नरान्रो

ढुंगेधारा (११) / व. नं. २०

भौतिक विवरण:—

चारैतिर झारपात उम्रिएको र झण्डै सडक सतहसम्म जमेको फोहर पानीले ढुंगेधारालाई पुरिने अवस्थामा यो ढुंगेधारा रहेको छ। नाजुक अवस्थामा रहेको यस ढुंगेधाराको पूर्वमा गोरेटो बाटो, पश्चिममा परोपकार अनाथालय, उत्तरमा बारी र दक्षिणमा भीमसेनस्थानबाट कालीमाटी जाने पिच सडक पर्दछ। शिलापत्रपनि पुरिएको अवस्थामा रहेकोले निर्माण मिति र बनाउने व्यक्ति आदिबारे केही जानकारी हासिल गर्न नसक्ने अवस्थामा यो ढुंगेधारा रहेको छ।






लम्बाइ — ३४'.९"
चौडाइ — ३२'
टोल — भीमसेनस्थान
अभिलेखपत्र —


निर्माण मिति — १६ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१२) / व. नं. २०

भौतिक विवरण:—

साधारण शैलीमा प्राचीनता झल्काउन झिंगटी छाना हाली निर्माण गरिएको यस शिलापत्र रहित पाटीको अरु सबै भागको भौतिक अवस्था हालसम्म सन्तोषजनक देखिए तापनि झिंगटी छाना पूर्णरुपले भत्किसकेको हुनाले जीर्णोद्धार हुन आवश्यक देखिन्छ। पाटीको थामहरूमा कमलको फूल लगायत अन्य आकर्षक बुट्टाहरू कुँदिएका छन्। पूर्वमा पक्कि सडक, पश्चिममा घर, उत्तरमा कच्ची बाटो र दक्षिणमा हलुबाई पसल-यी चार किल्लाभित्र यो पाटी अवस्थित छ। स्थानीय धर्मावलम्बीहरूले समय-समयमा भजन कीर्तन आदि गर्न यस पाटीको प्रयोग गर्छन्।





लम्बाइ — १८'
चौडाइ — ४'.१०"
टोल — चिर्कमुगल
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२९
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१३) / व. नं. २०

भौतिक विवरण:—

पूर्वमा पक्की सडक, पश्चिममा घर, उत्तरमा भीमसेनस्थान जाने बाटो र दक्षिणमा घर यी चार किल्लाभित्र यो पाटी अवस्थित छ। पाटीको उत्तरतर्फ पाँच कवल र पूर्व दिशातर्फ एक कवल छ। यस पाटीमा समय समयमा आवश्यक मर्मत कार्य भैरहने हुनाले सबै भाग हालसम्म ठीकै अवस्थामा रहेको छ। उत्तर मोहडाको यस पाटीको हाल आवासीय प्रयोग भएको छ।






लम्बाइ — २७'.९"
चौडाइ — २२'१०."
टोल — चिकंमुगल
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (१४) / व. नं. २०

भौतिक विवरण:—

मुहान र निकास हालसम्म राम्रो हुनाको कारणले यस ढुंगेधारावाट निरन्तररूपमा पानी आइ नै रहने गरेको छ। धाराको माथिल्लो भागमा मकरको मूर्ति र धाराको पश्चिमपट्टि भित्तामा गणेश र सरस्वतीको मूर्ति स्थापना गरेको देखिन्छ। धाराको वरपरको वातावरणको हकमा-पूर्वमा पक्कि सडक, पश्चिममा नारायण देवताको मन्दिर, उत्तरमा गोरेटो बाटो तथा घर र दक्षिणमा पक्की सडक गएको छ। पूर्व मोहडाको यस ढुंगेधाराले स्थानीय जनतालाई निकै सघाउ पुऱ्याउँदै आएको छ।






लम्बाइ — ३५'.११"
चौडाइ — ३४'.८"
टोल — भीमसेनस्थान
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (१५) /व. नं. २०

भौतिक विवरण:–

शुरूदेखि जात्रा तथा अन्य पूजाआजामा धर्मावलम्बीहरूले भोज खान प्रयोग गर्दैआएको यो सत्तल प्राचीन र आधुनिक शैलीले सुशोभित छ। यस सत्तलको छाना ढलान गरिएको हुनाले ज्यादै मजबूत अवस्थामा रहेको छ। पश्चिम मोहडाको यस सत्तलको पूर्वमा भीमसेनस्थान मन्दिरसंग जोडिएको, पश्चिममा चोक, उत्तरमा पक्की सडक र दक्षिणमा सत्तल रहेको छ।






लम्बाइ — ३७'.१"
चौड़ाड — १०'.२"
टोल — भीमसेनस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. २०२७ आश्विन १९ सोमबार
बनाउने व्यक्ति — बेखानारायण र देवकुमारी भीमसेनस्थान
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – राम्रो

सत्तल (१६) / व. नं. २०

भौतिक विवरण:—

साधारण शैलीमा झिंगटी छाना हाली निर्माण गरिएको यो सत्तल पूर्व मोहडाको छ। भुइँ तलामा कवलहरू खडा गरी निर्माण गरिएको यस सत्तलको भौतिक स्वरूप अंग्रेजी अक्षर "एल" जस्तो छ। पूर्व दक्षिण लम्केको यस सत्तलमा जम्मा आठ कवल छ। सत्तलको मोहडातर्फको भाग हालसम्म ठीकै अवस्थामा भए तापनि दक्षिणतर्फको भाग वा मोहडामा छानादेखि लिएर तलसम्म बिग्रिसकेको अवस्थामा रहेको हुनाले मर्मततर्फ समयमा ध्यान जानु बुद्धिमानी देखिन्छ। आवासीय प्रयोग भैरहेको यस सत्तलको पूर्वमा खाली ठाउँ तथा सत्तल, पश्चिममा स्थानीय जनताको घर, उत्तरमा पक्की बाटो (सडक) र दक्षिणमा स्थानीय जनताको घर पर्दछ।






लम्बाइ — ५५'.२"
चौडाइ — ९'.२"
टोल — भीमसेनस्थान
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – नराम्रो

पाटी (१७) /व. नं. २०

भौतिक विवरण:—

पुरानो शैलीमा बनाइएको यस पाटीको भौतिक अवस्था ज्यादै नराम्रो भएको हुनाले वि० सं० २०३३ मा यस पाटीलाई पूर्णरूपले भत्काई पुनः निर्माण गरिएको छ । आधुनिक शैलीमा निर्माण भएको यस पाटीको चारैतिर सिमेन्ट प्लास्टर गर्नुको अलावा छाना ढलान गरेकोले छाना निकै मजवृत अवस्थामा रहेको छ । धार्मिक कार्यको लागि महत्व रहिआएको यो पाटी तीन कवल पश्चिम मोहडाको छ । पाटीको पूर्वमा घर, पश्चिममा मूल सडक, उत्तरमा गणेशको मन्दिर र दक्षिणमा घर पर्दछ ।






लम्बाइ — ११'
चौडाइ — ६'
टोल — भीमसेनस्थान
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३३
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१८) / व. नं. २०

भौतिक विवरण:—

जीर्णोद्धारपछि बढी टिकाउकोलागि झिंगटी छाना झिकी यस पाटीको छाना ढलान गरी बनाइएको छ । हाल सो पाटीमा प्राचीन एवं आधुनिक शैलीको राम्रो मिश्रण भएको देखिन्छ । सामान्यतया बाह्रै महीना भजन कीर्तन आदिमा प्रयोग हुने यो पाटी तीन कवल पश्चिम मोहडाको छ । यस पाटीको पूर्वमा घर, पश्चिममा सडक, उत्तरमा घर र दक्षिणमा पनि घर पर्दछ ।






लम्बाइ — १३'.६"
चौडाइ — ६'.२"
टोल — भीमसेनस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३४
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१९) /व. नं. २०

भौतिक विवरण:—

पाँच कवल पूर्व मोहडाको यस पाटीको दुई कवलमा कपाल बनाउने पसल राखेको र अन्य भागको मुइँ बिग्रिसकेकोले हाल कुनै काममा प्रयोग गरेको छैन। पाँच कवलको पाटीमा एक कवल चोक भित्र प्रवेश गर्नकोलागि प्रयोग भएको छ। यस पाटीमा अभिलेखपत्रकोरूपमा दुई शिलापत्र हाल रहेको छ। यस पाटीको छाना ढलान गरी बनाइएको छ। बटुवाहरू विश्राम गर्ने र भजन गर्ने महत्व रहिआएको यस पाटीको पूर्वमा पक्की सडक, पश्चिममा घर, उत्तरमा खाली ठाउँ र दक्षिणमा घर पर्दछ।






लम्बाइ — २३'.३"
चौडाइ — ६'.२"
टोल — मजिपाट
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (२०) /व. नं. २०

भौतिक विवरण:—

प्राचीन काष्ठकलाको सुन्दर नमूना प्रस्तुत गर्ने यस सत्तलको हाल सार्वजनिक प्रयोग हुनुको सट्टा केही हदसम्म आवासीय प्रयोग नै भएको देखिन्छ। सत्तलको माथिल्लो तलाको भयालहरूमा कुँदिएका देवता एवं अन्य बुट्टाहरूले सत्तलको सौन्दर्य बढाएको छ। सत्तलको छाना जस्ताले छाइएको छ। तीन तले पूर्व मोहडाको यस पाँच कवल सत्तलमा वर्षको एक दिन श्रीकृष्ण जन्माष्टमीको दिन श्रीकृष्णको पूजा, आराधना आदि गरी भोज खाने परम्परा हालसम्म कायमै रहेको छ। यस सत्तलको पूर्वमा सडक, पश्चिममा स्थानीय जनताको घर, उत्तरमा पनि स्थानीय जनताको घर, र दक्षिणमा खाली ठाउँ पर्दछ।






लम्बाइ — २५'
चौडाइ — ७'.६"
टोल — मजिपाट, चिकंमुगल
अभिलेखपत्र —

निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


पाटी (२१) /व. नं. २०

भौतिक विवरण:—

यस पाटीको छानाले आधुनिक शैली संकेत गरे तापनि छाना बाहेक अन्य सबै भागले प्राचीन शैली झल्काएको देखिन्छ। अन्य धेरै जसो पाटीहरूमा जस्तै यस पाटीको भित्री भित्तामा सरस्वतीको मूर्ति प्रतिष्ठापना गरेको छ। बटुवाहरूकालागि विश्राम गर्न तथा धर्मावलम्बीहरूकालागि भजन गाउन यस पाटीको निर्माण भएको देखिन्छ। तीन कवल दक्षिण मोहडाको यस पाटीको पर्व पश्चिम तथा उत्तरमा घर, र दक्षिणमा सडक पर्दछ।



लम्बाइ — १६'.७"
चौडाइ — ६'.१"
टोल — कोहिटीटोल
अभिलेखपत्र — शिलापत्र



निर्माण मिति — ने. सं. ९२०
बनाउने व्यक्ति — धर्म सिंह
जीर्णोद्धार मिति — वि. सं. १९७४ वैशाख
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (२२) / व. नं. २०

भौतिक विवरण:—

साधारण शैलीमा झिंगटी छाना हाली निर्माण गरिएको यस सत्तलको पश्चिमपट्टिको ऊयालहरूमा कुँदिएका मयूर, गरूड, आदिको बुट्टाले प्राचीन काष्ठकलाको विकासको एक झलक प्रस्तुत गरेको छ। धार्मिक एवं आवासीय प्रयोग हुने यस सत्तलमा हाल स्थायीरूपले एक परिवारले बसोबास गरेको छ। हालसम्म भौतिक अवस्था ठीकै देखिएको यस सत्तलको पूर्वमा राममन्दिर, पश्चिममा बिष्णुमती, उत्तरमा कच्ची बाटो र दक्षिणमा बारी पर्दछ। अंग्रेजी अक्षर "टी" आकार भएको यस सत्तलको मध्य भागमा मन्दिरपनि रहेको छ। मन्दिरको दायाँ बायाँ र सोझै अगाडि तीनतिर सत्तलको निर्माण गरेको छ।



लम्बाइ — ७०'
चौडाइ — १०'
टोल — मरूटोल
अभिलेखपत्र —





निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — तम्बुलाल सुब्बा, मरूटोल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२३) / व. नं. २०

भौतिक विवरण:—

बिष्णुमती घाटको किनारमा केही वर्ष अघि मात्र ढलान गरी आधुनिक शैलीमा जीर्णोद्धार गरिएको हुनाल पाटीको वर्तमान अवस्था ज्यादै मजबूत देखिन्छ। घाटमा बिरामी ल्याउँदा राख्न यस पाटीको निर्माण भएको देखिन्छ। तीनैतिर खुला गरी बनाइएको यस पाटीको उत्तर र पूर्वतर्फ तीन तीन कवल र पश्चिमतर्फ दुइ कवल छ । पूर्व मोहडाको यस पाटीको पूर्वमा बारी, पश्चिममा बिष्णुमती नदी, उत्तरमा चउर र दक्षिणमा बाटो पर्दछ ।






लम्बाइ — २८'.८"
चौडाइ — १५'.४"
टोल —मरू,छ्वासपाको (रामघाट)
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — ललितबहादुर काजी
मरूटोल
जीर्णोद्धार मिति— वि. सं. २०२४
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (२४) / व. नं. २०

भौतिक विवरण:—

समय-समयमा मर्मत सम्भार नभएमा हुन सक्ने स्थितिको उदाहरण प्रस्तुत गर्ने यस ढुंगेधाराको वर्तमान अवस्था नराम्रो छ। चारैतिर झारपात उम्रिएको र फोहर पानी प्रशस्त जमेकोले ढुंगेधारा देख्न नसक्ने स्थितिमा छ। ढुंगेधाराको चार किल्ला यस प्रकार छ–पूर्वमा बारी, पश्चिममा घर तथा त्यसको प्राङ्गण, उत्तरमा बाटो र दक्षिणमा बारी तथा घर पर्दछ। जीर्णोद्धार कार्य जति सक्यो उति चाँडै गर्न सकिएको खण्डमा स्थानीय जनता पुनः यसबाट लाभान्वित हुन सक्ने देखिन्छ ।






लम्बाइ — ४०'.७"
चौडाइ — ३४'.८"
टोल — मरू
अभिलेखपत्र —


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (२५) / व. नं. २०

भौतिक विवरणः—

विभिन्न काष्ठकलाले सुशोभित यो सत्तल दुई तले पांच कवलको छ। सत्तलको माथिल्लो तलाको ऊयालमुनि रहेको भैरव लगायत अन्य देवताहरूको मूर्तिले सत्तलको सौन्दर्य बढाएको छ। त्यस समय काष्ठकलमा उपत्यकाबासी कति प्रवीण छ भन्ने तथ्य यस सत्तलमा हालसम्म विद्यमान विभिन्न काष्ठकलाका मूर्ति एवं बुट्टाहरूले स्पष्ट पार्दछ। कलात्मक दृष्टिकोणले महत्वपूर्ण यस सत्तलको छाना विशेष गरेर उत्तरपट्टिको भाग हाल भत्किने अवस्थामा रहेकोले यथाशीघ्र मर्मत गर्नु वांछनीय देखिन्छ। पश्चिम मोहडाको यस सत्तलको पूर्वमा घर, पश्चिममा पक्की सडक, उत्तरमा घर र दक्षिणमा बाटो तथा मन्दिरको प्रांगण पर्दछ। इन्द्रजात्राको समयमा यस सत्तलमा देवता आदि राखी पूजा गरी भोज खाने परम्परा रहेको छ।






लम्बाइ — २८'.४"
चौडाइ — ६'
टोल — मरू, इलाछें
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२६) /व. नं. २०

भौतिक विवरण :—

चौतर्फी मोहडा भएको यस तीन तले सत्तलको अन्य सबै भाग ठीकै देखिन्छ तर झिंगटी ठाउँ ठाउँमा फुटिसकेको हुनाले पानी चुहिने गर्दछ। सत्तलको भित्री भागमा विष्णुको वाहन गरूड लगायत अन्य देवी देवताका काष्ठ मूर्तिहरूले सत्तलको सौन्दर्य बढाउनमा सघाउ पुऱ्याएको छ। स्थानीय भक्तजनहरू मिली भजन कीर्तन गर्न शुरूदेखि प्रयोग गर्दै आएको यस सत्तलको पूर्व, पश्चिम र उत्तर तीनैतर्फ सडक र दक्षिणमा सत्तल जोडिने बाटो गएको छ।






लम्बाइ — ५२'
चौडाइ — ३८'
टोल — मरूटोल
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति — लक्ष्मी नरसिंह
जीर्णोद्धार मिति— ने. सं. १०१०
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२७) / व. नं. २०

भौतिक विवरण:—

तीन कवल, झिगटी छाना भएको यस पाटीको झिगटी कहीं कहीं फुटिसकेकोले फेर्नुपर्ने देखिन्छ। पाटीको गारोपनि कतै कतै चर्किएको छ। पश्चिम मोहडाको यस पाटीको पूर्वमा खाली ठाउँ तथा बाटो, पश्चिममा बिष्णुमतीको किनार, उत्तरमा झोलुङ्गे पुल जाने बाटो र दक्षिणमा बिष्णुमतीघाट तथा पिपलको बोट पर्दछ।






लम्बाइ —२२'.६"
चौडाइ — ६'.११"
टोल — चिबाहाखेल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – नराम्रो

पाटी (२८) / व. नं. २०

भौतिक विवरण:—

बटुवाहरूकोनिम्ति विश्राम स्थलकोरूपमा निर्माण गरिएको यो पाटी शैलीको दृष्टिकोणले महत्वपूर्ण नभए तापनि सार्वजनिक प्रयोगको दृष्टिकोणबाट उपयोगी छ। पाटीको छाना झिगटीले छाइएको छ र झिगटी हालसम्म राम्रै अवस्थामा छ। पूर्व मोहडाको यस तीन कवले पाटीको पूर्वमा सडक, पश्चिममा बारी, उत्तरमा गणेशस्थान घुम्ने बाटो र दक्षिणमा खाली ठाउँ पर्दछ।






लम्बाइ — २२'.७"
चौडाइ — ६'.३"
टोल — भीमसेनस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— ने. सं. १०६९
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (२९) / व. नं. २०

भौतिक विवरण:—


हाल स्थानीय प्राथमिक विद्यालयले प्रयोग गरिएको यो पाटी साधारण शैलीमा ढिंगटी ढाना हाली बनाइएको छ । यस पाटीको ईंटको गारो तथा भुइँमा छापिएका ईंट आदि राम्रै अवस्थामा रहेको छ । पूर्व मोहडाको यस पाँच कवल भएको पाटीको पूर्व-पश्चिम तथा उत्तरमा सडक र दक्षिणमा नासल देवता तथा चोक पर्दछ ।





लम्बाइ — २९'.१०"
चौडाइ — १०'.४"
टोल — भीमसेनस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै



संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
0 90 20 40 60 80 300
वडा नं. २१

पाटी (१) /व. नं. २१

भौतिक विवरण :—

झिंगटी छाना भएको यस प्राचीन पाटीमा साधारण मर्मत कार्य गरिएमा भौतिक अवस्था राम्रो हुने देखिन्छ । पाटीको काठका थामहरू साधारण बुट्टाले सिंगारिएको छ । विभिन्न धार्मिक चाडपर्वहरूमा भोज, भजन कीर्तन आदि गरिने यो पाटी दक्षिण मोहडाको छ । तीनैतिर खुला गरी बनाइएको यस पाटीको पूर्व-पश्चिम र दक्षिणमा चोक (बहाल) र उत्तरमा इनार रहेको छ ।






लम्बाइ — १४'.३"
चौडाइ — ६'.८"
टोल — ब्रम्हटोल, धनचक्रबहाल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
बर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२) /व. नं. २१

भौतिक विवरण :

पूर्व मोहडाको यस पाँच कवल पाटीको उत्तर र दक्षिणतर्फपनि एक एक कवल रहेको छ । वि. सं. २०२४ मा जीर्णोद्धार गरिए तापनि हाल झिंगटी ठाउँ ठाउँमा फुटिसकेकोले फेर्नु पर्ने देखिन्छ । पाटीका थामहरू सुन्दर बुट्टाले सिंगारिएको छ । भगवानको प्रार्थनास्वरूप भजन गाउने यस पाटीको पूर्वमा सडक, पश्चिममा घर, उत्तरमा सानो चोक र दक्षिणमा सडक पर्दछ ।






लम्बाइ — २३'.८"
चौडाइ — ६'.२"
टोल — ब्रम्हटोल
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२४
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (३) / व. नं. २१

भौतिक विवरण:—

शैलीमा साधारण देखिने यस पाटीको छाना भिंगटीले छाइएको छ। दक्षिण मोहडा भएको यस पाटीको पूर्वमा सडक, पश्चिममा इनार, उत्तरमा घर र दक्षिणमा सडक पर्दछ। पाँच कवलको यस पाटीलाई हाल स्थानीय नारायण क्लबले प्रयोग गरेको छ।





लम्बाइ — ३२'.९"
चौडाइ — ६'.६"
टोल — वन्डे
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२४ आश्विन
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४) / व. नं. २१

भौतिक विवरण:—

स्थानीय जनताको सक्रियताको फलस्वरूप समय समयमा आवश्यक मर्मत कार्य भै रहने हुनाले यस पाटीको वर्तमान भौतिक अवस्था सन्तोषजनक छ। पाटीको भित्री भाग सिमेन्टले प्लास्टर गरिएको हुनाले शोभायमान देखिन्छ। तीन कवल पश्चिम मोहडाको यस पाटीको पूर्वमा घर, पश्चिममा सडक, उत्तरमा घर र दक्षिणमा भगवतीको मन्दिर पर्दछ। भगवान्को अर्चनास्वरूप भजन कीर्तन यस पाटीमा हुन्छ।






लम्बाइ — १५'.१"
चौडाइ — ६'
टोल — ह्यूमत, जैसीदेवल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १०४७ भाद्र
बनाउने व्यक्ति — मणिक, विश्वनाथ आदि
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - ठीकै

पाटी (५) /व. नं. २१

भौतिक विवरण :-

पश्चिम मोहडाको यस पाटीको कवलहरू शुरूमा सबै सार्वजनिक प्रयोगकालागि खुला थियो भने हाल घेरे कवलहरू आवासीय प्रयोगकालागि बन्द गरिसकेको देखिन्छ। झिंगटी छाना भएको यो पाटी पश्चिम मोहडाको छ। पाटीको चार किल्ला यस प्रकार रहेको छ—पूर्वमा घर, पश्चिममा चोक तथा मन्दिर, उत्तरमापनि चोक तथा मन्दिर र दक्षिणमा खाली ठाउँ तथा घर पर्दछ।





लम्बाइ — ५७'
चौडाइ — ८'.१०"
टोल — जैसीदेवल, भन्जु
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (६) / व. नं. २१

भौतिक विवरण:—

हाल आवासीय उपयोगमा आइसकेको यस सत्तलको भौतिकस्वरूप अंग्रेजी अक्षर "एल" जस्तो छ। यस सत्तलको तीनै दिशामा सार्वजनिक चोक रहेको छ। सत्तलमा प्रयोग गरेका काठका आम ढोका आदिमा सुन्दर काष्ठकला कुँदिएकाले सत्तलको सौन्दर्य बढेको छ। यो सत्तलको पूर्व, पश्चिम र उत्तरमा चोक र दक्षिणमा स्थानीय मानिसको घर पर्दछ।





लम्बाइ — ५७'.६"
चौडाइ — १२'.१०"
टोल — जैसीदेवल, न्हुग:बहाल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (७) /व. नं. २१

भौतिक विवरण:—

विभिन्न धार्मिक पर्वहरुमा भजन गाउन महत्व रहिआएको यस पाटीको छाना मिश्रित रूपले जस्ता र झिंगटीले छाइएको छ। पाटीको काठको थाम्हरुमा साधारण बुट्टा कुँदिएका छन्। दुवैतिर खुला रहेको यस पाटीको पूर्वमा तीन कवल र उत्तरमा तीन कवल रहेको छ। पाटीको पूर्वमा सडक, पश्चिममा घर, उत्तरमापनि सडक र दक्षिणमा भगवान् श्री कृष्णको मन्दिर पर्दछ।






लम्बाइ — १६'.६"
चौड़ाइ — ११'.६"
टोल — ज्याबहाल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (८) /व. नं. २१

भौतिक विवरण:—

मर्मत तथा सम्भारको अभावमा हाल यस पाटीको झिंगटी छाना धेरै ठाउँमा फुटिसकेकोले छानाबाट वर्षायाममा पानी चुहिनाले गारो समेत बिग्रिएको अवस्थामा रहेको छ। पाटी भत्किनु अघि गरीब परिवारकालागि बास बस्न उपयुक्त भएको देखिन्छ। पूर्व मोहडाको यस पाटीको पूर्वमा सडक, पश्चिममा स्थानीय जनताको घर, उत्तरमा सडक र दक्षिणमापनि स्थानीय जनताको घर रहेको छ।





लम्बाइ — ५४'.९"
चौडाइ — ८'
टोल — लगन
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (९) / व. नं. २१

भौतिक विवरण:—

सार्वजनिक प्रयोगकोनिम्ति निर्माण गरिएको यस सत्तलमा हाल स्थानीय ज्ञान मण्डल क्लब र का. न. प. वडा नं. २१ को कार्यालय रहेको छ। सत्तलको छाना टायलले छाइएको र बाहिरी भागमा सिमेन्टले प्लास्टर गरेको हुनाले सत्तल आकर्षक देखिन्छ। सत्तलको वरिपरिको वातावरणको हकमा पूर्वमा घर, पश्चिममा खाली ठाउँ, उत्तरमा घर र दक्षिणमा बाटो पर्दछ। दक्षिण मोहडाको यो सत्तल सात कवलको छ।






लम्बाइ — ३१'.६"
चौडाइ — १६'.४"
टोल — ज्याबहाल
अभिलेखपत्र —


निर्माण मिति — १७ औं शताब्दी
बनाउने व्यक्ति — दिणमान सिंह र अन्य
जोर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१०) /व. नं. २१

भौतिक विवरण :—

भौतिक आकारमा सानो देखिए तापनि बटुवाहरु विश्राम गर्ने दृष्टिकोणले यस पाटीको आफ्नै महत्व रहेको छ। काठका थामहरुमा आकर्षक बुट्टाहरु कुँदिएको र छाना स्लिगटीले छाइएको छ। पाटीको दक्षिणतर्फ तीन कवल र पूर्वतर्फ एक कवल रहेको छ। दक्षिण मोहडाको यस पाटीको पूर्वमा सडक, पश्चिममा घर, उत्तरमापनि घर र दक्षिणमा सडक पर्दछ।





लम्बाइ — १६'.८"
चौडाइ — ३'.६"
टोल — मतलाछी
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जोर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (११) / व. नं. २१

भौतिक विवरण:—

सडकको किनारैमा निजी घरसंग जोडिएको यस पाटीको वर्तमान भौतिक अवस्था ज्यादै नराम्रो छ। झिगटीले छाइएको यस पाटीको छाना हाल संपूर्ण रूपले भत्किसकेको र छानाबाट चुहिएको पानीले गारोमा समेत प्रतिकूल असर पारेको छ। पाटीको दक्षिणपट्टि राखिएको सानो ऊयालमा देवताको काष्ठ मूर्ति स्थापना गरेको छ। चार कवल दक्षिण मोहडाको यस पाटीको पूर्वमा घर र अन्य तीनै दिशामा बाटो पर्दछ।





लम्बाइ — १५'.६"
चौडाइ — ६'.११"
टोल — लगन
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१२) / व. नं. २१

भौतिक विवरण:—

घरबारविहीन मानिसकालागि बसोबास गर्न उपयोगी ठहरिएको यो पाटी तीन कवल पश्चिम मोहडाको छ। पाटीलाई निजी प्रयोगमा परिणत गर्न लागेको तथ्य पाटीको दक्षिणपट्टि राखिएको नयाँ ढोकाले संकेत गर्दछ। झिगटी छाना भएको यस पश्चिम मोहडाको पाटीको पूर्वमा घर, पश्चिममा सार्वजनिक कलधारा, उत्तरमा घर र दक्षिणमा पिच सडक पर्दछ।





लम्बाइ — १३'
चौडाइ — ६'.७"
टोल — लगन, गोफले
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१३) /व. नं. २१

भौतिक विवरण:—

काठको खम्बाहरु सुन्दर बुट्टाले सुशोभित यस पाटीको छाना झिंगटीले छाइएको छ । पाटीको दक्षिणतर्फ तीन कवल र पश्चिमतर्फ एक कवल खुला रहेको छ । भगवान नारायणको मूर्ति स्थापना गरेको हुनाले स्थानीय धर्मावलम्बीहरू यस पाटीमा नित्य पूजा गर्न आउने गरेको देखिन्छ । दक्षिण मोहडाको यस पाटीको पूर्वमा घर, पश्चिममा सडक, उत्तरमापनि घर र दक्षिणमा कलधारा पर्दछ ।






लम्बाइ — १४'.१"
चौडाइ — ८'
टोल — लगन, गोफले
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – राम्रो

सत्तल (१४) / व. नं. २१

भौतिक विवरण:—

पूर्व तथा दक्षिण दुवैतर्फ मोहडा खुलेको यस सत्तलको मुख्य मोहडा पूर्वतर्फ तीन कवल र दक्षिणतर्फ दुई कवल रहेको छ । दुई तले यस सत्तलको माथिल्लो भागमा हालिएको भयाल काष्ठकला-को दृष्टिकोणले आकर्षक छ । सत्तलको थामहरूमापनि साधारण बुट्टाले सिंगारिएको छ । पूर्व मोहडा भएको यस सत्तलको पूर्वमा सडक, पश्चिममा घर, उत्तरमापनि घर र दक्षिणमा सडक पर्दछ । हाल यस सत्तलको आवासीय प्रयोग भैरहेको देखिन्छ ।






लम्बाइ — १५'.९"
चौडाइ — १६'
टोल — लगन, गोफले
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१५) / व. नं. २१

भौतिक विवरण:—

तीनैतिर खुला गरी बनाइएको यस पाटीको मुख्य मोहडा पूर्वतर्फ तीन कवल र उत्तर-दक्षिण एक-एक कवल रहेको छ। हाल भिगटी घेरै ठाउँमा फुटिसकेकोले छानाबाट पानी चुहिन्छ। बटुवा-हरुलाई बिश्राम गर्न उपयोगी ठहरिएको यस पाटीको पूर्वमा खाली ठाउँ तथा श्वेतभैरव, पश्चिममा घर, उत्तरमा खाली ठाउँ र दक्षिणमा सडक पर्दछ।





लम्बाइ — ९'.१०"
चौडाइ — ५'.८"
टोल — ब्रम्हटोल
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (१६) / व. नं. २१

भौतिक विवरण:—

मकर मुखाकृत यस ढुंगेधाराको मुहान सुक्नाको कारणले अहिले नगण्य रूपमा मात्र ढुंगेधाराबाट पानी आइरहन्छ। धाराको ठीक मास्तिर नारायण र लक्ष्मीको शिलामा कुँदिएको मूर्ति छ भने तल गरूडको प्रतिमा राखिएको छ। धाराको वरपर अन्य स-साना मूर्ति कुरिएर रहेको छ। दक्षिण दिशातर्फ फर्केको यस पाटीको पूर्वमा खाली ठाउँ तथा घर, पश्चिममा कच्ची सडक, उत्तरमा खाली ठाउँ तथा घर र दक्षिणमा धारा आउने बाटो पर्दछ।






लम्बाइ — २२'
चौडाइ — १७'.९"
टोल — लगन, न्यायमाजु
अभिलेखपत्र —


निर्माण मिति — १४ धौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (१७) /व. नं. २१

भौतिक विवरण :-

स्थानीय जनतालाई लुगा धुन, नुहाउन आदि कार्यमा सघाउ पुऱ्याउँदै आएको यस ढुंगेधाराबाट हाल अत्यल्प मात्र पानी आइरहने हुनाले स्थानीय जनता घरायसी कामकाजकोलागि कमै मात्रामा यस धारामा आधारित भएको देखिन्छ । धाराको ठीक माथि नारायणको मूर्ति र तल करवद्ध मूर्ति राखिएकोछ । मकर मुखाकृत यस ढुंगेधाराको पर्खाल बिग्रिसकेको र भुइँ ज्यादै फोहर छ । पूर्व मोहडाको यस ढुंगेधाराको पूर्वमा सडक, पश्चिममा खाली ठाउँ तथा घर, उत्तरमा लगन जाने बाटो र दक्षिणमा खाली ठाउँ तथा घर पर्दछ ।





लम्बाइ — ८'.८"
चौडाइ — ७'.८"
टोल — लगन
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१८) /व. नं. २१

भौतिक विवरण :-


दुई कवल पूर्व मोहडाको यस पाटीको छाना जस्ताले छाइएको छ । खुद्रा पसल राख्न प्रयोग गरिएको यस सानो पाटीको पूर्वमा सडक, पश्चिममा खाली ठाउँ, उत्तरमा घर र दक्षिणमा सडक पर्दछ ।





लम्बाइ — १५'.१०"
चौडाइ — १२'
टोल — लगन
अभिलेखपत्र —

निर्माण मिति — १७ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


संकेत
पाटी
सत्तल
कुइँ धारा
पोखरी
चउर
दशरथ पथ
शिवपेस्ट
रघुकेअस्र
गणखलाल
धरहरा
महादन्नी
मोखेखलाल
शिवपुरेअर
9 10 20 40 60 80 100 M


चित्र नं. 22

सत्तल (१) / व. नं. २२

भौतिक विवरणः—

परापूर्वकालमा निर्माण गरिएको यो सत्तल तीनतिर खुला गरी निर्माण गरिएको छ । सत्तलको मुख्य मोहडा पश्चिमतर्फ तीन कवल र उत्तर-दक्षिणतर्फ क्रमशः एक एक कवल मात्र छ । सत्तलमा प्रयोग गरेका थामहरुमा विभिन्न किसिमका कलात्मक बुट्टाहरु कुँदिएको र सत्तलको माथिल्लो तलामा रहेको ऊयाल पनि काष्ठकलाको दृष्टिकोणले सुन्दर देखिएको छ । यो सत्तल टेबहाल चोकको मध्य भागमा अवस्थित भएको हुनाले सत्तलको चारैतर्फ टेबहाल चोक रहेको छ । परम्परादेखि धार्मिक क्रियाकलापमा यो सत्तल अधिकतम रूपमा सार्वजनिक प्रयोग हुँदै आएको छ ।






लम्बाइ — १६'.७"
चौडाइ — १४'
टोल — टेबहाल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १६ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – राम्रो

सत्तल (२) / व. नं. २२

भौतिक विवरण :–

प्राचीन काष्ठकलाले ठाउँ ठाउँमा सिंगारिएको यो सत्तल सात कवल पश्चिम मोहडाको छ । सत्तलको दक्षिण मोहडातर्फपनि तीन कवल खुला गरिएको छ । सत्तलको ऊयाल, काठका थामहरु तथा ढोकामा कुँदिएका आकर्षक बुट्टाहरुले गर्दा एकातिर प्राचीन काष्ठकलाको विकास दर्शाएको छ भने अर्कोतिर सत्तलको सौन्दर्य बढाएको छ । सत्तलको छाना झिंगटीले छाइएको छ । मन्दिरमा पूजा गरी भोज मनाउन आउनेहरुकालागि स्थानको सुविधा यस सत्तलले प्रदान गर्दै आइरहेको छ । सत्तलको पूर्व, पश्चिम, उत्तर र दक्षिण चारैतर्फ टेबहाल (चोक) रहेको छ । हाल यस सत्तललाई स्थानीय विद्यालयले कक्षा सञ्चालन गर्नपनि प्रयोग गरेको छ ।





लम्बाइ — ४३'.२"
चौडाइ — २२'.५"
टोल — टेबहाल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — श्री ५ रणबहादुर शाह
हनुमान ढोका
जीर्णोद्धार मिति— वि. सं. १९९१
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (३) / व. नं. २२

भौतिक विवरण:—

सयौं वर्ष पूर्व स्थानीय सीप अनुरूप निर्माण गरिएको यो सत्तल हालपनि धार्मिक दृष्टिकोणले महत्वपूर्ण देखिन्छ। यस सत्तलमा हरेक साल घोडेजात्राको दिन स्थानीय वासिन्दाहरु पूजा गरी भोज खाने गर्दछन। उत्तर मोहडा भएको यस सत्तलको छाना बढी टिकाउकालागि जीर्णोद्धार-पछि जस्ताले छाइएको छ। यस सत्तलको चार किल्ला यस प्रकार रहेको छ- पूर्वमा मन्दिर, पश्चिमा घर, उत्तरमा सडक र दक्षिणमापनि घर पर्दछ। यस सत्तलमा हाल घरबारविहीन गरीब परिवारले बसोबास गरिराखेको देखिन्छ।






लम्बाइ — ७२'
चौडाइ — १८'.३"
टोल — टेबहाल
अभिलेखपत्र —


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (४) / व. नं. २२

भौतिक विवरण:—

पूर्व मोहडाको यस दुई कवले सत्तलको माथिल्लो तला धार्मिक कार्यकालागि प्रयोग हुन्छ भने भुइँ तलामा हाल लुगा सिउने पसल राखिएको देखिन्छ। झिंगटी छानाले छाइएको यस सत्तलको पूर्वमा सडक र बाँकी तीनतिर स्थानीय मानिसहरुको घर पर्दछ।






लम्बाइ — ९'.५"
चौडाइ — ७'.६"
टोल — टेबहाल
अभिलेखपत्र —

निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


सुनधारा (५) / व. नं. २२

भौतिक विवरण:—

सुन्धारा नामले सुप्रख्यात यस ढुंगेधारामा भएका पाँच वटा धाराहरूमध्ये तीन वटा दक्षिणतर्फ र बाँकी दुई धाराहरू एक पूर्व र एक पश्चिमतर्फ फर्केको छ । दक्षिणतर्फ फर्केको तीनवटामध्ये एकमा सुनको जलप भएको कलात्मक पित्तलको खोलले ढुंगेधारालाई सिंगारिएको छ । धाराको वरिपरि विभिन्न देवी देवताका मूर्तिहरू छरिएर रहेका छन् । सडक सतहभन्दा तल निर्माण गरिएको हुनाले धारामा जान सुविधाकोलागि ढुंगाको सिढी निर्माण गरेको छ । स्थानीय एवं अन्य व्यक्तिहरूकालागि नुहाउन, लुगा धुन विशेष सुविधा प्रदान गर्दै आइरहेको यस सुन्धाराको पूर्वमा गोश्वारा हुलाक, पश्चिममा टक्सार विभाग, उत्तरमा व्यारेक र दक्षिणमा सडक पर्दछ ।



लम्बाइ — ९७'.८"
चौडाइ — ९७'.८"
टोल — सुन्धारा
अभिलेखपत्र — पित्तलको धारामा कुँदिएको




निर्माण मिति —वि. सं. १८८५ फाल्गुण ७
बनाउने व्यक्ति — श्री ५ ललित त्रिपुरा
सुन्दरी देवी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो


पोखरी (६) / व. नं. २२

भौतिक विवरण:—

यो पोखरी हाल संरक्षणको अभावमा नराम्रो अवस्थामा रहेको छ । भौतिक स्वरूपमा वृहत् भए तापनि स्थानीय वातावरणको शोभा बढाउनुमा यस पोखरीले सघाउ पुऱ्याएको देखिन्छ । यस पोखरीको पूर्वमा काठमाडौं मोटर सर्भिस तथा पेट्रोल पम्प, पश्चिममा घर, उत्तरमा दूर संचार समितिको कार्यालय र दक्षिणमा आई. सि. एम. को कार्यालय रहेको छ । समयमा सर-सफाई कार्य नगरिएमा निकट भविष्यमा नै यो पोखरी फोहर प्याँक्नेस्थलको रूपमा परिणत हुने संकेत पोखरीको वर्तमान अवस्थाले गरेको छ ।



लम्बाइ — १८०'
चौडाइ — १५०'.
टोल — हरिभवन
अभिलेखपत्र —





निर्माण मिति — १७ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (७) / व. नं. २२

भौतिक विवरण:—

हाल मुहान सुक्नुको कारणले पानी आउन बन्द भैसकेको यो ढुंगेधारा दक्षिणतर्फ फर्केको छ। ढुंगेधाराको माथि विष्णु भगवान् एवं गरूडको मूर्ति लगायत धाराको वरिपरि अन्य देवताका मूर्तिहरू स्थापना गरेको छ। यस ढुंगेधाराको पूर्वमा सानो बाटो, पश्चिममा खाली ठाउँ र पिपलको बोट, उत्तरमा बाटो र दक्षिणमा पनि बाटो पर्दछ। धाराबाट पानी आउन बन्द भैसकेकोले स्थानीय व्यक्तिहरुकालागि यसको कुनै उपादेयता देखिंदैन।






लम्बाइ — २२'
चौडाइ — २२'
टोल — गणबहाल
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (८) / व. नं. २२

भौतिक विवरण:—

धार्मिक एवं आवासीय प्रयोग भैरहेको यो सत्तल भिंगटी छाना हाली प्राचीन शैलीमा निर्माण गरिएको छ। कलात्मक दृष्टिकोणले यस सत्तलको खाश केही महत्व देखिदैन। सत्तलको पूर्वमा गल्ली, पश्चिममा भत्किसकेको पाटी, उत्तरमा सडक र दक्षिणमा स्थानीय मानिसको घर रहेको छ। उत्तर मोहडाको यस सत्तलमा जम्मा तीन कवल छ।





लम्बाइ — १८'
चौडाइ — १०'.२"
टोल — रणमुक्तेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ८८६
बनाउने व्यक्ति — धनदेव, भीम खवा
जीर्णोद्धार मिति— ने. सं. १०३२
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (९) /व. नं. २२

भौतिक विरवण:—

समयमा संरक्षण हुन नसक्दा हाल यो सत्तल भत्किएर सार्वजनिक प्रयोगबाट हटिसकेको देखिन्छ। उत्तर मोहडाको यस सत्तलको पूर्वमा घर, पश्चिममा पनि घर, उत्तरमा सडक र दक्षिणमा खाली ठाउँ रहेको छ।






लम्बाइ — १६'.८"
चौडाइ — ९'.२"
टोल — रणमुक्तेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — मोतीलाल लगायत अन्य तीन जना
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – नराम्रो

सत्तल (१०) /व. नं. २२

भौतिक विवरण :–

प्राचीन शैलीमा निर्माण गरिएको यो सत्तल जीर्णोद्धारपछि जस्ताको छाना हाली आधुनिक शैलीमा परिणत गरेको देखिन्छ। मुख्य मोहडा पश्चिमतर्फ तीन कवल र उत्तर दिशातर्फ दुई कवल खुला गरी बनाइएको छ र सत्तलको भित्री गारोमा सिमेन्ट प्लास्टर गरेकोले सत्तल शोभायमान देखिन्छ। यस सत्तलको पूर्वमा भत्केको पाटी, पश्चिममा बुद्धको मन्दिर, उत्तरमा सडक र दक्षिणमा घर पर्दछ। निजी गुठीका गुठीयारहरूकालागि र अन्य भक्तालुहरूकालागि धार्मिक चाड पर्वमा भोज खान यस सत्तलको महत्व रहिआएको छ।






लम्बाइ — १३'.९"
चौडाइ — ११'.७"
टोल — रणमुक्तेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९७१
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३३ चैत्र
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (११) /व. नं. २२

भौतिक विवरण :—

यो पाटी भक्तिनु अघि धार्मिक कार्यमा प्रयोग हुने भए तापनि हाल भक्तिएर पाटीको ठाउँमा ईट, काठको थुप्रो मात्र बाँकी छ । पाटीलाई पूर्ववत् अवस्थामा लैजान जीर्णोद्धार कार्य यथाशीघ्र गर्नुपर्ने नितान्त आवश्यक छ । यस पाटीको चार किल्ला यस प्रकार रहेको छ- पूर्वमा बुद्धको मन्दिर, पश्चिममा बाटो तथा धारा, उत्तरमा सडक र दक्षिणमा रणमुक्तेश्वर तरकारी बजार पर्दछ ।






लम्बाइ — १३'.९"
चौडाइ — ११'.७"
टोल — रणमुक्तेश्वर
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — जोगमाया, रणमुक्तेश्वर
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१२) /व. नं. २२

भौतिक विवरण :—

स्थानीय व्यक्तिहरूको भनाई अनुसार श्री ५ रणबहादुर शाहकोराज्य कालमा यस सत्तलको निर्माण भएको देखिन्छ । यो सत्तल भौतिक स्वरूपमा तीन दिशामा लम्केको छ र तीनै दिशामा मोहडा खुल्ने गरी निर्माण गरिएकों छ । सत्तलको मुख्य मोहडा उत्तर तर्फ नौ कवल छ । सत्तलको भयाल, ढोका आदिमा विभिन्न किसिमको सुन्दर बुट्टाहरू कुँदिएका छन् । छानामा छाइएको झिंगटी हाल धेरै ठाउँमा फुटिसकेकोले समयमा मर्मत गर्नु पर्ने देखिन्छ । यस सत्तलको पूर्वमा तरकारी पसल, पश्चिममा घर, उत्तरमा सडक र दक्षिणमा रणमुक्तेश्वरको मन्दिर पर्दछ । स्थानीय विद्यालयले पठन पाठनकालागि यस सत्तलको प्रयोग गरेको देखिन्छ ।






लम्बाइ — २१४'.१०"
चौडाइ — २०'.६"
टोल — रणमुक्तेश्वर
अभिलेखपत्र — ताम्रपत्र


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — श्री ५ रणबहादुर शाह
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१३) /व. नं. २२

भौतिक विवरण:—

झिगटी छानाले छाइएको यो तीन कवले सत्तल पश्चिम मोहडाको छ। हालसम्म सत्तलमा प्रयोग गरेका सामग्रीहरू जस्तो काठ,ढुङ्गा, ईट आदि राम्रो अवस्थामा छ । समय समयमा जीर्णोद्धार भैरहने हुंदा सत्तलको भौतिक अवस्था राम्रो भएको देखिन्छ। धार्मिक कार्यमा प्रयोग हुने यस सत्तलको पूर्वमा घर, पश्चिममा सडक, उत्तरमा घर र दक्षिणमा देवताको मन्दिर तथा गल्ली पर्दछ।





लम्बाइ — १३'
चौडाइ — ११'.७"
टोल — ओमबहाल, जोरगणेश
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — देवनारायण महर्जन
ओमबहाल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (१४) /व. नं. २२

भौतिक विवरण:—

यो सत्तल चारै दिशामा समानरूपले फैलिएको छ र सत्तलको प्राङ्गणमा तलेजुको मन्दिरपनि स्थापना गरेको छ। सत्तलको छाना शुरूमा टायलले छाइएको भए तापनि कालान्तरमा टायल फुट्नाको कारणले छानाको केही भागमा हाल जस्ता राखिएको छ। सत्तलको भयाल, ढोका, थाम आदिमा कुँदिएका बुट्टाहरु ज्यादै आकर्षक देखिन्छन् यस। सत्तलको पूर्वमा बगैंचा, पश्चिममा सडक, उत्तरमा पनि बगैंचा र दक्षिणमा दरबार रहेको छ। मन्दिरमा पूजा गर्न आउने भक्तजनहरुको उपयोगकोलागि सत्तलको निर्माण भएको देखिन्छ।





लम्बाइ — ६०'
चौडाइ — २३'
टोल — बागदरबार
अभिलेखपत्र — ताम्रपत्र, शिलापत्र


निर्माण मिति — वि.सं. १९१२ श्रावण १२
बनाउने व्यक्ति — श्री ५ उपेन्द्रानन्द शाहदेव
बागदरबार
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

नागपोखरी (१५) / व. नं. २२

भौतिक विवरण:—

नागपोखरी नामक यस पोखरीमा थोरै मात्रामा पानी भएको र पोखरीको चारैतिर झारपात उम्रिएकोले पोखरी ज्यादै फोहर देखिएको छ। अण्डाकार भौतिक आकार भएको यस पोखरीको बीचमा नागको आकृति सहितको चारचटा स्तम्भहरूपनि रहेको देखिन्छ। यस पोखरीको चारै दिशामा गुरूमा बगैंचा भए तापनि हाल गोदामहरू राखिएका छन्।





लम्बाइ — ७२'
चौडाइ —
टोल — बागदरबार, नागपोखरी
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — भीमसेन थापा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१६) / व. नं. २२

भौतिक विवरण:—

झिगटी छाना हाली प्राचीन शैलीमा निर्माण गरिएको यो सत्तल अठार कवल उत्तर मोहडाको छ। सत्तलको छाना धेरै ठाउँमा विग्रिसकेकोले यथाशीघ्र मर्मत गर्नुपर्ने देखिन्छ। यस सत्तलको पूर्वमा हरिशम्शेरको दरबारको ढोका, पश्चिममा गल्ली, उत्तरमा सडक र दक्षिणमा हरिशम्शेरको क्याम्प रहेको छ। हाल यस सत्तलमा घरबारविहीन करीब आठ परिवारले बसोबास गरिरहेको छ।





लम्बाइ — १६६'
चौडाइ — २०'.२"
टोल — सुन्धारा
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति —वि. सं. १८७९
बनाउने व्यक्ति — भीमसेन थापा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१७) / व. नं. २२

भौतिक विवरण:—

पूर्व मोहडाको यस सत्तलको भुइँ तलामा भगवान् बुद्धको नित्य पूजा गर्न मूर्ति राखिएको छ भने माथिल्लो तलामा घर नभएका एक परिवारले बसोबास गरिराखेको छ । सत्तलको मूल प्रवेश द्वार र भ्यालमा कुँदिएको देवताका मूर्ति एवं अन्य बुट्टाहरूले प्राचीन काष्ठकलाको झलक प्रस्तुत गरेको छ । यस सत्तलको पूर्वमा टेबहाल र बाँकी तीनैतिर स्थानीय जनताको घर पर्दछ । सत्तलको छाना झिंगटीले छाइएको छ ।



लम्बाइ — २३'.४"
चौडाइ — १३'.९"
टोल — टेबहाल
अभिलेखपत्र —



निर्माण मिति — १७ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (१८) / व. नं. २२

भौतिक विवरण:—

पूर्व मोहडाको यस पाँच कवले सत्तल दुई नाले तीन तलाको छ । समय समयमा आवश्यकता अनुरूप मर्मत सम्भार कार्य भैरहने हुनाले हाल सत्तलको भौतिक अवस्था सन्तोषजनक देखिन्छ । यस सत्तलको पूर्वमा घर, पश्चिममा गोल्छाको घर, उत्तरमा भत्किसकेको पाटी र दक्षिणमा खाली ठाउँ पर्दछ । घरबारविहीन तीन परिवारले बसोबासको लागि यस सत्तलको प्रयोग गरेको देदिन्छ ।



लम्बाइ — ५१'.६"
चौडाइ — १३'.३"
टोल — सुन्धारा
अभिलेखपत्र — शिलापत्र





निर्माण मिति — वि.सं. १९०१ आषाढ
बनाउने व्यक्ति — जनरल माथवर सिंह थापा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (१९) / व. नं. २२

भौतिक विरण:—

यस ढुंगेधाराको मुहान सुकिसकेको र निकास पनि रेखदेखको अभावमा बन्द भैसकेको हुनाले ढुंगेधाराको भौतिक अवस्था ज्यादै नराम्रो छ। धाराबाट आएको पानी निकास बन्द हुनाको कारणले हाल धाराको वातावरण पोखरी जस्तो देखिएको छ। यस ढुंगेधाराको पूर्वमा घर, पश्चिममा सत्तल, उत्तरमा पनि घर र दक्षिणमा भगवतीको मन्दिर पर्दछ।






लम्बाइ — ३६'.६"
चौडाइ — २५'-३"
टोल — सुन्धारा
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. १९०१ आषाढ
बनाउने व्यक्ति — जनरल माथवर सिंह थापा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२०) / व. नं. २२

भौतिक विवरण :—

हाल यो पाटी संरक्षणको अभावमा केवल पश्चिम, उत्तर र दक्षिणतर्फको गारोको केही अंश मात्र अवशेषकोरूपमा बाँकी रहेको र अन्य संपूर्ण भाग भत्किसकेको छ। यस पाटीको पूर्वमा भगवतीको मन्दिर, पश्चिममा खाली ठाउँ, उत्तरमा सत्तल र दक्षिणमा बारी पर्दछ।






लम्बाइ — १७'.१०"
चौडाइ — १३'.४"
टोल — सुन्धारा
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति--
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (२१) /व. नं. २२

भौतिक विवरण :—


धार्मिक कार्यमा प्रयोग हुने गरेको यो पाटी झिंगटी छाना हाली निर्माण गरिएको छ । हाल छानामा प्रयोग गरेको झिंगटी घेरै ठाउँमा फुटिसकेकोले छानाबाट पानी चुहिने गर्दछ । पश्चिम मोहडा भएको यस पाटीको पूर्वमा दाउरा बिक्री गर्ने डिपो र बाँकी तीनैतिर सार्वजनिक चोक पर्दछ ।





लम्बाइ — २६'.७"
चौडाइ — ६'.७"
टोल — टेबहाल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९९९
बनाउने व्यक्ति — सिद्धिमान, ज्ञानवीर आदि
टेबहाल
जीर्णोद्धार मिति— वि. सं. २०२२
वर्तमान भौतिक अवस्था — ठीकै



संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
प्याफल
हनुमान ढोका
मरुहिटी
मरुटोल
भिम्सेनस्थान
बसन्तपुर
शुक्रपथ
गंगा पथ
दशरथपथ
धर्मपथ
अष्टनारायण स्थान
कुमाल टोल
पुरानो संसार
ॐ बहाल
मञ्जीपाट
मञ्जुश्री
संकेत
पाटी
0 10 20 40 60 70 100 मी.
3.
वडा नं. 23

पाटी (१) / व. नं. २३

भौतिक विरवण:—

साधारण शैलीमा टायल छाना हाली बनाइएको यस पाटीको वि०सं० २०३० मा जीर्णोद्धार कार्य भएको हुनाले वर्तमान भौतिक अवस्था ठीकै देखिएको छ । यस पाटीमा शिलामा कुँदिएको भगवान् बुद्ध र गणेशको मूर्ति राखिएको छ । यस पाटीमा हरेक साल कार्तिक महीनाभरी स्थानीय मानन्धर समुदायका व्यक्तिहरूले भगवान्को आराधनास्वरूप दापा बाजा बजाउने गरेको देखिन्छ । पाटीको मुख्य मोहडा पूर्वतर्फ चार कवल र उत्तरतर्फ दुई कवल रहेको छ । पाटीको पूर्वमा बाटो, पश्चिममा चोक, उत्तरमा सानो गल्ली तथा घर र दक्षिणमा पनि गल्ली पर्दछ ।





लम्बाइ — ३२'.८"
चौडाइ — २९'.११"
टोल — क्वाछें, न्हूसाल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि.सं. २००२ चैत्र
बनाउने व्यक्ति — कुलबहादुर मानन्धर
क्वाछें, न्हूसाल
जीर्णोद्धार मिति— वि. सं. २०३०
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२) / व. नं. २३

भौतिक विवरण:—

कुमारीको निवासस्थानकोरूपमा रहेको यो सत्तल धार्मिक एवं कलात्मक दुवै दृष्टिकोणले गरिकै महत्वपूर्ण साबित हुन्छ। सत्तलको भित्री भागको ठाउँ ठाउँमा ढुङ्गामा कुँदिएका मूर्ति एवं हस्त लिखित चित्र आदिले सत्तलको सौन्दर्य बढाएको छ । यस सत्तलको पूर्वमा बसन्तपुर दरबारको प्राङ्गण, पश्चिममा स्थानीय जनताको घर, उत्तरमा सडक (पिच) र दक्षिणमा पनि निजी घर पर्दछ ।





लम्बाइ — ११२'.२"
चौडाइ — ११२'.२"
टोल — वसन्तपुर, मरू
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — जयप्रकाश मल्ल
काठमाडौं
जीर्णोद्धार मिति— वि. सं. २०२३।६।११।६
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (३) /व. नं. २३

भौतिक विवरण:–

भुइँ तला बटुवाहरूको विश्रामकोलागि र माथिल्लो तला भजन कीर्तन गर्न हुने किसिमले यस सत्तलको निर्माण गरिएको छ । पश्चिम मोहडाको यस सत्तलको भुइँ तलामा विभिन्न किसिमका पसलहरू राखिएका छन् । सत्तलको मुख्य मोहडातर्फ तेह्र कवल र उत्तरतर्फ चार कवल मात्र छ । सत्तलका भयालहरूमा कुँदिएको विभिन्न बुट्टाहरूले प्राचीन काष्ठकलाको प्रदर्शन गरेको छ । यस सत्तलको पूर्वमा स्थानीय जनताको घर, पश्चिममा सडक, उत्तरमा पनि सडक र दक्षिणमा गल्ली पर्दछ ।






लम्बाइ — ६०'
चौडाइ — २५'.३"
टोल — काठमाडौं गणेशस्थान, मरू
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति — लक्ष्मीनरसिंह, काठमाडौं
जीर्णोद्धार मिति— वि. सं. १९९१
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (४) / व. नं. २३

भौतिक विवरण:—

कलात्मक दृष्टिकोणले सुन्दर देखिने यो सत्तल दुई तले दक्षिण मोहडाको छ । सत्तलको पश्चिमतर्फ पाँच कवल र पूर्वतर्फ एक कवल रहेको छ । सत्तलको प्रत्येक काठका खम्बाहरुमा (थाम) बायूपंखी घोडा, सिंह आदिका मूर्ति आकर्षक किसिमले कुँदिएको छ । दक्षिण मोहडाको यस तीन कवले सत्तलको पूर्वमा चोक, पश्चिममा सडक, उत्तरमा घर र दक्षिणमा चोक पर्दछ । हाल यो सत्तल घरबार नभएका एक परिवारले बसोबासकोलागि प्रयोग गरेको देखिन्छ ।





लम्बाइ — २५'.१०"
चौडाइ — १५'.६"
टोल — अटकनारायणस्थान
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — ने. सं. ९२८ जेष्ठ
बनाउने व्यक्ति — राज नरसिं, अटकनारायणस्थान
जीर्णोद्धार मिति— वि. सं. १९२७ वैशाख
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (५) /व. नं. २३

भौतिक विवरण:—

धेरै वर्ष अघि निर्माण भएको यस सत्तलको हालसम्म कुनै किसिमको मर्मत वा जीर्णोद्धार नभएको हुंदा हाल सत्तलको सबै भाग विशेष गरेर दक्षिणतर्फको गारो पुरै भत्किसकेको छ । सत्तलमा प्रयोग गरेका काठपनि कुहिसकेकोले फेर्नुपर्ने अवस्थामा रहेको छ । दुई तले पूर्व मोहडाको यस सत्तलको पूर्वमा बुद्ध भगवान्को मन्दिर, पश्चिममा स्थानीय जनताको घर, उत्तरमा अट्कोनारायण स्थान र दक्षिणमा तेल पेल्ने घर (साल) संग जोडिएको छ । हरेक वर्ष बाला-चतुर्दशीको दिन पूजा हुंदा यस सत्तलको विशेष प्रयोग भएको देखिन्छ ।



लम्बाइ — १७
चौडाइ — १२'.७"
टोल — फल्चासाल, क्वाछें
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — हिराभाई मानन्धर, क्वाछें
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो


पाटी (६) /व. नं. २३

भौतिक विवरण :—

समयमा आवश्यक मर्मत कार्य नभएकोले हाल यस पाटीको झिंगटी छाना पूर्ण-रुपले भत्किसकेकोले छानाबाट चुहिने पानीले गर्दा गारो समेत बिग्रिसकेको छ । पाटीको टुँडालमा कलात्मक किसिमले न्याउरी मुसा र सिंहको मूर्ति कुँदिएको छ । इन्द्रजात्राको समयमा यस पाटीको पूर्वमा घर, पश्चिममा बाटो तथा चोक, उत्तरमा पनि चोक र दक्षिणमा खाली ठाउँ पर्दछ ।



लम्बाइ — २०'.५"
चौडाइ — ७'.८"
टोल — मरू, ग्वाछेंमुगल
अभिलेखपत्र — शिलापत्र





निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — नवाफ सिं श्रेष्ठ
बसन्तपुर, पुष्यबहाल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (७) / व. नं. २३

भौतिक विवरण:—

शैलीको दृष्टिकोणले साधारण देखिने यस पाटी तीन कवल उत्तर मोहडाको छ। छानामा रहेको जस्ता र दुङ्गा आदिपनि ठीकै अवस्थामा रहेकोले गारोमा साधारण मर्मत कार्य गरिएमा पाटीको भौतिकस्वरूप राम्रो हुने देखिन्छ। यस पाटीको पूर्वमा गल्ली, पश्चिममा चोक, उत्तरमा पनि चोक र दक्षिणमा घर रहेको छ। बटुवाहरु विश्राम गर्न, भजन कीर्तन गर्न यस पाटीको महत्व छ।






लम्बाइ — १२'.१"
चौडाइ — ५'.३"
टोल — मरू, ग्वाछेंमुगल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — गोबिन्दलाल श्रेष्ठ
जोर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था – ठीकै

पाटी (८) / व. नं. २३

भौतिक विवरण:—

तीनैतिर खुला गरी बनाइएको यस पाटीको पश्चिमतर्फ तीन कवल र उत्तर-दक्षिणतर्फ एक एक कवल रहेको छ। टायल छाना भएको यस पाटीको समयमा मर्मत कार्य नभएकोले दक्षिणतर्फको केही भाग र पश्चिमतर्फको पूरै भाग भत्किने अवस्थामा रहेको छ। पश्चिम मोहडाको यस पाटीको पूर्वमा होटल, पश्चिममा स्थानीय व्यक्तिको घर तथा बसन्तपुर जाने सानो बाटो, उत्तरमा सिंह-सत्तलबाट बसन्तपुर निस्कने कच्चीबाटो र दक्षिणमा ओमबहाल जाने गल्ली पर्दछ। समय समयमा भोज खान स्थानीय वासिन्दा यस पाटीको प्रयोग गर्छन्।






लम्बाइ — १२'
चौडाइ — ७'
टोल — मरू, ग्वाछेंमुगल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जोर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – नराम्रो

पाटी (९) / व. नं. २३

भौतिक विवरण:—

काठमाडौं नगर पञ्चायत वडा नं. २३ को कार्यालयले प्रयोग गरेको यो साधारण शैलीमा निर्मित पाटी तीन कवल दक्षिण मोहडाको छ। पाटीको छाना जस्ताले छाइएको छ। भौतिक अवस्थाको दृष्टिकोणले राम्रो भएको यस पाटीको पूर्वमा सडक, पश्चिममा मन्दिर, उत्तरमा चोक र दक्षिणमा ओमबहाल जाने बाटो पर्दछ। नगर पञ्चायतले आफ्नो कार्यालय राख्नु अघि यस पाटीमा धार्मिक कार्य हुने बुझिएको छ।






लम्बाइ — १०'
चौडाइ — ५'
टोल — जोरगणेश
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१०) / व. नं. २३

भौतिक विवरण:—

एक कवल पश्चिम दिशातर्फ र पाँच कवल दक्षिण मोहडातर्फ फर्केको यस पाटीको थामहरुमा विभिन्न देवताका आकर्षक मूर्तिहरु कुँदिएको छ। पाटीको वर्तमान भौतिक अवस्था राम्रो छ र छाना जस्ताले छाइएको छ। यस पाटीको पूर्वमा मन्दिर, पश्चिममा सडक, उत्तरमा घर र दक्षिणमा सडक पर्दछ। हाल धार्मिक कार्यमा पाटीको प्रयोग भएको छ।






लम्बाइ — २२'.४"
चौडाइ — ५'.४"
टोल — जोरगणेश
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति —
वर्तमान भौतिक अवस्था – राम्रो

पाटी (११) / व. नं. २३

भौतिक विवरण:—

प्राचीन शैली झल्काउने यस पाटीको वर्तमान भौतिक अवस्था नराम्रो छ । पूर्वपट्टिको छाना-मध्ये आधा भाग भत्किसकेको र झिंगटीपनि ठाउँ ठाउँमा फुटिएको अवस्थामा यो पाटी रहेको छ । पाँच कवल उत्तर मोहडाको यस पाटीको पूर्वमा सडक, पश्चिम तथा उत्तरमा दाउरा बिक्री गर्ने पसल र दक्षिणमा स्थानीय जनताको घर पर्दछ । इन्द्रजात्राको समयमा पूजा आजा गर्न यस पाटीको प्रयोग गर्ने गर्दछन् ।





लम्बाइ — २३'.५"
चौडाइ — ७'.१०"
टोल — यंगाल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १०००
बनाउने व्यक्ति — पंच ज्यापूहरूको संयुक्त सहयोग
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१२) / व. नं. २३

भौतिक विररण:—

टायल छाना हाली निर्माण गरिएको यस पाटीको पूर्वतर्फको छाना भत्किसकेको र समयमा मर्मत कार्य नगरिएमा छानाको बाँकी भाग समेत भत्की यो पाटी सार्वजनिक प्रयोगबाट हट्न जाने देखिन्छ । दक्षिण मोहडाको यस पाटीमा भित्री गारोमा गणेश तथा अन्य देवताका मूर्ति राखेको छ । बटुवाहरु विश्राम गर्न वा भजन गाउने जस्तो धार्मिक कार्यकालागि प्रयोग हुने यस पाटीको पूर्वमा खाली जग्गा, पश्चिममा सडक, उत्तरमा घर र दक्षिणमा सडक पर्दछ ।






लम्बाइ — २१'
चौडाइ — ७'
टोल — मजिपाट
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— ने. सं. १०५२
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१३) /व. नं. २३

भौतिक विवरण:—

यो सत्तल भत्किनु अघि धार्मिक कार्य जस्तो भजन गाउने, पुराण खाउने आदि हुने गर्थ्यो तर हाल पूर्णरूपले भत्किएको हुनाले सत्तलको कुनै पनि सार्वजनिक प्रयोग भएको छैन । उत्तर मोहडाको यस पूर्णरूपले भत्किसकेको सत्तलको पूर्व तथा पश्चिममा घर, उत्तरमा गल्ली र दक्षिणमा पनि घर नै पर्दछ ।






लम्बाइ — २१'.८"
चौडाइ — ८'
टोल — चिकंमुगल
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ذكرا ٢. ٢٨

٠ ١٠ ٢٠ ٣٠ ٤٠ ٥٠ ١٠٠ مترا


ش.



شارع الجمهورية
شارع الجلاء
شارع الجلاء
شارع الجلاء

पाटी (१) /व. नं. २४

भौतिक विवरण :—

भौतिक अवस्थाको दृष्टिकोणले राम्रो भएको यो पाटी तीन कवल पूर्व मोहडाको छ। पाटीको छाना सिमेन्टले प्लास्टर गरी आधुनिक बनाइएको छ। पाटीको भित्री गारोमा सरस्वती, विष्णु र गणेशको मूर्ति प्रतिस्थापना गरिएको छ। पाटीको पूर्वमा बुद्धको मन्दिर, चोक एवं घर, पश्चिममा गल्ली तथा घर, उत्तरमा चोक तथा घर र दक्षिणमा घरसंग पाटी जोडिएको छ। विभिन्न धार्मिक चाडपर्वमा पूजा गरी भोज खान यस पाटीको महत्व रहिआएको छ।






लम्बाइ — ११'.७"
चौडाइ — ७'.७"
टोल — दुगमबहील
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — बेखानारायण महर्जन
दुगमबहील
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (२) /व. नं. २४

भौतिक विरवण:—

कलात्मक दृष्टिकोणले महत्वपूर्ण नभए तापनि स्थानीय धर्मावलम्बीहरुलाई भजन कीर्तन गर्न यस पाटीको शुरूदेखि महत्व रहिआएको छ। यो पाटी तीनैतिर खुला गरी निर्माण गरिएको छ। पाटीको पूर्व तथा पश्चिममा एक एक कवल र उत्तरतर्फ तीन कवल रहेको छ। पाटीको छाना बढी टिकाउकालागि जस्ताले छाइएको छ। उत्तर मोहडाको यस पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा बाटो तथा घर, उत्तरमा मूल सडक र दक्षिणमा मन्दिर तथा खाली ठाउँ पर्दछ।





लम्बाइ — १५'.७"
चौडाइ — ६'.३"
टोल — बट्
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (३) /व. नं. २४

भौतिक विवरण:—


प्राचीन वास्तुकलामा आधारित गरी निर्माण गरिएको यो सत्तल दुई नाले, दुई कवलको छ। सत्तलको उत्तरतर्फ तीन कवल र दक्षिणतर्फ पाँच कवल रहेको छ। सत्तलको माथिल्लो तलामा रहेको ऊयालमा कुँदिएका बुट्टाहरुले सत्तलको सौन्दर्य बढाएको छ। सत्तलको छाना आंशिक रूपमा झिंगटीले छाइएको र आंशिक भाग जस्ताले छाइएको छ। पाँच कवल दक्षिण मोहेडाको यस सत्तालको पूर्वमा घरसंग जोडिएको, पश्चिममा मन्दिरसंग जोडिएको, उत्तरमा स-साना देवालयहरु सहितको चोक र दक्षिणमा चोक पर्दछ। सत्तलको धार्मिक एवं आवासीय प्रयोग भएको देखिन्छ।





लम्बाइ — ३५'.११"
चौडाइ — २०'.६"
टोल — वटु, तथंबहाल
अभिलेखपत्र —


निर्माण मिति — १७ औं शताब्दी
बनाउने व्यक्ति — श्री श्री श्री जय पार्थी
वृन्द मल्ल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै



इन्द्रचोक
मखन
तलेजु
हनुमान ढोका
मरु टोल
जंगा पथ
फसीकेब
संकेत
पाटी
सत्तल
कुइले धारा
पोखरी
चउर
0 10 20 40 60 80 100 मीटर
वडा नं. 24

पाटी (१) / व. नं. २५

भौतिक विवरण :–

काठको खम्बाहरुमा बुट्टा कुँदिएको र छाना जस्ताले छाइएको यो पाटी हाल पहरागणले आफ्नो साइकल राख्न प्रयोग गरेको देखिन्छ । पाँच कवल दक्षिण मोहडाको यस पाटीको पूर्वमा मन्दिर तथाचोक, पश्चिममा यटखा जाने बाटो, उत्तरमा धारा तथा देवालय र दक्षिणमा चोक पर्दछ ।






लम्बाइ — २५'
चौडाइ — ९'.६"
टोल — कम्पुकोट, मखन
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ८६७
बनाउने व्यक्ति — मणोधं भारो
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (२) / व. नं. २५

भौतिक विवरणः—

अंग्रेजी अक्षर "एल" जस्तो देखिने यस सत्तलको पश्चिम भागमा पाँच कवल, दक्षिणमा तीन र पूर्वमा एक कवल छ । सत्तलको काठका खम्बा आदिमा कुंदिएका बुट्टाहरूले सत्तलको शोभा बढाएको छ । पश्चिम मोहडाको यस सत्तलको पूर्वमा घर तथा चोक, पश्चिममा सडक, उत्तरमा घर र दक्षिणमा सडक पर्दछ । विभिन्न धार्मिक चाडपर्वमा स्थानीय भक्तजनहरू मिली यस सत्तलमा भजन कीर्तन गर्ने परम्परा रहेको छ ।





लम्बाइ — ३४'.४"
चौडाइ — ६'
टोल — यटखा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९०५ माघ
बनाउने व्यक्ति — नम सिं भारो
जीर्णोद्धार मिति— वि. सं. १९५१ कार्तिक
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (३) / व. नं. २५

भौतिक विवरण:—

प्राचीन काष्ठकलाले गर्दा शोभायमान देखिने यो सत्तल साधारण शैलीमा टायल छाना हाली निर्माण गरिएको छ। सत्तलको ऊयालहरूमा कुँदिएका बुट्टाहरू आकर्षक देखिन्छ। पाँच कवल पश्चिम मोहडाको यस सत्तलको पूर्वमा घर, पश्चिममा मूल सडक, उत्तरमा सरकारी धारा तथा सडक र दक्षिणमा देवताको घरसंग (द्यो:छें) जोडिएको छ। सत्तालको हाल एकातिर धार्मिक प्रयोग र अर्कोतिर आवासीय प्रयोगपनि भैरहेको छ।





लम्बाइ — २८'.१०"
चौडाइ — ७'.३"
टोल — यटखा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - रान्रो

पाटी (४) / व. नं. २५

भौतिक विवरण:—


साधारण शैलीमा जस्ताको छाना हाली निर्माण गरिएको यस पाटीको छानाको जस्ता ठाउँ ठाउँमा प्वाल परिसकेको हुनाले पानी चुहिने गर्दछ। अन्य धेरै जसो पाटीहरूमा जस्तै यस पाटीमा पनि बिष्णु भगवानको शिलामा कुँदिएको सानो मूर्ति स्थापना गरेको छ। दक्षिण मोहडाको यस पाटीको पूर्वमा गल्ली तथा घर, पश्चिममा खाली ठाउँ तथा सत्तल, उत्तरमा घरसंग जोडिएको र दक्षिणमा बाटो पर्दछ। विभिन्न चाडपर्वमा देवताको पूजा गरी स्थानीय वासिन्दा यस पाटीमा बसी प्रसाद वितरण गर्ने गर्छन।






लम्बाइ — १२'.२"
चौडाइ — ६'.९"
टोल — यटखा
अभिलेखपत्र —

निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै



संकेत

- △ पाटी
- ⬠ सत्तल
- □ ढुङ्गे धारा
- ⬭ पोखरी
- ⬭ चउर




वडा नं. २६


पाटी (१) / व. नं. २६

भौतिक विवरण:—

स्थानीय सामग्री जस्तो काठ, ईंट, झिगटी आदिको प्रयोग री बनाइएको यस पाटीको छाना झिंगटीले छाइएको छ। स्थानीय धर्मावलम्बीहरू भजन गर्न यस पाटीको प्रयोग गर्ने गर्दछन्। यस पाटीको पूर्वमा बाटो, पश्चिममा घर, उत्तरमा बारी र दक्षिणमा बाटो पर्दछ।



लम्बाइ — १२'.७"
चौडाइ — ६'.७"
टोल — यटखा
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीक


सत्तल (२) / व. नं. २६

भौतिक विवरण:—

काठको खम्बाहरूमा बुट्टा कुँदिएको यस सत्तल दुई तले, तीन कवल उत्तर मोहडाको छ। हाल यो सत्तल घरबार नभएका गरीब परिवारले बसोबासकालागि प्रयोग गरेको छ। भुइँको ईंटा केही बिग्रिएकोले मर्मत गर्नुपर्ने देखिन्छ। यस सत्तलको पूर्वमा खाली ठाउँ तथा शिवलिङ्ग, पश्चिममा खाली ठाउँ तथा घर, उत्तरमा मूल सडक र दक्षिणमा खाली ठाउँ तथा घर पर्दछ।



लम्बाइ — १५'.१०"
चौडाइ — १४'.१०"
टोल — किलागल
अभिलेखपत्र —




निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीक

सत्तल (३) /व. नं. २६

भौतिक विवरण :–

भिंगटी छाना हाली निर्माण गरिएको यस पुरानो सत्तलको थामहरूमा कमलको बुट्टा कुँदिएको हुनाले राम्रो देखिन्छ । सत्तलको बीचमा देवताको मूर्तिपनि स्थापना गरेको छ । धार्मिक कार्यको निमित्त यस सत्तलको प्रयोग भएको छ । पाँच कवल उत्तर मोहडाको यस सतलको पूर्व र पश्चिममा खाली ठाउ, उत्तरमा चोक तथा मूल सडक र दक्षिणमा खाली ठाउँ तथा घर पर्दछ ।






लम्बाइ — २७'.११"-
चौडाइ — १०'.७" -
टोल — किलागल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. १९२६
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (४) / व. नं. २६

भौतिक विवरण:—


स्थानीय विद्यालयले कक्षा सञ्चालन गर्न प्रयोग गरिराखेको "केश चन्द्र महाविहार" नामक यो सत्तल प्राचीन कलाको दृष्टिकोणले महत्वपूर्ण देखिन्छ । यस सत्तलको भयाल, टुँडाल तथा काठका खम्बाहरूमा कुँदिएका सुन्दर बुट्टाहरुले सत्तलको सौन्दर्य बढाएको छ । सत्तलको छाना जस्ता तथा भिंगटी दुवैले छाइएको छ । पश्चिमतर्फको भागमा बुद्ध भगवानको मूर्ति राखिएको र अन्य तीनैतिर सत्तलले घेरिएको छ । चारैतिर सतल बीचमा भगवानको मूर्ति भएको यस सतलको पूर्वमा इटुमबहाल र अरू तीनैतिर चोक पर्दछ ।





लम्बाइ — ५५'.९"
चौडाइ — १४'
टोल — इटुमबहाल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १४ धौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै



ज्याठा
ढहिटी
१०
८
४
४१
४२
४३
ल्याम
त्यौड
बांगेमुढा
१६
४५
असन
→ बेसलाखी
→ ओखलिगी
७
४४
मुंडा स्ट्रिट
अस्पताल
५
महाबौद्ध
४
३
२
१
चिकित्सा
0 १० २० ४० ६० ८० १०० मी
N
नक्शा नं. २७

सत्तल (१) /व. नं. २७

भौतिक विवरण:—

धार्मिक एवं आवासीय प्रयोग भैरहेको यस सतलमा प्राचीनता दर्शाउन भिंगटी छाना हालिएको देखिन्छ। सत्तलको माथिल्लो तलामा कलात्मक बुट्टाले सिंगारिएको तीनवटा भ्यालहरू राखिएका छन्। यस सत्तलमा विभिन्न धार्मिक चाडपर्वहरूमा भजन कीर्तन गर्ने परम्परा रहेको छ। दक्षिण मोहडाको यस पाँच कवले सत्तलको पूर्वमा खाली ठाउँ, पश्चिममा स्थानीय जनताको पसल, उत्तरमा खाली ठाउँ तथा घर र दक्षिणमा चोक तथा पिच सडक पर्दछ।





लम्बाइ — २४'
चौडाइ — ९'
टोल — वटु, गणेशस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — मानलक्ष्मी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था - राम्रो

सत्तल (२) /व. नं. २७

भौतिक विवरण:—

यस सत्तलको माथिल्लो तला घरबारविहीन व्यक्तिका एक परिवारले बसोबासकोलागि प्रयोग गरेको छ र तल्लो तला भजन गर्न प्रयोग गरेको देखिन्छ। सत्तलको टुँडाल र झ्यालहरूमा आकर्षक ढंगबाट देवी देवताका मूर्तिहरु कुँदिएका छन्। यस सत्तलको पूर्वमा पिच सडक, पश्चिममा घर, उत्तरमापनि घर र दक्षिणमा सडक पर्दछ।





लम्बाइ — ५०'
चौडाइ — ९'
टोल — वटु
अभिलेखपत्र —


निर्माण मिति — १६ औं शताब्दी
बनाउने व्यक्ति — शाक्य भिक्षु जय लक्ष्य
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (३) /व. नं. २७

भौतिक विवरण :—

दक्षिण मोहडाको यस सत्तलको झिंगटी छाना बाहेक अरू सबै भाग राम्रो अवस्थामा रहेको छ। झिंगटी छाना समयमा जीर्णोद्धार नभएमा छानाबाट पानी चुहिन गई गारो समेत बिग्रने स्थिति देखिएको छ। सत्तलको बिभिन्न भागमा भगवती, सरस्वती, गणेश आदिका मूर्तिहरू राखिएका छन्। यस सत्तलको पूर्वमा वटु भद्रकाली देवस्थान, पश्चिममा स्थानीय व्यक्तिको घर, उत्तरमा खाली जग्गा दक्षिणमा मूल सडक पर्दछ। यो सत्तल तीन कवल दक्षिण मोहडाको छ।






लम्बाइ — २५'
चौडाइ — १३'
टोल — वटु
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति — कान्छालाल, वटु
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (४) / व. नं. २७

भौतिक विवरण:—

यस सत्तलको जीर्णोद्धारपछि झिंगटी छाना हटाई जस्ताको छाना हालिएको देखिन्छ। सत्तलको भुइँमा सिमेन्टले प्लास्टर गरेको हुनाले शोभायमान देखिन्छ। काठका थामहरूमा बिभिन्न देवी देवताका मूर्ति कुँदिएको छ। यस तीन कवल दक्षिण मोहडाको सत्तलको पूर्वमा स्थानीय जनताको घर, पश्चिममा खाली ठाउँ तथा वटु भद्रकाली देवस्थान, उत्तरमा स्थानीय जनताको घर र दक्षिणमा पिच सडक पर्दछ। यो सत्तल भजन कीर्तन गर्न र बास नभएकाहरूकालागि बास बस्न उपयुक्त ठहरिएको छ।






लम्बाइ — १८'
चौडाइ — ६'.२"
टोल — वटु
अभिलेखपत्र —

निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२८
वर्तमान भौतिक अवस्था — राम्रो


सत्तल (५) / व. नं. २७

भौतिक विवरण:—

काठमाडौं शहरको मुख्य बजार केन्द्र ठहरिएको असन बजारको मुटुमा निर्माण गरिएको यस सत्तल प्राचीन काष्ठकलाको दृष्टिकोणले महत्वपूर्ण छ । दुई तले यस सत्तलको माथिल्लो भाग शान्ति सुरक्षाको निम्ति प्रहरीले प्रयोग गरेको छ भने तल्लो तलामा विभिन्न किसिमका पसलहरु राखिएका छन् । तल्लो तलामा भजन गर्ने केही भाग छुट्याइएको छ । सत्तलको प्रत्येक ऊयालमा बुट्टाहरु कुँदिएको र छाना झिंगटीले छाइएको छ । तेज्ह कबल उत्तर मोहडाको यस सत्तलको पूर्वमा अन्नपूर्णको मन्दिर तथा घर, पश्चिम स्थानीय मानिसको घर जाने सानो भाटो, उत्तरमा असन बजार र दक्षिणमा स्थानीम मानिसको घर पर्दछ ।



लम्बाइ — ७८'
चौडाइ — १८'
टोल — असन
अभिलेखपत्र — शिलापत्र



निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति — कमला, रामलाल, अष्ट बहादुर आदि, भोटाहिटी असन
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो


सत्तल (६) /व. नं. २७

भौतिक विवरण:—

सेतो मच्छेन्द्रनाथको मन्दिर ठीक अगाडि परापूर्वकालमा निर्माण गरिएको यो सत्तल तीन तले पूर्व मोहडाको छ । सत्तल निर्माण भएदेखिन् आगो लाग्नाको कारणले मात्र केवल एकपल्ट जीर्णोद्धार गरेको देखिन्छ । जीर्णोद्धार गरिएकोपनि तीन दशकभन्दा बढी भएकोले हाल सत्तलमा प्रयोग गरिएको दलिन र छानाको टायल आदिको पुनः मर्मत गर्नु पर्ने स्थिति देखिएको छ । सत्तलको पश्चिमतर्फ अर्थात् मन्दिरतर्फको मोहडामा तलतिर भगवानको प्रार्थनास्वरूप भजन गर्ने गर्छन् । सत्तलको मुख्य मोहडा पूर्वतर्फ प्रवेशद्वारको दुवैतर्फ पसल राखिएका छन् । यस सत्तलको पूर्वमा केल-टोलबाट इन्द्रचोक जाने पिच सडक, पश्चिममा मच्छेन्द्रनाथको मन्दिर, उत्तर र दक्षिणमा स्थानीय जनताको घर पर्दछ ।



लम्बाइ — ४६'.५"
चौडाइ — १५'
टोल — मच्छेन्द्रबहाल
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति — वि. सं. १०५८ पौष
बनाउने व्यक्ति — कुलमान श्रेष्ठाचार्य लक्ष्मीमाया, अष्टमाया
जीर्णोद्धार मिति— वि. सं. १९९४
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (७) / व. नं. २७

भौतिक विवरण:—

असनबाट केलटोल जाने सडकको दायाँपट्टि रहेको यस पाटीमा कपडा, पान, फलाम आदि विभिन्न किसिमका पसलहरू धेरै वर्ष पहिलेदेखि राखिएको देखिन्छ । झिंगटीले छाइएको यस पाटी अठार कवल पूर्ण मोहडाको छ । व्यापारिक दृष्टिकोणले अत्यन्त महत्व रहिआएको यस पाटीको पूर्वमा पिच सडक, पश्चिममा निजी घरको बारी, उत्तर र दक्षिण दुवैतर्फ स्थानीय मानिसहरूको घर पर्दछ ।





लम्बाइ — ५४'.७"
चौडाइ — ७'
टोल — मच्छेन्द्रबहाल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — गुठी संस्थान
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (८) /व. नं. २७

भौतिक विवरण:—

पूर्व र दक्षिण दुवैतर्फ मोहडा खुलेको र दुवैतर्फ क्रमशः तीन कवल र दुई कवल भएको यस पाटीमा बुद्ध जयन्ती, कृष्णाष्टमी जस्तो धार्मिक पर्वहरूमा भगवान बुद्ध र कृष्ण आदिको तस्वीरहरू जनसमक्ष प्रदर्शन गर्न यस पाटीले निकै सघाउ पुऱ्याएको देखिन्छ ! पाटीको भित्री खोपामा भगवान् बुद्धको सानो मूर्तिपनि राखिएको छ । झिंगटीले छाइएको यस पाटीको छाना हाल केही भाग बिग्रि-सकेकोले मर्मत गर्नु पर्ने देखिन्छ । यस पाटीको पूर्वमा पिच सडक, पश्चिममा स्थानीय जनताको घर, उत्तरमा पनि घर र दक्षिणमा सडक पर्दछ ।






लम्बाइ — ११'.६"
चौडाइ — १०'.६"
टोल — कुसुमबियालाछी
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


पाटी (९) / व. नं. २७

भौतिक विररण:—

शुरू शुरूमा भजन गर्नकालागि प्रयोग गरिने यो पाटी हाल छानाबाट पानी चुहिने र गारो पनि बिग्रिसकेको हुनाले यस पाटीको खास कुनै उपादेयता स्थानीय जनतालाई भएको देखिदैन। यस पाटीको पूर्वमा भगवान् बुद्धको मन्दिर सहितको बहाल, पश्चिममा पिच सडक, उत्तरमा बहाल पर्ने बाटो र दक्षिणमा स्थानीय जनताको पसल रहेको छ।



लम्बाइ — २५'.३"
चौडाइ — ८'.५"
टोल — ऊवा:बहाल
अभिलेखपत्र — शिलापत्र



निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति — लक्ष्मी, ऊवा:बहाल
जीर्णोद्धार मिति— ने. सं. १०३४
वर्तमान भौतिक अवस्था — ठीकै


सत्तल (१०) /व. नं. २७

भौतिक विवरण :—

परापूर्वकालदेखि स्थानीय इलाकाका बज्राचार्य समुदायका केही परिवारलाई बसोबासको सुविधा उपलब्ध गराउँदै आएको यो सत्तल स्थानीय समुदायमा "मुस्याबहाल"को नाउँले परिचित छ। यस बहालको भित्र दक्षिण भागमा भगवान बुद्धको मूर्ति राखिएको र प्राङ्गणमा पनि अन्य चैत्य-हरू राखी बहाललाई पवित्र तुल्याएको छ। यस बहालको पूर्वमा खाली ठाउँ तथा घर, पश्चिममा घर, उत्तरमा पिच सडक र दक्षिणमापनि बहाल पर्दछ ।



लम्बाइ — ६७'
चौडाइ — १३'.४"
टोल — मुस्याबहाल
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति — मारूनी लक्ष्मी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (११) / व. नं. २७

भौतिक विवरण:—

काठको खम्बामा बुट्टा कुँदी बनाएको यो पाटी तीन कवल पूर्व मोहडाको छ। यस पाटीको पूर्वमा पिच सडक, पश्चिममा निजी घरसंग जोडिएको, उत्तरमा ऊवाबहाल जाने गल्ली र दक्षिणमा घर पर्दछ। बटुवाहरू यस पाटीमा विश्राम गर्ने गर्दछन। पाटीको छाना झिगटीले छाइएको छ।






लम्बाइ — १०'
चौडाइ — ६'
टोल — तंलाछी
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१२) / व. नं. २७

भौतिक विवरण:—

प्रत्येक वर्ष कृष्णजन्माष्टमीको पवित्र दिनमा भगवान श्रीकृष्णको तस्वीरहरू प्रदर्शन गर्न यस पाटीको विशेष प्रयोग हुने गरेको देखिन्छ। यस अतिरिक्त वैशाख पूर्णिमाको दिन पाटीको वार्षिकोत्सवको रूपमा भजन गर्ने परम्परा पनिरहेको देखिन्छ। पूर्व मोहडाको यस तीन कवले पाटी झिगटी छाना हाली बनाइएको छ। पाटीका काठका थामहरूमा गमला, सिंह आदिको सुन्दर बुट्टा कुँदिएकोले पाटीको सौन्दर्य बढेको छ। यस पाटीको पूर्वमा सडक, पश्चिममा खाली ठाउँ, उत्तरमा पनि खाली ठाउँ र दक्षिणमा चोक पर्दछ।





लम्बाइ — ३२'
चौडाइ — ८'.३"
टोल — तंलाछी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१३) /व. नं. २७

भौतिक विवरण :—

परापूर्वकालमा निर्माण भई समय समयमा जीर्णोद्धार गर्दै आइरहेको यस पाटीको भौतिक अवस्था जीर्णोद्धारको बावजूदपनि नराम्रो अवस्थामा रहेकोले वि. सं. २०३३ मा पुरातत्व विभागबाट संरक्षणको रूपमा पाटीको जीर्णोद्धार गरिदिएको देखिन्छ। पूर्व मोहडाको यस पाँच कवले पाटीको थामहरूमा कुनै बुट्टाहरू कुँदिएका छैनन। यस पाटीको पूर्वमा पिच सडक, पश्चिममा ज्वाला माईको मन्दिर, उत्तरमा सानो बाटो र दक्षिणमा सडक पर्दछ। यस पाटीको भुइँमा सिमेन्ट प्लास्टर गरिएको र छाना झिंगटीले छाइएको छ। धार्मिक कार्यमा यस पाटीको उपयोग भएको देखिन्छ।





लम्बाइ — १९'
चौडाइ — १०'.४"
टोल — ग्यौड
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १८९६
बनाउने व्यक्ति — दामोदर पुत्र कर वीर
जीर्णोद्धार मिति— वि. सं. २०३३
वर्तमान भौतिक अवस्था – राम्रो

पाटी (१४) / व. नं. २७

भौतिक विरवण:—

बाङ्गे मुढाबाट खिल जाने बाटोको देब्रे पट्टि अवस्थित यस पाटीको समयमा संरक्षण नभएकोले हाल यो पाटी पूर्णरूपले भत्किसकेको छ। पश्चिम मोहडाको यस पाटीको पूर्वमा पाटीसंग जोडिएको घर पश्चिममा खिलटोलबाट इन्द्रचोकजाने पिच सडक, उत्तरमा स्थानीय मानिसको घर जाने सानो गल्ली र दक्षिणमा स्थानीय जनताको घर पर्दछ।





लम्बाइ — २०'
चौडाइ — ६'
टोल — बाङ्गे मुढा, खिलटोल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१५) / व. नं. २७

भौतिक विवरण:—

बाङ्गे मुढा डबलीको निकट बनाइएको यो पाटी तीन कवल उत्तर मोहडाको छ। पाटीको छाना झिंगटीले छाइएको र कहीं कहीं झिंगटी टूटफूट भैसकेकोले फेर्नु पर्ने अवस्थामा रहेको छ। यस पाटीको पूर्वमा खाली ठाउँ (गल्ली), पश्चिममा पिच सडक, उत्तरमा डबली र दक्षिणमा पाटीसंग जोडिएको स्थानीय जनताको घर पर्दछ। हाल यस पाटीको सार्वजनिक प्रयोग हुनुको सट्टा पाटीलाई पसलमा परिणत गरिएको छ।





लम्बाइ — १८'.२"
चौडाइ — ६'
टोल — बाङ्गे मुढा
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१६) / व. नं. २७

भौतिक विवरण:—


बाङ्गे मुढाबाट असन जाने सडकको दायाँपट्टि रहेको यस दुई तले सत्तलको छानामा जस्ता तथा झिंगटी दुवै प्रयोग गरेको छ। उत्तर मोहडाको यस सत्तलमा जम्मा पाँच कवल रहेको र हाल सत्तलमा खाद्य पदार्थ बिक्री गर्ने पसल राखिएको छ। यस सत्तलको पूर्वमा चोक जाने सानो गल्ली, पश्चिममा डबली, उत्तरमा पिच सडक र दक्षिणमा स-साना चैत्यसहितको सार्वजनिक चोक पर्दछ।





लम्बाइ — ३२'
चौडाइ — १५'
टोल — बाङ्गे मुढा
अभिलेखपत्र —

निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था —


संकेत
पाटी
सतल
कुंडे धारा
पोखरी
चउर
पकनाजोल
धोबीचौर
द्वत्रपाटी
शोभा भगवती
ज्याठा
ठँहिरी
त्योउ
डखा पुरव्
73
टँगल
72
न्योखा
71
बांझे सुदन
0 10 20 30 40 50 100 मी.


वडा नं. २८

पाटी (१) / व. नं. २८

भौतिक विवरण:—

छेत्रपाटी बजारको मुटुमा अवस्थित यो पाटी (चाकला दृवः) भौतिक स्वरूपमा पूर्णरूपले गोलाकार छ। गोलाकार यस पाटीको छाना जस्ताको छ र पाटीमा प्रयोग गरेका फलामका थामहरू साधारण बुट्टाले सुशोभित छ। पाटीको भुइँ र वरपर सिमेन्ट प्लास्टर गरेकोले मजबूत देखिन्छ। यस गोलाकार खुल्ला पाटीको पूर्वमा सडक, पश्चिममा धोबी चउर जाने सडक, उत्तरमा कालधारा जाने सडक र दक्षिणमा सडक तथा मन्दिर पर्दछ। यस पाटीको धार्मिक प्रयोग हुनुको अलावा समय समयमा सांस्कृतिक कार्यक्रम प्रदर्शन वा साहित्य सम्मेलन आदिको आयोजनापनि यस पाटीमा गर्ने गर्छन्।





लम्बाइ — गोलाई ५८'.८"
चौडाइ —
टोल — छेत्रपाटी
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २०१५ आषाढ ३० गते सोमबार
बनाउने व्यक्ति — शान्ति सुरक्षा संघले चन्दाबाट
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (२) / व. नं. २८

भौतिक विवरण:—

छेत्रपाटी गणेशस्थानको पूर्व दिशामा रहेको यस पाटी साधारण शैलीमा झिंगटी छाना हाली बनाइएको छ। पाटीका थामहरुमा साधारण काष्ठ बुट्टा कुँदिएको र हरेक कवलमा फलामका डण्डीहरु राखिएका छन्। हाल यस पाटीको दक्षिणतर्फको गारो बिग्रेको र झिंगटी कहीं कहीं फुटेको अवस्थामा रहेको छ। तीन कवल पश्चिम मोहडाको यस पाटीको पूर्वमा घर, पश्चिममा बाटो तथा गणेशको मन्दिर, उत्तरमा सडक र दक्षिणमापनि सडक पर्दछ। हाल यस पाटीमा का. न. प. वडा नं. १७ को कार्यालय बसेको छ।





लम्बाइ — १४'.९"
चौडाइ — ९'
टोल — छेत्रपाटी, गणेशस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. १०२१ माघ
बनाउने व्यक्ति — कुलनारायण मानन्धर समेत आठ जना
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (३) / व. नं. २८

भौतिक विवरण:—

छेत्रपाटी गणेशको मन्दिरको ठीक अगाडिपट्टि बनाइएको यो पाटी उत्तर मोहडाको छ । पाटीको भुइँ तथा गारोमा सिमेन्ट प्लास्टर गरेकोले पाटीको शोभा बढेको छ । तीन कवल उत्तर मोहडाको यस पाटीको पूर्वमा स-साना चैत्य तथा निजी घर, पश्चिममा घर, उत्तरमा सडक र दक्षिणमा चोक पर्दछ । हरेक वर्ष कृष्णाष्टमीको दिन भगवान् श्री कृष्णको जीवनी सम्बन्धी तस्वीर यस पाटीमा सजाई जन समक्ष प्रदर्शन गर्न यस पाटीको विशेष महत्व रहीआको छ ।





लम्बाइ — १४'.३"
चौडाइ — ११'.९"
टोल — छेत्रपाटी, गणेशस्थान
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — हर्कबहादुर मानन्धर समेत नौ जना, ठहिटी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४) /व. नं. २८

भौतिक विवरण:—

काठको थामहरु विभिन्न बुट्टाले सिंगारिएको यस पाटीको अन्य सबै भाग ठीकै देखिए तापनि झिगटी बिग्रिसकेको हुनाले झिगटीको यथाशीघ्र मर्मत सम्भार कार्य नभएमा छानाबाट पानी चुहीं गारोमा समेत त्यसको प्रतिकूल असर पर्ने देखिन्छ । पाटीको भित्री खोपामा शिलामा कुँदिएको देवताको मूर्तिपनि प्रतिस्थापना गरेको छ । पूर्व मोहडाको यस तीन कवले पाटीको पूर्वमा चोक, पश्चिममा घर, उत्तरमापनि घर र दक्षिणमा बाटो पर्दछ । कोजाग्रत पूर्णिमाको दिन भोज खाने कार्यमा यस पाटीले विशेष सयाउ पुऱ्याएको देखिन्छ ।






लम्बाइ — १३'.११"
चौडाइ — ६'.८"
टोल — छेत्रपाटी, गणेशस्थान
अभिलेखपत्र —

निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


पाटी (५) / व. नं. २८

भौतिक विवरण:—

साधारण शैलीमा झिंगटी छाना हाली बनाइएको यो पाटी पाँच कवल दक्षिण मोहडाको छ। समय समयमा आवश्यक जीर्णोद्धार कार्य भैरहेको हुनाले हालको भौतिक अवस्था सन्तोषजनक छ। यस पाटीको भित्री गारोमा शिलामा कुँदिएका सरस्वती तथा बुद्धको सुन्दर मूर्ति प्रतिष्ठापना गरेको छ। पाटीको पूर्वमा गल्ली, पश्चिममा घर, उत्तरमापनि घर र दक्षिणमा पाटीले चर्चेको जमीन र त्यसपछि सडक पर्दछ। बटुवाहरु विश्राम गर्नुको अतिरिक्त प्रत्येक वर्ष हिउँद महीनामा भगवान्को प्रार्थना स्वरूप स्थानीय मानन्धर समुदायका धर्मावलम्बीहरु यस पाटीमा बसी भजन गाउने गर्दछन्।



लम्बाइ — १९'.२"
चौडाइ — ७'.१"
टोल — ठहिटी
अभिलेखपत्र —




निर्माण मिति — वि.सं. १९७२ माघ
बनाउने व्यक्ति — सुकु, कृष्ण थकुँ, मानवीर कृष्णमाया, ठहिटी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


पाटी (६) / व. नं. २८

भौतिक विवरण:—

तीन कवल दक्षिण मोहडाको यो पाटी झिंगटी छाना हाली बनाइएको छ। झिंगटी हाल ठाउँ ठाउँमा फुटिसकेकोले छानाबाट पानी चुहिन नदिन यथाशीघ्र छानाको मर्मत सम्भार कार्य गर्नु पर्ने देखिन्छ। पाटीको उत्तरपट्टिको खोपामा बुद्धको मूर्ति प्रतिष्ठापना गरेको छ। स्थानीय भक्तजन-हरूकोलागि भगवान्को प्रार्थना स्वरूप भजन गराउन महत्व रहिआएको यस पाटीको पूर्वमा नात्येश्वर महादेवको मन्दिर, पश्चिममा खाली ठाउँ, उत्तरमा पाटीले चर्चेको जग्गा तथा घर र दक्षिणमा सडक पर्दछ।



लम्बाइ — १८'
चौडाइ — १२'
टोल — ठहिटी
अभिलेखपत्र — शिलापत्र





निर्माण मिति — वि. सं.१९७२ माघ
बनाउने व्यक्ति — चक्रमान समेत चार जाना ठहिटी
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (७) / व. नं. २८

भौतिक विवरण:—

साधारण शैलीमा काठको खम्बामा बुट्टाहरु कुँदी झिंगटी छाना हाली निर्माण गरिएको यो पाटी ठहिटी, भगवतीबहालमा अवस्थित छ। भगवतीको मन्दिरमा जाने प्रवेशद्वारकोरूपमा रहेको यस पाटीको झिंगटी संपूर्णतया: भत्किसकेको र काठ आदिपनि कुहिएर बिग्रिसकेकोले यथाशीघ्र जीर्णोद्धार गर्नुपर्ने स्थिति छ। पाटीको ज्यादै नराम्रो भौतिक अवस्थाले गर्दा मन्दिर एवं वरिपरिको वातावरण ज्यादै अशोभायमान देखिएको छ। पूर्व मोहडाको यस पाटीको पूर्वमा ठहिटी-बाट ठमेल जाने पिच सडक, पश्चिममा भगवतीको मन्दिर, उत्तर तथा दक्षिण दुवैतिर स्थानीय जनताको घर पर्दछ। बाटोमा हिंड्ने बटुवाहरु, थकित भरियाहरू यस पाटीमा आई विश्राम गर्नुको अतिरिक्त इन्द्रजात्राको समयमा भैरवको प्रतिमा यस पाटीमा राखी जनसमक्ष प्रदर्शन गर्ने यस पाटीको प्रयोग गर्दछन्।






लम्बाइ — १६'.३"
चौडाइ — ९'.२"
टोल — ठहिटी, भगवतीबहाल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (८) / व. नं. २८

भौतिक विवरण:—

भवाट्ट हेर्दा निजी घर जस्तो देखिने यस सत्तल श्री घ: चैत्यको दक्षिण दिशामा अवस्थित छ। तीन तले उत्तर मोहडाको यस सत्तलको छाना जस्ताले छाइएको र बाहिर बञ्रले टिपकार गरेको छ। यस सत्तलको पूर्वमा फूलबारी, पश्चिममा युथक बौद्ध पुस्तकालय, उत्तरमा श्री घ: चैत्य (काठे सिम्भू) र दक्षिणमापनि फूलबारी पर्दछ। हाल यस सत्तलको आवासीय प्रयोग भैरहेको छ।






लम्बाइ — ३८'.१"
चौडाइ — १७'.९"
टोल — न:घल काठे सिम्भू
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल - (९) /व. नं. २८

भौतिक विवरण:—

पाँच कवल एक नाले यो सत्तल प्राचीन काष्ठकलाको दृष्टिकोणले आकर्षक छ। सत्तलमा प्रयोग गरिएका प्रत्येक थाम, टुँडाल आदिमा देवी देवताका मूर्तिको अलावा अन्य सुन्दर बुट्टाहरू कुँदिएकोले सत्तलको शोभा बढ्न गएको छ। झिगटी छानाको समय समयमा जीर्णोद्धार भैरहने भए तापनि कहीं कहीं झिंगटी फुटी छानाबाट पानी चुहिन्छ। पूर्व मोहडाको यस सत्तलको पूर्वमा सडक, पश्चिममा चोक तथा घर, उत्तरमा घर र दक्षिणमा चोक जाने गल्ली पर्दछ। सत्तलको माथिल्लो भाग भजन कीर्तन गर्न प्रयोग हुन्छ र भुइँ तलामा एक खुद्रापसल र एक औषधी पसल हाल बसेको छ।





लम्बाइ — २५'.९"
चौडाइ — ८'.२"
टोल — नःघलटोल
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति — भवानी शंकर काजी, नःघल
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१०) / व. नं. २८

भौतिक विवरण:—

हाल यस पाटी पूर्णरूपले भत्किएर केवल पश्चिम र दक्षिणतर्फको गारोको केही अंश मात्र देखा परेको छ। यस भत्केको पाटीको पूर्वमा सडक, पश्चिममा घर, उत्तरमा काठको गोदाम र दक्षिणमा शिवको मन्दिर पर्दछ।





लम्बाइ — १२'
चौडाइ — ६'
टोल — नःघल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (११) / व. नं. २८

भौतिक विवरण:—

अंग्रेजी अक्षर "एल" जस्तो भौतिक आकार भएको यो पाटी पूर्व र दक्षिण दुवै दिशातर्फ फैलिएको छ। पूर्वतर्फ चौध कवल र दक्षिणतर्फ चार कवल गरी जम्मा यस पाटीमा अठार कवल रहेको छ। काठको थाम, निदालहरूमा बुट्टा कुँदिएको र छाना झिंगटीले छाइएको यस पाटीमा हाल विभिन्न किसिमका खुद्रा पसल राखिएका छन्। यस पाटीको पूर्वमा सडक, पश्चिममा घर, उत्तरमा पनि घर र दक्षिणमा सडक पर्दछ।





लम्बाइ — ६२'
चौडाइ — २२'.३"
टोल — बाङ्गेमुढा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१२) /व. नं. २८

भौतिक विवरण:—

तीन कवल दक्षिण मोहडा भएको यो सत्तल झिंगटी छाना हाली बनाइएको छ। सत्तलको काठको थाम तथा ऊयालमा कुँदिएको सुन्दर बुट्टाले सत्तलको सौन्दर्य बढाएको छ। समय समयमा भजन कीर्तन गर्न उपयोगी ठहरिएको यस सत्तलको पूर्वमा सत्तल, पश्चिममा सत्तलले अगटेको जग्गा, उत्तरमा गल्ली र दक्षिणमा सडक पर्दछ।





लम्बाइ — २०'
चौडाइ — १८'
टोल — न्हुखा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति — दत्त मल्ल, नउमति आदि
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पोखरी (१३) / व. नं. २८

भौतिक विवरण:—

स्थानीय समुदायमा "इखा पोखरी" नामले प्रसिद्ध यो पोखरी भौतिक स्वरूपमा ठूलो भए तापनि आवश्यक सर-सफाईको अभावमा हाल ज्यादै फोहर अवस्थामा रहेको छ । चारैतिर पर्खाल बनाई फोहर पानी निकासको प्रबन्धद्वारा बाहिर पठाई पुनः सफा पानी भरिदिएमा पोखरीको महत्व एवं सौन्दर्य निकै बढ्ने देखिन्छ । यस पोखरीको पूर्वमा कन्यामन्दिर माध्यमिक विद्यालय, पश्चिममा स्थानीय व्यक्तिहरूको घरहरू, उत्तरमापनि घरहरू र दक्षिणमापनि सोही विद्यालयको एक भाग पर्दछ ।





लम्बाइ — २१०'
चौडाइ — ९२'
टोल — न्हूखा, कन्यामन्दिर
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (१४) / व. नं. २८

भौतिक विवरण:—


झिंगटी छाना हाली प्राचीन शैलीमा बनाइएको यो पाटी तीन कवल दक्षिण मोहडाको छ । पाटीको पूर्व र पश्चिम दुवैतर्फ एक एक कवल खुला गरेको छ । स्थानीय भक्तजनहरुकोलागि भजन गर्ने परम्परादेखि महत्व रहाँआएको यस पाटीमा भजन कीर्तनको अलावा विशेष धार्मिक पर्व जस्तो श्रीकृष्ण जन्माष्टमीका दिन भगवान् श्रीकृष्णको जीवनी सम्बन्धी तस्वीरहरू प्रदर्शन गर्ने दृष्टि-कोणलेपनि यस पाटीको महत्व रहेको देखिन्छ । यस पाटीको पूर्वमा खाली ठाउँ, पश्चिममा पिच सडक, उत्तरमा काठको गोदाम र दक्षिणमापनि खाली ठाउँ र चैत्य रहेको छ ।





लम्बाइ — १२'.९"
चौडाइ — ७'.८"
टोल — क्वाबहाल, ठहिटी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. १०४१ श्रावण
वर्तमान भौतिक अवस्था — ठीकै


जोंगबुँ
आमा खुरी
गलकोपाखा
लाजिम्पाट
लैनचउर
कालिपथ
ठमेल
ज्याठा
ठहिटी
संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
0 50 100 200 300 मी.
उ.
वडा नं. २८


ढुंगेधारा (१) /व. नं. २९

भौतिक विवरण:–

जमीन सतहदेखि अलि नल निर्माण गरिएका यी ढुंगेधाराहरुको समयमा जीर्णोद्धार हुन नसकेकोले वर्तमान अवस्थामा नराम्रो छ । ढुंगेधाराको चारैतिर झारपात उम्रिएको छ भने अर्कोतिर स्थानीय मानिसहरूले फोहर कसिङ्गर समेत फ्याँक्ने गरिनाले वातावरण झन् फोहर देखिएको छ । जीर्णोद्धार कार्य यथाशीघ्र गर्न सकिएको खण्डमा स्थानीय जनताहरु निकै लाभान्वित हुने देखिन्छ । ढुंगेधाराहरूको पूर्वमा अमृत साइन्स क्याम्पस पश्चिममा घर, उत्तरमापनि अमृत साइन्स क्याम्पस, र दक्षिणमा सानो कच्ची बाटो गएको छ ।



लम्बाइ — ८९'.९"
चौडाइ — ६५'.६"
टोल — ठमेल
अभिलेखपत्र — शिलापत्र




निर्माण मिति —१३ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०१५
वर्तमान भौतिक अवस्था — नराम्रो


ढुंगेधारा (२) / व. नं. २९

ौतिक विवरण:—

स्थानीय व्यक्तिहरुको भनाई अनुसार करीब साठी वर्ष अघि यस धाराको निर्माण भएको खिन्छ । हालसम्म धाराको निकास तथा मुहान दुवै सन्तोषजनक अवस्थामा रहेको छ । दक्षिण ातर्फ फर्केको यस ढुंगेधारामा मकर आकृति कुँदिएको छ । स्थानीय मानिसको निम्ति नुहाउन, गा धुनको अलावा खेतमा पानी लाउन समेत उपयोगी ठहरिएको यस ढुंगेधाराको पूर्वमा ाली ठाउँ तथा ढुंगेधारा, पश्चिममा बाटो, उत्तरमा सडक र दक्षिणमा खेत पर्दछ ।



लम्बाइ — १७'
चौडाइ — ८'
टोल — लैनचिहान, कपुतधारा
अभिलेखपत्र —




निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (३) / व. नं. २९

भौतिक विवरण:—

स्थानीय जनताले विभिन्न उद्देश्यमा प्रयोग गर्ने यस ढुंगेधाराको मुहानको अवस्था सन्तोषजनक भए तापनि निकास बिग्रिसकेकोले मर्मत गर्नु पर्ने देखिन्छ । दक्षिण मोहडाको यस ढुंगेधाराको पूर्वमा घर, पश्चिममा खाली ठाउँ, उत्तरमा बाटो र दक्षिणमा बगैंचा पर्दछ ।






लम्बाइ — १४'
चौडाइ — १०'.१०"
टोल — लैनचौर, कपुतधारा
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (४) / व. नं. २९

भौतिक विवरण :—

यस ढुंगेधाराको जीर्णोद्धारपछि भौतिक अवस्था राम्रो भएको देखिन्छ । हाल यस धाराको चारैतिर ईंटको पर्खालले घेरिएको र पर्खालको ठाउँ ठाउँमा विभिन्न देवताका मूर्तिहरू प्रतिष्ठापना गरी धाराको वातावरणलाई पवित्र तुल्याएको छ । धाराको ठीक माथि भगवान् नारायणको मूर्ति र बायाँ महादेव लगायत अन्य देवताको शिलामा कुँदिएको मूर्तिहरू राखिएका छन् । निकास एवं मुहान दुवै राम्रो हुनाको कारणले गर्दा स्थानीय जनता र बटुवाहरू धारावाट लाभान्वित भएका छन् ।






लम्बाइ — २२'.३"
चौडाइ — २१'.४"
टोल — गोल्खुपाखा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — पद्मनारायण, गोल्खुपाखा
जीर्णोद्धार मिति— वि. सं. १९९० पहिलो
वि. सं. २०२३ दोस्रो
वर्तमान भौतिक अवस्था – राम्रो

सत्तल (५) /व. नं. २९

भौतिक विवरण:—

साधारण शैलीमा भिंगटी छाना हाली निर्माण गरिएको यो सत्तल दुई नाले, तीन कवल पश्चिम मोहडाको छ । सत्तलको अगाडिपट्टि पाटी जस्तो खुला गरी बनाइएको छ भने भित्रपट्टि बढुवा र भरिया आदि बास बस्न हुने किसिमले बनाइएको छ । यस सत्तलको पूर्वमा बारी, पश्चिममा सडक, उत्तरमा खाली ठाउँ र दक्षिणमा दुंगेधारा पर्दछ ।





लम्बाइ — १५'
चौडाइ — १३'.८"
टोल — गोल्खुपाखा
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३३।१२।३
वर्तमान भौतिक अवस्था — राम्रो

ढुंगेधारा (६) / व. नं. २९

भौतिक विवरण:—

मकर मुखाकृत यी दुई ढुंगेधाराहरू दुवै उत्तर दिशातर्फ फर्केको छ । मुहानको अवस्था हाल-सम्म राम्रो भए तापनि निकास बन्द भैसकेकोले धारामुनि पानी जमेको छ । स्थानीय वासिन्दाले लुगा धुन, नुहाउन आदिमा प्रयोग गर्दैआएको यी ढुंगेधाराको पूर्वमा खेत, पश्चिममा चउर, उत्तर र दक्षिण दुवैतर्फ बाटो गएको छ ।





लम्बाइ — १९'
चौडाइ — १५'.२"
टोल — लैनचौर
अभिलेखपत्र — शिलापत्र

निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — रत्नमान धोबी
जीर्णोद्धार मिति— ने. सं. ९२८
वर्तमान भौतिक अवस्था — नराम्रो


ढुंगेधारा (७) / व. नं. २९

भौतिक विवरण :–

दैनिक लुगा धुने व्यवसायमा स्थानीय धोबीहरूले प्रयोग गरिरहने यस ढुंगेधाराको भौतिक अवस्था राम्रो छ। ईंटको पर्खालले चारैतिर घेरिएको र त्यसमा बढी टिकाउको लागि सिमेन्टले प्लास्टर पनि गरेको देखिन्छ। यस सिंहमुखाकृत ढुंगेधाराको निकास तथा मुहान दुबै राम्रो अवस्थामा रहेको छ। यस ढुंगेधाराको पूर्वमा घर, पश्चिममा कुमारी देवता, उत्तरमा ढुंगेधारा र दक्षिणमा घर पर्दछ।



लम्बाइ — १८'.९"
चौडाइ — १६'.१०"
टोल — लैनचउर
अभिलेखपत्र —




निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति — लाल धोबी
जीर्णोद्धार मिति— वि.सं. २०३१
वर्तमान भौतिक अवस्था — ठीकै


ढुंगेधारा (८) / व. नं. २९

भौतिक विवरण:—

करीब एक शताब्दी अघि निर्माण गरिएको यस ढुंगेधारा स्थानीय धोबीहरूकालागि लुगा धुन विशेष महत्वको छ। धाराको चारैतिर ईंटको पर्खालले घेरिएको छ। सिंहको मुखबाट निरन्तर रूपमा पानी आइरहने यस ढुंगेधाराको पूर्वमा बाटो, पश्चिममा चोक, उत्तरमा बारी र दक्षिणमा ढुंगेधारा पर्दछ।



लम्बाइ — १८'.४"
चौडाइ — १३'.९"
टोल — लैनचउर
अभिलेखपत्र —



निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति — माहिला धोबी
जीर्णोद्धार मिति— वि.सं. २०३२
वर्तमान भौतिक अवस्था _ राम्रो


ढुंगेधारा (९) / व. नं. २९

भौतिक विवरण:—

पश्चिम दिशा उन्मुख यो द्वय ढुंगेधाराको चारैतिर पर्खालले घेरिएको छ । धाराको मुखमा मकरको आकृति कुँदिएको छ र धाराको माथि महादेवको मूर्ति र किनारामा गरुडको मूर्तिपनि स्थापना गरेको छ । स्थानीय मानिसकोनिमित्त यो ढुंगेधारा लुगा धुन, नुहाउन आदिकालागि महत्वपूर्ण सिद्ध छ । यस ढुंगेधाराको पूर्वमा बारी, पश्चिममा गोरेटो बाटो, उत्तरमापनि गोरेटो बाटो र दक्षिणमा बारी पर्दछ ।



लम्बाइ — १९'.५"
चौडाइ — १६'.९"
टोल — लैनचउर
अभिलेखपत्र —



निर्माण मिति — १५ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै


चउर (१०) / व. नं. २९

भौतिक विवरण:—

परापूर्वकालदेखि बालबच्चाहरूलाई खेलकूद खेल्न अत्यन्त उपयोगी ठहरिएको यस चउरको भागहरू विभिन्न संस्थाहरूले अधिकरण गर्दै जानाले साँगुरिसकेको छ । यस चउरको पूर्वमा दुग्ध विकास संस्थानको कार्यालय, पश्चिममा शान्ति विद्या गृह स्कूल, उत्तरमा स्कूलको कार्यालय तथा खाली ठाउँ र दक्षिणमा लाजिम्पाटबाट पकनाजोल जाने मूल पिच सडक पर्दछ ।



लम्बाइ — २५०'
चौडाइ — १५०'
टोल — लैनचउर
अभिलेखपत्र —




निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (११) /व. नं. २९

भौतिक विवरण :–

स्थानीय धोबीहरूको भनाई अनुसार करीब एक सय वर्ष पुरानो यस ढुंगेधाराबाट हाल मुहानको शक्ति कम हुनाले वा अन्य कारणले गर्दा धेरै कम मात्रामा पानी आउने गरेको देखिन्छ । धाराको चारैतिर करीब सात फीट अग्लो पर्खाल लाएको छ । यस ढुंगेधाराको माथि शिलामा कुँदिएको नारायणको मूर्ति स्थापना गरिएको छ । यस ढुंगेधाराको पूर्वमा चउर, पश्चिममा खेत, उत्तरमा घर र दक्षिणमा बारी पर्दछ ।






लम्बाइ — १४'
चौडाइ — १३'
टोल — लैनचउर
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — हरि धोबी
जीर्णोद्धार मिति— वि. सं. १९९१
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१२) / व. नं. २९

भौतिक विवरण:—

पूर्व मोहडा भएको यस सत्तलको भित्र शक्तिको प्रतीक भीमसेनको मूर्तिपनि स्थापना गरेको छ । झिंगटी छाना भएको यस सत्तलको छानामा घाँस उम्रिएकोले बाहिरबाट हेर्दा नराम्रो देखिएको छ । यस सत्तलको पूर्वमा सडक, पश्चिममा चोक, उत्तरमा सानो गल्ली र दक्षिणमा स्थानीय मानिसको घर तथा चोक पर्दछ । बटुवाहरू विश्राम गर्न र अन्य धार्मिक क्रियाकलापमा यस सत्तलको प्रयोग हुने गरेको देखिन्छ ।






लम्बाइ — ३४'.३"
चौडाइ — १३'.७"
टोल — ठमेल, भगवानबहाल
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१३) / व. नं. २९

भौतिक विवरण:—

आकर्षक बुट्टासहितको काठको खम्बाहरू भएको यस सत्तलको झिंगटी छाना यथाशीघ्र जीर्णोद्धार गर्नुपर्ने अवस्थामा रहेको छ। हाल सार्वजनिक प्रयोगमा नआएको यस पाँच कवल, दुई नाले सत्तलको पूर्वमा घर, पश्चिममा सडक, उत्तरमा बाटो तथा घर र दक्षिणमा खाली ठाउँ पर्दछ।






लम्बाइ — २३'.१०"
चौडाइ — १९'
टोल — ठमेल, भगवानबहाल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (१४) /व. नं. २९

भौतिक विवरण:—

हाल आवासीय उपयोग भैरहेको यो सत्तल दुई नाले पश्चिम मोहडाको छ। सत्तलको मुख्य मोहडातर्फ पाँच कवल र उत्तर-दक्षिण दुवैतर्फ क्रमशः एक एक कवल रहेको छ। भौतिक दृष्टिकोणले सन्तोषजनक देखिएको यस सत्तलको पूर्वमा खाली ठाउँ तथा दुई तले घर, पश्चिममा मूल सडक, उत्तरमा खाली ठाउँ तथा घर र दक्षिणमा स-साना चैत्यहरू रहेको छ। सत्तलको भुइँ ईंटाले छापेको र खम्बाहरूमा सुन्दर बुट्टाहरू कुँदिएका छन।






लम्बाइ — २२'.५"
चौडाइ — १५'.५"
टोल — ठमेल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१५) /व. नं. २९

भौतिक विवरण:—

"भगवान बहाल" को संज्ञाले स्थानीय समुदायमा सुपरिचित यस बहालको चारैतर्फ ढुई तले सत्तलले घेरिएको छ। बहालको पश्चिमतर्फको भागमा भगवान् बुद्धको प्रतिमासहितको मन्दिर र सत्तलको बीचमा स-साना चैत्यहरू भएको चोक रहेको छ। भगवान् बहालको मुख्य प्रवेशद्वारमा एक सानो झिंगटी छाना हाली पाटी पनि निकालिएको छ। यस चारकुने सत्तलको पूर्वमा पिच सडक, पश्चिममा बारी, उत्तरमा चोक र दक्षिणमा सानो बाटो गएको छ। स्थानीय विद्यालयले कक्षा सञ्चालन गर्न माथिल्लो तला प्रयोग गरेको छ।






लम्बाइ — ६८'.१०"
चौडाइ — १६'
टोल — भगवानबहाल, ठमेल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— ने.सं. ८१० माघ कृष्णपक्ष
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१६) /व. नं. २९

भौतिक विवरण:—

पश्चिम मोहडाको यो दुई तले सत्तल नौ कवलको छ। कलात्मक दृष्टिकोणले यो सत्तल साधारण नै देखिन्छ र सत्तलको छाना झिंगटीले छाइएको छ। सत्तलको पूर्वमा सत्तल, पश्चिममा चोक तथा धारा, उत्तर र दक्षिणमा सत्तलसित जोडेको छ। सत्तलको भुइँ तला विद्यालयले बाल-बच्चालाई पढाउन प्रयोग गरेको देखिन्छ।





लम्बाइ — ४४'.८"
चौडाइ — ९'.३"
टोल — ठमेल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (१७) / व. नं. २९

भौतिक विवरण:—

परापूर्वकालमा निर्माण गरिएको यो सत्तल हाल विद्यालयलाई कक्षा सञ्चालन गर्न उपयोगी ठहरिएको छ। यो सत्तल पाँच कवल दक्षिण मोहडाको छ र सत्तलको छाना झिगटीले छाइएको छ। यस सत्तलको पूर्वमा सत्तल, पश्चिममा मन्दिर, उत्तरमा बारी र दक्षिणमा चोक पर्दछ।






लम्बाइ — ३६'.११"
चौडाइ — ९'.३"
टोल — ठमेल, भगवानबहाल
अभिलेखपत्र —


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति -- सिंहसार्थ बाहु
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (१८) / व. नं. २९

भौतिक विवरण:—


हाल आवासीय प्रयोग भैरहेको यो सत्तल साधारण शैलीमा झिगटी छाना हाली बनाइएको छ। सत्तलको भुइँ ईंट र ढुंगाले छापेको छ। सत्तलको पूर्वमा सडक, पश्चिममा सत्तल, उत्तरमापनि सत्तल र दक्षिणमा इनार पर्दछ।





लम्बाइ — १६'.१०"
चौडाइ — १३'.८"
टोल — ठमेल
अभिलेखपत्र —

निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीक



बहादुर भवन
ज्याठा
दुध्याक्सल
कम्पाउण्ड
पोखरी
अस्न
गोशालय
वीर अस्पताल
सतौदह
संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
0 १० २० ४० ६० ८० १०० मी
वडा नं. 30

पाटी (१) / व. नं. ३०

भौतिक विवरण:—

चारैतिर खुला भएको यस पाटीको उत्तर र दक्षिणमा तीन तीन कवल पूर्व र पश्चिममा एक एक कवल रहेको छ। पाटीको पूर्वी भागको गारोमा देवताका स-साना मूर्तिहरू राखिएका छन्। झिगटी छाना हाली प्राचीन शैलीमा बनाइएको यस पाटीको पूर्व र पश्चिममा पर्खालसंग जोडिएको, उत्तरमा महाबौद्धको चैत्य तथा प्रांगण र दक्षिणमा मूल सडक पर्दछ। समय समयमा भजन गर्ने जस्ता धार्मिक कार्यमा प्रयोग हुने यस पाटीमा हाल खाद्यान्न बिक्रेताहरूले आफ्नो व्यवसायकालागि यस पाटीको प्रयोग गरेको देखिन्छ।






लम्बाइ — १५'
चौडाइ — १०'
टोल — महाबौद्ध
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ९३९
बनाउने व्यक्ति — भाजु नरसिंह, लक्ष्मी नरसिंह
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (२) / व. नं. ३०

भौतिक विवरण:—

स्थानीय भमुलु इनबहाल नि. मा. विद्यालयले पठन पाठनकालागि प्रयोग गरेको यो पाटी सिमेन्ट ढलान गरी जीर्णोद्धार गरेकोले वर्तमान भौतिक अवस्था मजबूत छ। पाटीको भुइँ र भित्ता आदिमापनि सिमेन्ट प्लास्टर गरेको छ। दक्षिण मोहडाको यस पाटीको पूर्वमा स्कूल (विद्यालय), पश्चिममा घर, उत्तरमा बारी र दक्षिणमा विद्यालयको प्रांगण पर्दछ।





लम्बाइ — २५'
चौडाइ — १०'
टोल — इनबहाल, कमलाक्षी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — ने. सं. ८९४
बनाउने व्यक्ति — राजलक्ष्मी
जीर्णोद्धार मिति— वि. सं. २०२१।५।११
वर्तमान भौतिक अवस्था – राम्रो

पाटी (३) /व. नं. ३०

भौतिक विरवण:—

साधारण शैलीमा जस्ताको छाना हाली बनाइएको यो पाटी दुई कवल पूर्व मोहडाको छ। पाटीको थामहरूमा साधारण बुट्टाहरू कुँदिएको र हाल कपाल बनाउनेस्थलको रूपमा प्रयोग भैरहेको देखिन्छ। यस पाटीको पूर्वमा सडक, पश्चिममा घर, उत्तरमा खाली ठाउँ र दक्षिणमा मुख्य सडक पर्दछ।






लम्बाइ — १७'
चौडाइ — '७
टोल — असन, कमलाक्षी
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (४) /व. नं. ३०

भौतिक विवरण :—

बटुवाहरूकालागि विश्राम गर्न तथा भजन कीर्तन गर्न बनाइएको भए तापनि हाल यो पाटी अन्य उद्देश्यकालागि प्रयोग गरेको छ। यस पाटीको छाना जस्ताले छाइएको र पाटीमा बज्रले लिपेको हुनाले राम्रो देखिन्छ। दक्षिण मोहडाको यस पाटीको पूर्वमा स्थानीय मानिसको घर, पश्चिममा मोटर राख्ने ग्यारेज, उत्तरमा चोक र दक्षिणमा पाटीले चर्चेको जग्गा र त्यसको लगत्तैपछि कमलाछीबाट असन निस्कने पिच सडक पर्दछ।






लम्बाइ — २२'.११"
चौडाइ — ८'.२"
टोल — कमलाक्षी, रानीपोखरी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

सत्तल (५) /व. नं. ३०

भौतिक विवरण :—

स्थानीय इलाकाका मानिसहरूमा "छुस्याबहालको" नामले परिचित हुने यस सत्तलको माथिल्लो तला आवासीय प्रयोग भएको छ भने तल्लो तलामा बौद्धिक विकास विद्यालयले कक्षा सञ्चालन गर्न सत्तलको प्रयोग गरेको छ। सत्तलको माथिल्लो तलामा राखिएको भयालहरूमा कुँदिएका बुट्टाहरू आकर्षक देखिन्छ। चारै दिशामा फैलिएको यस दुई तले सत्तलको दक्षिणपट्टि भागमा बुद्धको मूर्ति स्थापना गरेको छ। झिंगटीको छाना भएको यस सत्तलको झिंगटी कहीं कहीं फुटिसकेकोले फेर्नु पर्ने देखिन्छ। उत्तर मोहडाको यस सत्तलको पूर्वमा सडक, पश्चिममा स्थानीय जनताको घर, उत्तरमापनि सडक र दक्षिणमा स्थानीय जनताको घर पर्दछ।






लम्बाइ — ६०'.३"
चौडाइ — ९'.५"
टोल — ज्याठा, छुस्याबहाल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था —ठीकै

पाटी (६) /व. नं. ३०

भौतिक विवरण :—

झिंगटी छाना हाली प्राचीन शैलीमा बनाइएको यो पाटी दक्षिण-पश्चिम मोहडाको छ। पाटीको दक्षिणतर्फ दुई कवल, पश्चिमतर्फ तीन कवल र उत्तर र पूर्वमा क्रमशः एक एक कवल रहेको छ। पाटीको भित्रपट्टि गारोमा विष्णु भगवानको मूर्ति राखिएको छ। यस पाटीको पूर्वमा स्थानीय मानिसको घर, पश्चिममा पिच सडक, उत्तरमापनि घर र दक्षिणमा सडक पर्दछ। यस पाटीको स्थानीय मानिसहरूकालागि विश्राम गर्न उपयोगी सिद्ध भएको छ।





लम्बाइ — २५'
चौडाइ — १०'
टोल — ज्याठा
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३३ श्रावण
वर्तमान भौतिक अवस्था —ठीकै

पाटी (७) / व. नं. ३०

भौतिक विवरण:—


समय समयमा मर्मत कार्य नभएको हुनाले हाल यस पाटीको सम्पूर्ण भाग भत्किसकेको र केवल भुइँको केही अंश मात्र अवशेषकोरूपमा हाल बाँकी छ। पाटीमा प्रयोग गरेका दलिन र अन्य काठपातपनि संरक्षणको अभावमा हराइसकेको देखिन्छ। यस पाटीको चार किल्लाको हकमा पूर्वमा खाली ठाउँ तथा घर, पश्चिममा गोरेटो बाटो, उत्तरमा घर र दक्षिणमा सडक पर्दछ।





लम्बाइ — २०'
चौडाइ — ६'
टोल — त्यौड, कमलाक्षी
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो



संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
दरबार मार्ग
कमलपोखरी
कान्तिपथ
कमलादी
कमलाक्षी
रानीपोखरी
भोटाहिटी
बागबजार
रामशाह पथ
गंगापथ
भृकुटीमंडप
टुंडीखेल
खीचापोखरी
भद्रकाली
त्रिपुरेश्वर
0 50 100 200 300 मी.
वडा नं. 37

ढुंगेधारा (१) /व. नं. ३१

भौतिक विवरण:–

मकर मुखाकृत यस ढुंगेधाराको मुहान एवं निकास दुवै हालसम्म सन्तोषजनक देखिन्छ । ढुंगेधाराको भुइँ ईंटाले छापेको छ । लुगा धुन र नुहाउन महत्व रहेको यस ढुंगेधाराको पूर्वमा बाटो, पश्चिममा खेत, उत्तरमा घर र दक्षिणमा ढुंगेधारा पर्दछ ।






लम्बाइ — १९'.
चौडाइ — ८'
टोल — धोबीधारा
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति — बुद्धिलाल, धोबीधारा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (२) / व. नं. ३१

भौतिक विवरण:—

पश्चिम दिशा उन्मुख यस ढुंगेधाराको मुहान राम्री हुनाको कारणले निरन्तररूपमा पानी आइरहन्छ तर निकास बिग्रिएको वा निकासको राम्रो प्रबन्ध नभएकोले पानी जम्ने गर्दछ । ढुंगेधाराको भुइँ ईंटाले छापेको र धाराको ठीक माथिर ढुङ्गामा कुँदिएको देवताको मूर्ति छ । लुगा धुनमा विशेष महत्व रहेको यस ढुंगेधाराको पूर्वमा सडक, पश्चिममा घर, उत्तरमा खाली ठाउँ र दक्षिणमा ढल पर्दछ ।






लम्बाइ — १७'.५"
चौडाइ — १३'.९"
टोल — धोबीधारा
स्वामित्व — निजी गुठी
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति — भक्तबहादुर, धोबीधारा
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (३) /व. नं. ३१

भौतिक विवरण:—

दुई तला, नौ कवलको यो सत्तल उत्तर मोहडाको छ । यस सत्तलको सम्पूर्ण छाना जस्ताले छाइएको छ । धार्मिक कार्यमा प्रयोग गर्दैआएको यस सत्तलको पूर्वमा बाटो, पश्चिममापनि बाटो, उत्तरमा कमलादी गणेशस्थान र दक्षिणमा घर पर्दछ ।






लम्बाइ — ८२'.१०".
चौडाइ — ३९'.७"
टोल — कमलादी, गणेशस्थान
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२७
वर्तमान भौतिक अवस्था — ठीकै

पोखरी (४) / व. नं. ३१

भौतिक विवरण:—

कमलादी गणेशस्थानको पश्चिमपट्टि रहेको यस पोखरीको भौतिक अवस्था हालसम्म सन्तोषजनक देखिन्छ । पोखरीको बीच भागमा एक ढुङ्गाको स्तम्भपनि खडा गरेको छ । यस पोखरीको पूर्वमा पिच सडक, पश्चिममा बारी, उत्तरमा पिच सडक र दक्षिणमा बारी पर्दछ ।






लम्बाइ — ७९'.१०"
चौडाइ — ३९'.७"
टोल — कमलादी, गणेशस्थान
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (५) /व. नं. ३१

भौतिक विवरणः—

कमलादी गणेशस्थानको ठीक पूर्वपट्टि रहेको यस सत्तलको वर्तमान भौतिक अवस्था ठीकै देखिन्छ। सत्तलको तल्लो भाग पसल राख्न प्रयोग गरेको छ भने माथिल्लो भाग बसोबासकानिमित्त प्रयोग गरेको छ। यस सत्तलको पूर्वमा घर, पश्चिममा बाटो तथा मन्दिर, उत्तरमा पिच सडक र दक्षिणमा घर पर्दछ।






लम्बाइ — १२४'.७"
चौडाइ — २५'.३"
टोल — कमलादी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

ढुंगेधारा (६) /व. नं. ३१

भौतिक विवरणः—

जीर्णोद्धारको फलस्वरूप हाल यस ढुंगेधाराको भौतिक अवस्था रान्रो छ। निरन्तर गतिमा पानी बगिरहने हुनाले स्थानीय जनताको लुगा धुने, नुहाउने आदि कार्यमा यस ढुंगेधाराले निकै सघाउ पुऱ्याउँदै आएको देखिन्छ। धाराको भुइँ र वरपर सिमेन्टले प्लास्टर गरेको छ। धाराको माथिर नारायण र लक्ष्मीको शिलामा कुँदिएको मूर्ति प्रतिष्ठापना गरेको छ। यस ढुंगेधाराको पूर्वमा सडक, पश्चिममा बारी, उत्तरमा ढुंगेधारा र दक्षिणमा खाली ठाउँ पर्दछ।






लम्बाइ — १४'
चौडाइ — १३.'३"
टोल — धोबीधारा
अभिलेखपत्र —

निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३४
वर्तमान भौतिक अवस्था – रान्रो





संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
कमलादी
दिल्लीबजार
बागबजार
→ बानेश्वर
कालीकास्थान
रामशाह पथ
पृथ्वी पथ
सिंह दरबार
रुद्रमती खोला
माइतीघर
→ बानेश्वर
उ.
0 50 100 200 300 मी.
वडा नं. 32

ढुंगेधारा (१) /व. नं. ३२

भौतिक विवरण :–

समयमा जीर्णोद्धार कार्य नभएकोले ढुंगेधारालाई फोहर पानीले पुरिने स्थिति हाल देखिएको छ । पूर्व मोहडाको यस ढुंगेधाराको मुनि गरूडको मूर्तिपनि छ । धाराको पूर्वमा घर, पश्चिममा पनि घर, उत्तरमा सडक र दक्षिणमा घर तथा कम्पाउण्ड पर्दछ ।






लम्बाइ — १३'.६"
चौडाइ — १३'.६"
टोल — डिल्लीबजार
अभिलेखपत्र —


निर्माण मिति — १६ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२५
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (२) / व. नं. ३२

भौतिक विवरण:—

यस ढुंगेधारा हालसालै मात्र जीर्णोद्धार गरिएको हुनाले भौतिक अवस्था राम्रो छ । धाराको भुइँ लगायत चारैतिर सिमेन्ट प्लास्टर गरिएकोले ढुंगेधाराको सौन्दर्य बढेको छ । पश्चिम दिशातर्फ फर्केको यस ढुंगेधाराको मन्तिर गरूडको मूर्ति र मास्तिर शिवलिङ्ग स्थापना गरिएको छ । मुहान राम्रो भएकोले निरन्तर गतिमा पानी बगिरहन्छ र निकासको सुप्रवन्ध हुनाको कारणले गर्दा धाराको तल अलिकतिपनि पानी जम्ने गर्दैन । यस ढुंगेधाराको पूर्वमा पर्यटन विभागको कार्यालय, पश्चिममा पर्खाल तथा गणेशको देवालय, उत्तरमा बारी र दक्षिणमा डिल्लीबजार मूल सडक पर्दछ ।





लम्बाइ —२०'.७"
चौडाइ — १५'.३"
टोल — डिल्लीबजार
अभिलेखपत्र —

निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०३३
वर्तमान भौतिक अवस्था — राम्रो


ढुंगेधारा (३) / व. नं. ३२

भौतिक विवरणः—

ढुंगेधाराको निकास बिग्रनुको कारणले हाल ढुंगेधाराको तल पोखरी जस्तो फोहर पानी जमेको र चारैतिर झारपात उम्रिएको हुनाले वातावरण ज्यादै फोहर देखिन्छ। ढुंगेधाराको पूर्वमा चउर, पश्चिममा गोरेटो बाटो, उत्तरमा घर तथा पर्खाल र दक्षिणमा चउर पर्दछ।



लम्बाइ — १४'
चौडाइ — १२'.६"
टोल — पुतलीसडक
अभिलेखपत्र —




निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति — बुद्धिमान, पुतलीसडक
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो


ढुंगेधारा (४) / व. नं. ३२

भौतिक विवरणः—

ईंटको पर्खालले चारैतिर घेरिएको र भुइँपनि ईंटले छापेको यस ढुंगेधाराको निकास हाल बिग्रिसकेको हुनाले धाराको तल पानी जमिरहेको छ। धाराबाट पानी अलिअलि आउने हुँदा स्थामीय जनता यसबाट लाभान्वित हुन सकेका छैनन्। ढुंगेधाराको पूर्वमा चउर, पश्चिममा गोरेटो बाटो तथा खाली ठाउँ, उत्तरमा फुलबारी र दक्षिणमा खाली ठाउँ तथा कलधारा पर्दछ।



लम्बाइ — १९'
चौडाइ — १६'
टोल — पुतलीसडक, डिल्लीबजार
अभिलेखपत्र —





निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (५) / व. नं. ३२

भौतिक विवरणः—

यस ढुंगेधाराको मुहान कमजोर हुनाको कारणले हाल नगण्यरूपमा मात्र पानी आउँदछ। चारैतिर घेरिएको पर्खाल बिग्रिसकेकोले मर्मत कार्य शुरू गर्नुपर्ने देखिन्छ। दक्षिण मोहडाको यस ढुंङ्गे धाराको पूर्वमा बारी, पश्चिममा बाटो, उत्तरमा बारी र दक्षिणमा खाली ठाउँ तथा बाटो पर्दछ।





लम्बाइ — १५'
चौडाइ — १२'
टोल — पुतलीसडक
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (६) / व. नं. ३२

भौतिक विवरणः—


स्थानीय जनताको लुगा धुन, नुहाउन आदि कामकानिमित्त रहिआएको यस ढुंगेधाराको निर्माण स्थानीय व्यक्तिहरूको भनाई मुताबिक करीब १५० वर्ष अघि भएको देखिन्छ। नागको आकृति धाराको मुखमा कुँदिएको र भुइँ ईंटाले छापिएको छ। ढुंगेधाराको पूर्वमा निजी घर, पश्चिममा सडक र उत्तर तथा दक्षिण दुवैतर्फ निजी घर पर्दछ।





लम्बाइ — १८'
चौडाइ — १६'
टोल — धोबीधारा
अभिलेखपत्र —


निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै



संकेत
पाटी
सत्तल
ढुङ्गे धारा
पोखरी
चउर
सिफल
भगवतीबहाल
सानो गौचर
ज्ञानेश्वर
कमल पोखरी
गौशाला
मैती देवी
चार खाल
डिल्ली बजार
बानेश्वर
0 40 900 200 300 मी.
वडा नं. 33

सत्तल (१) /व. नं. ३३

भौतिक विवरण :—

काठको थाम र ऊयालमा बुट्टा कुँदी निर्माण गरिएको यो सत्तल उत्तर-पश्चिम मोहडाको छ । यस सत्तलमा पाँच कवल पश्चिम मोहडातर्फ र तीन कवल उत्तर दिशातर्फ रहेको छ । छानामा हालिएको टायल तथा भिंगटी समय समयमा मर्मतको बावजूदपनि हाल पानी चुहिने हुँदा भिंगटी एवं टायल ठाउँ ठाउँमा फेरी जीर्णोद्धार गर्नुपर्ने देखिन्छ । यस सत्तलको पूर्वमा घर, पश्चिममा चोक, उत्तरमा बाटो (गल्ली) र दक्षिणमापनि घर रहेको छ । मन्दिरमा पूजा आजा गर्न आउने-हरुकालागि यस सत्तलको महत्व रहेको देखिन्छ ।





लम्बाइ — २३'.९"
चौडाइ — १७'
टोल — ज्ञानेश्वर, भैरवस्थान
अभिलेखपत्र —


निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

सत्तल (२) / व. नं. ३३

भौतिक विवरण:—

यस सत्तलको निर्माण भैरवको मन्दिरको ठीक अगाडिपट्टि गरेको छ । सत्तलको ऊयालमा कुँदिएका बुट्टाहरु आकर्षक देखिन्छन् । यस सत्तलको भिंगटी छाना बाहेक अन्य सबै भागको अवस्था ठीकै देखिन्छ । यस सत्तलको पूर्वमा खाली ठाउँ तथा घर, पश्चिममा भैरवको मन्दिर, उत्तरमा मन्दिरको चोक तथा महादेवको मन्दिर र दक्षिणमा बगैंचा पर्दछ । घरबारविहीन एक परिवारले बसोबासको निमित्त हाल प्रयोग गरेको यो सत्तल तीन कवल उत्तर मोहडाको छ ।





लम्बाइ — २३'.४"
चौडाइ — ११'.७"
टोल — ज्ञानेश्वर, भैरवस्थान
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (३) /व. नं. ३३

भौतिक विवरण :—

झिंगटी छाना हाली बनाइएको यस सत्तलको भौतिक अवस्था हालसम्म सन्तोषजनक नै देखिन्छ । सत्तलको दलिन, थाम, ऊयाल आदि मजबूत अवस्थामा रहेको छ । यस सत्तलको पूर्वमा खाली ठाउँ तथा ढुंगेधारा, पश्चिममा स–साना मन्दिर, उत्तरमा खाली ठाउँ र दक्षिणमा खाली ठाउँ तथा मन्दिर पर्दछ । सत्तलभित्र गुरू नानकको मूर्ति स्थापना गरेको छ ।






लम्बाइ — १४'
चौडाइ — ९'.६"
टोल — ज्ञानेश्वर, भैरवस्थान
अभिलेखपत्र —


निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (४) / व. नं. ३३

भौतिक विवरण :—

धार्मिक कार्यमा प्रयोग हुने गरेको झिंगटी यो सत्तल छाना हाली निर्माण गरिएको छ । झिंगटी धेरै ठाउँमा फुटिसकेको हुनाले वर्षायाममा छानाबाट पानी चुहिने गारो समेत बिग्रिएको अवस्थामा रहेको छ । तीन कवल दक्षिण मोहडाको यस सत्तलको पूर्वमा गुरू नानकको मठ, पश्चिममा घर, उत्तरमा बारी र दक्षिणमा चोक तथा महादेवको मन्दिर पर्दछ ।






लम्बाइ — ३५'.१"
चौडाइ — १९'.६"
टोल — ज्ञानेश्वर
अभिलेखप्रत्र —

निर्माण मिति — १८ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो


ढुंगेधारा (५) / व. नं. ३३

भौतिक विवरण:—

पूर्व दिशा उन्मुख यस ढुंगेधाराको मुहान राम्रो हुनाको कारणले धाराबाट निरन्तररूपमा पानी आइरहन्छ। ढुङ्गे धाराको भुइँमा ढुङ्गाले छापिएको र धाराको ठीक माथि विष्णु भगवान र मुनि गरूडको मुर्ति प्रतिष्ठापना गरेको छ। स्थानीय जनताले लुगा धुन, नुहाउन आदि कार्यहरूमा यस धाराको प्रयोग गरिन्छ। यस ढुंगेधाराको पूर्वमा खाली ठाउँ, पश्चिममा गुरू नानकको मठ, उत्तरमा बारी र दक्षिणमा बाटो पर्दछ।



लम्बाइ — १३'
चौडाइ — १२'
टोल — ज्ञानेश्वर
अभिलेखपत्र —



निर्माण मिति — १७ रौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०२१
वर्तमान भौतिक अवस्था – राम्रो


सत्तल (६) / व. नं. ३३

भौतिक विवरण:—

मैतीदेवी मन्दिरको ठीक सामुन्ने बनाइएको यस सत्तलको छाना आधाभन्दा बढी भत्किसको छ। दुई तले यस सत्तलको माथिल्लो तलामा छः वटा ऊयालहरु राखिएका छन्। विभिन्न धार्मिक पर्वहरुमा भजन गर्न प्रयोग गरिने यस सत्तलको संरक्षण हुनु आवश्यक छ। सात कवल दक्षिण मोहडाको यस सत्तलको पूर्वमा पाटी, पश्चिममा धाराको ठ्यांकी, उत्तरमा खेत र दक्षिणमा ढुङ्गाले छापेको मैतीदेवी मन्दिरको प्रांगण पर्दछ।



लम्बाइ — ३६'.३"
चौडाइ — १०'.७"
टोल — मैतीदेवी
अभिलेखपत्र —




निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — नेकुसि सुचिकार, माली गाउँ
जीर्णोद्धार मिति— वि. सं. २०२८
वर्तमान भौतिक अवस्था — नराम्रो

पाटी (७) / व. नं. ३३

भौतिक विवरण:—

हाल मैतीदेवीको मन्दिरमा नित्य पूजा गर्ने पुजारीले बसोवासकोलागि प्रयोग गरिराखेको यो पाटी काठ, ढुङ्गा, ईंट आदिको संमिश्रणबाट निर्माण भएको छ। पाटीको छाना बज्रले ढलान गरेको हुनाले मजबूत छ। दक्षिण मोहडाको यस पाटीको पूर्वमा खाली ठाउँ तथा बारी, पश्चिममा सत्तल, उत्तरमा खेत र दक्षिणमा मन्दिरको चोक तथा पिपलको बोट पर्दछ।





लम्बाइ — १२'.४"
चौडाइ — १०'.१"
टोल — मैतीदेवी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति— वि. सं. २०१७
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (८) / व. नं. ३३

भौतिक विवरण:—

पाटीको छाना सिमेन्टले ढलान गरी आधुनिक शैलीमा बनाइएको र भुइँ ईंटाले छापेको यस पाटीको भौतिक अवस्था राम्रो छ। मलामी आउने मानिसहरुको प्रयोगकोलागि बनाइएको यस पाटी दक्षिण मोहडाको छ। यस पाटीको पूर्वमा खाली ठाउँ पश्चिममा खाली ठाउँ तथा गोरेटो बाटो, उत्तरमा खेत र दक्षिणमा गोरेटो बाटो पर्दछ।





लम्बाइ — १३'.७"
चौडाइ — १०'
टोल — मैतीदेवी
अभिलेखपत्र —


निर्माण मिति — वि.सं. २०१६ चैत्र त९४
बनाउने व्यक्ति — चिरंजीवी शम्शेर ज.ब.रा.
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – राम्रो

पाटी (९) /व. नं. ३३

भौतिक विवरण:—

मैतीदेवी मन्दिरको दक्षिणतर्फ सार्वजनिक चउरमा निर्मित यस पाटीको छाना वञ्रले ढलान गरेको र बाहिर वञ्रले टिपकारपनि गरेको छ। पाटीको वरपर देखिएका फोहर मैला यथा-शीघ्र हटाइएमा पाटीको महत्व एवं सौन्दर्य बढ्ने देखिन्छ। पश्चिम दिशातर्फ फर्केको यस पाटीको चारैतर्फ सार्वजनिक चउर पर्दछ।






लम्बाइ — १९'.७"
चौडाइ — ९'
टोल — मैतीदेवी
अभिलेखपत्र —


निर्माण मिति — वि. सं. २००८
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

चउर (१०) /व. नं. ३३

भौतिक विवरण:—

स्थानीय इलाकाका व्यक्तिहरुको दिवालीमा भोज मनाउन प्रयोग गर्दै आइरहेको यस चउरले मन्दिरको शोभा बढाएको छ। चउरको उत्तरी भागमा मैतीदेवीको मन्दिर रहेको छ। यस चउरको पूर्वमा बारी तथा पाटी, पश्चिममा सडक तथा सत्तल, उत्तरमा पाटी तथा मन्दिर र दक्षिणमा खाली ठाउँ तथा घर पर्दछ।





लम्बाइ — १००'
चौडाइ — ७५'
टोल — ज्ञानेश्वर (मैतीदेवी)
अभिलेखपत्र —


निर्माण मिति —
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — ठीकै

सत्तल (११) /व. नं. ३३

भौतिक विवरण:—

सार्वजनिक प्रयोग हुने तर सामूहिक संरक्षण नभएमा सत्तल जस्तो सार्वजनिक सम्पत्ति विस्तार विस्तार विनाश हुँदै जाने छ। यस कुराको तथ्य यस सत्तलले दर्शाएको छ। हाल यस सत्तलको केही अंश मात्र बाँकी रहेको र अन्य सम्पूर्ण भाग पूर्णरुपले भत्किसकेकोले स्थानीय मानिसहरूलाई यसको कुनै पनि फाइदा भएको देखिदैन। पाँच कवल पूर्व मोहडाको यस सत्तलको पूर्वमा खाली ठाउँ तथा सडक, पश्चिममा घर, उत्तरमा सरस्वतीको मन्दिर र दक्षिणमा घर पर्दछ।






लम्बाइ — ३६'.५"
चौडाइ — १३'
टोल — मैतीदेवी
अभिलेखपत्र —


निर्माण मिति — २० सौं शताब्दी
बनाउने व्यक्ति — भीम शम्शेर ज.ब.रा.
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — नराम्रो

ढुंगेधारा (१२) / व. नं. ३३

भौतिक विवरण:—

स्थानीय वासिन्दाहरुले लुगा धुन, नुहाउन आदिकोलागि प्रयोग गर्दैआएको यो ढुङ्गे धारा पूर्व दिशातर्फ फर्केको छ। धाराको निकास हाल बिग्रिसकेकोले जीर्णोद्धार गर्नु आवश्यक छ। ढुंगेधाराको मुनि बलभद्रको मूर्ति र उत्तर-दक्षिणको भित्तामा विभिन्न देवी देवताका मूर्तिहरु राखिएका छन। ढुंगेधाराको भुइँ ढुंगाले छापेको छ। यस ढुंगेधाराको पूर्वमा बारी, पश्चिममा बाटो, उत्तरमा घर र दक्षिणमा बाटो पर्दछ।






लम्बाइ — १९'
चौडाइ — १६'
टोल — ज्ञानेश्वर
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — १४ धौं शताब्दी
बनाउने व्यक्ति — कविराज गंगानाथ जोशी
ज्ञानेश्वर, तोन देवल क्याम्प
जीर्णोद्धार मिति— वि. सं. २०२१
वर्तमान भौतिक अवस्था — ठीकै

पाटी (१३) / व. नं. ३३

भौतिक विवरण:—

हाल जन वाचनालय पुस्तकालयले प्रयोग गरिरहेको यो पाटी पुरानो ढङ्गबाट जस्ताको छाना हाली बनाइएको छ। यो पाटीको भौतिक अवस्था राम्रो देखिन्छ। पाँच कवल उत्तर मोहडाको यस पाटीको पूर्वमा पाटी, पश्चिममा सडक, उत्तरमा सडक तथा मन्दिर र दक्षिणमा स्थानीय व्यक्तिको घर रहेको छ।





लम्बाइ — ३३'.४"
चौडाइ — १०'
टोल — भगवतीबहाल
अभिलेखपत्र — शिलापत्र


निर्माण मिति — वि. सं. १८४२ वैशाख
बनाउने व्यक्ति — मुलुक देवान, भीम देवान मखन
जीर्णोद्धार मिति— वि. सं. २०२५
वर्तमान भौतिक अवस्था — राम्रो

पाटी (१४) /व. नं. ३३

भौतिक विवरण:—

प्राचीनता झल्काउन टायल छाना हाली बनाइएको यस पाटीको छाना जीर्णोद्धार गरिएकोले राम्रो देखिन्छ। उत्तर मोहडाको यस तीन कवल पाटीको पूर्वमा घर, पश्चिममा पाटी, उत्तरमा सडक र दक्षिणमा घर पर्दछ।





लम्बाइ — २२'
चौडाइ — १०'
टोल — भगवतीबहाल
अभिलेखपत्र —


निर्माण मिति — १९ सौं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था – नराम्रो

सत्तल (१५) / व. नं. ३३

भौतिक विवरण:—

समय समयमा मर्मत कार्य हुने भएकोले हाल यस सत्तलको भौतिक अवस्था राम्रो छ। सत्तलको थाम, ढोका आदिमा साधारण बुट्टा कुँदिएको छ। यस सत्तलको छाना झिंगटीले छाइएको छ। मन्दिरमा पूजा गर्न आउनेहरुकालागि उपयोगी ठहरिएको यो सत्तल तीन ओवल उत्तर मोहडाको छ। सत्तलको चार किल्ला यस प्रकार रहेको छ—पूर्वमा भैरवको मन्दिर, पश्चिममा स्कूल, उत्तरमा चोक र दक्षिणमा बारी पर्दछ।





लम्बाइ — १६'.२"
चौडाइ — १०'
टोल — ज्ञानेश्वर, भैरवस्थान
अभिलेखपत्र —

निर्माण मिति — १८ औं शताब्दी
बनाउने व्यक्ति —
जीर्णोद्धार मिति—
वर्तमान भौतिक अवस्था — राम्रो

काठमाडौं नगर क्षेत्र

संकेत चिन्ह

- वडा सिमाना
- बाटो
- नदी

0 50 100 200 300 मी

हिलेडोल
गौशुं
बालाजु
महाबौद्ध
घाटी पोखरी
विशालनगर
बौद्ध
लाजिम्पाट
हाडी गाउँ
चाबहिल
लेन चउर
ठमेल
कालधारा
राजदरबार
बसन्तपुर
ज्ञानेश्वर
ह्युचत्तल
कमलपोखरी
असन
कमलादी
बाग बजार
पुतली सडक
दिल्लीबजार
बतिसपुतली
विमान स्थल
ठेकाल
दुबीखेल
सिंहदरबार
तीनधारा
हनुमान ढोका
काली माटी
त्रिपुरेश्वर
धापासी
बागमती नदी
कोटेश्वर
हनुमते नदी